"साना किसानको समृद्धि: कृषिको रुपान्तरण र उद्यमशीलताको विकास"

साना किसान

वर्ष २३ पूर्णाङ्क २९

द्वैमासिक

२३ औं वार्षिकोत्सव विशेषाङ्क

उद्यमशीलता, रोजगारी र स्वरोजगार अभिवृद्धिमा

साना किसान

संगठन विश्व किसान महासंघ डब्लुएफपी मा आदरणीय अध्यक्ष खेम बहादुर पाठक विजयी हुनुभएको छ। एफ ए ओ को मुख्यालय इटालीको रोममा भएको विश्व भरका किसानहरूको छाता संगठन विश्व किसान संगठन WFO को सञ्चालकमा नेपालका खेम बहादुर पाठक निर्वाचित हुनुभएको छ।

किसान र कृषि क्षेत्रको रुपान्तणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको विश्व किसान संगठनको उच्चतह सञ्चालकमा नेपालको तर्फबाट प्रतिनिधित्व हुनु आफैमा खुसी र गौरवको कुरा हो। उहाँको सफल कार्यकालको शुभकामना ब्यक्त गर्दै उक्त अवसरका केही झलकहरू :

बिषय सूची

सि.नं.	लेखक	शीर्षक	पृष्ठ
१	खेम बहादुर पाठक	सहकारी र लघुवित्त क्षेत्र सुधारका लागि सदस्य र नेतृत्व..	१
२	डा. शिवराम प्रसाद कोइराला	साना किसान विकास लघुवित्तको मुख्य लक्ष्य	५
३	पिताम्बर घिमिरे	सहकारी क्षेत्रका समस्या समाधान गर्दै	१०
४	डा. गुणाकर भट्ट	आर्थिक गतिविधिलाई उत्पादन र विकाससँग जोड्नुपर्छ	१३
५	विमलराज खनाल	लघुवित्त क्षेत्रका राम्रा कुराहरू बाहिर ल्याउने......	१७
६	निर्मल ढकाल	पशुपालन कर्जा कार्यक्रमको प्रभाव र आगामी कार्यदिशा	२०
७	पृथ बहादुर थापा	सहकारीमा हुने हिनामिना	२९
८	डा. नवराज सिंखडा	सहकारी अभियानले बिराएको बाटो	३४
९	ईशा केसी	कृषिमा जलवायु मैत्री प्रविधिको उपयोग	३७
१०	शिवहरि अर्याल	गोलभेंडा खेतीले सवरा हवारीको परिवारमा ल्याएको खुसी	४०
११	लिलाधर धिताल	तालिम सञ्चालन प्रक्रिया	४३
१२	मन्दिपा दाहाल	सकारात्मक सोच र यसको असर	५२
१३	यज्ञ बञ्जाडे	लघुवित्तको समस्या ढाकछोप गर्दा बेथिति बढ्यो.......	५४
१४	शेरबहादुर चौधरी	सा.कि.कृ.स.सं. निग्लिहवाले साना किसानहरूको..........	५८
१५	केशव राज पौडेल	थोक कर्जा लगानी : मेरो अनुभव	६१
१६	सुभाष गौतम	सोह्रौं योजनामा सहकारी तथा लघुवित्त कार्यक्रम	६३
१७	सरोज भट्टराई	सहकारी संस्थामा भाका नाघेको कर्जा व्यवस्थापन	६७
१८	राम जनक चौधरी	लजाई लजाई सुरु गरेको व्यवसाय सफलताको बाटोतर्फ	७०
१९	सुशीला खनाल	बजेटको परिचय	७३
२०	Manish Mahato	Dynamics of Teamwork: Benefits, Challenges....	७६
२१	Rajesh Bhattarai	A Farmer's Journey	८०
२२	Rashmi Bhusal	Implementation of NFRS in Nepal	८३
२३	दोर्णराज घिमिरे	कर्णाली अनुभव	८७
२४	अमृत सागर फौजा	परिश्रमको पसिनाले परिचय बदल्नेहरूको कथा	९६
२५	हरिशरण ढकाल	चेपाङ समुदायको चम्किलो तारा गीता कुमारी प्रजा	११०
२६	सुरेन्द्र भण्डारी	सहकारी र सुशासन	११५
२७	अजय रिसाल	सयपत्री, माटो, मान्छे, गुण्डू र साना किसान	११७
२८	महेश्वर पण्डित	साना किसान विकास अभियान	११९
२९	कमला थापा	मेरो देश कृषि प्रधान देश हो ?	१२०
३०	नवराज डाँगी	खेतको आलीमा थकान मार्दै	१२१

सम्पादकीय

समयले सहकारी ऐनमा सुधार खोजेको छ।

नेपालको संविधान, २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको निर्देशक सिद्धान्तहरू (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधान र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने उल्लेख गरिएको छ।

सहकारीको सङ्ख्यात्मक विकाससँगै गुणस्तर विकासमा समेत सहयोग पुगोस् भन्ने ध्येयका साथ सरकारले नियामक निकाय सहकारी विभाग मार्फत क्षमता अभिवृद्धि, सुशासन र कुशल व्यवस्थापकीय सीप विकासमा सहयोग गर्दै आएको छ। सहकारी सङ्ख्याको हिसाबले सरकारको यो प्रयास अपर्यात हुनु स्वभाविक हो। अहिले राष्ट्रिय रुपमा सहकारीको अवस्था के छ भनेर तथ्याङ्क थाहा पाउने भरपर्दो स्रोत छैन। पछिल्लो समय सहकारीको विस्तृत विवरण सहितको जानकारी सङ्कलन गर्ने र सहकारीको अवस्था पहिचान गर्ने योजनाका साथ ल्याइएको सफ्टवेर कोपोमिसलाई सहकारी सुधारका लागि सरकारले चालेको अर्को महत्वपूर्ण कदमका रुपमा लिनु पर्छ। तर, तीन तहको सरकारबिच अल्झिएको कोपोमिस प्रणालीलाई प्रारम्भिक सहकारी र संघहरूमा बाध्यात्मक बनाउने संयन्त्र र दक्षता देखिएन। सहकारी विभाग मार्फत समय समयमा निर्देशन तथा परिपत्रहरू जारी गरेर सहकारीहरूलाई समय सापेक्ष सुशासन र प्रभावकारी नियमनमा गरिएका प्रयास महत्वपूर्ण छन्। तर, त्यो परिपत्रलाई सहकारी संस्थाहरूले कत्तिको पालना गरे भनेर अनुगमन गर्ने प्रणाली बन्न सकेन। धेरै ठाउँमा लेखा परीक्षण औपचारिकता मात्र बन्यो र लेखा समिति प्रभावशून्य अवस्थामा छन्। सदस्यहरू त परै जाओस्, सञ्चालक समितिका अधिकांश सदस्यहरू कोरम पुऱ्याउने भूमिकामा मात्र सिमित देखिन्छन्। यसरी हेर्दा हामीले सहकारी संस्था सञ्चालनका लागि तयार पारेको आदर्श कानुनी ढाँचाले अपेक्षा गरेको 'सहकारी समाज' बन्न सकेका छैनौँ वा समाजको वास्तविक मनोविज्ञान, संरचना र क्षमतालाई फिट हुने गरी कानुनी ढाँचा निर्माण गर्न चुकेका छौँ जस्ता सवालहरू उठ्नु स्वभाविक छ।

केन्द्रीय अनुगमन र नियमन प्रणालीमा रहेको सहकारी व्यवस्थालाई संघीयताको कार्यन्वयनका क्रममा सहकारीको दर्ता तथा नियमनको जिम्मेवारी र दायित्वलाई संघ, प्रदेश र स्थानीयतहसम्म बाँडफाँट गरियो। सहकारीको विकास र प्रवर्धनमा स्थानीय निकाय अझ प्रभावकारी हुने अनुमान गरिएकोमा सोचे जस्तो परिणाम आउन सकेन। सहकारी संस्थाहरू स्थानीय जनताले अपेक्षा गर्ने पारदर्शिता नियमनबाट उम्कन प्रदेश स्तर वा संघ स्तरको बन्ने ध्याउन्नमा लागेको पनि पाईयो। तीन तहमा अल्झिएको सहकारी नियमन आफैँमा प्रभावकारी बन्न सकेन।

सहकारी र वित्त क्षेत्रमा देखिएका समस्या समाधानको उपयुक्त मार्गनिर्देशन सहित सुझाव दिन सरकारले २०८० साल बैशाख २६ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल' गठन गरेर यस क्षेत्रप्रतिको जिम्मेवारी प्रष्ट पारेको छ। कार्यदलले सहकारी क्षेत्रका समस्या पहिचान गरी समाधानको उपायसहितको प्रतिवेदन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई २०८० साल भदौ २५ गते बुझाई सकेको छ। तर, समस्या कचमल्टिएर हत्तपत्त निकास निस्कने अवस्थामा देखिदैन।

यस अघि पनि सरकारले सहकारी क्षेत्रको सुधार र सुदृढीकरणका लागि अगाडि बढाएका पहल कदमीहरूले यस क्षेत्रको सुधारमा महत्वपूर्ण सहयोग पुगेको देखिन्छ। सरकारको सक्रियतामा भएका यस प्रकारका प्रयास र पहलबिच सहकारी क्षेत्रमा प्रसस्त समस्याहरू रहेका छन्। सहकारी ऐनले नै सबै सहकारी संस्थाहरू बचत तथा ऋण सहकारीको भूमिकामा रहनु पर्छ भनी (पर्ल्स आदि व्यवस्था) सङ्केत गरेको छ। सहकारी ऐन दर्ता गर्ने ऐन हुनु स्वभाविक हो, तर नियमन गर्न त विषयगत नियमावलीहरू आवश्यक पर्ने हुन्छ। बचत तथा ऋण कारोबार गरेपछि सहकारी कठोर नियमनमा बस्नै पर्छ। जनताको निक्षेप लिएपछि स्वभाविक रुपमा स्वायत्तता र स्वतन्त्रताको अर्थ फरक हुन्छ।

एकातिर सहकारीहरू दर्ता हुने सरकार नै फरक फरक छ तर त्यस अनुरुप सहकारीका संघहरू भने छैनन्। संघीय सरकारमा दर्ता भएका सहकारी संस्थाहरू कसरी जिल्ला संघमा सदस्य हुन सक्छन् ? के केन्द्रीय संघ नभनेर संघ र त्यसका प्रदेश वा जिल्ला कार्यालय बनाउन सकिदैन थियो ? दर्शौं ठाउँमा सदस्यको रकम खर्च हुने व्यवस्था टिकाउन सकिन्छ ? सहकारी भनेको समाजका तल्लो तहहरू पनि व्यावसायी र उद्यमी बन्ने बनाउने अभियान हो कि राजनीति गर्ने ठाउँ ? चुनावी पदहरूमा कति कार्यकालसम्म निरन्तरता दिन पाउने ? आदि प्रश्न किन उठे भनेर सोच्नु पर्ने बेला आएको छ।

सहकारी क्षेत्रमा किन समस्या समाधान हुन सकेनन् र एकै प्रकारका समस्या किन दोहोरीरहन्छन् भन्ने विषयमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदलले दिएको सुझावलाई हेर्दा सहकारी संस्थाको सञ्चालन प्रक्रियामा सैद्धान्तिक विचलन आएको, निश्चित समुदायमा केन्द्रित रहेर संस्था सञ्चालन नगरिएको, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा व्यवस्थापनमा समेत एकाघरका व्यक्तिको संलग्नता भई सदस्यबाट सङ्कलित बचत रकमलाई घरजग्गा, अर्पाटमेन्ट, डिपार्टमेन्टल स्टोर तथा विभिन्न कम्पनीमा प्रत्यक्ष लगानी गरेको जस्ता कारणहरू देखिएका छन्। सहकारी क्षेत्रमा देखिएको विचलनले सदस्यमा सहकारी संस्थाप्रति परेको अविश्वासको कारण बचत फिर्ता माग भइरहेको हुनसक्ने पनि प्रतिवेदनले औँल्याएको छ। यसका लागि सहकारी संस्थाका सञ्चालक समिति र व्यवस्थापनले सदस्यसँग नियमित भेटघाट, छलफल र परामर्श गर्ने र सहकारीको सूचना नियमितरूपमा प्रकाशन गरिरहनुपर्ने सुझाव दिइएको छ।

प्रतिवेदनमा नपरेका वा छुटेका नीतिगत विषयहरूमा पनि बहस गर्न आवश्यक छ। सहकारीमा समस्या छ, तर बिकराल भइ सकेको छैन, अझै त सम्हाल्न सकिन्छ। ग्रामीण अर्थतन्त्रको रुपान्तरण र समाजवाद उन्मुख अर्थतन्त्रको लागि सबल र सक्षम सहकारी प्रणालीको विकल्प नै छैन। सहकारी क्षेत्रमा अहिलेको अप्ठेरो आउनु भनेको सुधारकोलागि राम्रो अवसर सिर्जना हुनु हो। त्यसैले, यो समय सहकारी कानुनहरूमा सुधारको हो।

अन्तर्वार्ता

सहकारी र लघुवित्त क्षेत्र सुधारका लागि सदस्य र नेतृत्व सुध्रन आवश्यक छ

खेम बहादुर पाठक
अध्यक्ष
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

अहिलेको परिस्थितिलाई गहिरो अध्ययन विश्लेषण गर्ने हो भने विश्व आर्थिक संकुचन, घरायसी अर्थतन्त्र र सहकारीका आन्तरिक कारणहरूले गर्दा सहकारी संस्थाहरू साँच्चिकै संकटको अवस्थाबाट गुज्रिरहेका छन् । बचत तथा सेयर फिर्ताको समस्या छ । ऋणहरू नउठेको समस्या छ । सहकारीप्रति विश्वासको खडेरी लागेको छ । सहकारीहरूमा सुशासनमा कमी देखिएको छ । यो कटु सत्य हो । समस्याहरूले जटिल रूप लिँदै गएको छ । यसलाई स्वीकार्नुपर्छ । संकटको यो बाढीले धेरैलाई बगाउँछ पनि तर जसको जग, उद्देश्य र लक्ष्य दरिलो छ तिनीहरू पौडिन्छन्, तैरिन्छन् र जन सशक्त भएर आउँछन् । हुनत् समस्या अरू क्षेत्र पनि परेको छ तर आफू संलग्न क्षेत्र भएकाले के भन्न सकिन्छ भने सहकारी क्षेत्र अहिले राम्रै संकटमा छ । यो परीक्षणको घडी पनि हो । २०४८ साल लगत्तै जसरी सहकारी संस्थाहरू धमाधम खोल्ने लहर चल्यो, अहिले २०८० आइपुग्दा अब धमाधम बन्द गर्नुपर्ने अवस्था आएको जस्तै भान हुन्छ । धेरै हदसम्म यो संकटापन्नको अवस्था सत्य पनि हो । राष्ट्रिय सहकारी महासंघको नयाँ सञ्चालक समितिमा यी विषयहरू गहन छलफलमा परेका छन् । हामी चिन्तित छौं । व्यक्तिगत रूपमा मेरो दिमागमा नेतृत्वमा पुग्ने कसरतमा रहँदा र पुगिसकेपछि पनि सहकारीका समस्याहरू सम्बोधनमा के कसरी अघि बढ्न सकिन्छ, उपायहरू के हुन सक्तछन् भन्ने कुराहरू बसेका छन् । पदाधिकारी बैठकसँगै तालुकदार मन्त्रालयमा छलफल भएको छ । मिडियामा पनि सहकारीका समस्याहरू धमाधम आउन थालेका छन् । सहकारी संस्था विरुद्ध सदस्यहरूले उजुरी दिएका छन् । हामी हाम्रै संस्थाबाट ठगियौं भन्ने कुराहरू धेरै बाहिर आएका छन् ।

समस्याहरू के हुन् ?

सहकारीमा मुख्यः खट्किएको विषय लिडरसिप हो । लिडर राम्रो भयो भने अरू राम्रा हुन्छन् । लिडर गतिलो भएन भने अरू राम्रो बन्दैन । सबै लिडर खराब होइन । जसरी एउटा कार्यालयमा खरदारले राम्रो काम गरेपछि सुब्बा हुन्छ, सुब्बा अफिसर हुन्छ त्यसरी नै सहकारीभित्र पनि प्रारम्भिक संस्था चलाएर राम्रो बनाएपछि मात्रै उ जिल्ला संघमा जान पाउने, जिल्ला राम्रो गरेपछि मात्रै प्रदेशमा जान पाउने र प्रदेश राम्रो बनाएपछि मात्रै केन्द्रीय संघमा जाने र केन्द्रीय संघ एवन बनाएपछि महासंघमा जाने परिपाटी स्थापित हुनुपर्छ ।

संस्था गतिलो छैन, संघ कहाँ छ पनि थाहा छैन अनि त्यस्तो मान्छे जसरी पनि तिकडमबाजी गरेर महासंघमा पुग्ने व्यक्तिले मुलुकभरका सहकारीहरू हाँक्छ ?त्यसलाई सहकारीको मर्म थाहा हुन्छ ? राम्रो नराम्रो छुट्याउनै नसक्ने मान्छे मुभमेन्टको नेतृत्वमा पुग्यो भने, मुभमेन्ट राम्रो हुन्छ ? त्यो त दिशाहीन हुन्छ, खराब हुन्छ । खराब मान्छेले नेतृत्व गरेको सञ्जाल कस्तो हुन्छ ?

तिमी राम्रो गर भनेर निर्देशन दिएको छ तर राम्रो के हो भनेर उसैलाई थाहा छैन भने त्यसको के अर्थ रह्यो र ? त्यसले के परिणाम ल्याउँछ र ? मैले राम्रो गरे मैले गरेजस्तै राम्रो तिमीले

पनि गर्नुपर्यो, मैले संस्था राम्रो बनाए तिमीले पनि राम्रो संस्था बनाउनुपर्यो भनेर उदाहरण दिने नेतृत्व चाहियो मुभमेन्टको । कही गएर केही कुरा भन्दा त्यो आफूले हासिल गरी सकेको, केही राम्रो काम गरिसकेको व्यक्ति चाहियो नि । त्यो पढाउन र प्रशिक्षण गर्न लायक मान्छे नेतृत्वमा हुनुपर्यो । नेतृत्व पदका लागि होइन कामका लागि हो । सहकारी र सहकारिता बुझेर आफैले अनुकरणीय काम गरेको व्यक्तिले पने अरूलाई अर्ती दिन पनि सुहाउँछ । अहिले त कस्तो भयो भने नेतृत्वमा आउने मान्छे कहाँ बाट आउने हो थाहा छैन ।

उदाहरणको लागि विषयगत कृषि संघबाट प्रतिनिधित्व गरेर महासंघमा आएको छ भने उसको विषयगत संघ हुनुपर्यो नि । उसको प्राइमरी कुन हो ? प्राइमरी पनि कृषि नै हुनुपर्यो । प्राइमरी कृषिबाट जिल्ला वा प्रदेश कृषि संघ हुँदै महासंघमा आयो भने पो उसको लाइन मिल्यो । तर, संस्था अर्कै छ, प्रतिनिधित्व अर्कै संघबाट आउँछ अनि महासंघमा जसरी पनि आइपुगेको हुन्छ । जसरी पनि महासंघमा पुग्नुपर्ने मात्र ध्येय भएपछि हुन्छ । विधि र पद्धति स्थापित गर्नुपर्छ ।

अर्को, सहकारी सम्बन्धी ऐन कानून बनेका छन् तर कार्यान्वयन भएका छैनन । कानूनको परिपालनामा सहकारी अभियान प्रतिबद्ध हुनुपर्यो त्यसैगरी नियामकीय भूमिका पनि प्रभावकारी र नतिजामुखी हुनुपर्यो । यो बारम्बार भन्दै आएको विषय हो । सहकारी अनुगमन, सुपरिवेक्षणको विषय पनि धेरै बहसमा आएको छ । अभियानले खासगरी वित्तीय सहकारीहरूलाई सुशासित र वित्तीय रूपमा स्वस्थ्य बनाउन गतिलो र दरिलो अनुगमन, सुपरिवेक्षण तथा नियमनको विषय बोल्दै आएको छ ।

कतिपय अवस्थामा नेपाल राष्ट्र बैंकको कुरा पनि आउँछ । जहाँसम्म मलाई लाग्छ राष्ट्र बैंकले हेर्दैमा सबै समस्या समाधान हुने होइन । राष्ट्र बैंकले हेरेका संस्थाहरूमा समस्या आउँदैन भने लघुवित्तको समस्या कसरी आयो ? देशभर कार्यक्षेत्र दिएका लघुवित्तमा समस्या किन आयो ? राष्ट्र बैंक हुँदैमा समस्या हुँदैन भने लघुवित्त किन धरापमा पर्यो भन्ने विषय पनि हामीले केलाउनुपर्ने हुन्छ ।

> राष्ट्र बैंकले हेर्दैमा सबै समस्या समाधान हुने होइन । राष्ट्र बैंकले हेरेका संस्थाहरुमा समस्या आउँदैन भने लघुवित्तको समस्या कसरी आयो? राष्ट्र बैंक हुँदैमा समस्या हुँदैन भने लघुवित्त किन धरापमा पर्यो भन्ने विषय पनि हामीले केलाउनुपर्ने हुन्छ ।

म आफै पनि लघुवित्त संस्थाको पनि अध्यक्ष हुँ । आफैँले भोगेको समस्या हो । संख्यात्मक अनुपातमा हेर्ने हो भने सहकारी भन्दा बढी समस्या लघुवित्तमा छ । राष्ट्र बैंकले आयोजना गरेको छलफलमा मैले अनुगमन निरीक्षण फितलो भएका कारण लघुवित्तहरू समस्याम परेको धारणा राखेको थिएँ । त्यसबेला बैंकका अधिकारीहरूले आत्मालोचना गरेर अघि बढ्नुपर्ने विचार राखेका थिए । तर, पनि के हो भने नहुनु भन्दा कानो मामा बेश । दीर्घकालीन समस्या समाधानका लागि छुट्टै निकाय बनाउनुपर्छ । प्राधिकार सम्पन्न दोस्रो तहको नियामक निकाय बनाउनुपर्छ ।

अर्को भनेको कर्मचारी र सञ्चालकको अनुचित मिलेमतोले पनि सहकारीमा समस्या सृजना गरेको देखिएको छ । कर्मचारीले अध्यक्षको सुविधा बढाइदिने जसले गर्दा कर्मचारीले जे पायो त्यही गर्न छुट पायो । मैले कृषि केन्द्रीय सहकारी संघबाट केही लिन्न । मेरो मोबाइलमा रिचार्ज सकिएपछि महिनामा एकपटक रिचार्ज सुविधा छ त्यति हो मैले लिने । सोही कारण मैले केन्द्रीय संघमा नेतृत्व गर्न सकेको छु किनकि म गलत छैन । मैले शिर निहुराउने काम गरेको छैन । अरूको विषयमा मात्र हेर्ने भएपछि व्यवस्थापन मसँग सतर्क हुन्छ ।

त्यस्तै, सञ्चालक समितिको बैठकमा पनि म त्यही रूपमा टाउको उठाएर सबैलाई सहकारीको सञ्चालक कस्तो हुन्छ भनेर सिकाउँछु र भन्छु । मैले भनेको सबै सञ्चालकहरूले सुन्छन् किनकि मैले गलत गरेको छैन । उनीहरूले प्रश्न उठाउने काम गरेको छैन । यो सबै सहकारीमा लागू हुनुपर्छ । कुनै संस्थामा अध्यक्ष वा सञ्चालकले बढी भत्ता लिएको थाहा भयो भने हाम्रोमा आयोजना हुने गोष्ठीमा उक्त संस्थाका जिम्मेवार व्यक्ति माथि प्रश्न गरिन्छ । नेतृत्वले बेथितिपूर्ण तरिकाले सुविधा लिने गरेको छ भने त्यस्तो संस्था समस्यामा पर्छ । नेतृत्वले जोगिएर काम गर्नुपर्छ ।

नेतृत्वले गर्ने राम्रो कामले अरू धेरैलाई परिवर्तन ल्याउन भूमिका खेल्दछ। मैले आफूले धेरै सुविधा लिएको छु, आफै ऋण बढी लिएको छ भने अरूलाई सुविधा किन धेरै लियौं वा ऋण किन लियौं भन्न सुहाउँछ र ? सहकारी मुभमेन्ट जोगाउने नेतृत्वले हो। हामीनै सुविधाभोगी भयौ भने कसले जोगाउँछ यो अभियान ? गलत काम नगर है भन्ने कडा निर्देशन दिन हामी चुकेका छौं आफ्नो व्यवहार वा आचरणका कारण भने कसरी अभियान सुध्रिन्छ ?

यहाँ लेख्नैपर्ने हुन्छ, राष्ट्रिय सहकारी बिकास बोर्डको औचित्य छैन। त्यो खारेज गर्दा हुन्छ। जनताले राजस्व तिरेको पैसा लगेर केही आफ्ना मानिसलाई कुर्सीमा राखेर पाल्ने कामभन्दा भएको छैन । सहकारी विभागमा भने ठूलो जनशक्ति व्यवस्थापन गरेर सघन अनुगमन र निरीक्षणको काम गर्नसक्छ । विगतमा डिभिजन सहकारी कार्यालयहरू जस्तो जिल्ला जिल्लामा कार्यालय र स्रोत व्यवस्थापनमार्फत हेर्ने गर्न पनि सकिन्छ । छिटो छरितो सेवा दिन सक्ने निकाय खडा गर्नुपर्यो। कृषि क्षेत्रका लागि कृषि ज्ञानकेन्द्र जस्तो ठाउँ ठाउँमा निकाय हुँदा कम्तीमा फोन गरेर सोध्ने ठाउँ त पाइयो नि।

सहकारीलाई यदि कसैले बचाउन, जोगाउन, संरक्षण गर्न र समृद्ध बनाउन सक्छ भने त्यो सदस्यले नै हो । सदस्य सहकारीका प्राण हुन् ।

समाधान कसरी ?

सहकारी क्षेत्रमा विद्यमान संकटमोचनको उपाय भनेको सहकारीमा सदस्यहरूको विश्वास फर्काउनु हो । पुनर्जागृत गराउनु हो । सहकारीलाई यदि कसैले बचाउन, जोगाउन, संरक्षण गर्न र समृद्ध बनाउन सक्छ भने त्यो सदस्यले नै हो। सदस्य सहकारीका प्राण हुन्। सहकारीको विश्व इतिहास हेर्ने हो भने जापानमा पनि एक जमानामा सहकारीहरू कोल्याप्स भएका थिए।

सहकारीहरू खराब हुन् भनेर जापानमा एक समयमा कुरा उठेको थियो, प्रश्नहरू गरिएका थिए । सहकारी खराब कि चलाउनेहरू खराब ? भनेर अनुसन्धान गर्यो । एउटै गाउँमा १० वटा सहकारी भए। तीनै सदस्यका रकमले धेरै ठाउँमा सहकारीहरूले कार्यालय खोले, तलब खुवायो, सदस्यको बचत सदुपयोग भएन तलब, घरभाडा, मसलन्दमा खर्च भयो। घाटा भयो। सदस्यहरू सेयर बचत फिर्ता माग्न जाँदा पाएनन। समस्या बल्भियो।

अनुसन्धानले बोल्यो सहकारीहरू खराब होइनन् आवश्यक हुन् तर धेरै हुँदा व्यवस्थापन बलियो भएन। उद्देश्य अनुरूप काम गर्न सकने। एकीकरणमा जानुपर्छ बलियो बनाउनुपर्छ भन्ने निष्कर्ष निस्क्यो । सोही अनुरूप धेरै संख्याका सहकारीहरूलाई निक्कै कम गरेर ठूलो बनाइयो । अहिले संसारभरका मानिसहरू राम्रा, सफल र अनुकरणीय सहकारी हेर्न जापान जान्छन् । कृषि र उपभोक्ता सहकारीहरू त्यहाँ फष्टाएका छन्।

हामीले हाम्रा संघहरूलाई बलियो बनाउनुपर्छ। काम नगर्ने र नलाग्ने संघहरू खारेज गर्नुपर्छ। संघहरूले आ आफ्नो सञ्जालभित्रका संस्थाहरूको जिम्मेवारी लिनैपर्छ । त्यसका लागि अहिलेको संकटको घडीमा सदस्य संस्थाहरूमा नियमित सघन कार्यक्रमहरू लिएर जानुपर्छ। संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ। फिल्डमा फर्केर जानुपर्छ। जिल्ला संघ, विषयगत जिल्ला संघ जे जस्ता नेटवर्क छन्, तिनको पनि साथ लिनुपर्छ । आवश्यक परेको अवस्थामा महासंघ पनि ती ठाउँमा परिचालित हुनुपर्छ।

यी धेरैबटा लेयर वा टियर बनाएको किन ? आवश्यक पर्दा सबै जुट्न, जोगिन र जोगाउन त हो नि । यी सबैले एक भएर संस्थाहरू शुद्ध र सुशासित बनाउन खट्ने हो भने अभियान धेरै सुध्रिन्छ। संस्थाहरूमा मास मिटिङ गर्ने हो कि, सञ्चालकहरूसँग बस्ने हो कि, स्थानीय अगुवाहरूसँग छलफल गर्ने हो की, व्यवस्थापनसँग बस्ने हो कि जे जसरी हुन्छ संस्थाहरू सुदृढ नगरी हुँदैहुँदैन। प्राइमरी विषय नै यही हो । संघहरूलाई दौडिने र कुध्ने बनाउनुपर्छ । आपतपरेको बेला काम गर्ने खट्ने हो संघहरूले । नत्र भने कागजमा देखाउन, पद पाउन, मान र शान बढाउन मात्र संघहरूको के काम ? मान र शानको लागि मात्र संघहरू किन चाहियो ? त्यसको लागि संघहरूको नेतृत्वलाई त्यहाँ पुर्याउने होइन।

अब लेयरहरूको कुरा गर्दा, सहकारी ऐन हेर्ने हो हामीले।

महासंघले निर्णय गरेर धारणा सार्वजनिक गर्ने हो, जहाँसम्म व्यक्तिगत विचारको कुरा छ, ऐनको भूमिकामा जिल्ला संघमा कार्यकारी भनेको छैन। खाली महासंघ, केन्द्रीय विषयगत संघ र प्रदेश संघको मात्र कुरा छ। जिल्ला संघहरू समन्वयकारी भूमिकामा रहने हो, कार्यकारी भूमिकामा होइन। जहाँ सरकार नै छैन, त्यहाँ सहकारीको सञ्जाल किन चाहियो ?

अर्को जुन जुनको देशभर कार्यक्षेत्र छ, त्यसको पालिकामा सञ्जाल बन्नसक्छ, अरूको होइन। उदाहरणका लागि जुनारको कार्यक्षेत्र दुई जिल्लामा मात्र छ भने उसको स्थानीय सञ्जाल ती दुई जिल्लामा मात्र हुन्छ। नेफ्स्कून, कृषि, दुग्ध, बहुउद्देश्यीयहरूको देशभरनै स्थानीय सञ्जाल बन्नसक्छ। तर, सबैको हुनुहुँदैन। यसो गर्दा, स्थानीय सरकारसँग अट्याचमेन्ट बढी भई सहकारीहरू सबल र दिगो बन्दछन् भने ग्रासरुटदेखिनै बन्दै आउँछन्।

सहकारीलाई निजी व्यवसाय जसरी सीमित व्यक्तिको कब्जामा राखी गरिएका मनोमानी क्रियाकलापहरु अब सह्य हुने छैन ।

सर्वसाधारण जनताको नजिकको संस्थाको रूपमा रहने सहकारीमा जनताको अत्याधिक विश्वास हुनु जरुरी छ। जसको लागि सहकारीका नियम कानुनको उचित परिपालन हुनु आवश्यक छ। नियामक निकायले उचित मार्ग प्रदान गरेर सहकारी संघ/संस्थाका तमाम वित्तीय लगायतका सुशासन सम्बन्धी समस्याहरूको ठोस निकास निस्कने गरी सर्वपक्षीय सहमतीमा कार्ययोजना बनाइ लागू गर्नु जरुरी छ।

सहकारीलाई वर्तमान समस्याबाट छुटकारा दिलाउन सहकारीका सञ्चालकहरू र सदस्यहरू नै बढी क्रियाशील हुनुपर्दछ। विगतका गलत नीति र निर्णयको कारणले गर्दा देखिएका समस्याको समाधानका लागि तिनै निर्णयकर्तालाई जिम्मेवार ठान्दै कानुन बमोजिमको उपचार गरिनुपर्दछ। सहकारीलाई निजी व्यवसाय जसरी सीमित व्यक्तिको कब्जामा राखी गरिएका मनोमानी क्रियाकलापहरू अब सह्य हुने छैन। सदस्यहरूको रकम अपचलन गरि गरिएका जग्गा प्लटिङ, स्थापना गरिएका दर्जनौं निजी कम्पनी अक्षरशः अब सदस्यहरूको साझा सम्पत्ति बन्नुर्नेछ। केही सहकारीका सञ्चालकहरूको सिन्डिकेट अब सदस्यहरूले तोडेर सहकार्यको जालो फैलाउनुपर्नेछ।

अर्को एउटा महत्वपूर्ण कुरा के पनि हो भने मुभमेन्टभित्रको आन्तरिक कारणहरू त छदैछन् वा विश्व परिवेश र आर्थिक संकुचनको अवस्थाले पनि सहकारीमा समस्या देखिएका हुन् तर अझ मिहिन ढंगले अध्ययन विश्लेषण गर्ने हो भने यहाँ सहकारी मास्ने ग्रान्ड डिजाइन पनि छ। सहकारीलाई सिध्याउने खेल राष्ट्रिय अन्तर्राष्ट्रिय तत्वहरूले खेलिरहेका छन्।

बैंकहरूको काम छैन, सहकारीहरूको काम छैन, लघुवित्तको काम छैन, यिनीहरू भरोसा गर्न लायक छैनन भन्ने मनोवैज्ञानिक त्रास फैलाउने, सहकारीहरू बलिया भएका समाजमा अफवाह फैलाउने र देश त दलदलमा फस्यो भन्ने भ्रम फिजाउँदै अस्थिरताको खेल खेलाउने ग्रान्ड डिजाइन चलिरहेको छ। यसप्रति हामी सबै सचेत भइ संयमित रूपमा आफ्ना गल्ती कमजोरी सच्याउँदै सुधार्दै अघि बढ्नुपर्ने अवस्था छ।

सहकारी क्षेत्रको समस्या समाधानका लागि सहकारीका प्रचलित कानुनको अक्षरशः पालना गर्नु पर्दछ। सहकारीलाई समुदाय केन्द्रित बनाएर सदस्यहरूको दैनिक जनजीवनमा सहजता ल्याउनका लागि सहकारीको भूमिका केन्द्रीत गराउनुपर्दछ। नियामक निकायले निरन्तर रूपमा सहकारीको नियमन गर्दै सुधारको लागि मार्ग प्रदान गर्नु आवश्यक छ। सहकारी अभियान र सरकारको सहकार्यमा सहकारी केन्द्रीत सकारात्मक सन्देश प्रवाह गर्नु वर्तमान सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि उचित कदम हुन सक्दछ।

अन्त्यमा,

आशाका किरणहरू पनि हुँदै नभएका होइनन्। हामीले पनि संख्या घटाउने क्वालिटीको बनाउने सदस्यलाई बुझाउने नेतृत्वलाई बुझाउने दक्ष कर्मचारी राख्ने र चुस्त व्यवस्थापन बनाउने हो भने सहकारीहरू प्रतिस्पर्धी स्थान कायम गर्न सफल हुन्छन्। पृथक ढंगले सहकारी सञ्चालन गर्नुपर्छ। सरकारले पनि लापरवाही ढंगले दर्ता मात्र गरेर छोडिदिने गर्नुभएन। कन्ट्रोल मेकानिजम बनाउनुपर्छ। मर्ज गरी निश्चित बिन्दुमा झारेपछि अब यो संख्या मार्फत यस हिसाबले सहकारीहरूले प्रभावकारी काम गर्न सक्छन् भन्ने निर्क्योल नीतिगत तथा कानूनी प्रबन्धमार्फत गरेर अघि बढ्नुपर्छ।

अन्तर्वार्ता

साना किसान विकास लघुवित्तको मुख्य लक्ष्य ग्रामीण अर्थतन्त्रको संरचनात्मक रूपान्तरण हो

डा. शिवराम प्रसाद कोइराला
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

कोभिड १९ महामारी र रुस-युक्रेन तनावपछि विश्व अर्थतन्त्र नै समस्यामा पऱ्यो र नेपालको अर्थतन्त्रमा पनि विभिन्न खालका समस्याहरू देखिए । मुलुकको आर्थिक शिथिलता विस्तारै घट्दै गएर लयमा फर्कन थालेको भएपनि अझै यसले आशातित गति भने लिन सकेको छैन । मुद्राबजार, पुँजीबजार, उपभोक्ताबजार सबैतिर माग घटेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त तरलता उपलब्ध भएको र ब्याजदर घटेको बेलामा पनि कर्जा प्रवाह अपेक्षित रूपमा हुन सकेको छैन । बैंक वित्तीय संस्थाको खराब कर्जा बढ्दै गएको छ । मुलुकको अर्थतन्त्रको तेस्रो खम्बा मानिने सहकारी क्षेत्र धराशायी भएको छ । लघुवित्त क्षेत्रमा पनि विभिन्न समस्याहरू देखिएका छन् । यसै सन्दर्भमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोईरालासँग गरिएको कुराकानीको सम्पादित अंश :

प्रश्न : मुलुकको समग्र अर्थतन्त्रको अवस्थालाई यहाँले कसरी नियालिरहनु भएको छ ?

कोभिड १९ महामारी, रुस-युक्रेन युद्धलगायत विभिन्न कारणले विश्व अर्थतन्त्रमा देखिएको समस्याहरूबाट नेपाल पनि अछुतो रहन सकेन । मुलुकको समग्र अर्थतन्त्रमा समस्या देखिएपछि स्वभाविक रूपमा बैंक तथा वित्तीय संस्थाहरू पनि प्रभावित भए । छिमेकी मुलुकहरूको आर्थिक पुनरुत्थान र वृद्धिदर राम्रो देखिएको छ । तर, नेपालको अर्थतन्त्रले अझै पनि लय पक्रिन सकेको छैन । उदाहरणका लागि अहिले बैंकिङ क्षेत्रमा खबौं रूपैया थुप्रिएर बसेको छ तर, कर्जा लगानी सुस्त देखिन्छ । नेपाल सरकारले पुजीगत खर्च आशातित रूपमा गर्न सकेको छैन । अर्थतन्त्र चलायमान हुन नसक्दा बेरोजगारी बढ्ने, आर्थिक सुस्तता आउने, उद्योगी व्यावसायिक र समग्र जनमानसमा नैराश्यता बढ्ने जस्ता अवस्था सिर्जना भएका छन् । बजार माग बढ्न सकेको छैन । माग खुम्चेपछि उत्पादन क्षेत्र र उद्योगीहरू पनि निरुत्साहित भएको अवस्था छ । सबैतिर भोलि के हुने हो भन्ने आशंका व्याप्त छ । अर्थतन्त्र सुध्रनका लागि सबै क्षेत्रबाट जुन आशाको किरण जागृत हुनुपर्थ्यो, त्यो किरण मुर्छित भएको अवस्था अहिले छ । पछिल्लो तीन चार महिनायता आर्थिक गतिविधिहरू चलायमान भएको हो कि जस्तो देखिन्छ । यद्यपि, आर्थिक गतिविधि चलायमान हुन्छन् भन्ने भरपर्दो आधार देखिएका छैनन् । तर केहि सुधार हुन्छ कि भन्ने आशा पलाएको देखिन्छ । अर्थतन्त्रका बाह्य सूचकहरू निकै राम्रो छन् । तर सार्वजनिक वित्त व्यवस्थापनमा समस्या छ । अर्को भनेको आन्तरिक उत्पादन तथा उत्पादकत्व वृद्धि हुन सकेको छैन र बजारको पनि निकै समस्या छ । बैंक वित्तीय संस्थामा अधिक तरलताको अवस्था देखिँदा पनि कर्जाको माग बढ्न सकेको छैन । उद्योगधन्दाहरू

पूर्ण क्षमतामा चल्न सकेका छैनन् । पुँजीगत खर्च नहुनु लगायतका समस्या छन् ।

प्रश्न : लघुवित्त र सहकारी क्षेत्र धराशायी हुनुका पछाडि नियामक निकायको कमजोर भूमिका र संस्थाहरूहरूले अनुचित लाभ कमाउनका लागि आफ्नो मूल्य मान्यता, सिद्धान्तभन्दा बाहिर गएर काम गरेको भन्ने सुनिन्छ । के नियमन र सुपरीवेक्षण कमजोर हुँदा समस्या देखिएको हो ?

सहकारी क्षेत्रको नियमन सुपरीवेक्षणको जिम्मेवारी अहिले तीनवटै तहमा गएको छ । सहकारीको नियमन नेपाल राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र पर्दैन। त्यसकारण सम्बन्धित पालिका, प्रदेश वा सङ्घमा सहकारी विभागले नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । यसकारण सहकारी संस्थाहरूमा देखिएको समस्याको दोष राष्ट्र बैंकलाई दिन मिल्दैन । लघुवित्त संस्थाहरूको नियमन राष्ट्र बैंकले प्रभावकारी रूपमा गरिरहेकै छ । कुनै कुनै लघुवित्त संस्थामा आन्तरिक सुशासनको अभाव तथा स्वनियमन नहुँदा समस्या देखिएको छ । सुशासनमा राखेर सहि गति प्रदान गर्ने भनेको त्यहाको सञ्चालक समिति र व्यवस्थापनको हातमा हुन्छ । संस्थालाई सबल बनाएर अघि बढाउने उनीहरूको दायित्व हो । राष्ट्र बैंकले नहेरेको कारण लघुवित्त क्षेत्रमा समस्या देखिएको भन्ने मलाई लाग्दैन । नियामकले नीति निर्देशिका तोकिदिएको छ । संस्थाहरू आफैले त्यसको अवज्ञा गर्दा पनि समस्या देखिएका छन् । लघुवित्त सञ्चालन गर्नेले आफै सचेत हुनुपर्छ । लघुवित्त र सहकारी चलाउनेले आफ्नो सिद्धान्तभित्र बसेर काम गर्नुपर्छ । सहकारीका सातवटा मुख्य सिद्धान्त छन् । सहकारीमा समुदाय प्रतिको चाँसो हुन्छ । समुदायको आवश्यकता पहिचान गर्ने र समुदायले पनि अपनत्व महसुस हुने अवस्था सहकारीमा हुनुपर्छ । सदस्यहरूलाई बेलाबेला शिक्षा तालिम दिने कुरा पनि सिद्धान्तभित्रै पर्छ । त्यस्तै, कार्यक्षेत्र निकै ठूलो बनाईएका सहकारी संस्थाहरू बढी समस्यामा परेको देखिन्छ । सहकारी भनेको सदस्य सबैले सबैलाई चिन्ने हुनुपर्छ । एउटै खालको सामाजिक परिवेश र अवस्था भएका समुदायका व्यक्ति सहकारीमा रहनुपर्छ । तर अहिले सहकारी र बैंकबीच फरक जस्तो नै भएन । केहि टाठाबाठा व्यक्तिहरू मिलेर सहकारी चलाउने, ठूलो रकम बचत उठाउने र आफ्ना स्वार्थअनुकुलका अनुत्पादक क्षेत्रमा लगानी गर्ने प्रवृत्ति बढ्दा समस्या आएको हो ।

संस्थाहरू आफेले त्यसको अवज्ञा गर्दा पनि समस्या देखिएका छन् । लघुवित्त सञ्चालन गर्नेले आफै सचेत हुनुपर्छ । लघुवित्त र सहकारी चलाउनेले आफ्नो सिद्धान्तभित्र बसेर काम गर्नुपर्छ ।

लघुवित्त क्षेत्रमा मैले धेरै ठूलो समस्या देखेको छैन । राष्ट्र बैंकले कडाईका साथ नियमन गरिरहेकै छ । तर लघुवित्तले शोषण गऱ्यो, मिटरब्याजी शैलीमा पैसा असुल्यो भन्नेलगायतका हल्ला सुनिने गरेका छन् । ती हल्ला पुष्टि हुने भरपर्दो आधार देखिदैन । यदि लघुवित्त क्षेत्र नहुँदो हो भने बिना धितो दूरदराजका व्यक्तिले कर्जा नै पाउने अवस्था हुन्थेन । उनीहरूमा वित्तीय पहुँच नै पुग्ने थिएन । किनभने वाणिज्य बैंकहरूले बिनाधितो ऋण दिँदैनन् । यसकारण लघुवित्त क्षेत्र वित्तीय पहुँच बढाउने, रोजगारी तथा उद्यमशीलता विकास गर्ने स्वाबलम्बन हुनका लागि एक महत्वपूर्ण र भरपर्दो सारथि हो । लघुवित्त संस्थाहरूले बिनोधितो महिलाहरूलाई समूहमा कर्जा दिइरहेका छन् । केही सीपमूलक तालिम दिएर उनीहरूलाई दक्ष बनाएको छ । सँगसँगै पुँजी पनि दिएको छ । यसले महिला सशक्तिकरणसमेत बढाएको छ ।

लघुवित्तको ब्याजदर केहि बढि हुनु स्वभाविक हो । उदाहरणका लागि एक करोड रूपैयाँ एकजनालाई कर्जा दिनु र एक रूपैयाँ १० जनालाई कर्जा दिनुमा स्वभाविक रूपमा कारोबार लागत बढी हुन्छ । संसारभरी नै अरू बैंकको भन्दा लघुवित्तको ब्याजदर बढी नै हुन्छ । अरू धेरै देशको तुलनामा नेपालमा लघुवित्त संस्थाहरूको कर्जाको

ब्याजदर निकै सस्तो छ। केहि सीमित संस्थाहरूले त्रुटी गरेका हुन सक्छन र राष्ट्र बैंकको निर्देशन नमानेर समस्यामा परेका हुन सक्छन्। तर लघुवित्त वित्तीय संस्थाहरूले ऋणीलाई शोषण गरेको भन्नेकुरा हल्ला मात्रै हो। यसलाई पुष्टि गर्ने कुनै भरपर्दो आधार छैनन्।

प्रश्न : त्यसो भए तपाईंको विचारमा अहिले सहकारी र लघुवित्त क्षेत्रमा देखिएका समस्याको कारण के हो ? र यसलाई कसरी समाधान गर्न सकिन्छ ?

अहिले लघुवित्त क्षेत्रमा विभिन्न खालका अनावश्यक र अनर्गल हल्ला फिजाउने काम भएको छ। ऋण तिर्नु पर्दैन भनेर हल्ला चलाइएको छ। केहि सहकारी संस्थाहरूले आफ्नो मूल्य मान्यता र सिद्धान्तभन्दा बाहिर गएर काम गरेकाले सम्पूर्ण सहकारी क्षेत्र नै बदनाम हुने अवस्थामा पुगेको छ। यी सबै कारणले केहि नकारात्मक प्रभाव साना किसान सहकारीमा पनि परेको छ। तर साना किसान कृषि सहकारी भनेको किसानका समूहले सञ्चालन गरिरहेको, आफै सञ्चालक समितिमा रहने र सानो भौगोलिक क्षेत्रभित्र सञ्चालित भइरहेका हुनाले धेरै समस्या देखिएको छैन। उनीहरू उत्पादनशील क्षेत्रमा केन्द्रित लगानी गरिरहेका छन्। सहकारी र लघुवित्त विरुद्धको हल्लाले साना किसान कृषि सहकारी प्रभावित भएका छैनन्। तर हल्लाहरूलाई पूर्णतया बेवास्ता गर्ने र केहि पनि भएकै छैन भन्ने अवस्था छैन।

प्रश्न : साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको वित्तीय स्वास्थ्य कस्तो छ ? संस्थाले अहिले कसरी काम गरिरहेको छ ?

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले थोक कर्जा दिने हो। त्यस्तो थोक कर्जा मुल रूपमा साना किसान कृषि सहकारीलाई दिन्छ। यद्यपि, मर्जर पछि यसका पार्टनर संस्थाहरू लघुवित्त वित्तीय संस्था र अन्य सहकारी पनि भएका छन्। तर हाम्रो मुख्य कर्जा लगानी भनेको साना किसान कृषि सहकारीमा छ। साना किसान कृषि सहकारीहरू उत्पादनमा केन्द्रित छन्। खाद्यान्न देखि लिएर पशुपालन, माछापालन, कुखुरापालन लगायतका व्यवसायमा कर्जा प्रवाह गरेर उत्पादन वृद्धिमा सघाइरहेको छ। अनुत्पादक क्षेत्रमा भन्दा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्छ भनेर हामीले सिकाएका छौं र हाम्रा साझेदार साना किसान सहकारीहरूले आफ्नो लगानी त्यसैमा केन्द्रित गरेका छन्।

साना किसान विकास लघुवित्तबाट कर्जा पाएका महिलाहरूको सहभागिता ७९ प्रतिशत भन्दा बढी छ। पाँच सय ५० स्थानीय तहमा साना किसान लघुवित्तको सेवा पुगिसकेको छ। मर्जर अघि नै ११ लाखभन्दा बढी घरपरिवारलाई सेवा दिइरहेको अवस्था छ। ११ लाख घरपरिवारमा सेवा पुग्ने भनेको करि ४५ लाख जनसंख्याका सेवा पुगेको छ। हुम्ला जिल्लामा मात्रै हामीले सेवा पुऱ्याउन सकेका छैनौं। सम्भवत: यसैवर्षभित्र हामी हुम्लामा पनि सेवा विस्तार गर्छौं। यसरी हामीले उत्पादनमूलक क्षेत्रमा कर्जा केन्द्रित गर्ने र स्वरोजगारी सिर्जना गर्ने विषय प्राथमिकतामा राखेका छौं। हामीले युवालाई इजरायलमा कृषि प्रविधि सिक्नका लागि पनि पठाएका छौं।

> **साना किसान कृषि सहकारीहरू उत्पादनमा केन्द्रित छन्। खाद्यान्न देखि लिएर पशुपालन, माछापालन, कुखुरापालन लगायतका व्यवसायमा कर्जा प्रवाह गरेर उत्पादन वृद्धिमा सघाइरहेको छ।**

तीन हजार दुई सय जना युवा फर्किएर आएर कृषिको रूपान्तरणमा योगदान गरिरहेका छन्। कृषि उपज उत्पादन मात्रै गरेर हुँदैन त्यसलाई आपूर्ति र मूल्य श्रृङ्खलासँग पनि जोड्न सक्नुपर्छ भनेर एसियाली विकास बैंकबाट ऋण लिएर नेपाल सरकारमार्फत् व्यक्तिलाई व्यवसायिक कृषि गर्नका लागि ५० लाख रूपैयाँसम्म कर्जा प्रवाह भइरहेको छ। यो सुलभ कर्जा हो। नौ प्रतिशतभन्दा बढी ब्याज तिर्नुपर्दैन। पशुपालन, तरकारी खेती गर्न चाहने कृषकले नौ प्रतिशतभन्दा बढी ब्याज तिर्नु पर्दैन। बागमती प्रदेशमा किसानहरूले तीन प्रतिशत ब्याजदरमै किसानले ऋण पाएका छन्। यसरी

हामीले तीनवटै तहका सरकारसँग समन्वय गरेर साना र विपन्न किसानलाई सरल, सस्तो, सुलभ ब्याजदरमा वित्तीय पहुँच पुऱ्याउने काम गरिरहेका छौं ।

प्रश्न : साना किसान विकास लघुवित्तले विभिन्न निकायहरूसँग कसरी सहकार्य गरिरहेको छ र अबको व्यावसायिक योजना के छन् ?

साना किसान विकास लघुवित्त वित्तीय संस्था पहिले साना किसान विकास बैंकका रूपमा २०५८ सालमा स्थापना भएको हो । पछि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) आएपछि लघुवित्त वित्तीय संस्था लिमिटेड भएको हो । अरू बैंक वित्तीय संस्था र लघुवित्त संस्थाभन्दा सानाकिसानको कार्यशैली कुन अर्थमा फरक छ भने हामीले साना किसान कृषि सहकारी आफै बनाउने हो । त्यसको लागि नेपाल सरकारले पनि वार्षिक केहि अनुदान सहयोग गर्छ । हाम्रो मुख्य लक्ष्य भनेको ग्रामिण अर्थतन्त्रको संरचनात्मक रूपान्तरण हो । त्यो लक्ष्य पूर्तिका लागि चार/पाँचवटा कार्ययोजना तयार पारेका छौं । जस्तो समावेशी वित्तीय पहुँच विस्तारका लागि साना किसान लघुवित्तले महत्वपूर्ण भूमिका खेलेको छ । अहिले ११ लाखभन्दा बढी घर परिवारमा सेवा विस्तार भइसकेको छ । यसलाई विस्तार गर्दै जाने र साना तथा सीमान्तकृत सबै किसानसमक्ष वित्तीय पहुँच पुऱ्याउने योजनाका साथ हामी अघि बढिरहेका छौं । त्यसका लागि हामीले समुदायमा आधारित साना किसान कृषि सहकारीमार्फत् उद्यमशीलताका कार्यक्रम अघि बढाइरहेका छौं । कुनै समुदायले गाईपालन, भैसीपालन वा अरू कुनै व्यवसाय गर्न चाहेमा सहकारीबाटै माग सङ्कलन हुन्छ । त्यो माग आइसकेपछि साना किसान सहकारीहरूले आफै पनि पुँजी लगानी गर्छन् । हामीले ६०/४० को मापदण्ड बनाएका छौं । अर्थात् समुदायमा आधारित साना किसान सहकारीहरूले ४० रूपैयाँ आफ्ना सदश्य किसानबाट सङ्कलन गर्यो भने ऋण प्रवाह गर्न र ऋण प्रवाह विस्तार गर्नका लागि ६० रूपैयाँसम्म साना किसान लघुवित्तले सहयोग गर्छ । सहकारीहरूको आन्तरिक पुँजी यति पुग्यो र यति अपुग भयो भन्ने माग सहकारीबाट आएपछि हामीले आवश्यकता विश्लेषण गरेर पुँजी सहयोग गर्छौं । साना किसान लघुवित्तले बचत सङ्कलन गर्दैन । हामीलाई राष्ट्र बैंकले त्यो स्वीकृति दिएको छैन ।

> **युवालाई कृषिमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू सञ्चालित छन् । कृषिमा आकर्षित गर्ने मात्र नभई उनीहरूको उत्पादनलाई बजारसँग जोड्नका लागि पनि केहि कार्यक्रमहरू सञ्चालित छन् ।**

साना किसान विकास लघुवित्तको पुँजीका स्रोतहरू भनेको वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले छुट्याउने विपन्न वर्ग कर्जा शीर्षकको स्रोत एउटा हो । त्यो महँगो पर्न जान्छ । किनभने बैंकहरूले आफ्नो आधारदरमा निश्चित प्रिमियम राखेर दिने हो । हाम्रो लक्ष्य साना र विपन्न किसानलाई वित्तीय पहुँच पुऱ्याउनु रहेकाले विपन्न वर्ग कर्जालाई मात्रै भर पर्यौं भने त्यो सम्भव हुँदैन । त्यसकारण हामीले नेपाल सरकारसँग पनि स्रोत माग्ने गरेका छौं । साना र विपन्न किसानलाई सहुलियत कर्जा प्रदान गर्नका लागि भनेर सरकारले २०६७/६८ सालदेखि मासुजन्य र दुग्धजन्य व्यवसायका लागि कर्जा प्रवाह गर्न वार्षिक रु एक अर्ब बराबरको सस्तो दरको ऋण सहयोग शुरु गऱ्यो । मासु, दुग्धजन्य उत्पादन तथा तरकारी खेतीका लागि अहिले पनि किसानले नौ प्रतिशत ब्याजदरमा कर्जा पाउँछन् । यसका लागि सरकारले हरेक वर्ष बजेट पनि छुट्याउँछ ।

व्यवसायिक कृषि उद्यमशीलताका लागि लघुवित्तको कर्जा प्रवाहको सीमाभन्दा बढी रकम कर्जा दिनुपर्ने अवस्था आयो । यसका लागि हामीले एसियाली विकास बैंकसम्म पहुँच पुऱ्याएर ग्रामिण उद्यम कर्जा (आरईएफ) भनेर अर्थ मन्त्रालयमार्फत हामीलाई केहि रकम प्राप्त हुने गरेको छ । व्यावसयिक कृषिका लागि व्यक्तिलाई ५० लाख रूपैयाँसम्म र सामुहिक रूपले

प्रशोधन उद्योग चलाउने हो भने दुई करोड रूपैयाँसम्म कर्जा प्रवाह गरिरहेका छौं । नेपालमा रोजगारी छैन भनेर विदेशतिर पलायन भइरहेका युवाहरूलाई स्वदेशभित्रै अवसर सिर्जना गर्न यसले महत्वपूर्ण भूमिका खेल्छ । रोजगारीका लागि भौतिरहेका युवालाई सहकारीको सदस्य बनिसकेपछि व्यक्तिगत रूपमा ५० लाख रूपैयाँ र कुनै प्रशोधन उद्योगका लागि दुई करोडसम्म कर्जा दिइरहेका छौं । यो पनि नौ प्रतिशत ब्याजदरको कर्जा हो । जापान सरकारबाट पनि ऋण सहयोग लिनेगरी प्रक्रिया अघि बढेको छ ।

अर्को भनेको हामीले युवाहरूलाई आकर्षित गर्न इजरायल पठाएका थियौं र त्यहाँबाट फर्किएका युवाहरूले नेपालमा व्यवसायिक कृषि गरिरहेका छन् । यसरी फर्किएका ३५ प्रतिशत युवाहरूले व्यवसायिक कृषि कर्म गरिरहेको हाम्रो अनुमान छ । त्यस्तै, संस्थाको नाफाको निश्चित प्रतिशत ग्राहक संरक्षण कोषका लागि छुट्याउने गरेका छौं । त्यो कोषबाट हामीले साना किसान परिवारका युवा विद्यार्थीहरूलाई सिटिईभिटीमा पशुपालन वा कृषिसम्बन्धी १८ महिने तालिम लिन छात्रवृत्ति दिइरहेका छौं । यो छात्रवृत्ति लागत साझेदारीमा सञ्चालित छ । केहि रकम सम्बन्धित साना किसान कृषि सहकारीले पनि दायित्व बहन गर्छन् । यसरी युवालाई कृषिमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू सञ्चालित छन् । कृषिमा आकर्षित गर्ने मात्र नभई उनीहरूको उत्पादनलाई बजारसँग जोड्नका लागि पनि केहि कार्यक्रमहरू सञ्चालित छन् । कृषि सहकारी केन्द्रिय संघसँगको सहकार्यमा हामीले बजारीकरणमा पनि किसानलाई मद्दत गरिरहेका छौं ।

नेपाल राष्ट्र बैंकले सञ्चालन गरेको ग्रामिण स्वावलम्वन कर्जा कार्यक्रमको झण्डै एक अर्ब भन्दा बढी लगानी गरेको पैसा साना किसान लघुवित्त वित्तीय संस्थालाई हस्तान्तरण गरेको छ । यसरी समदायले विश्वास गरेको तथा समुदायको स्वामित्व भएको, सरकार, राष्ट्र बैंक, एडिबीलगायत विभिन्न दातृ निकायले विस्वास गरेका कारण साना किसान लघुवित्त वित्तीय संस्थाले आफ्नो काम प्रभावकारी रूपमा गर्न सकेको छ । हामी वित्तीय रूपले दिगो र लघुवित्त उद्योगमा स्थापित नाम बन्न सकेको छ ।

प्रश्न : मुलुकमा रोजगारीको अवसर नहुँदा ठूलो श्रमशक्ति विदेश गइरहेको छ । युवाहरू विदेशिने क्रम रोकिएको छैन । युवाहरूलाई लक्षित उद्यमशीलताका के कस्ता कार्यक्रम साना किसान विकास लघुवित्तले अघि बढाएको छ ?

कृषिको व्यावसायिकरण नगरीकन र पढेलेखेका युवालाई कृषिमा संलग्न नगराईकन र उद्यमशील सँस्कृतिको विकास नगरेसम्म युवाहरूलाई यहाँ आकर्षण गर्न सकिँदैन । युवाहरूलाई उद्यमशील बनाउने भनेर मात्रै हुँदैन, त्यसका लागि हामीले पुँजी, प्राविधिक सहयोग, सीप सिकाईलगायतका काममा सहयोग गर्नुपर्छ । सुलभ कर्जा पाउन सकेमात्र युवाहरू स्वदेशमा टिक्छन् । हामीले सानो कर्जा दिइरहेकामा अब उनीहरू विस्तारै व्यावसायिकरणतर्फ जान थालेका छन् । हिजोका दिनमा दुई चार गाई/भैसी पालेका अब ठूलो संख्यामा पाल्न थालेका छन् । युवालाई उद्यमशीलतातर्फ जोड्न इजरायलमा कृषि तालिम गराएर उनीहरू स्वदेशमा काम गर्न थालेका छन् । व्यसायिक प्रकृतिका कर्जा सहज रूपमा उपलब्ध गरिरहेका छौं । सिटिईभिटीमार्फत् युवालाई तालिम दिइरहेका छौं । नेपालका युवा कृषकलाई भारतको जलगाउँमा लगेर केराखेतीको व्यावसायिकरणबारे तालिम दियौं । हाम्रो मूल उद्देश्य युवाहरूलाई उद्यमशील बनाउने र उद्यमशीलताको विकास गर्ने हो ।

प्रश्न : अन्तिममा तपाईंलाई थप केही भन्न मन लागेको छ ?

हामीले साना किसान, विपन्न तथा पछाडि परेका व्यक्ति एवम् समुदाय, महिला, सीमान्तकृत जस्ता वर्गका लागि सरल र सहज कर्जा उपलब्ध गराइरहेका छौं । व्यवसायिक सोच नभएका तथा व्यवसायिक योजना बनाउन नआउने व्यक्तिहरूका लागि हामी आफैं सहयोग गरिरहेका छौं । हामी पुँजी मात्रै दिँदैनौं, प्राविधिक सहयोग दिन्छौं, सीप सिकाउँछौं र स्वावलम्बन बन्न सघाउँछौं । भाग्यले नै हामीलाई ठगेको हो भन्ने सोचाई भएकाहरूले अब सोच परिवर्तन गर्नुपर्छ । हामीले भाग्य बनाउने हो, भाग्यले हामीलाई बनाउने होइन । साना किसान कृषि सहकारीको सदस्य भएर आफ्नो भाग्य आफै निर्माण गर्न समग्र युवा वर्गलाई आह्वानसमेत गर्दछु । विदेश जानुभन्दा यहि माटोमा रहेका अवसर खोजि गर्नुहोस् । मेहनत तपाई गर्नुहोस्, सहयोग हामी गर्छौं ।

अन्तर्वार्ता

;xsf/L If]qsf ;d:of ;dfwfg ub{}; dfh / ;b:oxÊsf] hLjg ÊkfGt/0fsf s'/f klg ;Gk5{M /lhi6f/ l3ld/]

अहिले कतिपयलाई सहकारी भन्नासाथै नकारात्मक धारणा बनिहाल्ने आवस्था आएको छ । सहकारी देशका ७७ वटै जिल्लामा पुगेको सदस्य र समुदायको सकारात्मक परिवर्तनको एक महान अभियान पनि हो । सहकारीले समाजिक रूपान्तरण, सचेतना, युवा उद्यमशिलता, महिलाहरूमा जागरण र सचेतनाको विकास गराई आर्थिक क्रियाकलापमा सहभागी गराउँदै आएको छ । तर पछिल्लो केही समय सहकारी प्रति आम मानिसहरूको धारणा नै नकारात्मक हुनेगरी केही गतिविधि भए जसको फलस्वरूप खस्कँदो आर्थिक अवस्थालाई अझै दलदलमा लैजान यि र यस्तै गतिविधिले थप सहयोग गरेको देखिन्छ । अहिलेपनि कतिपय सहकारीहरूमा समस्या छन् । नियामक निकायका रूपमा रहेको सहकारी विभाग र अन्य कार्यालयहरू सहकारी क्षेत्रलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउन लागिरहनुभएको छ । यसै सन्दर्भमा सहकारी विभागका रजिष्टार पिताम्बर घिमिरेसंग संगम महतले अबको सहकारी अभियानलाई कसरी अगाडि बढाउनुपर्छ ? राज्यले वा नियमक निकायले सहकारीलाई हेर्ने दृष्टिकोण के हो ? र अहिले हामीले गरिरहेको सहकारी क्षेत्रको काम के हो भन्ने बारेमा कुराकानी गर्नुभएको छ । प्रस्तुत छ कुराकानीको सम्पादित अंश ।

पिताम्बर घिमिरे
रजिष्टार
सहकारी विभाग

अर्थतन्त्रको तीनखम्बे अर्थतन्त्रको एक खम्बाका रूपमा स्थापित सहकारी क्षेत्र अहिले कुन रूपमा अगाडि बढिरहेको पाउनुभएको छ ?

नेपालको सहकारी क्षेत्रलाई संविधानमा सार्वजनिक निजी र सहकारी क्षेत्रको परिचालन र विकास मार्फत एउटा सम्मुनत र आत्मनिर्भर समाजवाद उन्मुख अर्थतन्त्रको बाटोतर्फ अगाडि बढ्ने स्पष्ट रूपमा व्यवस्था गरिएको छ । संस्थागत रूपमा र औपचारीक रूपमा नेपालमा सहकारी क्षेत्रको स्थापना र सञ्चालन भएको ७० वर्षको इतिहास रहेको छ । नेपालको ग्रामीण क्षेत्रमा वसोवास गर्ने मानिसहरूमा स्थानिय सीप, स्रोत साधनको उपयोग गर्दै समान आकांक्षा एवम् समान आर्थिक हैसियत भएका मानिसहरूको एकीकृत बनाउने काम सहकारी क्षेत्रले गर्दै आएको छ । सहकारी मार्फत सेवा भावको विकास गराउन पनि सहज भएको विगत र वर्तमानका अभ्यासहरूले देखाएको छ । स्थानीय स्रोत साधानको भरपुर उपयोग गर्दै साना किसानहरूको आर्थिक अवस्था सुधारका कार्यक्रमहरू आयआर्जनका कार्यक्रम सञ्चालन गर्नसमेत सहकारीहरूले ठूलो सहयोग गर्दै आएको देखिएको छ । सहकारीहरूले ग्रामीण क्षेत्रका महिलाहरूको नेतृत्व विकास, दलित, युवा पछाडी परेको समुदाय लगायत आर्थिक रूपमा कमजोर भएका मानिसहरूलाई आर्थिक, सामाजिक र सचेतनाको क्षेत्रमा सवल बनाउने कार्य गर्दै आएको प्रष्टै देखिन्छ ।

समयक्रमसंगै सहकारी क्षेत्रमा अहिले पछिल्लो केही वर्षदेखि समस्याहरू देखिएका छन् । यी केही घटनाका कारण सहकारी क्षेत्रप्रति आम मानिसहरूको विश्वास र भरोसामा केही कमी भएको हो की भन्ने जस्तो देखिए पनि खासमा सहकारीका मूल्य मान्यता र सिद्धान्तमा चलेका सहकारीमा समस्या देखिएको छैन । यसरी व्यवस्थित रूपमा सञ्चालनमा रहेका सहकारीहरू अहिले पनि उत्तिकै प्रभावकारीरूपमा सहज ढंगबाट सञ्चालनमा रहेको हामीले पाएका छौं ।

विशेषगरी सहरी क्षेत्रमा रहेका ठूलो कारोबार गर्ने सहकारी संघसंस्थाहरूमा खासगरी वित्तीय अनुशासन, बचतकर्ताको

बचतको सुनिश्चितताको प्रत्याभूति दिने लगायतका विषयमा केही कमी भएको विभिन्न समयमा भएको अनुसन्धानले देखएको छ । समय र सर्त अनुसार बचतकर्ताको बचत फिर्ता गर्ने कुरा, लगानीका क्षेत्रहरूको पहिचान र लगानी, अनुत्पादक क्षेत्रमा लगानी गर्ने, सहकारी ऐन निमय र कानुन विपरितका क्षेत्रमा गरिने लगानी, अनुत्पादक क्षेत्रमा भएको लगानी, आर्थिक अनुसाशनमा क्षयीकरण लगायतका कुराहरूले सहकारी क्षेत्रमा समस्या भएको देखाएको छ ।

यो अवस्था हुँदाहुँदै पनि हामीले सहकारी क्षेत्रको मर्म र भावनाअनुसार सञ्चालनका लागि सहकारी संस्थाहरूलाई सहजीकरण गर्दै आएका छौँ ।

सहकारी क्षेत्रमा अहिले ४ सय ७८ अरबको बचत परिचालन भएको छ । ९४ अरब भन्दा बढि शेयर पुँजी रहेको देखिन्छ भने करिव ७५ लाख मानिस सहकारी क्षेत्रमा संलग्न रहेको तथ्यहरूले देखाएका छन् ।

सहकारी क्षेत्र वार्षिक ९ खरब भन्दा बढि कारोवार भइरहेको क्षेत्रका रूपमा स्थापित भईसकेको छ। त्यसले गर्दा सहकारी क्षेत्रमा कुनै कारणवस समस्या आए नेपालको सम्पूर्ण वित्तिय क्षेत्रमा पनि समस्या आउने देखिएको छ।

सहकारी संस्थाहरू स्वतन्त्र रूपमा सदस्यमार्फत नियन्त्रित भई स्वनियमनमा परिचालन हुनुपर्ने हो। यसतर्फ सहकारीका सदस्य, सञ्चालक र कर्मचारीहरूले ध्यान पुऱ्याउन आवश्यक छ भन्ने लागेको छ । सहकारीको नियमनकारी निकायमा संघीयताको कार्यन्वयनसंगै विविधता आएको छ। कार्यक्षेत्रको आधारमा हामीले संघ, प्रदेश र स्थानीयतहगरी अहिले तीनै तहका सरकारहरूलाई सहकारी क्षेत्रको नियमनको जिम्मेवारी र दायित्व प्रदान गरेका छौं यो सुखद् पक्ष हो ।

पहिलेभन्दा अहिले सहकारी क्षेत्रमा समस्या आएको हो कि पहिलेदेखि नै थियो ?

सहकारी क्षेत्रको समस्या पहिले छँदै थिएन भन्न मिल्दैन । पहिले पनि थियो । अहिले तीनतहका सरकारमा सहकारी क्षेत्रको नियमनको जिम्मेवारी र दायित्व प्रदान गरिएका कारण पनि कतिपय कुरामा केही समस्या आएको हो की भन्ने आशंका गर्न थालिएको छ। केही बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूमा र अन्य केही सहकारीहरूमा पनि समस्या देखिएको छ। हामीले बचतकर्ताको बचत फिर्तागर्ने, वित्तीय अनुसाशन कायम गर्ने र गराउने तथा आवश्यक समयअनुकूल निर्देशन तथा नियमनका विषयमा समेत सक्रियता बढाउनुका साथै सुझावहरू प्रदान गर्दै आएका छौं । वित्तीय विचलन, सुशासनको अभाव, आर्थिक अनुसाशनको समस्या मुख्य गरी सहकारी क्षेत्रमा देखिएका समस्य हुन । कतिपयमा दक्ष जनशक्तिको अभाव छ भने कतिपय सहकारीमा खराब नियत राख्नेहरूले सहकारीको रकम हिनामिनाह गर्ने, व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्ने, सहकारीको सिद्धान्तविपरीत गलत स्थानमा लगानी गर्ने यि कारणहरूले पनि सहकारी क्षेत्रमा केही समस्या आएको देखिएको छ । जब सहकारीमा समस्या आयो तब सरकारले सहकारी क्षेत्र सुधार सुझाव कार्यादलको गठन गरी सहकारी क्षेत्रको समस्या समाधानका लागि पहल गरेको अवस्था हो। यस कार्यादलले तत्काल गर्नुपर्ने, अल्पकालमा गर्नुपर्ने काम र दिर्घकालमा गर्नुपर्ने कामहरूको सुझाव प्रस्तुत गरेको छ । सोही अनुसार हामीले तत्काल गर्नुपर्ने कामहरूको बारेको सुझाव हामीहरूले कार्यन्वयनमा लगिसकेको अवस्था हो ।

सहकारी क्षेत्रको यो समस्या समाधानको उपाय के हो त ?

सकेसम्म हरेक क्षेत्रमा समस्या आउन दिनु नै हुँदैन । हरेक क्षेत्रमा समस्या नआउनेगरी काम गर्न सक्नुपर्दछ। तर समस्या आइसकेपछि त्यसको सही र प्रभावकारी निराकरण सबैभन्दा बढि चनौतीको विषय हो । समस्या आइसकेपछि पछुताएर होइन समाधानको उपाय र सम्भावनाको बाटो पहिल्याएर अगाडि बढ्नुपर्छ । अहिलेको कानुनी व्यवस्था, कर्मचारी, प्रविधि, स्रोत साधनबाट केही नतिजा प्राप्त गरे पनि सोचेजस्तो नतिजा देखिँदैन। ठूलो मात्रामा बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरूलाई ठूलो एउटा नियमनकारी निकाय आजको

हरेक क्षेत्रमा समस्या नआउनेगरी काम गर्न सक्नुपर्दछ । तर समस्या आइसकेपछि त्यसको सही र प्रभावकारी निराकरण सबैभन्दा बढि चनौतीको विषय हो । समस्या आइसकेपछि पछुताएर होइन समाधानको उपाय र सम्भावनाको बाटो पहिल्याएर अगाडि बढ्नुपर्छ ।

आवश्यकता हो ।

सहकारी क्षेत्रमा केवल निराशा मात्र छन् कि आशा, ऊर्जा र सफलताका सुनाउनलायक कुराहरू पनि छन् ?

सहकारी क्षेत्रमा भएका सुनाउनलायक कुराहरू धेरै छन् । भन्नलायक र भन्नुपर्ने कुराहरू धेरै छन् । सहकारीले सदस्य किसानहरूलाई आयआर्जन जोडेका छन्, उत्पादनमा लागेका छन् र सहकारीले उत्पादनमा संलग्न गराउने कार्य गरिरहेका छन् । हामीले उत्पादनका क्षेत्रमा काम गर्ने सहकारीहरूको सफलताको कथा हेर्न र सुन्नलायक मैले देखेको छु । उद्यमशिलता, उद्यम र व्यवसायसंग जोडिएका सहकारी र सदस्यहरूमा कुनै समस्या छैन । उनिहरूले सबैलाई ऊर्जा, उमंग र उत्साह बढाइरहेका छन् । काम गर्ने संस्कृतिको विकास गरेका छन् । सहकारीताको मूल्य, मान्यता र सिद्धान्तमा स्थानयहरूको सहभागितामा सञ्चालित सहकारीहरूले गरेको काम उत्कृष्ट पाएको छु । नियन्त्रीत सदस्य स्वनियमन र सुशासनमा सञ्चालित सहकारीहरू हामीले देखेका छौं । यस्ता सहकारीमा समस्या छैन । सहकारीमार्फत भएका दुग्ध उत्पादन, पशुपालन र कृषिजन्य उत्पादनमा भएको प्रगती नेपालमा साच्चै उदाहरणीय देखिएका छन् । कतिपय कृषि जन्य उत्पादनमा हामी आत्मनिर्भर भएका छौं, जसमा सहकारीको प्रमुख भूमिका रहेको देखिन्छ ।

> ऐनको दफा १२४ को व्यवस्थामा कुनै पनि सहकारीका सञ्चालकले सहकारी मार्फत जति हिनामिनाह गरेका छन् त्यतीनै विगो र जरिवाना भराउने व्यवस्था छ ।

राम्रो गरेकालाई प्रोत्साहन र पुरस्कार, नराम्रो गर्नेलाई कारबाहीको दायरामा ल्याउन विभागले के गरिरहेको छ ?

खासगरी विभागले तीनवटा आयममा काम गर्दै आएको छ । विभागले नियमन गर्ने, प्रवर्द्धनात्मक काम गर्ने र क्षमता विकासका लागि पनि कार्य गर्दै आएको छ। हामीले उत्पादनसंग जोडिएका, सदस्य किसानहरूको जीवन रूपान्तरणका लागि कामगरेका, समाजमा सकारात्मक परिर्तनसंगै युवा, महिला, दलितहरूलाई उद्यमसंग जोडेका सहकारीहरूलाई हामीहरूले पुरस्कृत गर्दै आएका छौं । नकारात्मक काम गर्ने र सहकारी क्षेत्रलाई नकारात्मक प्रभावपर्नेगरी कार्य गर्नेहरूलाई पनि दण्ड सजायको दायरामा कानुन सम्मत रूपमा कार्य गर्दै आएको यहाँ मार्फत सबैलाई जानकारी गराउन चाहन्छु । राम्रालाई उर्जा भरिरहने र गलत गर्नेहरूलाई प्रचलित कानुन अनुसार कार्वाहीको दायरामा ल्याउने कार्य गर्दै आएका छौं । यो काम आगामी दिनमा पनि निरन्तर जारी रहनेछ ।

सहकारी क्षेत्रको सुधारका लागि अब के गर्नुपर्छ ?

सहकारी क्षेत्रको सुधारका लागि दिएको सुझावमध्येको दीर्घकालमा गर्नुपर्ने सुझावमा रहेको नीतिगत परिमार्जन र पुर्नवालोकन, सहकारी ऐन नियम अनुसार रहेका संरचनाहरूलाई कार्यन्वयनमा लैजाने कुराहरूमा काम गर्न आवश्यक छ । यसैगरी सहकारी बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरूलाई अहिलेको नियमनको कानुनी व्यवस्था, अहिलेको नियमनको कानुनी व्यवस्था र अहिलेको संस्थागत जनशक्ती यो ढंगले यी संस्थाहरूको अनुगमन, सुपरिवेक्षण हुन सक्दैन भन्ने निकर्षमा हामी पुगेका छौं । यसै कुरालाई ध्यानमा राख्दै अब सहकारी क्षेत्रका लागि एउटा छुट्टै स्वतन्त्र नियमनकारी निकाय जस्तै : प्राधिकरण, बोर्ड, यस्तै केही एउटा स्वयत्त र स्वतन्त्र निकायको स्थापना गरेर दरिलो नियमनकारी निकाय बनाउन आजको आवश्यकता हो । पछिल्लो समय सहकारीमा बदमासी गर्नेहरूलाई कार्वाही गर्ने प्रवन्ध त्यती राम्रो भएन, प्रभावकारी भएन भन्ने गुनासो पनि हामीले सुनेका छौं । यस्तो होईन सहकारी ऐन २०७४ ले सहकारी क्षेत्रको सुधारका लागि धेरै राम्रो व्यवस्था गरेको छ । ऐनमा सहकारी क्षेत्रको बचत तथा कर्जा सुरक्षणकोष पनि हो । कुनैपनि सहकारी संस्था धरासायी भयो, विग्रीयो वा खारेजहुने अवस्था आयो भने त्यस्ता सहकारी संस्थामा बचत गरेका बचतकर्ताको ३ लाखसम्मको बचत फिर्ताको ग्यारेन्टि नेपाल सरकारले गर्छ । यसले साना बचतकर्ताहरूलाई सहकारीमा करोबार गर्दा रकम डुब्छकी भनेर डराउनु पर्दैन । ऐनको दफा १२४ को व्यवस्थामा कुनै पनि सहकारीका सञ्चालकले सहकारी मार्फत जति हिनामिनाह गरेका छन् त्यतीनै विगो र जरिवाना भराउने व्यवस्था छ । यसैगरी १ देखि १० वर्षसम्मको कैदहुने व्यवस्था रहेको छ । सहकारीमा बदमासी गर्ने कसैलाई पनि कुनै छुट छैन र हुँदैन ।

अन्तर्वार्ता

आर्थिक गतिविधिलाई उत्पादन र विकाससँग जोड्नुपर्छ : भट्ट

अर्थतन्त्रमा देखिएको विश्वव्यापी समस्याबाट प्रभावित नेपाल पनि हो। नेपालको अर्थतन्त्र विशेषतः रेमिट्यान्समा आधारित छ। कोरोना कालबाटै प्रभावित बनेको अर्थतन्त्रमा पछिल्लो समय आएको आर्थिक मन्दीका कारण झनै समस्याहरू थपिँदै गए। आर्थिक गतिविधिमा सिमितताको अवस्था आयो यसले व्यापार, व्यवसाय राम्रोसँग सञ्चालन हुन सकेनन्। समग्र अर्थतन्त्रलाई माथि उठाउन उत्पादनसँग जोड्दै विकासका गतिविधिलाई पनि बढवा दिनुपर्ने ***नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले बताउनुभएको छ। यसै सन्दर्भमा संगम महतले उहाँसँग गरेको कुराकानीको सम्पादित अंश प्रस्तुत गरिएको छ।***

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक/प्रवक्ता
नेपाल राष्ट्र बैंक

नेपालको वर्तमान आर्थिक अवस्था र लघुवित्त क्षेत्रलाई यहाँले कसरी विश्लेषण गर्नुहुन्छ ?

नेपालको अर्थतन्त्रको वर्तमान अवस्थाका बारेमा कुरा गर्दा दई तरिकाबाट हेर्न आवश्यक छ। अर्थतन्त्रको एउटा विषय अर्थतन्त्रमा साह्रै शिथिलता छ अर्थतन्त्र विकास हुन सकेको छैन, धेरै मानिसहरू आफ्नो व्यवसायबाट पलायन भएका छन् भन्ने हो। अर्को विषय नेपालको अर्थतन्त्र अहिले पनि मजबुत छ, सुदृढ छ भन्ने रहेको देखिन्छ। तपाईंले सोधेको प्रश्नको जवाफ खोज्दै जाँदा हामी यी दुवै कुराको बीचबाट हेर्नुपर्छ भन्ने मलाई लाग्छ। सामान्यतः अर्थतन्त्रका ४ वटा क्षेत्र हुन्छन् यसमध्ये वास्तविक क्षेत्र हुन्छ यसमा कृषि, उद्योग, सेवालगायत पर्ने गर्दछन्। कृषिभित्र विभिन्न किसिमको वन पैदवार, मत्य, खानी पर्छन्। उद्योग क्षेत्रमा उत्पादन र निर्माणसँग सम्बन्धित कुराहरू पर्दछन् भने सेवा क्षेत्रभित्र पर्यटन, खुद्रा तथा थोक व्यापार लगायतका कुराहरू पर्ने गर्दछन्। यो वास्तविक क्षेत्र अहिले शिथिल छ भन्ने छ। आर्थिक वृद्धिदर अपेक्षाकृत हुन सकेन अहिले पनि हामीहरूले सोचजस्तो आर्थिक वृद्धिदर गर्न सकेनौं। योबाहेक बाह्य क्षेत्रले पनि अर्थतन्त्रमा भूमिका खेलिरहेको हुन्छ। वास्तवमा नेपालजस्तो देशमा त बाह्य क्षेत्र अर्थतन्त्रको बलियो पक्षका रूपमा रहेको देखिन्छ। नेपालको बाह्य क्षेत्र अत्यन्तै सबल रहेको छ। हाम्रो विदेशी विनिमय सञ्चिति १ वर्ष ६ महिनाको रहेको छ। यो सकारात्मक कुरा हो। केही वर्ष पहिले हामी कतै श्रीलंका जस्तो भइन्छ की भन्ने थियो त्यो पनि अहिले टरिसकेको छ। बाह्य क्षेत्र निकै सुविधाजनक अवस्थामा रहेको देखिन्छ। यो अवस्था कसरी भयो भन्ने सम्बन्धमा एउटा आयत घटेको छ, रेमिट्न्यान्स बढेको छ। बैंकिङ क्षेत्रको कुरा गर्दा यो क्षेत्रमा पनि पर्याप्त तरलता रहेको छ। बैंकको व्याजदर पनि घट्दै आएको छ। वाणिज्य बैंकहरूको आधारदर ८ प्रतिशतमा आइसकेको छ। वाणिज्य बैंकहरू तथा वित्त कम्पनीहरूले आफ्नो व्याजदरमा ठूलो हेरफेर गरेको अवस्था छ। यसले बैंकिङ क्षेत्र अहिले लगानी गर्न उत्सुक छ, लगानी गर्न खोजिरहेको छ भन्ने देखिन्छ। अर्को क्षेत्र रहेको छ राजस्व परिचालन, सरकारी चालु र पुँजीगत खर्च हेर्दा राजस्व परिचालन र पुँजीगत खर्च अपेक्षित हुन सकेको छैन। चालुखर्च सन्तोषजनक रहेको छ। यसले सरकारी वित्त क्षेत्र सन्तुलनमा छैन भन्न मिल्दैन तर लक्ष्यअनुरूप काम गर्न सकेको देखिन्छ।

देशको अर्थतन्त्रको अहिलेको जुन अवस्था रहेको देखिन्छ यसलाई अब अवसरमा ढाल्नुपर्ने देखिन्छ। विदेशी विनिमय सञ्चिति सन्तोषजनक रहेको अवस्थामा बाह्य क्षेत्र राम्रो रहेको अवस्थामा हामीले यसलाई उत्पादनसँग जोडेर आर्थिक गतिविधिलाई बढाउन सक्ने हो भने यसको सकारात्मक परिणाम हामिले पाउन सक्छौं। यो चुनौतीपूर्ण भए पनि गर्नुपर्ने

यही हो । पुँजीगत खर्च हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै विकास निर्माणका कामहरूलाई कसरी अगाडि बढाउने भन्ने बारेमा सबैले उत्तिकै चिन्ता र चासो लिन आवश्यक देखिन्छ ।

यसका लागि मौद्रिक नीति अलि सक्रिय हुनुपर्छ कि भन्ने छ यो के हो ?

मौद्रिक नीति बढी सक्रिय हुँदा यसले तत्कालका लागि अर्थतन्त्रलाई केही सुधारको बाटोमा ल्याउन त सक्छ तर दीर्घकालका लागि यो गर्नु त्यति सकारात्मक नहुन सक्छ । अहिले समग्र अर्थ तन्त्रको अवस्था हेर्दा केही उत्साह जगाउनुपर्ने र सरकारी तवरबाट पुँजीगत खर्चमा केही पहल कदमी चाल्नुपर्ने आवश्यकता देखिन्छ ।

वित्तीय संस्थामा वित्तीय अनुसाशन हुन नसक्दा अर्थतन्त्रमा नकारात्मक अवस्था आयो भन्ने पनि गरिन्छ यो कतिसम्म सत्य हो ?

राष्ट्र बैंकले अहिले इजाजत दिएका २० वटा वाणिज्य बैंकहरू छन् । यसैगरी १७ वटा विकास बैंक रहेका छन् । १७ वटा वित्त कम्पनीहरू रहेका छन् । ५६ वटा लघुवित्त वित्तीय संस्थाहरू रहेका छन् । यी बैंकिङसँग सम्बन्धित रहेका छन् । यसैगरी रेमिट्यान्स र फिन्टेक कम्पनीहरू पनि राष्ट्र बैंकसँग आबद्ध रहेका छन् । यसरी हेर्दा राष्ट्र बैंकको एउटा ठूलो सञ्जाल रहेको छ । यो सञ्जालमा रहेका प्रत्येक संस्थाको अनुशासन राम्रो हुनुपर्छ र बनाउनुपर्छ भन्ने हाम्रो मुख्य ध्येय हुन्छ । यी संस्थाहरूको सुपरीवेक्षण, अनुगमन प्रभावकारी होस, नियमन राम्रो होस् भनेर हामीले काम गरिरहेका छौं । मुख्य कुरा जनताको पैसा वा निक्षेप सुरक्षित हुनुपर्छ भन्ने हो । यसमा राष्ट्रबैंक सचेत छ । यी वित्तीय संस्थाहरूले गर्ने लगानी कतै तोकिएको क्षेत्रमा लगानी हुन सकेन कि भन्ने हो । अर्थतन्त्रमा यस्ता वित्तीय संस्थाहरूले गर्ने गतिविधिले सकारात्मक प्रभाव पर्नुपर्छ र यसका लागि काम पनि गर्नुपर्छ । अर्थतन्त्रको जहाँसम्म कुरा उठेको छ यसमा हामी हेर्दा अहिले हामीले ४ प्रतिशत पनि आर्थिक वृद्धि हासिल गर्न नसकेको अवस्था छ । वित्तीय क्षेत्रलाई कसरी वास्तविक क्षेत्रसंग जोड्ने, उत्पादनसंग जोड्ने, रोजगारीसंग जोड्ने भन्ने मुख्य कुरा हो । अर्थतन्त्रमा निजी क्षेत्रले काम नै गरेनन् भन्ने होइन निजी क्षेत्रको योगदान केही देखिन्छ । जस्तो जलविद्युत् क्षेत्रमा अहिले अत्यन्तै राम्रो लगानी भएको देखिन्छ । यसैगरी राष्ट्रबैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई विभिन्न क्षेत्र छुट्टयायर लगानीका लागि व्यवस्था गरेसंगै केही सकारात्मक परिवर्तनहरू देखिएका छन् । निजी क्षेत्रले आफ्नो कामलाई प्रभावकारी रूपमा अगाडि नबढाएका पनि होइनन् । तर हाम्रो अर्थतन्त्र रेमिट्यान्समा आधारीत रह्यो । त्यति मात्र होइन हाम्रो अर्थतन्त्र आयातमुखी रहेको छ । उपभोगमुखी भयो । हामीले हाम्रो उत्पादन कम विश्व बजारमा पठाइरहेका छौं भने ल्याउँदा धेरै ल्याएका छौं । यसले पनि अर्थतन्त्रमा केही असहजता सृजना गरेको हो ।

यस्तो अवस्थाको अर्थतन्त्रबाट माथि उठ्न के गर्ने त ?

अहिलेको अर्थतन्त्रको अवस्था जुन छ यो नेपालको मात्र अवस्था होइन । विश्वभर केही सिथिल भएको अर्थतन्त्रलाई चलायमान बनाउँदै माथि उठाउन अब हामीले पनि फरक ढंगबाट सोच्न आवश्यक छ । हाम्रो परम्परागत कृषिलाई परिवर्तन गर्नुपर्ने छ । पहिले हामी धेरैको घरपरिवार आत्मनिर्भर थियो । आफ्ना लागि आफै उत्पादन गर्ने परिपाटी थियो । मानिसहरू देशमै काम गरिरहेका थिए उत्पादन गरिरहका थिए । तर अहिले रेमिट्यान्सको भरमा अर्थतन्त्र चलेको छ । गाउँ वस्तीहरूमा मानिसहरूको वसोवास कम भएको छ । सहर केन्द्रीत बसाईसराई बढिरहेको छ । यसले उत्पदनमा लाग्ने मानिसहरूको संख्या कम छ । यस्तो अवस्थामा अब हामीले हरेक क्षेत्रमा फकर ढंगबाट सोच्न र काम गर्न सकेनौ भने फेरी पनि अर्थतन्त्रको अवस्था लामो समयसम्म यस्तै रहन सक्छ । युवा पलायनको संख्या बढिरहेको छ । पहाडका वस्तीहरू खाली भएका छन् । तराई र सहरमा बढ्दो जनसंख्या भएपनि उत्पादन सिमति भएका कारण हामीहरूले धेरै कुराहरू आयत बढाउनु परेको छ । जसको प्रभाव अर्थतन्त्रमा परेको छ । अब हामीले कुनै स्थानीयतहमा कुनै वस्तु उत्पादन हुन्छ भने, साना किसानहरूले कुनै वस्तु उत्पादन गर्छन भने त्यसको बजारको ग्यारेन्टी हुन आवश्यक छ । यसरी बजारको ग्यारेन्टी नगरिकन गरिने व्यवसायमा लगानी गर्न बैंक हिचकिचाउँछ । त्यसैले स्थानीय, प्रदेश र संघीय सरकारको कुन नियकाहरू सहभागि भएर हुने हो उनिहरूको सहभागितामा किसानको उत्पादन बजारसम्म पुग्ने परिपाटीको विकास गर्न सके अर्थतन्त्रमा केही सकारात्मक परिणाम ल्याउन सकिन्छ ।

केही निजी क्षेत्र पनि बिग्रिएका छन् । यसका पनि आफ्नै कारणहरू रहेका छन् । जस्तो निजी क्षेत्रले राष्ट्र बैंकले दिएको निर्देशन बमोजिमका क्षेत्रमा नभई अन्य क्षेत्रमा लगानी गर्नुभयो । अनुत्पादक क्षेत्रमा लगानी बढी गर्नुभयो ।

आफूखुसी लगानी गर्नुभयो। अर्थतन्त्रमा सुधार हुनका लागि उत्पादन हुन आवश्यक छ। अल्पकालीन लाभ लिने गरी गरिने लगानीको कर्जाका बारेमा चनाखो हुनुपर्ने देखिएको छ। बैंकहरूको अनुगमन, सुपरिवेक्षण र निरीक्षणका लागि राष्ट्र बैंकले आफ्ना केही विधी बनाएको छ, अन्तराष्ट्रिय अभ्यास छ। हामीले बैंक फर इन्टरनेशनल सेटलमेन्ट भन्छौं यसले तोकेका विभिन्न सिद्धान्तहरू छन् यसभित्र रहेर हामीले बैंकहरूको सुपरिवेक्षण गर्ने, नियमन गरेका संस्थाहरूको बारेमा विस्तृत जानकारी लिने काम गर्छ।

एउटा कुरा वुझ्नुपर्ने के छ भने के राष्ट्र बैंकले सबै संस्थाहरूमा पुगेर नियमन गर्छ त भन्ने विषयमा यहाँहरूलाई प्रष्ट पारौं यो सम्भव छैन। धेरैलाई के लाग्छ भने कतै कुनै ठाउँमा समस्या आयो र देखियो भने राष्ट्र बैंकको राष्ट्र बैंकको सुपरिभिजन नपुगेका कारण यस्तो समस्या आयो भन्ने बुझाई छ, यो सत्य होईन। हामीले प्रत्येक संस्थामा पुगेर प्रत्येक फाईल हेर्ने होइन। हामीले नमुनामा आधारीत भएर सुपरभिजन गरिरहेका हुन्छौं। प्रत्येक संस्थामा जो त्यसको लगानीकर्ता हुनुहुन्छ, जो त्यसको म्यानेजर हुनुहुन्छ, जो उच्च व्यवस्थापनमा रहनुभएको छ, उहाँहरूलाई राज्यलेनै जिम्मेवारी दिएको हो। त्यसैले उहाँहरू आफैपनि जिम्मेवार र जवाफदेखी हुन आवश्यक छ। उहाँहरू अझै सवल हुनुपर्ने देखिन्छ।

कृषि क्षेत्रमा १५ प्रतिशत लगानी गर्नुपर्ने जुन व्यवस्था छ यो व्यवस्था अनुसार कार्य हुन सकेन भन्ने छ किन लगानी हुन नसकेको होला ?

हो हामीले सबै क्षेत्रको विकास होस भनेर कृषि क्षेत्रमा कुल लगानीको १५ प्रतिशत लगानी कृषिमा हुनुपर्छ भनेर व्यवस्था गरेको छ। यही व्यवस्था भएपछि कृषि क्षेत्रमा लगानी केही बढेको पनि पाईएको छ। तर आशा गरे अनुसार लगानी बढ्न नसकेको सर्वविधितै छ। अहिले झण्डै १३ प्रतिशत लगानी कृषि क्षेत्रमा बैंकहरूले गरेका छन्। यसलाई हामीले १५ प्रतिशतमा बढाउने र वास्तविक किसानसम्म यसको लाभ पुऱ्याउने गरी कार्य गर्न पटक पटक निर्देशन समेत जारी गर्दै आएका छौं। यद्यपी कृषि क्षेत्रमा वा शिर्षकमा लगानी बढेको अनुपातमा के कृषि उत्पादन बढेको छ त भन्ने र्को प्रश्न हो। कर्जाको सदुपयोगको विषयमा पनि हामीले बेला बेलामा बैंकहरूलाई सचेत गराउँदै आएका छौं। यसैगरी अनुगमन पनि गर्दै आएका छौं। कर्जा लिने लाभग्राहीले पनि केही ख्याल गर्नुपर्ने हुन्छ। आफूले जुन शिर्षकमा कर्जा लिएको हो सोही काममा लगानी गर्न सके अहिलेजस्तो देखिएका धेरै समस्या समाधान हुन्छ भन्ने हाम्रो विश्वास हो।

नेपालको सन्दर्भमा अर्थतन्त्र सुधारका लागि साना किसानहरूको सिप, क्षमता, दक्षता विकास पहिलो प्राथमिकतामा पर्नु पर्छ। यसमा कुन कुन संस्थाले कसरी काम गरेको पाउनुभएको छ।

हाम्रो जस्तो मुलुकको अर्थतन्त्र सुधारका लागि सबैभन्दा पहिले कृषि क्षेत्र सुधार गर्न आवश्यक छ। किसानहरूको जीवनस्तर माथी उकास्न आवश्यक छ। किसानहरूको आय आर्जन बढाउन आवश्यक छ। किसानहरूलाई उद्यमसंग जोड्न आवश्यक छ। यस क्षेत्रमा सबैभन्दा उत्कृष्ट रूपमा २०३२ सालमा सुरु भएको साना किसान विकास कार्यक्रम अहिले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को ठूलो भूमिका रहेको देखिन्छ। यसले ग्रामीण क्षेत्रका किसानहरूको साक्षरता, सचेतना वृद्धिसंगै आयअर्जनसंग जोडेर विभिनन कार्यक्रम सञ्चालन गरेको थियो। साना किसानको कार्यक्रमलाई अझै सघन रूपमा लैजानुपर्ने आवश्यकता देखिएको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.जस्तो संस्थालाई एउटा विशिष्टकृत संस्थाका रूपमा काम गर्ने संस्थाका रूपमा लैजानुपर्छ। यो किसान विकास बैंक बन्नुपर्छ। मेरो व्यक्तिगत धारणा राख्दा मैले धेरैलाई साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. किसान विकास बैंक बन्नुपर्छ भन्दै आएको छु। हिजो यस क्षेत्रमा काम गर्ने कृषि विकास बैंक थियो। अहिले कृषि विकास बैंक बाणिज्य बैंकका रूपमा काम गर्न थालेका छ। अब किसानको हितका लागि काम गर्ने, किसानहरूलाई सहजीकरण गर्ने, किसानहरूलाई वित्तिय स्रोत साधन र उनिहरूलाई उपयुक्त वातावरण बनाउने एउटा महत्वपूर्ण संस्था नेपालमा आवश्यक छ। अहिले पनि ६२ प्रतिशत घरपरिवार कृषिमा संलग्न छन् भन्ने छ। करीव २५ प्रतिशत कुल ग्राहस्त उत्पादनमा कृषिको योगदान रहेको छ। यस्तो अवस्थामा साना किसान लघुवित्त वित्तीय संस्था जस्तो संस्थालाई विशिष्टकृत संस्थाका रूपमा लैजान सके यसले उत्पादन बढाउन, उत्पादकत्व बढाउने लगायतका क्षेत्रमा काम गर्न सक्छ। यसैगरी बजारीकणमा पनि यससंस्थाले सहजीकरण गर्न सक्छ। अहिले साना किसानहरूले उत्पादन, प्रशोधन, बजारीकरण लगायतका क्षेत्रमा जसरी काम गरिरहनुभएको छ, यसको अनुभवले पनि उहाँहरूलाई

विशिष्टकृत संस्थाका रूपमा विकास गर्न सके यो काम गर्न सम्भव छ भन्ने लाग्छ।

चालु आर्थिक वर्षको कार्यक्रममा सरकारले एउटा कार्यक्रम नै राखेर साना किसानहरूको क्षेत्रमा काम गर्न साना किसान उद्यम विकास कार्यक्रम बजेटमा राखेर घोषणा गरेपनि कार्यन्वयन हुन सकेन। यो कार्यक्रमलाई कार्यन्वयनमा लैजान सकेको भए यसले कृषि क्षेत्रमा ठूलो परिवर्तन ल्याउन सक्थ्यो। किसानहरूमा जागरण ल्याउन, परिवर्तन र चेतनास्तर विकास गराउन यो कार्यक्रम लाभदायक हुन सक्थ्यो । यस प्रकारको कार्यक्रम चालु आर्थिक वर्षको कार्यक्रम राखियो कार्यन्वयन हुन सकेन । त्यसैले आगामी दिनमा पनि यस्ता कार्यक्रम कुनै न कुनै रूपमा सरकारी संयन्त्रले अपन्त्व लिएर अगाडि बढाओस भन्न चाहान्छु। अहिले नेपालमा ६६ लाख ६६ हजार ९ सय ३७ घरधुरी रहेकोमा यसमध्ये १५ प्रतिशत घरधुरीमा यो साना किसान पुगेको मलाई जानकारी छ। १० लाख भन्दा बढि साना किसान घरधुरी यसमा संलग्न रहेको पाईन्छ।

वित्तीय संस्था र सहकारी प्रति देखिएको अहिलेको अवस्था र आम नागरिकको बुझाई जस्तो छ के वित्तीय र सहकारी क्षेत्र त्यस्तै भएको हो ?

यहाँले भनेजस्तै बजारमा यो खालको हल्ला र चर्चा चलिरहेका छन् । तर हामी साह्रै सतही भएर हरेक कुरालाई विश्लेषण गर्न थाल्यौं भने दुर्घटना हुन सक्छ । अभियान नै समस्यामा रहेको, अभियाननै संकटमा परेको भन्ने होइन । यसैबीचमा पनि कतिपय साह्रै राम्रा उदाहरण र उपलब्धि हासिल भएका छन् । राम्रो गर्नेहरूले समाजमा सकारात्मक रूपान्तरणका लागि काम गरिरहनुभएको छ । यस्तै साना किसान विकास लघुवित्त वित्तीय संस्था र साझेदार सहकारी संस्थाहरूले गरेको काम हेर्न लायक छ भन्ने मैले थाहा पाएको छु। कृषि क्षेत्रमा साना किसानहरूले गरेको काम अनुकरणीय र नमुनायोग्य काम छ। कृषि क्षेत्रमा लाग्नु भएका किसानहरू यसबाट धेरै लाभान्वित हुनुभएको छ । साना किसानको माध्ययमबाट जुन जुन ठाउँमा परियोजनाहरू सञ्चालन भएका छन् त्यस ठाउँमा उहाँहरूको उपलब्धि हेर्दा यस प्रकारको कार्यक्रमलाई थप विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ। सहकारी क्षेत्रमा सहकारीको प्रभावकारी नियमन र सुपरिवेक्षण हुन नसकेका कारणले, सरकारको तर्फबाट विशिष्टकृत सहकारी नियमन संयन्त्रण नबनाएका कारणले सहकारी क्षेत्रमा अहिलेको समस्या देखिएको हो भन्ने मेरो बुझाई हो ।

साना किसानको जुन सञ्चालनको मोडल रहेको छ यो संस्थागत दिगो विकास र सुदृढ संस्था बनाउन अत्यन्तै प्रभावकारी रहेको देखिन्छ। उत्पादनमा संलग्न सदस्यहरूको संस्था बनाउने र बजारीकरणको काम पनि गर्ने भएका कारण साना किसान कृषि सहकारी संस्थाहरूमा तुलनात्मक रूपमा अन्यन्त्र भन्दा कम समस्या रहेका छन् भन्ने मेरो विश्वास हो। यसरी काम गर्दा अर्थतन्त्रलाई अत्यन्तै सकारात्मक प्रभाव पर्ने देखिन्छ।

साना किसान कार्यक्रमलाई विश्वव्यपी रूपमा लैजानुपर्ने हुन्छ। यस्ता सकारात्मक रूपान्तरणका कार्यक्रमहरूलाई राज्यले पनि अपनत्व लिएर अगाडि बढाउनुपर्ने अहिलेको आवश्यकता हो । जहाँ पछाडी परेको समुदाय, जात जाती, दलित, महिला, गरिब, युवा लगायतको बसोवास बढि रहेको छ त्यस्ता स्थानमा साना किसान कार्यक्रम सञ्चालन गर्नुपर्छ। ग्रामीण क्षेत्रमा पुँजीको अभावका कारण उद्यम गर्न नपाएको अवस्थालाई अत्य गर्नुपर्छ । गरिबी निवारणमा समेत साना किसान विकास कार्यक्रम कोशेढुङ्गा सावित हुनेछ।

बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा बढिरहेको देखिन्छ, यस्तो किन भयो र यसको समाधान के हुन सक्छ ?

खराब कर्जा बढ्नु भनेको ऋणीले तिर्छु भनेर लगेको ऋण समयमै नतिर्नु भनेको हो । केही नकारात्मक कुराहरू पनि बजारमा आईरहे, जे जसरी जसले भने पनि लिएको कर्जा अर्थात ऋण तिर्नै पर्ने हुन्छ । कर्जा तिर्दिन भन्न पाईंदैन । यसले कर्जा लिनेहरूका लागिनै अप्ठ्यारो पार्ने भएका कारण आफ्ना लागि आफै सोच्न म सबैलाई अनुरोध गर्दछु । जनताको सानो सानो बचतबाट सञ्चालन हुने संस्था र लिइने कर्जाको दुरूपयोग बढेको पनि देखिएको छ यो राम्रो कुरा होइन।

कर्जा नतिर्नु भनेको यसको प्रभाव बहुआयमीक क्षेत्रमा पर्दै जान्छ र घुम्दै फेरी कर्जा नतिर्नेलाई नै असर पर्ने गरी आउँछ। त्यसैले आफूले लगेको कर्जाको सहि सदुपयोग गर्दै आफैले घोषणा गरेका कुराहरूमा इमान्दारीताका साथ प्रतिवद्ध हुन आवश्यक छ।

अन्तर्वार्ता

n3ljQ lf[sf /fdf s'/fxÊ aflx/ Nofpg] ;do oxL xf]M vgfn

विमलराज खनाल
प्रमुख, नेपाल राष्ट्र बैंक
लघुवित्त वित्तीय संस्था सुपरीवेक्षण विभाग

नेपालमा लघुवित्त वित्तीय संस्थाहरूको इतिहास करिब ३ दशकको वरिपरि छ। तीन दशक लामो आफ्नो यात्रामा लघुवित्त वित्तीय संस्थाहरूले ग्रामीण क्षेत्रको अर्थतन्त्र चलायमान बनाउन ठूलो भूमिका खेलका छन् । यसैगरी गरिब किसानहरूलाई उद्यमसँग जोड्दै आयआर्जनका गतिविधिमा संलग्न गराउने कार्यमा समेत लघुवित्त वित्तीय संस्थाहरूको महत्त्वपूर्ण भूमिका छ। सामाजिक रूपान्तरण र दिगो विकासका क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरूले गर्ने सकारात्मक पहलकदमीका कारण अहिले गाउँमा धैरै परिवर्तनहअ देख्न सकिन्छ । आर्थिक उपार्जनसंगै महिला नेतृत्व विकास, युवा उद्यमशिलता, गरिबी न्यूनिकरण र रोजगारी तथा स्वरोजगारको संख्यामा वृद्धि गर्ने कार्यमा समेत लघुवित्त वित्तीय संस्थाहरूले काम गरेका छन्। तर पछिल्लो समय केही संस्थाहरूमा समस्या देखिएको छ । आर्थिक अनुसाशानको कमीका कारण यस प्रकारको समस्या आएको धैरैको भनाई रहेको छ। यसै विषयमा नेपाल राष्ट्र बैंकका लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभागका प्रमुख विमलराज खनालसँग संगम महतले गर्नुभएको सम्पादित कुराकानी :

नेपालको लघुवित्त क्षेत्र र यसको उपलब्धिलाई कसरी लिन सकिन्छ ?

लघुवित्त वित्तीय संस्थाहरूले ग्रामीण क्षेत्रमा वित्तीय पहुँचका लागि निरन्तर काम गरिरहेका छन् । बंगलादेशको ग्रामीण बैंकको अनुशरणका रूपमा नेपालमा पनि यो क्रम सुरु भएको देखिन्छ। तत्कालिन समयमा नेपालमा बैंकहरूको संख्या कम थियो जसका कारण लघुवित्त वित्तीय संस्थाहरूले ग्रामीण क्षेत्रमा केन्द्रीत भएर काम गरेका छन् । यसको नतिजा पनि राम्रो देखियो। क्रमिक रूपमा नेपालमा बैंकको पहुँच विस्तार भयो यो संगै लघुवित्त वित्तीय संस्था लि. हरूले पनि आफ्नो कार्य क्षेत्र फराकिलो बनाउँदै लगे। अहिले ५५ वटा लघुवित्त वित्तीय संस्थाहरू रहेका छन् । यी संस्थाहरूले प्रवाह गर्ने सेवा ६० लाख सदस्यमा पुगेको छ। लघुवित्त वित्तीय संस्था लि. को प्रभावको कुरा गर्दा यि संस्थाहरूले पुँजीसँगै प्रविधि र सिकाईका लागि तालिमहरू प्रदान गरेका छन् । लघुवित्त राम्रोसंग सञ्चालन हुन सके अर्थतन्त्र पनि चलायमान बन्ने र समग्र आर्थिक गतिविधि पनि बढ्ने विगतका अभ्यासहरूले देखाएको छ। लघुवित्त मार्फत प्रवाहहुने कर्जालाई अझै सहज बनाउन सके यसको उपलब्धि बढाउँदै लैजान सकिन्छ।

अहिले ७७ वटै जिल्लामा लघुवित्त वित्तीय संस्थाको पहुँच विस्तार भएको छ। यो सुखद् पक्ष हो। तर कतिपय अवस्थामा लघुवित्त वित्तीय संस्था सञ्चालनमा देखिएको कमजोरीका कारण समस्याहरू देखिएका छन् । यस्ता समस्याहरूलाई हामीले निरन्तर निगरानीमा राखेर निरिक्षण, नियन्त्रण, नियमन र अनुगमन गर्दै आएका छौं । कुनै समय राष्ट« बैकमा ८० वटा भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरू दर्ता गरिएको थियो । यसै कुरालाई ध्यानमा राख्दै राष्ट्र बैंकले मर्जरको नीति लिएर मर्जर हुँदै अहिले ५५ वटा लघुवित्त वित्तीय संस्था लि. रहेका छन्।

हामीले संस्थाको संख्याभन्दा पनि अब संस्थाको नेटवर्क विस्तार र शाखा कार्यालय विस्तारका विषयमा केन्द्रित भएर छलफल गरिरहेका छौं । संख्या बढाउनुको अर्थ त्यो क्षेत्र राम्रो बनाउनु भन्ने होइन । संख्याभन्दा पनि हामी स्थापना भएका संस्थाहरूमार्फत प्रवाह हुने सेवा गुणस्तरीय होस र सेवाग्राही मैत्री होस भन्ने पक्षमा छौं । लघुवित्तले सधैं सदस्य र समुदायको रूपान्तरणका लागि काम गर्नुपर्छ भन्नेमा हामी प्रष्ट छौं ।

यसरी प्रभावकारी रूपमा राम्रो तवरले वित्त तथा सहकारी क्षेत्र अगाडि बढिरहेको समयमा यस क्षेत्रमा केही समस्या आएका छन् ।

सहकारी तथा वित्त क्षेत्रमा भएको यो कमी कमजोरी बढि महत्वकाँक्षले निम्त्याएको हो भन्ने प्रष्ट हुन्छ। कतिपय सहकारी र वित्तीय संस्थाका जिम्मेवार पदाधिकारी र कर्मचारीहरूको महत्वकांक्ष र छिटो कमाउने लोभका कारण पनि समस्या आएको जस्तो लाग्छ । इमान्दार, आफ्नो सिद्धान्त, पद्धति र प्रक्रियामा सञ्चालन भएका संस्थाहरूमा कुनै समस्या छ जस्तो लाग्दैन । कतिपय यस्ता संस्थाहरूले समग्र सदस्यहरूको जीवन रूपान्तरण, समाज रूपान्तरण, समृद्धिको सुरुवात लगायतका वहुआयमीक क्षेत्रमा काम गरिरहेको देखिन्छ । संस्था हुनुपर्ने पनि यस्तै हो । सहकारी वा लघुवित्त आफू मात्र होइन आफुसंग जोडिएका सदस्यहरूको पनि वृद्धि विकासका लागि काम गर्नुपर्ने संस्थाहरू हुन् । संस्था र सदस्यहरू दुवैको सकारात्मक रूपान्तरण भएमात्र दिगो संस्थागत विकास हुन्छ र समग्र अर्थतन्त्र चलायमान बनाउन सकिन्छ ।

> सदस्यहरुको जीवन रूपान्तरण, समाज रूपान्तरण, समृद्धिको सुरुवात लगायतका वहुआयमीक क्षेत्रमा काम गरिरहेको देखिन्छ । संस्था हुनुपर्ने पनि यस्तै हो । सहकारी वा लघुवित आफू मात्र होइन आफुसंग जोडिएका सदस्यहरुको पनि वृद्धि विकासका लागि काम गर्नुपर्ने संस्थाहरु हुन् ।

यस्तै नेपालमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले सञ्चालन गरेका धैरै कार्यक्रमले सदस्य र सामाजिक रूपान्तरणमा काम गरेको देखिएको छ । आफैले आफ्नो लागि संस्था स्थापना गर्ने र सञ्चालन गर्ने जुन मोडलमा साना किसान कृषि सहकारी संस्थाहरू स्थापना भएका छन् ती संस्थाहरूलाई वित्तीय र प्रविधिक सहयोग प्रदान गरिरहेको साना किसान लघुवित्त वित्तीय संस्था लि. को काम सकारात्मक रहेको पाईन्छ । सहकारी मार्फत कर्जा प्रवाह गरिरहेको यस संस्थाले अनुगमन पद्धती र प्रक्रियामा विशेष जोड दिएको पाईन्छ जसको फलस्वरूप संस्थागत दिगो विकास र सुदृढ संस्था बनाउन समेत सहयोग पुगेको छ । संस्थासम्म मात्र होइन प्रत्येक सदस्यसम्म गहन रूपले गरिने अनुगमन र प्राविधिक सहयोगले सदस्यहरूमा उत्साह बढाएको छ ।

अब लघुवित्त वित्तीय संस्थाहरू कुन रूपमा अगाडि बढ्नुपर्छ भन्ने लाग्छ यहाँलाई ?

लुघुवित्त अभियान जुन लक्ष्य र उद्धेश्य राखेर सुरु भएको थियो त्यसबाट केही डगमगाएको जस्तो लाग्छ । सामाजिक रूपान्तरणमा लाग्नुपर्नेमा व्यावसायिक हितलाई प्रधानता दिएको जस्तो लाग्छ । सबैभन्दा पहिले सदस्य बलियो बनाउन लाग्यौं भने संस्था बलियो बन्छ भन्ने भावनाको विकास गराउन म सबैमा अनुरोध गर्न चाहान्छ। सदस्य नै राम्रो बनाउन सकेनौ भने हाम्रो संस्था कुनै न कुनै दिन बन्द हुन्छ भन्ने कुरामा दुइ मत छैन । यस्ता धैरै उदाहरण छन् । त्यसैले लघुवित्त वित्तीय संस्थाहरूले आफुमात्र माथी उठ्ने भन्दा पनि सदस्यहरूलाई पनि माथी उठाउने गरी आफ्ना काम र कार्यक्रहहरू डिजाईन गर्नुपर्छ । यसको कार्यन्वयनलाई सोही अनुरूप जोड दिनुपर्छ र सदस्यहरूलाई पनि सचेत बनाउनुपर्छ। हामीले कहिलेकाँही आफूतिर फर्कोर मात्र योजना बनाएका पनि हुन सक्छौं यसलाई विशेष ध्यान दिएर सदस्यहरूको उन्नती प्रगतिका लागि हामीले बनाउने

योजनाले कति र कस्तो प्रभाव पार्छ भन्ने कुरामा स्पष्ट हुनुपर्छ। अर्थतन्त्रको बदलिँदो अवस्थाबाट माथी उठ्न पनि हामीले सदस्यहरूलाई सक्षम बनाउन सक्यौं भने मात्र सम्भव छ। वित्तीय संस्थाहरूले अहिलेसम्म जे जस्तो भएपनि अब यस ढंगबाट सोचेर अगाडि बढ्नुपर्छ भन्ने लाग्छ।

लघुवित्त वित्तीय संस्थाका सदस्यहरूले लघुवित्तले चर्को व्याज लिए लिन सजिलो तिर्न गाह्रो भयो भन्ने छ यसमा नियमक निकायको तर्फबाट तपाईले के भन्नुहुन्छ ?

तपाईले भनेजस्तो लघुवित्त वित्तीय संस्थाहरूको व्याजको कुरा छ यसमा केही गुनासा नआएका होइनन् आएका छन् । आएका गुनासोहरूलाई हामीले गम्भिरताका साथ लिएर हेरिरहेका छौं । तर यसैबीचमा हामीले पनि केही काम गरेका छौं। लघुवित्त वित्तीय संस्थाहरूले अहिले १५ दशमलव ५ प्रतिशत भन्दा बढि कर्जाको व्याज लिन नपाउने व्यवस्था गरेका छौं र यो कडाईका साथ लागुपनि भएको अवस्था छ । यसले केही गुनासो कम गरेको छ। तर यसबीचमा फेरी लघुवित्त वित्तीय संस्थाका पनि समस्या छन् । कर्जा तिर्नु पर्दैन भन्ने एक प्रकारको मानसिकता पनि कतै कतै देखिएको छ। कर्जा लिने तर तिर्नु नपर्ने भन्ने हुँदैन। तर यो सवाल उठीसकेपछि अर्थमन्त्रालय, राष्ट्रबैंक लगायतको सहभागितामा एउटा कार्यदल गठन भएको छ। कार्यदलले अहिले अध्ययन गरिरहेको छ । कार्यदलले दिने रिपोर्टका आधारमा वास्तविक कर्जा तिर्न नसक्ने ऋणीहरूको पहिचान गरी त्यस सम्वन्धमा केही निर्णयहरू होलान् भन्ने लाग्छ।

> अर्थतन्त्रको बदलिँदो अवस्थाबाट माथी उठ्न पनि हामीले सदस्यहरुलाई सक्षम बनाउन सक्यौं भने मात्र सम्भव छ । वित्तीय संस्थाहरुले अहिलेसम्म जे जस्तो भएपनि अब यस ढंगबाट सोचेर अगाडि बढ्नुपर्छ ।

लघुवित्त वित्तीय संस्थाहरूको ग्रेडिङ गर्ने र राम्रो गर्नेलाई पुरस्कार र प्रोत्साहन प्रदान गर्ने र नराम्रो गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउने पद्धतिको विकास गर्न सकिन्छ कि सकिँदैन ?

यो अत्यन्तै राम्रो कुरा हो। हामीले राम्रो लाई राम्रो भन्नुपर्छ, नराम्रोलाई नराम्रो भन्नुपर्छ । लघुवित्त क्षेत्रमा सबै नराम्रो पनि छैन राम्रो पनि छ भन्ने सन्देश हामीले दिन सक्नुपर्छ । संस्थाहरूको सुदृढिकरण, दिगो पना, व्यावसायिक आचरणको विकास गराउन हामीले निर्देशनहरू पनि दिँदै आएका छौं । निर्देशन अनुसार सञ्चालन नभएका संस्थाहरूलाई तत्काल निर्देशन दिने र कार्वाही गर्ने पनि गर्दै आएका छौं ।

यदी कसैले राष्ट्बैंकले दिएको निर्देशन पालना गर्दा संस्था आफै पनि सुदृढ, व्यावसायिक, सक्षम, सुशासनयुक्त हुने भएका कारण यस्ता निर्देशन पालना गर्न म फेरी पनि अनुरोध गर्दछु। जहाँसम्म ग्रेडिङको कुरा छ यसमा हामीले आन्तरीक रूपमा ग्रेडिङको काम गरिरहेका छौं। यसलाई अझै प्रभावकारी रूपमा लैजानुपर्ने आवश्यक छ। संस्थागत अवस्था हेरेर हामीले रेटिङ गर्दै आएका छौं। समयसापेक्ष बदल्नुपर्ने कुराहरू हामीहरूले बदल्दै जानेछौं ।

लघुवित्त क्षेत्रमा देखिएको समस्या र समाधानसँगै अझै उत्कृष्ट बन्न के गर्नुपर्ला ?

हामीले देखिरहेका छौं एक व्यक्ति धेरै संस्थाको सदस्य बन्ने ऋणी बन्ने गर्नुभएको छ। यसले राम्रो नतिजा दिँदैन । विभिन्न लघुवित्त वित्तीय संस्थाबाट लिएको कर्जा लिएर तिर्न नसकेको अवस्थाका कारण कतिपय आर्थिक संकटको सुरुवात भएको देखिन्छ।

सदस्यहरू भन्दा पहिले अब वित्तीय संस्थाहरू सजग भएर लाग्नुपर्ने अवस्था आईसकेको छ। कर्जा प्रवाह गर्दा अलिकति लाभग्राहीको अवस्था विश्लेषण पनि गर्नुपर्ने आवश्यकता देखिएको छ। यसले कर्जा लिने र दिने दुवैलाई सहयोग पुग्छ भन्ने मलाई लाग्छ।

लेख

पशुपालन कर्जा कार्यक्रमको प्रभाव र आगामी कार्यदिशा

निर्मल ढकाल
उपसचिव
अर्थ मन्त्रालय

विषय प्रवेश

नेपालको झण्डै दुई तिहाइ परिवार कृषि पेशामा आश्रित भएपनि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। हाल कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत छ भने कुल गार्हस्थ उत्पादनमा पशुजन्य उत्पादनको योगदान ११.५ प्रतिशत रहेको छ। मुलुकको कृषि तथा पशुजन्य उत्पादनको माग धान्न आयातमा भर पर्नुपर्ने अवस्था समेत रहेको छ।

मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्धन गर्न पशुपालन कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकारले आ.व.२०६७/६८ बाट साना कसान विकास लघुवित्त वित्तीय संस्थामार्फत मासुजन्य पशुपालन कर्जा कार्यक्रम सुरु गरेको थियो। सो कार्यक्रमपछि दुग्धजन्य पशुपालनमा समेत विस्तार गरिएको छ।

यो कर्जा कार्यक्रम कार्यान्वयनमा आएको झण्डै १३ वर्ष भएकोले कर्जा कार्यक्रमको प्रभावको पहिचान गर्ने र पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालयले प्रभाव अध्ययन गरेको थियो। सोही अध्ययनका आधारमा सहुलियतपूर्ण पशुपालन कर्जा कार्यक्रमले कर्जा उपयोग गर्ने कृषकमाथि पारेको प्रभावका विषयमा चर्चा गर्दै आगामी कार्यभारमाथि विमर्श गर्ने प्रयत्न यस लेखमा गरिएको छ।

कृषि र पशुपालन क्षेत्रको अवस्था

अघिल्लो आर्थिक वर्षमा न्यूनदरमा विस्तार भएको मुलुकको अर्थतन्त्र चालु आर्थिक वर्ष २०८०/८१ मा केही सुधार हुने अनुमान छ । चालु आर्थिक वर्ष कृषि र गैरकृषि क्षेत्रको उत्पादन क्रमशः ३.०५ र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान निरन्तर रुपमा घट्दो क्रममा रहेको छ। विगत १० वर्षको कृषि क्षेत्रको औषत वार्षिक वृद्धिदर २.९ प्रतिशत रहेको छ। दुई तिहाई जनसंख्या आश्रित भएको कृषि क्षेत्रको योगदान अर्थतन्त्रमा घट्दै जाने र अन्य बाँकी क्षेत्रबाट रोजगारी र राष्ट्रिय उत्पादकत्वमा अपेक्षित योगदान नपुग्ने समस्या मुलुकले व्यहोरिरहेको छ।



चार्ट १ कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा), स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१

पशुपन्छी पालनको अवस्था

आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा गाई, कुकुरा, भैंसी र भेडाको संख्यामा संकुचन आएको छ। बाखाको सङ्ख्यामा भने वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्ष पशुपन्छीको सङ्ख्यामा तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी वृद्धि हाँसको सङ्ख्या रहेको छ भने कुखुराको सङ्ख्यामा सामान्य गिरावट आएको देखिन्छ।

तालिका १ः पशु विवरण (संख्या हजारमा)

पशुको किसिम	आर्थिक वर्ष					
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
गाई	७३७६	७३८५	७४५९	७४६७	७४१३	४७५०
भैंसी	५२७८	५३०९	५२५८	५१६०	५१३३	३०८१
भेडा	८०१	७९९	८०६	७९४	७७१	५०१
बाखा	११६४७	१२२८४	१२८१२	१३४४३	१३९९१	१४५४१
सुँगुर/बंगुर	१४३५	१४८८	१५२०	१५८९	१५०५	१३०५७
कुखुरा	७२२४६	७५७०९	८२५९९	७३४१८	६६८०३	६५२०५
हास	४०५	४१६	४२७	४३२	६०६	१३२५
दूधालु गाई	१०४०	१०७९	११६६	१२०९	१२२३	९१६
दूधालु भैंसी	१५३६	१५६१	१६३५	१६३१	१६६७	८५१
फुल दिने कुखुरा	१२५१८	१२५२७	१२९२८	११३७४	१०१३२	१२७२५
फुल दिने हास	१८७	१९१	१९२	२२१	३०२	६६१

स्रोतः आर्थिक सर्वेक्षण,२०८०

पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन अवस्था

आर्थिक वर्ष २०७९/८० मा हाँस तथा लेयर्सको सङ्ख्यामा वृद्धि हुँदा अण्डा उत्पादनमा करिब २० प्रतिशतले वृद्धि भएको छ । खशी तथा हाँसको उत्पादनमा वृद्धि भए तापनि अरू मासुजन्य पशुवस्तुको सङ्ख्यामा कमीको कारण कुल मासु उत्पादनमा १६.१ प्रतिशतले कमी आएको देखिन्छ । उन्नत गाई, भैसीको सङ्ख्यामा वृद्धि, कृत्रिम गर्भाधान जस्ता कार्यक्रमहरूले गर्दा दूध उत्पादनमा वृद्धि हुँदै आएको छ । आर्थिक वर्ष २०७९/८० मा कुल दूध उत्पादन २६ लाख १४ हजार मेट्रिक टन रहेको छ । कृषि उत्पादनको अवस्था तालिका नं. २ मा उल्लेख गरिएको छ ।

तालिका २ः नेपालमा पशुजन्य वस्तुको उत्पादन

#	उत्पादन	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
१	दूध उत्पादन (हजार मे. टन)	२१६८	२३०१	२४७९	२५६६	२६१४
२	मासु उत्पादन (हजार मे.टन)	३५७	५५२	५२०	५१२	४३०
३	माछा उत्पादन (हजार मे.टन)	९१	१०३	१०४	१०८	११३
४	अण्डा (गोटा करोडमा)	१५४	१६२	१४९	१३३	१६०

स्रोतः आर्थक सर्वेक्षण २०८०/८१

पशुपन्छी तथा मत्स्यजन्य वस्तुको आवश्यकता र उपलब्धता

संयुक्त राष्ट्र संघको कृषि तथा खाद्य संगठनका अनुसार एक वयस्क व्यक्तिलाई वार्षिक न्यूनतम ९१ लिटर दूध, १४ किलोग्राम मासु, ४८ गोटा अण्डा आवश्यक पर्दछ । हालसम्मको उपलब्धिलाई हेर्दा प्रतिव्यक्ति प्रति वर्ष अण्डा, मासु र माछाको उपलब्धता यसको न्यूनतम आवश्यकताभन्दा बढिरहेको छ । दूधको उपलब्धतामा केही न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० मा

प्रतिव्यक्ति प्रतिवर्ष अण्डाको उपलब्धता ५५ गोटा रहेको छ । यसैगरी प्रतिवर्ष प्रति व्यक्ति माछा र मासुको उपलब्धता २०.९ किलोग्राम पुगेको छ । दूधको उपलब्धता प्रतिव्यक्ति प्रतिवर्ष ८९.६ लिटर पुगेको छ। पशु तथा मत्स्यजन्य वस्तुको न्यूनतम आवश्यकता र उपलब्धतासम्बन्धी विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: पशु तथा मत्स्यजन्य उत्पादनको अवस्था

वस्तु	इकाई	आर्थिक वर्ष					आर्थिक वर्ष २०७९/८०	
		७५/७६	७६/७७	७७/७८	७८/७९	७९/८०	न्यूनतम आवश्यकता	उपलब्धता
अण्डा	करोड-(गोटा)	१५४	१६२	१४९	१३३	१६०	४८ गोटा	५५ गोटा
मासु	हजार-(मेटन)	३५७	५५२	५२०	५१२	४३०	१४ किलो	२०.९ किलो
माछा	हजार-(मेटन)	९१	१०३	१०४	१०८	११३		
दूध	हजार-(मेटन)	२१६८	२३०१	२४७९	२५६६	२६१४	९१ लि.	८९.६ लि.

स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

कृषि कर्जाको स्थिति

कृषि क्षेत्रको समग्र विकास र **यस्को** उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने उद्देश्यले सरकारी, सहकारी र बैंक तथा वित्तीय संस्थाबाट कृषकलाई कृषि ऋण प्रवाह हुँदै आएको छ । कृषि क्षेत्रमा प्रवाह हुने कर्जा वर्षेनि बढ्दै गएको छ । अति दुर्गम, दुर्गम र पिछडिएको क्षेत्रमा समेत बैंक/वित्तीय संस्थाको उपस्थिति भएसँगै कृषि कर्जामा कृषकहरूको पहुँच समेत वृद्धि हुँदै गएको छ । कृषि क्षेत्रको समग्र विकासका वित्तीय पँहुच बढाउने मुख्य उद्देश्य राखेर कृषि विकास बैंकको स्थापना भएको पनि करिव छ दशक भइसकेको छ। साना किसानमा कृषि कर्जाको सहज र सर्वसुलभ पहुँच पुर्याउने उद्देश्यअनुरूप साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड सञ्चालनमा रहेको छ । त्यसैगरी, कृषि सहकारी संस्थाको समेत कृषि कर्जाको पहुँच विस्तारमा योगदान रहँदै आएको छ । २०८० असारसम्म बैंक तथा वित्तीय संस्थाबाट रु. ४ खर्ब १४ अर्ब ६६ करोड बराबरको खुद कृषि कर्जा प्रवाह भएको देखिन्छ। प्रवाहित कर्जामध्ये कृषि तथा कृषिजन्य सेवामा सबैभन्दा बढी ३८.७ प्रतिशत, पशुपालन तथा पशुपालनसम्बन्धी सेवामा ३७.२ प्रतिशत, खेतीपातीसम्बन्धी सेवामा २१.९ प्रतिशत र अन्यमा २.१ प्रतिशत कर्जा प्रवाह भएको छ । साथै, साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आबद्ध १३३७ कृषि सहकारी संस्था र साना किसान सहकारी अनुशरण भइरहेका १२९ कृषि सहकारी संस्थामार्फत पशुपालन, तरकारी खेती तथा ग्रामीण उद्यमको क्षेत्रमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह हुँदै आएको छ । त्यसैगरी, साना किसान कृषि सहकारी संस्थाहरूले आफ्नै स्थानीय पुँजी (कोष) बाट समेत कृषि क्षेत्रमा कर्जा लगानी गर्दै आएका छन् ।अध्ययनका अनुसार २०८० चैत्रसम्म यी सहकारीहरूले वित्तीय संस्थाबाट लिएको ऋण तथा सहकारीहरूको शेयर, बचत तथा जगेडाकोष सहित रु. १२० अर्बभन्दा बढी वित्तीय स्रोतको परिचालन गरेका छन् र सो मध्ये लगानीमा बाँकी रहेको कर्जा रकम रु. ९० अर्बभन्दा बढी छ।

पशुपालन कर्जा कार्यक्रमको संक्षिप्त जानकारी

एकातिर मुलुकमा बढ्दो मासुजन्य पदार्थको आयात भइरहनु अर्कोतिर पशुपालक साना किसानहरू पशुपालन व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजी अभावमा हात बाँधेर बस्नुपर्ने अवस्थामा थिए । मासुजन्य पदार्थको आयातलाई प्रतिस्थापन गरी देशमा मासुको उत्पादन बढाई आत्मनिर्भर हुने उपायहरूको खोजी गर्नुपर्ने भयो। साना किसानहरूको संस्थागत विकासको प्रयास एवं उनीहरूको वास्तविक समस्या बारे स्थलगत अवलोकन गर्ने र पशुपालनको समस्याहरू बुझ्ने उद्देश्यले नेपाल सरकार अर्थ र कृषि मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका उच्च पदाधिकारी, कृषि विकास बैंक, तत्कालीन साना किसान विकास बैंक र नेपाल कृषि सहकारी केन्द्रीय संघका पदाधिकारी सहितको एक उच्चस्तरीय प्रतिनिधि मण्डलले २०६६ फागुनमा बारा, चितवन, मकवानपुर र धादिङ जिल्लास्थित साना किसान कृषि सहकारी संस्थाहरूको तीन दिने स्थलगत भ्रमण गरेको थियो। सोही अवलोकन भ्रमणको परिणामस्वरूप साना किसान विकास लघुवित्त वित्तीय संस्था र साना किसान सहकारी संस्थामार्फत पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध

गराउन मासुजन्य पशुपालन कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । अर्थ मन्त्रालयद्वारा यस कार्यक्रमलाई आर्थिक वर्ष २०६७/६८ देखि निरन्तर रूपमा सहुलियतपूर्ण पशुपालन कर्जा तथा पशुधन सूरक्षण (पशु बीमा) प्रिमियम अनुदान र पशुपालन प्रवर्धनका लागि सहयोग उपलब्ध गराउँदै आएको छ। आ. व. २०७१/७२ देखि दुग्धजन्य पशुपालन र २०७६/७७ देखि तरकारी खेतीका लागिसमेत कर्जा लगानी गर्ने व्यवस्था भएको गरी कार्यक्रमलाई थप फराकिलो बनाइएको छ। यो कार्यक्रम कार्यान्वयन गर्न अर्थ मन्त्रालयले "पशुपालन कर्जा सम्बन्धी कार्यविधि, २०६७" लागु गरेको छ। अध्ययनका अनुसार २०८० चैत्र सम्ममा नेपालका साना किसान सहकारी संस्था र त्यस्तै प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने सहकारी संस्थाहरूका साना किसान सदस्यहरू मध्ये १ लाख ७० हजार पशुपालककलाई रु. १६ अर्ब ६३ करोड पशुपालन कर्जा लगानी गर्ने गरी वित्तीय संस्थालाई ऋण प्रवाह भएको देखिन्छ।

२०६७ चैत्रदेखि लगानी कार्य प्रारम्भ गरिएको यस कार्यक्रममा २०८० चैत्रसम्म नेपाल सरकारले १ लाख ७० हजार पशुपालक किसानलाई लगानी गर्न वित्तीय संस्थालाई रु. १६ अर्ब ६३ करोड पशुपालन कर्जा प्रवाह गरेको देखिन्छ ।

सो रकम परिचालन गरी २०८१ चैत्रसम्म ६६४ सहकारी संस्थाका २ लाख ४७ हजार जना पशुपालक किसानलाई रु. ३५ अर्ब ९५ करोड ऋण लगानी भएको अध्ययनले देखाएको छ।२०८० चैत्रसम्म कुल पशुसङ्ख्या १५ लाख २५ हजार ४९३ पशुपालन गर्न ऋण लगानी भएको र उक्त पशुवस्तुमध्ये ६५ प्रतिशत भेडा/बाखा, १२ प्रतिशत बंगुर, ४ प्रतिशत पाडापाडी, १४ प्रतिशत भैंसी र ५ प्रतिशत गाईपालनमा लगानी भएको देखिन्छ ।

कर्जा कार्यक्रमको उद्देश्य

ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न तथा साना किसानहरूलाई मासु तथा दूधजन्य वस्तुको उत्पादनमा संलग्न गराई मुलुकलाई मासु तथा दूधमा आत्मनिर्भर बनाउन र निर्यात प्रवर्धन गर्न समेत सघाउ पुर्याउने यस कर्जा कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। सहायक उद्देश्य निम्नानुसार रहेका छन्।

- विपन्न तथा साना किसानहरूलाई पशुपालन पेशाबाट दीगो आयअर्जनको आधार तयार गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने र
- पशुपालन व्यवसाय मार्फत मुलुकको गरिबी न्युनीकरणमा सघाउ पुर्याउने।

कर्जा कार्यक्रम कार्यान्वयन नीति

पशुपालन कर्जा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न देहाय अनुसारका नीतिहरू अवलम्बन गरिएको छः

- देशमा मासु तथा दुग्धजन्य पशुको सङ्ख्यामा नै वृद्धि गराई मासु तथा दुग्धजन्य उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्धन गर्न नेपाल सरकारको ऋण सहयोगमा पशुपालन कर्जा कार्यक्रम सञ्चालन गर्ने,
- यस कार्यक्रमले अपेक्षित लक्ष्य हासिल गर्न स्थानीयस्तरमा गठित साना किसान सहकारी संस्थाहरू एवं त्यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूमा आवद्ध सदस्यलाई सहुलियत कर्जा एवं सम्भव भएसम्म प्राविधिक सेवा उपलब्ध गराई पशुपालन कार्यमा प्रोत्साहित गर्ने,
- पशुपालन कार्यको व्यावसायीकरण गर्दै ग्रामीण क्षेत्रका सम्भाव्य स्थानहरूमा पशुपालन पकेट क्षेत्रको रुपमा विकास गराई पशुपालनको माध्यमबाट दिगो रोजगारीको अवसर सिर्जना गरी पशुपालक किसानहरूको आयस्तर वृद्धिमा सघाउ पुर्याउने।

कर्जा भुक्तानी समय तथा ब्याजदर

पशुपालन कर्जाको अवधि तीन वर्षको रहेको छ । कर्जा लिएको ६ महिनाको ग्रेस अवधि पछि त्रैमासिक रूपमा दश किस्तामा कर्जा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । ब्याजको मासिक भुक्तानीको व्यवस्था छ । भुक्तानी गरी बाँकी रहेको ऋणमा मात्र ब्याज लाग्ने व्यवस्था बारे जानकारी पशुपालक कृषकहरूलाई रहेको पाइयो। पशुपालन कर्जामा ९ प्रतिशत ब्याज लाग्ने र किस्ता भाखा नाघेमा सो मा २ प्रतिशतदेखि ५ प्रतिशतसम्म थप हर्जाना लाग्ने व्यवस्था छ। किस्ता नियमित तिर्दा ब्याजदर ९ प्रतिशत नै लिने गरेको देखियो।

नेपाल सरकारले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई हाल १ प्रतिशत ब्याजमा २ वर्षको ग्रेससहित ९ वर्ष अवधिभित्र भुक्तानी गर्ने गरी ऋण प्रदान गर्ने गरेको छ भने वित्तीय संस्थाले सहकारी संस्थालाई ९ महिनाको ग्रेस सहित ३ वर्ष अवधिभित्र भुक्तानी गर्ने गरी ५ प्रतिशतमा पशुपालन कर्जा प्रदान गर्ने गरेको छ । सहकारी संस्थाले ९ महिनाको ग्रेससहित ३ वर्ष अवधिभित्र भुक्तानी गर्ने गरी पशुपालक कृषकहरूलाई ९ प्रतिशत ब्याज दरमा ऋण प्रदान गर्ने गरेको छ ।

पशुपालन कर्जासम्बन्धी कार्यविधिका मुख्य-मुख्य व्यवस्थाहरू

नेपाल सरकार, वित्तीय संस्था र सहकारी संस्था गरी तीन पक्षद्वारा पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गर्न लिएका नीति तथा मुख्य मुख्य व्यवस्थाहरू तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४: पशुपालन कर्जाका मुख्य-मुख्य व्यवस्थाहरू

व्यवस्था	नेपाल सरकार	वित्तीय संस्था	सहकारी संस्था
कर्जाको किसिम	मासु/दुग्धजन्य पशुपालन कर्जा	मासु/दुग्धजन्य पशुपालन कर्जा	मासु/दुग्धजन्य पशुपालन कर्जा
प्रति व्यक्ति वा परियोजना कर्जा सीमा	वार्षिक बजेटको व्यवस्था अनुरूप	साझेदार सहकारीको आन्तरिक स्रोत र कर्जा अनुपात ४०:६०	नेपाल राष्ट्र बैंकले लघुवित्त संस्था तोकेको सीमा रकमसम्म
ब्याज दर	५%	९%	सहकारीले तोकबमोजिम
समयमा बुझाएमा ब्याज दरमा नै छुट	४%	४%	९% माथिको सबै छुट
प्रभावकारी ब्याज दर	१ प्रतिशत	५ प्रतिशत	अधिकतम ९ प्रतिशत
ब्याज दरमा पुनरावलोकन र सहुलियत दिन सक्ने अवस्था	१% (साबिक)	४%, (INT-1, LLP-1.2, OC-0.8, CRR 0.5 and PM-0.5)	७.५% (INT-4, LLP-1.1, OC-1.9 (Average) and PM-0.5)
कर्जाको भुक्तानी अवधि	९ वर्ष	३ वर्ष	३ वर्ष
ग्रेसपिरिएड	२ वर्ष	९ महिना	९ महिना
भुक्तानी अवधि पुनरावलोकन	१५ वर्ष (साबिक - ९ वर्ष)	५ वर्ष =थप १.५ वर्ष (दुई साइकिल)	४.५ वर्ष = थप १.५ वर्ष (दुधालु गाई भैंसी- दुई वेतको अवधि)
ग्रेस अवधि पुनरावलोकन	३ वर्ष =थप १ वर्ष	लैनो गाई/भैंसी ६ महिना अन्य १.५ वर्षसम्म	लैनो गाई/भैंसी ३ महिना अन्य १ वर्षसम्म
कर्जा कारोबार गर्न जिम्मेवार व्यक्ति/संस्था	साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.	वित्तीय संस्थामा आवद्ध सा. कि. सहकारी संस्था	पशुपालक साना किसान सदस्यहरू
निरीक्षण/अनुगमन	नेपाल सरकार, अर्थ मन्त्रालय	लघुवित्त वित्तीय संस्था	साना किसान कृषि सहकारी संस्था
धितो सुरक्षण	वित्तीय संस्थाको चलअचल सम्पाति	ऋणी सा. कि. सहकारीको चल अचल सम्पाति	ऋणी सदस्यको परियोजना र चल अचल सम्पाति

स्रोत: नेपाल सरकार, अर्थ मन्त्रालयको पशुपालन कर्जा कार्यविधि, २०६७; वित्तीय संस्थाको पशुपालन तथा तरकारी खेती कर्जा कारोबार सञ्चालन कार्यपद्धति, २०७६

पशुपालन कर्जा कार्यक्रमबाट कर्जा उपयोग गर्ने साना किसान माथी परेका प्रभाव

अध्ययनका अनुसार पशुपालनबाट कृषकको जीवनस्तर उकास्ने र मासुमा मुलुकलाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्ने मूल उद्देश्यले सुरु भएको पशुपालन कर्जा कार्यक्रमबाट कृषकको जीवन र मुलुकको अर्थतन्त्रमा देहाय वमोजिम प्रभाव परेको देखिन्छ:

(क) सहकारीको गिर्दो साखलाई बचाउन सफल

अपचलन र कर्जाको गुणस्तरका कारणले सहकारी माथि नै अविश्वास सिर्जना भएको अवस्थामा यस कार्यक्रमका अधिकांश ऋणीले कर्जाको भाखा ननाघेको र भाखा नाघेका केहीले एक किस्तासम्म मात्र भाखा नाघेको अध्ययनले देखाएको छ। सहकारी संस्थाका समितिका पदाधिकारीहरू, कर्मचारी, वित्तीय संस्थाका शाखा कार्यालयहरू सँगको छलफलमा कर्जाको सुरुमा ग्रेस अवधि हुनु, सहकारीको नीति नियमानुसार कर्जा प्रदान गर्नु, शाखा कार्यालयबाट नियमित अनुगमन हुनु, कर्मचारी तथा समिति पदाधिकारीहरूलाई नियमित तालिम तथा क्षमता विकास गर्नु, समूह तथा अन्तर समूहहरू चनाखो हुनु, सहकारी संस्थाप्रति सदस्यहरूको अपनत्व हुनु लगायतका कारणले पशुपालन कर्जा लगायतका अन्य कर्जाहरूको भाखा नाघ्ने प्रवृतिलाई नियन्त्रण गरेको देखियो।

(ख) पशुपालनलाई पेशाको रूपमा स्थापित

नेपालमा ग्रामीण क्षेत्रमा एक/दुई वटा पशुवस्तु, दुई/चारवटा पन्छी तथा थोरै तरकारी खेती सामान्य मानिन्छ। अध्ययनमा पशुपालन पेशाको रूपमा सञ्चालन गरेको छ की छैन भन्ने जिज्ञासा राखिएको थियो । अध्ययनबाट ८८ प्रतिशत उत्तरदाताहरूले पशुपालनलाई पेशाको रूपमा सञ्चालन गरेको पाइयो । साथै, ९८ प्रतिशत उत्तरदाताहरूले पशुपालन कर्जा लिएको पाइयो। यस कार्यक्रमले पशुपालन कार्यलाई छुट्टै पेशाको रूपमा स्थापित गर्न सहयोग पुर्याएको देखियो।

(ग) पशुवस्तुको सङ्ख्यात्मक वृद्धि

भेडा/बाखा, गाई/गोरु, भैंसी/राँगाको सङ्ख्यात्मक वृद्धि भएको देखिन्छ। अध्ययनमा पशुपालन कृषकहरूलाई पशुपालन कर्जा लिनु पूर्व र हाल निजहरूसँग रहेको पशुवस्तुको अवस्था कस्तो छ भनी सोधनी गरिएकोमा प्राप्त विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

तालिका २ः पशुवस्तुको सङ्ख्यात्मक विश्लेषण

पशुवस्तु	कर्जा लिनुअघी	कर्जा लिएपछि	घटी/बडी	Mean difference	*P (0.05 One tail)*
भेडा/बाखा सङ्ख्या	२७४९	४१४२	१३९३	३.५५	०.००००
गाई/गोरु सङ्ख्या	१०१८	१४७३	४५५	०.६२४	०.०००
भैंसी/राँगा सङ्ख्या	१४१५	१४१४	-१	०.०७१	०.०००
सुङ्गुर/बंगुर सङ्ख्या	२८८	३७४	८६	०.१३३	०.१०४
जम्मा	५४७०	७४०३	१९३३		

स्रोतः पशुपालन कर्जाको प्रभाव अध्ययन, २०८१

(घ) पशुवस्तुको मूल्य र कृषकको आर्थिक उन्नति

पशुपालन कृषकहरूको पशुवस्तुको स्थानीय बजारमा अनुमानित मूल्यलाई आधार मानेर पशुपालन कर्जाको प्रभाव मूल्याङ्कन गरिएको थियो । अध्ययनमा सहभागी उत्तरदाताहरूको उत्तरको विश्लेषण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

तालिका ३ः उत्तरदाताका परिवारमा आम्दानीको अवस्था

(रकम रु. हजारमा)

पशुवस्तु	कर्जा लिनुअघि	कर्जा लिएपछि	घटी/बढी	वृद्धि प्रतिशत	***Mean difference***	***P (0.05 One tail)***
भेडा/बाखा	३३३६३	६५७६६	३२४०३	९७%	२.५३३	०.०००
गाई/गोरु	४०३३५	८९३३५	४९०००	१२१%	५१.४११	०.०००
भैंसी/राँगा	५९३६२	१२११७८	६१८१५६	१०४%	५६.६५४	०.०००
सुङ्गुर/बंगुर	५३०६	४८३८	-४६८	-९%	२.९२१	०.००२
जम्मा	१३८३६६	२८१११५	१४२७५०	१०३%		

स्रोतः पशुपालन कर्जाको प्रभाव अध्ययन, २०८१

भेडा/बाखा, गाई/गोरु, भैंसी/राँगा, सुङ्गुर/बंगुरको मूल्य पशुपालन कर्जा कार्यक्रम सुरू हुनु अघिको तुलनामा पशुपालन कर्जा कार्यक्रम सञ्चालन भए पश्चात् वृद्धि भएको देखिन्छ । T-test Analysis ले समेत यी पशुवस्तुको मूल्यवृद्धि भएको देखिन आएको छ।

(ङ) परिवारमा मासु तथा दुग्ध खपत

अध्ययनका अनुसार ६०५ उत्तरदाताहरू ९३ प्रतिशतले मासु खाने गरेको जानकारी दिएका छन् । साथै उत्तरदाताहरूले पशुपालन कर्जा लिनु अघिको औसत ३.४६ के.जी. मासिक मासु खाने गरेकामा कर्जा लिएपछि मासिक औसत ५.५ के. जी. मासु खाने गरेको

पाइयो । यस अध्ययनबाट मासुको औसत उपयोग २ के.जी. अर्थात् ५९ प्रतिशत ले मासुको उपभोगमा वृद्धि भएको छ ।

त्यसै गरी ९२ प्रतिशत उत्तरदाताले दूध उपयोग गर्ने गरेको पाइयो भने पशुपालन कर्जा लिनु पूर्व मासिक औसत १५.७७ लिटर दूध पिउने गरेकोमा कर्जा लिएपछि मासिक औसत दूध १७.५ लिटर दूध पिउने गरेको बताएका थिए। कर्जा लिएपछि औसत दूधको खपत १.७३ लिटर अर्थात् ११ प्रतिशत ले दूधको उपभोगमा वृद्धि भएको देखिन्छ।

(च) पशुवस्तुको बिक्रीबाट कृषकको आयमा वृद्धि

अध्ययनका अनुसार पशुपालन कर्जा लिनु पूर्व पशुवस्तुबाट औसत रु. सात करोड ७३ लाख ४३ हजार बराबरको आम्दानी भएकोमा पशुपालन कर्जा कार्यक्रम लागू भएपश्चात् करिव रु. १५ करोड ६८ लाख ४५ हजार बराबरको अर्थात् दोब्बरभन्दा बढी आम्दानी भएको देखिन्छ।

तालिका ४ः पशुवस्तु बिक्रीबाट आम्दानी

(रकम रु. हजारमा)

पशुवस्तु	कर्जा लिनुअघि	कर्जा लिएपछि	घटी/बढी	वृद्धि प्रतिशत	Mean difference	P (0.05 One tail)
भेडा/बाखा	२३३०८	५६९३१	३३६२३	१४४%	४७.६१५	0.000
गाई/गोरु	१९१६६	३६४३०	१७२६४	९०%	२१.०५७	0.000
भैंसी/राँगा	२९०६०	५२५२८	२३४६८	८१%	३१.८६१	0.000
सुङ्गुर/बंगुर	५८०९	१०९५६	५१४७	८९%	६.६८७	0.00८
जम्मा	७७३४३	१५६८४५	७९५०२	१०३%		

स्रोतः पशुपालन कर्जाको प्रभाव अध्ययन, २०८१

पशुपालन कर्जा लिएका कृषकहरूको पशुबस्तुबाट प्राप्त आम्दानी दोब्बर भएको देखिन आएको छ । त्यसैगरी पशुपालन कर्जा लिएर गरेको दूध तथा मासु उत्पादन आफैंले उपभोग गरेको बाहेक बाखा/भेडाको बिक्रीबाट १४४ प्रतिशत, गाई/गोरुबाट ९० प्रतिशत, सुङ्गुर/बंगुरबाट ८९ प्रतिशत र भैंसी/राँगाबाट ८१ प्रतिशत आम्दानी वृद्धि भएको देखिएको छ ।

(छ) पशुपालन कर्जाले गरेको थप रोजगारी सिर्जना

अध्ययनका अनुसार २७६ सहभागीहरू अर्थात ४२.५ प्रतिशतले पशुपालनमा रोजगार सिर्जना भएको जानकारी गराएका थिए भने ३७३ अर्थात ५७.५ प्रतिशतले थप रोजगारी सिर्जना नभएको उल्लेख गरेका छन् । साथै, कर्जा लिएपछि थप २३५ रोजगार भई ५१ प्रतिशत ले रोजगारीमा वृद्धि भएको छ।

तालिका ५ः पशुपालनबाट रोजगारीको अवस्था विश्लेषण

पशुपालन कर्जाले रोजगार	रोजगार बढेको	रोजगार नबढेको
(क) रोजगारीको सिर्जनाको अवस्था	२७६	३७३
पशुपालन कर्जाले रोजगार हुने सङ्ख्या	कर्जा लिनुपूर्व	कर्जा लिए पछि
(ख) रोजगार हुने सङ्ख्या	४५७	६९२
वृद्धि भएको सङ्ख्या		२३५
वृद्धि प्रतिशत		५१%

स्रोतः पशुपालन कर्जाको प्रभाव अध्ययन, स्थलगत सर्वेक्षण, २०८१

लक्षित समूह छलफलका क्रममा अधिकांश सहभागीहरूको परिवारमा आंशिक रोजगारीको अवसर वृद्धि भएको देखिन्छ। त्यसैगरी, व्यवसायीक फर्म दर्ता गरी पशुपालन गरिरहेका कृषकहरूले भने थप प्रत्यक्ष रोजगारी सिर्जना गरेको देखिन्छ।

(ज) कृषकको स्थिर सम्पत्तिमा वृद्धि

अध्ययनका अनुसार पशुपालन कर्जा लिएपछि ११२ जना उत्तरदाताले रु.१६ करोड ९० लाख १९ हजार मूल्य बराबरको ७३१ कट्टा जग्गा खरिद गरेका छन्। अध्ययनमा ११२ जना उत्तरदाताले रु. ६ करोड ११ लाख मूल्य बराबरको १९८ थान दुई/चार पांग्रे सवारी साधनहरू खरिद गरेका छन्। इलेक्ट्रोनिक सामानहरूको हकमा ३२५ जनाले रु. १ करोड सत्तरी लाख मुल्य बराबरको ४०८ थान मोबाइल, ल्यापटप, टि. भि. आदि सामानहरू खरिद गरेका छन्। साथै अध्ययनका १७२ जना सहभागीहरूले रु. १ करोड २७ मुल्य बराबरको ३४४ थान फर्निचर सामानहरू खरिद गरेका छन्। यी सम्पतिहरू कर्जा रकमबाट नभई पशुवस्तुको विक्रीबाट खरिद गरिएको समेत पाईयो।

समस्या र चुनौती

दुई तिहाई जनता आश्रित रहेको कृषि क्षेत्र भित्र पशुजन्य क्रियाकलापको भूमिका महत्वपूर्ण रहेको छ।विशेषगरी घरायसी पशुपालनमा साना किसानहरूको संलग्नत बढी देखिन्छ। विशेष सीप र पूँजीको अभावमा रहेका साना किसानलाई पशुपालन कर्जा कार्यक्रममा आबद्द गरी तिनीहरूङको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन कर्जाको दायरा बढाउन र लगानी गर्ने रकममा उल्लेखनीय वृद्धि गरी पशुपालन कर्जा कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

नीतिगत समस्याहरू

- ❖ पशुधन सुरक्षण (पशुबीमा) कार्यक्रम सर्वसुलभ नहुँदा सरकारबाट उपलब्ध सेवा सुविधाबाट साना किसान विमुख रहेका छन् ।
- ❖ लघुवित्तको लागि तोकिएको ऋणसीमा, कम्पनी र सहकारी कानुनका व्यवस्थाहरूले वित्तीय संस्थासँग कारोबार गर्ने सहकारीमार्फत पशुपालक किसानले व्यावसायिक पशुपालन गर्न कर्जा सीमा आवश्यकता भन्दा कम हुने र अन्य कानुनी अवरोध बन्ने देखिएको छ ।
- ❖ कानुनी जटिलताका कारण तीन तहका सरकारले उपलब्ध गराउने महसुल/भन्सार छुट, परियोजना अनुदान र सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सुविधाबाट साना किसानहरू वञ्चित भएका छन् ।
- ❖ उत्तरदाताहरूमध्ये २ प्रतिशत किसानसँग जग्गा नभएको र ७९ प्रतिशत किसान परिवारको जग्गाको स्वामित्व १ विगाह भन्दा कम रहेकोले कृषि कर्मका लागि जग्गा खण्डिकरणको समस्या देखिएको छ ।

प्रक्रियागत समस्याहरू

- ❖ पशुपालन व्यवसायमा युवाहरूको सहभागिता कमी अर्थात ३७ प्रतिशत मात्र देखिन्छ ।
- ❖ नेपाल सरकारबाट घोषित पशुधन सुरक्षण (पशुबीमा) प्रिमियम अनुदानमा बजेट व्यवस्था आवश्यकताको एक चौथाईको हाराहारीमा मात्र हुने गरेकोले विद्यमान पशुधन सुरक्षण समितिले क्षतिको क्षतिपूर्ति दिन नसक्ने अवस्थामा पुगेको।
- ❖ पशु उत्पादनको बजारमूल्यका आधारमा पशु दाना, उपचार, औषधि, उपकरणको मूल्यमा हुँदै आएको अत्यधिक वृद्धिको मारमा किसानहरू परेको देखिन्छ ।
- ❖ मासुको लागि बजारको व्यवस्था हुन सकेको छैन । खासगरी बङ्गुरको बजार अझ बढी संकटपूर्ण देखिन्छ ।
- ❖ प्राविधिक सेवा (नश्ल सुधार, व्यवस्थापन र उपचार) को कमी छ ।
- ❖ उत्पादनको मूल्य र बजार अनिश्चित छ ।
- ❖ वित्तीय साक्षरता, कार्यक्रमको प्रचार प्रसार एवम् सीप, दक्षता अभिवृद्धि तथा पशुपालन व्यवस्थापन तथा उपचारसम्बन्धी तालिमको अपर्याप्तता देखिन्छ ।
- ❖ बीमा कम्पनीहरूको सेवामा साना पशुपालक किसानहरूको पहुँच न्यून छ । बीमा कम्पनीहरूबाट भएका बीमाको क्षतिपूर्ति प्रक्रिया झण्झटिलो भएकोले किसानहरूको त्यसतर्फ अपेक्षाकृत आकर्षण देखिँदैन ।
- ❖ पशु नश्ल तथा उन्नत बीउ बीजनको सुनिश्चिततामा कमी छ ।
- ❖ कृषि तथा पशुजन्य उत्पादनको अनौपचारिक र अवैद्य पैठारीले सस्तो उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था देखिएको छ ।

समस्या समाधानका लागि अध्ययनमा उल्लेख भएका सुझावहरुः

नीतिगत सुझावहरुः

- ❖ कार्यक्रमको निरन्तरताः पशुपालन व्यवसाय क्रमशः व्यावसायिक बन्दै गएको सन्दर्भमा प्राविधिक सेवा तथा कर्जाको माग बढ्दै जाने र गएको देखिन्छ । तसर्थ, कर्जाको सुनिश्चितताको लागि ऋण रकम वृद्धिसँगै कार्यक्रमको निरन्तरता हुनु पर्ने।
- ❖ वित्तीय संस्थाको स्तरोन्नति वा विशिष्टीकरण र सेवा विस्तारः कृषि ऋण तथा अनुदान सेवा आवश्यक हुने सबै

स्थानीय तहमा क्रमशः सेवाको पहुँच पुर्याउने।

- ❖ निरीक्षण अनुगमनः वित्तीय संस्थाबाट सहकारीमा हुने अनुगमन निरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने।
- ❖ कृषि बीमा किसानको आर्थिक भविष्यको जोखिम कम गर्न कृषि बीमा अनिवार्य गर्ने । पशुधन सुरक्षण (पशु बीमा) कार्यक्रमको दायरालाई फराकिलो बनाई सामुदायिक कृषि बीमाको रूपमा कार्यान्वयन गर्ने।
- ❖ अनुदानः कृषि अनुदान व्यवस्थाहरूलाई उत्पादनमा आधारित बनाउने।

प्रक्रियागत सुझावहरू

- ❖ ऋण पुँजीको परिचालनः वित्तीय संस्थालाई ५ वर्ष ग्रेस अवधि सहित १५ वर्षको भुक्तानी अवधिको सुविधा दिई उपलब्ध ऋण मौज्दातको कम्तीमा ८० प्रतिशत रकम निरन्तर किसानले उपभोग गरेको अवस्थामा हुनुपर्ने नीतिगत व्यवस्था गर्ने।
- ❖ ब्याजदरमा सहुलियतः उत्पादन लागत घटाई युवा र किसानलाई कृषि पेशामा आकर्षित र प्रोत्साहित गर्न सहुलियतपूर्ण ऋणको हाराहारीको ब्याज दरमा कर्जा उपलब्ध हुनुपर्ने।
- ❖ कर्जाको दायराः पर्याप्त बजेट व्यवस्था सहित फलफूल, उच्च मूल्य (नगदे) बाली, किट, मत्स्य, पन्छी पालन र उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरणका क्षेत्रमा समेत यस्तो कर्जा कार्यक्रम विस्तार गर्ने।
- ❖ ब्याजको भुक्तानी व्यवस्थाः मन्त्रालय, वित्तीय संस्था र सहकारी तीनै पक्षको ब्याज छुटको व्यवस्थालाई परिवर्तन गरी छुट पाउँदाको ब्याज मात्र लिने र नियमित भुक्तानी नगरेमा हर्जाना/जरिवाना लाग्ने व्यवस्था गर्ने।
- ❖ ऋणको भुक्तानी व्यवस्थाः यस अघिको ३ वर्षको भुक्तानी अवधि व्यावहारिकले व्यवसायको प्रकृति हेरी खास-खास अवस्थामा सहकारीलाई ५ वर्ष र पशुपालक कृषकको ऋणको अन्तिम ऋण भुक्तानी गर्ने अवधि ४.५ वर्ष सम्मको बनाउने।

अनुपालनासँग सम्बन्धित सुझावहरुः

- ❖ प्रभावकारी अनुगमन निरीक्षणः अनुगमन निरीक्षण, ऋणको सदुपयोगीता र उपलब्ध स्रोत साधनको उच्चतम उपयोगको व्यवस्थालाई प्रभावकारी बनाउन वित्तीय संस्था र सहकारीहरूलाई थप जिम्मेवार बनाउने ।
- ❖ सीप तथा क्षमता अभिवृद्धि र तालिमः किसानहरूलाई कृषि सम्बन्धी सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यकता अनुसारको तालिम र आर्थिक चेतनाको विकास गर्ने।
- ❖ व्यवस्थापन सूचना प्रणालीः कार्यक्रम कार्यान्वयन गर्ने सहकारीहरूले आधुनिक वैज्ञानिक व्यवस्थापन सूचना प्रणालीको अवलम्बन गर्ने।

आगामी कार्यदिशा

नेपाल सरकारले साना किसानको जीवनस्तर उकास्न र मासुजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्ने उद्देश्यले पशुपालन कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको हो। साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत कार्यान्वयन भएको यो कार्यक्रमबाट कर्जा कार्यक्रममा सहभागी भएका कृषकहरूको जीवनस्तरमा गुणात्मक परिवर्तन भएको तथ्य अध्ययनले उजागर गरेको छ। साथै, कार्यक्रमको दायरा विस्तारसंगै लगानी गर्ने कर्जाको रकम वृद्धिको माग पनि अधिकांश किसानले उठाएको अध्ययनले देखाएको छ।

विशिष्टीकृत संस्था यकिन गर्ने

नेपाल सरकारले पशुपालन कर्जा जस्ता विभिन्न नाम र क्षेत्र समेटिने गरी सहुलियत कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सरकारले वर्सेनी खर्च गर्ने तर देखिने उपलब्धी नहुने समस्याबाट प्राय कार्यक्रमहरू ग्रसित भएकै छन्।

- ❖ रु. १ करोड सम्म साना किसानमा लगानी गर्ने कार्यक्रमहरूको कार्यान्वयन गर्न साना किसान विकास लधुवित्त वित्तीय सस्था लि. लाई छनौट गरी कम्तीमा ५ वर्षको लागि कार्य गर्न MoU गर्ने।
- ❖ बैंक तथा वित्तीय संस्थाबाट प्रबाह हुने साना रकमका सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गर्न पनि साना किसान विकास लधुवित्त वित्तीय सस्था लि. ले गर्नेगरी कानुनी प्रबन्ध मिलाउने।
- ❖ लगानी रकमको फिर्ताको ग्यारेण्टी साना किसान विकास लधुवित्त वित्तीय सस्था लि. बाट लिने व्यवस्था गर्ने।

ब्याजदर शून्य र कर्जा रकमका उल्लेख्य वृद्धि गर्ने

सरकारले कर्जामा लगानी रकम उपभोग नभएर जनता माथी गरेको लगानी हो। यो लगानीको प्रतिफल दीर्घकालीन विकास लक्ष्यका विभिन्न लक्ष्य प्राप्तिमा देखिएका छन्। तसर्थ, नेपाल सरकारले साना किसानको कृषिजन्य क्रियाकलापमाथि गर्ने सबै लगानीलाई शून्य ब्याजदरमा उपलब्ध गराउने र लगानी गर्ने रकममा उल्लेख्य वृद्धि गर्नुपर्ने देखिन्छ। साथै, साना किसान लक्षित सबै सरकारी कार्यक्रमलाई एकीकृत गरी एकद्वार प्रणाली मार्फत सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ।

लेख

सहकारीमा हुने हिनामिना

पृथ बहादुर थापा
नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१. हिनामिना के हो ?

कर्मचारी ज्यादै सोझो भनेको लेखापरीक्षण गर्दा रु. १ करोड चलाएको पाइयो, महिला कर्मचारी साह्रै मेहनति भनी गत वर्ष वढुवा गरेको यस वर्षको लेखापरीक्षण गर्दा अर्काको नाममा ऋण देखाएर झण्डै रु. २ करोडभन्दा वढी अपचलन गरेको भेटियो, जग्गा वचेर छोरीको विहेको लागि भनेर संस्थामा बचत गरेको रकम झिक्न जाँदा रकम नै नरहेको र रकम प्राप्तिका लागि अहिले पनि अदालत धाउनु परेको, धेरै ब्याज दिन्छु भनेर खाता खोल्न लगाई संचालकहरू नै बेपत्ता भएको, सस्तो कर्जा लिई शर्त सुविधा भन्दा वाहिर गै महँगोमा लगानी गरी नोक्सानमा जाने संस्थालाई नाफामा देखाएको, स्थानीय संकलनकर्ताको उपयोगबाट बढी निक्षेप संकलन गरी उक्त निक्षेपलाई ऐन नियमभन्दा वाहीर गै केही संचालक तथा कर्मचारीले घरजग्गामा लगानी गरी संस्था डुबाई सदस्यहरूलाई घर न घाटको बनाएको, कर्जा लगानी गर्दा कमीसन खाई कमसल धितोमा कर्जा लगानी गरी संस्था डुवाएको, संस्थाको घर वनाउँदा आफ्नो घर पनि संस्थाकै स्रोत साधन उपयोग गरी सँगै बनाएको, संस्थाको स्रोत साधन उपयोग गरी आफ्नो निजी भ्रमण गर्ने गरेको, संस्थाको सम्पत्तिको दुरूपयोग तथा बिल मिलाएर खाने गरेको, अन्यको नाममा ऋण देखाएर ठूलो रकम अपचलन गरेको, संस्थाको रकम उपयोग गरी जग्गाको कारोवार गरेको र नाफा आफूले लिने गरेको आदि आदि हिनामिनाका घटनाहरू कुनै पत्र पत्रिकामा त कुनै अनुगमन तथा निरीक्षणका दौरानमा भेटिएका घटनाहरू हुन् ।

यसरी माथिका हरेक घटनामा व्यक्तिले आफ्नो फाइदाका लागि अर्को व्यक्तिलाई ठग्ने, झुक्काउने वा छल्ने काम गरेको देखिन्छ । यसरी नियतवश आफ्नो भौतिक तथा अभौतिक फाइदाका लागि गरिने कुनै पनि प्रकारको क्रियाकलापहरू हिनामिना अन्तरगत लिने गरिन्छ । यस प्रकारको हिनामिना सानो देखि ठूलो सबै क्षेत्रमा देखिन्छ । एक व्यक्तिमाथि प्रचुर अधिकार, नियन्त्रण गर्ने निकाय प्रायः निष्क्रिय वा प्रभावमा परेको र दण्ड हिनताको अभाव भएको अवस्थामा निजी वा समूहको स्वार्थको लागि राज्यलाई समेत ठग्ने कामसमेत यसअन्तर्गत आउँदछ । जे होस व्यक्ति होस कि संस्था सबै यसका शिकार भएको देखिन्छ ।

२. हिनामिना के कारणबाट हुन्छ ?

हिनामिनाको जोखिम न्यूनीकरण गर्नको लागि हिनामिनाको घटना के कारणबाट घट्छन् सो सम्बन्धमा जानकारी हुन जरुरी देखिन्छ । हिनामिना हुनुको विभिन्न कारणहरू हुन सक्दछन् सामान्यतः व्यक्तिले आर्थिक दबाब वा संकट परेमा वा हिनामिना गर्ने अवसरको महसूस गरेमा वा कुनै व्यक्तिमा अति अधिकारको केन्द्रीकरण र सोको उन्मादले अधिकारको दुरूपयोग गरेमा जस्ता कारण हुने गर्दछन् ।

(क) वस्तु तथा सेवाको सम्बन्धमा कम जानकारी :

सेवा दिने र लिने क्रममा सेवा लिने तथा दिनेले वित्तीय सेवाहरू कसरी पाउन वा दिने गरिन्छ ? कति पाउन सकिन्छ ? कसले पाउन सक्छ ?

के कस्ता शर्त सुविधाहरूको पालना गर्नु पर्छ,? वित्तीय सेवाका शर्त सुविधा उलंघन भएमा के कस्ता जरिवाना तथा सजायको व्यवस्था छ ? सो सम्वन्धमा कर्मचारी तथा सेवा लिने दुवै पक्ष जानकारी नभएको अवस्थामा हिनामिना हुने सम्भावना बढी हुन्छ ।

(ख) संस्था सञ्चालनमा विधि तथा प्रक्रियाको अभाव:

संस्था संचालनका लागि आवश्यक कार्यविधि तथा नियमको व्यवस्था नभएको संस्थाको तुलनामा यस्ता कार्यविधि तथा नीति भएको कम हिनामिना भएको देखिन्छ ।

(ग) व्यवस्थापन तथा आन्तरिक लेखापरीक्षकबाट कम ध्यान दिएको क्षेत्र :

खासगरी आन्तरिक लेखापरीक्षण हुने तर आन्तरिक लेखापरीक्षण हुदा प्राथमिकतामा नपरेका क्षेत्रमा हिनामिनाको सुरुवात सोबाट हुने गरेको देखिन्छ । जसरी सिकारीले कमजोर सिकारको शिकार गर्छ भनिन्छ त्यसैगरी जहाँ कम आन्तरिक लेखापरीक्षण तथा अनुगमन तथा निरीक्षण हुन्छ त्यस्ता क्षेत्रमा वढी हिनामिना हुने गर्दछ ।

(घ) कर्मचारी तथा सञ्चालकको कम अनुभव :

कर्मचारी तथा संचालक सदस्यहरू जति कम अनुभव हुन्छ बाह्य व्यक्तिहरूबाट हिनामिना गराउने संभावना त्यति नै बढी हुन्छ । त्यसैगरी संचालक कमजोर भएको अवस्थामा प्रबन्धक तथा कर्मचारीबाट र प्रवन्धक तथा कर्मचारी कमजोर भएको अवस्थामा संचालकहरूबाट वढी हिनामिना गरेको देखिन्छ ।

(ङ) कमजोर अनुगमन तथा निरीक्षण वा आन्तरिक लेखापरीक्षण :

हिनामिना अनुगमन तथा निरीक्षण नहुने संस्था तथा कार्यालयमा बढी भएको देखिएको छ । त्यसैगरी दक्ष व्यक्तिबाट भएको अनुगमन तथा निरीक्षणभन्दा अदक्ष व्यक्तिले गरेको स्थानमा वढी हिना मिना हुने गरेको छ । विस्तृत अनुगमनको तुलनामा कमसल अनुगमन तथा निरीक्षणले हिनामिनालाई बढाउँछ ।

(च) अनुशासनात्मक कारबाहीमा कमी :

हिनामिना भइसकेपछि संस्थाबाट अनुशासनात्मक कारबाही हुने संस्थाको तुलनामा कार्यवाही नहुने संस्थामा हिनामिनाका घटना बढी भएको देखिन्छ । कारबाही नगर्नुका विभिन्न कारण मध्ये एक संस्थाले कार्वाही गर्दा एक्कासी छविमा नराम्रो प्रभाव पर्छ कि भनेर डराएको देखिन्छ । अनुशासनात्मक कारबाही गर्दा आफ्नै नातेदार पर्ने र सामाजिक तथा पारिवारिक दबाबमा पर्ने कारण अनुशासनात्मक कारबाही गरेको देखिँदैन ।

(छ) गलत व्यक्तिलाई नियुक्ति :

कर्मचारीहरू नियुक्त गर्दा राम्रोसँग नबुझी अनुभव मात्र हेरी लिँदा पनि हिनामिना बढेको देखिन्छ । कुनै कर्मचारी कुनै अर्को संस्थामा हिनामिना गरी बर्खास्तीमा परेको हुनसक्छ ।

(झ) संचालकको सक्रियता :

संचालकको काम कर्तव्य तथा दायित्व सम्बन्धमा जानकार भएका संचालकको तुलनामा जानकारी कम भएका संचालक भएको संस्थामा हिनामिना वढी भएको पाइएको छ ।

(ञ) समूह अन्तरसमूह बैठकको गुणस्तर कमजोर :

समूहको बैठकमा ऋण माग नहुने भए पनि सो बैठकमा पर्याप्त मात्रामा कर्जा माग सम्बन्धमा छलफल नहुने, बैठकको निर्णयमा दस्तखत गराउन घर घर जानुपर्ने समूहको तुलनामा गुणस्तरीय बैठक हुने समूहमा कम हिनामिना भएको देखिन्छ ।

(ट) कर्मचारी तथा पदाधिकारी एकाघरको :

एकै परिवारका एकभन्दा बढी व्यक्ति एक संस्थामा कार्यरत संस्थाको तुलनामा एकाघरका पदाधिकारी तथा कर्मचारी नभएको संस्थामा हिनामिना कम हुने गरेको देखिन्छ ।

ठ) गलत पक्षको ढाक छोप :

प्रसस्त मात्रामा संस्थाभित्र कमी कमजोरी भएको देख्दा दैख्दै पनि गलत प्रचार प्रसार गर्ने गर्दा पनि भित्रभित्रै हिनामिनाका घटनाहरू वढेको देखिन्छ । गलतलाई गलत भन्न सक्ने आँट पनि चाहिन्छ ।

(ड) कमजोर नियमन :

हिनामिनाको घटना घट्ने अनेक कारणमध्ये एक प्रमुख कारण पर्याप्त मात्रामा संस्थाहरूमा नियमन नहुन हो । पर्याप्त नियमन नहुनु भनेको राज्यले सहकारीको योगदानलाई मनन गर्न नसकेको हो वा नियम र कानुनसम्मत चल्न नचाहनेहरूको जमातले सहकारी चलाएर हो ? सहकारीबाट स्वार्थ पूरा गरिरहेका व्यक्तिहरूले नियमन रुचाउँदैनन् ।

३. हिनामिना कति प्रकारका हुन्छन् ?

भौगोलिक क्षेत्र तथा संस्थाको प्रकृति तथा व्यक्तिको अधिकार तथा आर्थिक हैसियत आदि विभिन्न आधारमा हिनामिनाका घटनालाई फरक फरक वर्गमा विभाजन गर्न सकिन्छ तर यहाँ हिनामिना गर्ने आधारलाई लिएर हिनामिनाको प्रकार छुट्याइएको छ ।

भौगोलिक क्षेत्र तथा संस्थाको प्रकृति तथा व्यक्तिको अधिकार तथा आर्थिक हैसियत आदि विभिन्न आधारमा हिनामिनाका घटनालाई फरक फरक वर्गमा विभाजन गर्न सकिन्छ ।

(क) निवेदनका साथ गलत अर्थहिन सपोर्टीङहरू संलग्न गरी गर्ने हिनामिना,

(ख) गलत दावा गरी गर्ने हिनामिना,

(ग) कर्जाका लागि जाली कागजात पेश गरी वा गराई गरिने हिनामिना,

(घ) कर्मचारीहरूलाई डर धम्की दिई वेमानी गर्न लगाई गरिने हिनामिना,

(ङ) कर्जा प्राप्तीका लागि गलत धितो पेश गरी वा गराइ गरिने हिनामिना,

(च) कर्जाको शर्तहरू उलंघन गरी गरिने हिनामिना,

(छ) हुदै नभएको व्यक्ति वा सदस्य भएको व्यक्तिलाई थहा दिइ वा नदिइ उसको नाममा ऋण देखाई गरिने हिनामिना,

(ज) संस्थाको नाममा अनुदान प्राप्त गरी उक्त लाभलाई व्यक्तिगत प्रयोजनका लागि उपयोग गरी गरिने हिनामिना,

(झ) पर्याप्त तरलता देखाई उक्त तरल रकम व्यक्तिगत लाभमा निशुल्क उपयोग गरी गरिने हिनामिना,

(ञ) व्यक्तिगत खर्चहरू संस्थाको खर्चमा समावेश गरी गरिने हिनामिना,

(ट) कार्यालय सम्पत्ति निजि प्रयोजनाका लागि उपयोग गरी गरिने हिनामिना आदि ।

४. हिनामिनाका लागतहरू :

हिनामिना भौतिक तथा अभौतिक दुई प्रकारका लागतहरू रहेका छन् ।

क) भौतिक वा देखिने (Tangible) : हिनामिनासंग प्रत्यक्ष जोडिएका खर्चहरू यस अन्तरगत पर्दछन् ।

(१) अनुसन्धानात्मक खर्च
(२) फोन कल खर्च
(३) भत्ता खर्च
(४) यातायात खर्च
(५) कानूनी सेवा खर्च
(६) हिनामिना रकम गुमाउनु परेमा सो रकम ।

ख) अभौतिक वा नदेखिने (Intangible) : हिनामिना भए पछि महसूस हुने वा पार्ने कठिनाईलाई हामी यस अन्तरग लिन सक्दछौं ।

(१) व्यक्ति तथा समूहमा काम गर्नलाई असहजता
(२) संस्थाको आत्मविश्वासमा कमी आउने

५. हिनामिनाका पूर्व संकेतहरू के हुन सक्छन्

अक्सर हिनामिना चलाक तथा जान्ने मान्छेबाट भएको देखिन्छ । हिनामिना भनेकै चाहेरै गर्ने गलत कार्य हो । त्यसैले यस्ता हिनामिना भएको ठाउँमा वा हिनामिना हुन सक्ने स्थानमा केही अग्रीम सूचनाहरू आउने वा देखिने गर्दछन् यदि सोलाई समयमा विश्लेषण गरी सो बमोजिम निर्णय गरी कार्य गर्दा हिनामिनालाई समयमा नै व्यवस्थापन गर्न सकिने हुन्छ ।

> अनुगमन तथा निरीक्षणलाई पर्याप्त स्रोत साधन सहित शक्तिशाली वनाउन आवश्यक देखिन्छ ।

(क) संस्था वा शाखामा कर्मचारीको कामको बाँडफाँड नहुनु
(ख) कसैलाई अति अधिकार हुने
(ग) अनावश्यक नियन्त्रणबाट मुक्ति पाउँ भन्ने सोच र व्यवहार
(घ) नीति नियम बमोजिम काम नहुनु
(ङ) पासवर्डहरू शेयर गर्नु
(च) कमजोर सुपरिवेक्षण इकाई
(छ) कमजोर जाँच प्रक्रिया
(ज) कुनै कामको लागि एक जना निर्भर
(झ) रहनसहन तथा लवाई खुवाईमा अप्रत्यासित परिवर्तन
(ञ) सम्पत्तिमा अप्रत्यासित वृद्धि
(ट) भ्रमणका क्रियाकलाप वृद्धि,
(ठ) अति नियमित र विदा नलिने
(ड) जागिर भन्दा अर्को ठुलो व्यवसाय
(ढ) पैसासंग जोडीएको अर्को व्यवसाय जस्तो वीमा एजेण्ट
(ण) एकै पटक अप्रत्यासीत रूपमा धेरै जनालाई कर्जा लगानी
(त) कुनै सदस्य वा कर्मचारी प्रति अनावश्यक झुकाव
(थ) सधै निश्चित रकम भन्दा माथिको रकम भल्टमा
(द) एकै पटक धेरैको किस्ता रोकिनु
(ध) लामो समय देखि सरुवा नहुनु
(न) लामो समय देखि केन्द्र परिवर्तन नहुनु
(प) ि न ष क ् य समूह/अन्तरसमूह तर धेरै रकम डुवेको
(फ) ढिलो समय सम्म र कहिले काही विदाको समयमा पनि कार्यालयमा आई काम गर्ने
(ब) सवै कर्मचारी तथा हाकिमसंग राम्रो सम्वन्ध वनाउने
(भ) घरमा वारम्वार पैसा तथा उपहार पठाइरहने

६. हिनामिना रोक्न के गर्नु पर्दछ ?

हिनामिना कम गर्न अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी वनाउन आवश्यक देखिन्छ । अनुगमन तथा निरीक्षणलाई पर्याप्त स्रोत साधन सहित शक्तिशाली वनाउन आवश्यक देखिन्छ । अनुमन तथा निरीक्षण प्रभावकारी वनाउन यसमा कार्यरत कर्मचारीहरूलाई समयनुसार क्षमता विकास गर्ने, आवश्यक स्रोत साधनको व्यवस्था गर्ने र गर्नु पर्ने कार्यहरूलाई कार्य योजना वनाई लागू गर्दा अनुगमन तथा निरीक्षण

प्रभावकारी हुने गर्दछ । अनुगमन निरीक्षण प्रभावकारी वनायो भने हिनामिनामा पनि कम हुन्छ, संस्थाहरू संस्थागत हुदै जान्छन् र अनुगमन तथा निरीक्षणले कर्मचारी तथा पदाधिकारीहरूलाई संस्थाको कार्यक्रमको वारेमा अद्यावधिक वनाउँदै जान्छ र कर्मचारीहरूको पनि व्यवहारिक रूपमा क्षमता विकास हुन्छ ।

कतिपय संस्थाहरूमा अनुगमन तथा निरीक्षणलाई वलियो वनायो भने आफ्नै वास्तविक स्थिति उदाङ्गो हुन्छ संस्थाको वारेमा नकारात्मक प्रचार प्रसार हुन्छ भन्ने सोचका कारण पनि धेरै कार्यालय प्रमुख तथा पदाधिकारीहरूले अनुगमन तथा निरीक्षणलाई प्राथमिकता दिएको देखिदैन । यस्ता व्यक्तिहरू लगानी कर्ताको मात्र दोषी नभै राज्य र सवै सरोकारवालालाई गुमाराह राखेको कारण सवैको दोषी हुन् । प्रभावकारी अनुगमन तथा निरीक्षणका लागि कित यस्ता दोषी प्रवृतिका व्यक्तिहरू परिवर्तन हुन आवश्यक छ कित जिम्मेवारबाट पन्छिनु पर्ने हुन्छ । प्रभावकारी अनुगमन तथा निरीक्षणले मात्र हिनामिनाका संभावित घटनाहरूलाई न्यूनीकरण गर्न संभव हुन्छ ।

> हिनामिनालाई कम गर्न अनुगमन तथा निरीक्षणका अलावा वस्तु तथा सेवा सम्वन्धमा सदस्य तथा कर्मचारीलाई आवश्यक जानकारी हुन आवश्यक हुन्छ ।

सामान्यत: हिनामिनालाई कम गर्न अनुगमन तथा निरीक्षणका अलावा वस्तु तथा सेवा सम्वन्धमा सदस्य तथा कर्मचारीलाई आवश्यक जानकारी हुन आवश्यक हुन्छ । वस्तुको प्रकार, विशेषता, मुल्य, आदि सम्वन्धमा जानकारी नभएमा ठगिने प्रवल संभावना हुन्छ । त्यसैले हिनामिना कम गर्नु छ भने कर्मचारी तथा सदस्यहरूलाई वस्तु तथा सेवाको सम्वन्धमा राम्रो जानकारी दिन आवश्यक देखिन्छ । यसका लागि संस्थाले समय समयमा वित्तीय साक्षरता, सहकारी शिक्षा तथा संस्थाको नीति नियमको सम्वन्धमा सरोकारवाला सवैलाई जानकारी वनाउन आवश्यक देखिन्छ ।

त्यसैगरी हिनामिना कम गर्नको लागि कर्मचारी तथा सदस्यहरूलाई वस्तु तथा सेवा प्रदान गर्ने विधि तथा प्रक्रिया सम्वन्धमा जानकारी हुन आवश्यक छ । वस्तु तथा सेवा कुन प्रकारले प्रदान गरिन्छ जान्न आवश्यक छ । खास गरी वित्तीय संस्थामा कर्जा कसरी पाउन सकिन्छ, कहाँ पाउन सकिन्छ, कति दिनमा प्राप्त गर्न सकिन्छ, व्याज दर के छ अन्य लागतहरू के के लाग्दछ सो सम्वन्धमा जानकारी हुन आवश्यक छ । जानकारी भएको अवस्थामा तुलनात्मक रूपमा हिनामिना हुने कम संभावना हुन्छ ।

खास गरी वित्तीय संस्थामा ऋणी सदस्य तथा कर्मचारी वारेमा जानकारी लिन आवश्यक छ । सदस्य तथा कर्मचारीको सोच तथा चाहना, आर्थिक हैसियत, पारिवारिक पृष्ठभूमि, कर्मचारी व्यवहार तथा जीवनशैल आदि सम्वन्धमा जानकारी हासिल गरी सो अनुसार सचेत भैं कर्मचारी तथा सदस्यहरूको आवश्यक गतिविधिको सम्वन्धमा निगरानी गरेमा संभावित हिनामिनाको घटनाबाट जोगिन सकिन्छ ।

त्यसैगरी संस्थाले हिनामिनालाई कम गर्न आफ्नो आन्तरिक नियन्त्रण व्यवस्थालाई समीक्षा गरी कमजोर पक्षहरूलाई थप प्रभावकारी वनाउनु पर्ने हुन्छ भने केही आन्तरिक नियन्त्रण व्यवस्था थप गर्नु पर्ने हुन्छ । आन्तरिक नियन्त्रण, अनुगमन तथा निरीक्षण र जोखिम व्यवस्थापन जस्ता इकाईलाई थप शक्तिशाली र प्रभावकारी वनाउन सकेमा हिनामिना जस्तो खरावीलाई हामी न्यूनी करण गर्न सक्दछौं ।

संस्थाले आफ्ना नीति नियमको अक्षरस: पालना गरी शुसासनमा अति इमान्दार हुदा पनि हिनामिनाका घटना कम भएको देखिन्छ ।

अर्को महत्वपूर्ण पक्ष हिनामिनाका घटनाका सम्वन्धमा संस्थाका सवैलाई जानकारी हुन जरुरी छ । संस्थाका सवै कर्मचारीहरूलाई हिनामिनाका राम्रा नराम्रा पक्षहरू संस्थासंग सम्वन्धित घटनाका सम्वन्धमा जानकारी गराउँदा पनि हिनामिनाको घटनामा कमी ल्याउन सकिन्छ ।

लेख

सहकारी अभियानले बिराएको बाटो

डा. नवराज सिंखडा
नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

एकै समुदायमा बसोवास गर्ने व्यक्तिहरू पारस्परिक सहयोगको आधारमा संगठित भई आर्थिक तथा सामाजिक स्थिति सुधार्न समुहिक रूपमा कार्य गर्ने प्रणालीलाई सहकारिता भनिन्छ। कम लागतमा स्तरीय सेवा प्रदानगरी गरीबी घटाउने कार्यमा टेवा पुऱ्याउन र आर्थिक शोषणबाट निम्न वर्गीय समुदायलाई बचाई लोक कल्याणकारी समाज स्थापना गर्न विश्वमा उन्नाइसौं शताब्दीतिर (सन् १८४४) सहकारी आन्दोलन सुरुवात भएको पाइन्छ।

नेपालमा धर्म भकारी, ढिकुटी, गुठी, पर्म जस्ता आपसमा मिलेर समस्याहरू सल्भाउने चलन प्राचिन कालदेखि नै चलन चल्तीमा रहेको भए तापनि विधिवत रूपमा सहकारी आन्दोलनको सुरुवात सन् १९५३ मा भयो । सहकारी संस्थाहरू क्रमशः स्थापना हुन गई यसको संख्या करिब ३५,००० (हाल करिब ३१,०००) पुग्न गयो। यी सहकारी संस्थामध्ये कति संचालनमा छन् र कति समस्याग्रस्त छन् भन्ने तथ्यांङ उपलव्ध छैन। सहकारिताका मर्म, भावना र सिद्धान्तविपरीत सहरी क्षेत्रमा स्थापना भएका सहकारीहरू एक पछि अर्को समस्याग्रस्त हुन गई बचतकर्ताको अरबौं रकम डुब्न गएको छ।

बचतकर्ता थोरै-थोरै गरेर संगालेको अरबौं रकमलाई कसरी सुरक्षित बनाउने भन्ने ठोस उत्तर नत सरकारसँग नत सहकारी अभियानसँग नै छ। नेपालको सहकारी अभियान किन सहकारी मर्म र भावना अनुसार किन चल्न सकेन, यसमा क-कसले केके गल्ती गरे, सहकारी अभियानले किन बाटो बिराउनगयो भन्ने यक्ष प्रश्न हामी सबैको सामु रहेको छ।

संस्थाको दिगोपनाको सम्भाव्यता, नियमनकारी निकाएको नियमन गर्ने क्षमता, संचालकहरूको योग्यता तथा ज्ञानको अध्ययन विना आवश्यकताभन्दा बढी सहकारी संस्थाहरू दर्ता गर्दा आज यो समस्या आइपरेको हो। सहकारी संस्था स्वायत्त संस्था भएकोले स्वनियममा चल्नु पर्छ भनि सहकारी संघहरू तथा नियमनकारी निकाय/सहकारी विभाग हालको समस्याबाट पन्छन खोजेको देखिन्छ। स्वायत्त र स्वतन्त्र संस्था हो भन्दैमा नियमन नगर्ने भन्ने हुँदैन।

यदि संस्थाको नियमित नियमन गरी र गलत गर्ने संस्थालाई समयमानै कार्यवाही गरेको भए सहकारी क्षेत्रमा हालको जस्तो समस्या आउने थिएन। सदस्यसँग बचत उठाउने संस्थालाई सहकारी स्वायत्त र स्वतन्त्र संस्था हो भनि नियमन नगर्दा हालको समस्या देखिएको हो। सरकारी संस्थाहरूको संख्या भन्दा दिगोपना र गुणस्तरीय सेवा प्रदान गर्ने कार्यमा जोड दिनु पर्दथ्यो। नेपाल राष्ट्र बैंक जस्तो अधिकार सम्पन्न

र स्वतन्त्र निकाय जस्को मुख्य सहरहरूमा कार्यालय, स्रोत तथा दक्ष जनशक्ति हुँदा पनि करिब १०० को संख्यामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्न हम्मेहम्मे परेको छ। नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूको नियमित तथा विस्तृत रूपमा अनुगमन हुँदा पनि बेलाबेलामा बैंकहरूमा समस्या रहेको समाचारहरू आइरहेका छन्।

सहकारी संस्थाहरूको दाजोमा बैंक तथा वित्तीय संस्थाहरूमा दक्ष जनशक्ति, उपयुक्त कार्य तथा नियन्त्रण प्रणाली, सफ्टवेयर र समयमा नै अनुगमन हुँदा त समय-समयमा समस्याहरू देखिने गर्दछ।

मेचीदेखि महाकालीसम्म र देशको कुनाकाप्चामा फैलिएको ३१००० सरकारीहरूको कसरी प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने र कसरी क्षमता अभिवृद्धि गर्ने भन्ने अन्यौल सृजना भएको छ। के यति धेरै संस्थाहरू देशको लागि आवश्यक थियो ? के यति धेरै संस्थाहरूको नियमन र व्यवस्थापन गर्ने क्षमता हामीसँग थियो ? दर्ता भएको संस्थाहरूको क्षमता अभिवृद्धि र प्रभावकारी अनुगमन नभएर यस क्षेत्रमा धेरै विकृतिहरू देखापरेको हो।

दर्ता भई संचालन भएको सहकारी संस्थाहरूले हरेक वर्ष सहकारी कार्यालयमा आफ्नो लेखापरीक्षण प्रतिवेदन पठाउनु पर्ने प्रावधान भएता पनि कति संस्थाले त्यस्तो प्रतिवेदन पठाए/ पठाएनन् र प्राप्त भएको लेखा परीक्षण प्रतिवेदन कति शुद्ध छ, त्यसको सही तथ्यांक उपलब्ध छैन। दर्ता भएको सहकारीहरू मध्ये कुन कस्तो अवस्थामा छन् भन्ने विवरण माग्यो भने सो उपलब्ध हुन सक्ने अवस्था देखिदैन। सहकारी संस्थाहरूको अनुगमन तथा नियमनका लागि कानुनी व्यवस्थामार्फत छुट्टै स्वतन्त्र नियामक निकाय स्थापना (नेपाल राष्ट्र बैंक) हुनुपर्दथ्यो। सहकारी संस्थाहरूलाई दर्ता गरेर मात्र छोडिदिँदा हालको समस्या देखापरेको हो।

कमजोर तथा समस्याग्रस्त संस्थाहरूको विश्लेशष गर्ने हो भने धेरै जसो त्यस्ता संस्थाहरूको पछिसम्म कसरी दिगो रूपमा संचालन हुने र सदस्यहरूको हितको लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने स्पष्ट दृष्टिकोणको अभाव रहेका पाइन्छ। सहकारिताका मर्म, भावना र सिद्धान्त अनुसार सदस्यहरूद्वारा सदस्यहरूको लागि संस्था संचालन हुनुपर्नेमा धेरै सहकारीहरू विशेषत सहर केन्द्रीत तथा केन्द्रित नाफा सहकारीहरू सिमित व्यक्तिहरूबाट उनीहरूकै फाइदाका लागि संचालित छन्।

दर्ता भएको सहकारीहरु मध्ये कुन कस्तो अवस्थामा छन् भन्ने विवरण माग्यो भने सो उपलब्ध हुन सक्ने अवस्था देखिदैन।

यस्ता संस्थाहरू सहकारीका संचालकहरू सदस्यको बचत हिनामिना गरेर वेपत्ता भएको पनि पाइएको छ। प्रायजसो सहर केन्द्रित र अन्य धेरै सहकारीहरूको समुदायका निम्न वर्गलाई समेटने तथा समुदायलाई सवै वर्गलाई सेवा दिने कुनै कार्यक्रम छैन। सदस्यहरूको हितको लागि शिक्षा, तालिम तथा अन्य कुनै कार्यक्रम छैन। यस्तो अवस्थामा नेपालको संविधानले परिकल्पना गरेअनुसार सहकारी संस्थाहरूले अर्थ व्यवस्थाको तीन खम्वा मध्य एक बलियो खम्बाको रूपमा उपस्थिति देखाउन सकेको छैन।

अनुभवहरूले के देखाएको छ भने धेरै जसो समस्या ग्रस्त सहकारीहरूको कार्यक्षेत्र जिल्ला वा देशैभरी हुने एक ठाउँको व्यक्ति अर्को ठाँउमा गएर संस्था चलाउने गरेको पाइन्छ। तसर्थ एक ठाउँमा स्थाई बसोबास भएको व्यक्ति अर्को ठाँउमा गएर संस्था चलाउने प्रवृत्ति हुनु हुँदैन थियो।

सहकारीको विशेषता भनेको एउटै समुदायमा बसोबास गर्ने व्यक्तिहरू परस्परमा मिलेर आफ्ना आर्थिक तथा सामाजिक

आवश्यकताहरू परिपूर्ति गर्न गठन भएको संस्था हो । तसर्थ सहकारी संस्थाहरू समुदायमा आधारित हुनुपर्दछ । संस्थाले कुनै एक वडाका अधिकांश घरपरिवारमा सेवा विस्तार गरेपछि मात्र क्रमशः अन्य वडाहरूमा सेवा विस्तार गर्न नीति हुनु पर्दछ । यसरी क्रमशः सेवा विस्तारगरी संस्थाको कार्यक्षेत्र एक पालिका बनाइनु पर्दथ्यो । त्यस्तै सहकारी संस्थाको संचालकहरू त्यही स्थानमा स्थायी बसोबास गर्ने प्रतिष्ठित व्यक्ति हुनपर्दथ्यो। अध्ययनले के देखाएको छ भने इमान्दार तथा प्रतिष्ठित तथा योग्य स्थानिय व्यक्ति अध्यक्ष भएको संस्था सफल देखिन्छ ।

अहिले सहकारी क्षेत्रमा जुन विकृति आएको छ त्यसको एक प्रमुख कारण सहकारीको सदस्यमा सहकारी तथा वित्तीय साक्षरता सम्वन्धी ज्ञानको अभाव हुनु हो । एउटा व्यक्ति जो सहकारीमा सदस्य बन्न जाँदै छ भने उसले के के कुरा विचार गर्नु पर्दछ भन्ने कुराको ज्ञान सदस्यमा छैन । सदस्यहरूलाई आफ्नो क्षमता भन्दा बढी ऋण लिए वा ऋणको दुरूपयोग गरे, वा एक ठाँउबाट ऋण लिई अर्को ठाँउको ऋण तिरे भविष्यमा के समस्या आइपर्न सक्छ र यसले संस्था र सदस्यलाई के हानी पुऱ्याउँछ भन्ने कुरा बुझाउनु पर्दथ्यो। असल नियत लिएर समुदायको सदस्यहरूको हितका लागि समुदायमा आधारित भएर संचालन भएका संस्थाहरूले सदस्यहरूको बचत लिएर भागेका कुरा सुन्नमा आएको छैन । यो उदाहरणले पनि सहकारी आन्दोलनको अबको बाटो निर्धारण गर्दछ ।

आर्थिकमन्दि तथा वित्त वजारमा देखिएको हालको अवस्थाले सहकारी क्षेत्रमा लुकेर बसेको वा लुकाइएको विसंगतिहरू उजागर भएको हो । हालको घटनाबाट पाठ सिकी सहकारी क्षेत्रमा विद्यमान विसंगतिहरू कम गर्दै लगिएन भने हाल देखिएका समस्याहरूले झन् विकराल रूप लिन सक्छ । सहकारी संस्थाको माध्यमबाट सामाजिक तथा आर्थिक रूपले पछाडि परेका समुदाय तथा वर्गलाई संगठित गराई नियमित बचत गर्ने बानीको विकास तथा जम्मा भएको बचतलाई आयआर्जनका कार्यमा लगानी गरी सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धिका लागि कार्य गर्ने प्रचुर संभावना अझै रहेको छ । केही सीमित सहकारी संस्थाहरूमा हाल देखिएको समस्यालाई देखाएर सहकारीले गरेको महत्वपूर्ण योगदानलाई बेवास्ता गर्न मिल्दैन ।

आर्थिकमन्दि तथा वित्त वजारमा देखिएको हालको अवस्थाले सहकारी क्षेत्रमा लुकेर बसेको वा लुकाइएको विसंगतिहरु उजागर भएको हो ।

विपन्न वर्गको उत्थानमा समर्मित सहकारीहरूलाई मिटरब्याजीसँग दाँजेर सहकारीबाट प्रदान गरिएको कर्जाको सावाँब्याज मिनाहा हुनुपर्ने माग राखी यस अभियानलाई सिध्याउने सिमित वर्गको चेष्टालाई कदापि साकार हुन दिनु हुँदैन । यदि सहकारी बाटप्रवाह भएको ऋण मिनाह भएमा ऋण मिनाह माग्ने प्रवृत्ति बढ्ने, बचत कर्ताको विश्वास घट्न गई वीत्तिय बजारमा नै नकरात्मक असर पुग्न जानेछ । तसर्थ सहकारी धराशायी हुनाका माथि उल्लेखित कारण तथा विसंगतिहरू निवारणका लागि रष्ट्रिय नीति तयार गरी सहकारी अभियान सुधारका लागि दीर्घकालीन तथा अल्पकालीन रणनीतिहरू जस्तै सहकारीबाट प्रवाह भएको ऋणलाई पुनर्तालिकीरण र पुनर्संरचना गर्ने, कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायधिकरणको व्यवस्था गर्ने, मल्टिपल फाइनान्सिङलाई क्रमशः घटाउँदै लैजाने, ऋणीको ऋण तिर्न सक्ने क्षमता तथा उत्पादकत्वमा वृद्धि हुने गरी ऋण लगानी गर्ने, वित्तीय साक्षरता तथा उद्यम विकास तालिम दिने, सहकारीहरूको एकीकरण गरी संख्यामा व्यापक कटौती गर्ने आदि कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । सहकारी क्षेत्रको सुदृढीकरणका लागि १० वर्षे रणनीति बनाई सहकारीमार्फत गरिबी निवारणका कार्यक्रम संचालन गर्नुपर्दछ ।

लेख

कृषिमा जलवायु मैत्री प्रविधिको उपयोग

ईशा केसी
मुख्य प्रवन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

पृष्ठभूमी

मे २०२४ मा पपुवा न्यू गिनियामा गएको पहिरोले २ हजार भन्दा बढी मानिस प्रभावित भए, अप्रिल २०२४ मा भिषण बाढीका कारणले ब्राजिलमा १ सय ४९ जनाको ज्यान गएको छ । यही बाढीका कारण ६ लाख भन्दा बढी मानिस घरबार बिहिन भएका छन्, त्यसैगरी दुबइमा गत अप्रिलमा दुई वर्षमा पर्ने पानी एकै दिनमा परेर जनजीवन अस्तव्यस्त भएको छ ।

माथि भनिएमा घटनाहरू प्रतिनिधि मात्र हुन्, जलवायु परिवर्तनका कारणले यस्ता प्राकृतिक प्रकोपहरू हाल आएर दिनदिनै बढ्दै गएका छन् । जलवायु परिवर्तनले आजको समयमा विश्व समुदाय र सम्पूर्ण पृथ्वीलाई नै असर पारिरहेको छ । सामान्य अर्थमा भन्नुपर्दा जलवायु परिवर्तन भन्नाले प्राकृतिक प्रकृया र मानव गतिविधिका कारणहरूले लामो समयसम्म जलवायुमा हुने महत्वपूर्ण परिवर्तन हो जसमा तापक्रम वृद्धि, अतिवृष्टि, अनावृष्टि, वायु प्रवाह जस्ता विभिन्न तत्वहरूको परिवर्तन समावेश हुन सक्छ ।

सयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्बन्धि रूपरेखा सम्मेलन (UNFCCC) अनुसार "जलवायु परिवर्तन भन्नाले मानव गतिविधिहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विश्वव्यापी वायुमण्डलको संरचनालाई परिवर्तन गर्ने कारणले जलवायुमा भएको परिवर्तनलाई जनाउँछ, र यो तुलनात्मक समय अवधिमा देखिएको प्राकृतिक जलवायु परिवर्तनशीलताको अतिरिक्त हो (स्रोत: UNFCCC)

उल्लिखित परिभाषाले जलवायु परिवर्तन मानव मात्रबाट हुने गतिविधिहरू जस्तै वन विनाश, औद्योगिक विकास, कोइला, पेट्रोल जस्ता कार्बन उत्सर्जन गर्ने तत्वहरूको व्यापक प्रयोगका कारणले वायुमण्डलमा हरितगृह ग्यासहरूको मात्रा बढ्छ भन्ने कुरा बुझाउँदछ । यही ग्यासहरूका कारणले सम्पूर्ण पृथ्वीको तापमान समेत बढ्न पुग्दछ र यसैबाट जलवायु परिवर्तनका असरहरू विश्वले भोग्नुपरिरहेको देखिन्छ ।

नेपालमा जलवायु परिवर्तनको असर

नेपालमा समेत जलवायु परिवर्तनको व्यापक असर देखिएको छ । विश्वव्यापी रूपले हेर्दा, नेपाल जलवायु परिवर्तनको जोखिमको हिसाबले चौथो स्थानमा रहेको छ भने नेपालको तापक्रम वृद्धिको दरसमेत विश्वको भन्दा बढी देखिएको छ । भौगोलिक कराणले गर्दा, नेपालमा विभिन्न किसिमका जलवायु जोखिमहरू देखिएका छन् जस्तै: पहाडी क्षेत्रमा हिउँ पग्लिने तथा तराइ वा समथर क्षेत्रमा मुसलधारे पानीले उत्पन्न गर्ने जोखिम । जलवायु परिवर्तनका कारणले कृषि उत्पादनमा ह्रास, खाद्यान्न असुरक्षा, जलस्रोतको कमी, वन जंगल तथा जैविक विविधताको ह्रास जस्ता समस्याहरू उत्पन्न भई नेपालीहरूको जनजीवनमा निकै कठिन परिस्थिती आउन

सक्ने देखिन्छ । नेपालका जलवायु परिवर्तनले ल्याउन सक्ने जोखिमहरू निम्नबमोजिम हुने देखिन्छ ।

- हिमालको हिउँ पग्लिएर हिमताल फुट्न सक्ने
- खडेरी र भारि वर्षाका कारणले कृषि उत्पादनमा कमी आई खाद्य असुरक्षा तथा किसानहरूको जिवनमा प्रत्यक्ष असर पर्न सक्ने
- अत्यधिक तापक्रम वृद्धिका कारणले जनजीवन प्रभावित भई विभिन्न रोगहरू फैलिन सक्ने
- हिमनदीहरू पग्लिदा जलाशयहरूमा पानीको कमी आई पिउने पानी तथा सिँचाइमा असर पर्न सक्ने
- बाढी, पहिरो र खडेरी जस्ता प्राकृतिक प्रकोपहरू बढ्न सक्ने
- तापक्रम वृद्धि को असरले जैविक विविधतामा ह्रास आउन सक्ने

कृषि र जलवायु परिवर्तन

विश्वलाई खुवाउनु एक ठूलो काम हो, तर यही कृषि जसले विश्वलाई खाना दिइरहेको छ । यही कृषि उत्पादनमा कमी आइरहेको छ जुन, जलवायु परिवर्तनको एक प्रमुख कारक तत्त्व हो । यो सुन्दा हामीलाई अचम्म लाग्न सक्छ तर कृषिले विश्वव्यापी उत्सर्जन हुने हरितग्यासहरूको करिब एक तिहाइ भाग उत्सर्जन गर्दछ । नेपालको हकमा कुल हरितग्यास उत्सर्जन को ९० प्रतिशत कृषि तथा वन मात्रले उत्सर्जन गर्दछ । नेपालको कुल ग्राहस्थ उत्पादनको करिब २४ प्रतिशत र रोजगारी सृजनामा करिब ७४ प्रतिशत योगदान दिने कृषि क्षेत्र जलवाय परिवर्तनको प्रमुख कारक का साथसाथै यसबाट हुने असरको बढी नोक्सानी बेहोर्ने क्षेत्र समेत हुन पुगेको छ । यस अर्थमा कृषिलाई वातावरण मैत्री बनाएमा मात्र हाम्रा भावी सन्ततीले स्वच्छ नेपालको उर्वर भूमिमा विकासको बिहानी देख्न पाउनेछन् । अब हामी कृषिले कसरी जलवायु परिवर्तनलाई प्रभावित गर्दछ भन्ने विषयलाई निम्न बुँदाहरूमा विश्लेषण गर्छौं :

१. हरितगृह ग्यास उत्सर्जन : कृषि तथा पशुपालनका विभिन्न क्रियाकलापहरूबाट हरितगृह ग्यासहरू जस्तै कार्बन, मिथेन, नाइट्रस अक्साइड आदि उत्सर्जन हुन्छ । संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन (FAO) का अनुसार कृषि उत्पादन, पशुपालन, कृषि प्रशोधन लगायत कृषिका गतिविधिहरूबाट मात्र विश्वको कुल कार्बन उत्सर्जको २१ प्रतिशत्, मिथेन उत्सर्जनको ५३ प्रतिशत उत्सर्जन गर्छन भन्ने तथ्यहरू रहेको छन् । यस्तै पशुपालनमा गाई, भैसी जस्ता जनावरहरूलाई पचाउने क्रममा मिथेन उत्सर्जन हुन्छ जुन ग्यासको हरितगृह प्रभाव कार्बन भन्दा बढी शक्तिशाली हुन्छ ।

त्यसैगरी मलको अत्यधिक प्रयोग गर्दा नाइट्रस अक्साइड ग्यास उत्सर्जन हुन्छ जुन हरितगृह प्रभाव गर्ने अर्को शक्तिशाली ग्यास मानिन्छ ।

२. वन विनाश : वनहरूलाई कार्बन डाइअक्साइडको प्राकृतिक भण्डारण क्षमता भएको मानिन्छ र यसको विनाशले कार्बन भण्डारणको क्षमतामा ह्रास आई जलवायु परिवर्तनलाई तिव्र बनाउछ ।

३. माटोको उर्वरा शक्तिमा ह्रास : परम्परागत कृषि प्रणालीले माटोको गुणस्तरलाई बिर्गाने काम गर्दछ । अत्यधिक खेती, रसायनिक मल र विषादीहरूको प्रयोगले माटेको उर्वराशक्ति घटाउँछ, जसकारण लामो अवधिमा कृषि उत्पादन र उत्पादकत्वमा नै नकारात्कम असर पुग्ने देखिन्छ ।

४. पानीको अत्यधिक प्रयोग : पानीको असन्तुलीत र अत्यधिक प्रयोगले जल स्रोतहरूमा कमी आई कालान्तरतमा पानीको अभावलाई तिव्र बनाउने देखिन्छ । नेपालको कृषि क्षेत्रमा पानीको प्रयोगमा कुनै वैज्ञानिक तरिका देखिदैन, उपलब्धताका आधारमा कृषिका लागि भनेर अनियन्त्रित रूपमा पानीको प्रयोग हुने गर्दछ जस कारण जलवायु परिवर्तनले पानीको उपलब्धता कम गरिरहेको समयमा पानीको अभाव अझ चरम सिमामा पुग्ने खतरा देखिन्छ ।

५. धान खेती : नेपालको कुल कृषि उत्पनदनको ५० प्रतिशत्भन्दा बढी हिस्सा धान खेतीको रहेको छ र धान खेती मिथेन उत्सर्जनको एक प्रमुख स्रोत रहेको छ ।

माथिका बुदाहरूलाई विश्लेषण गर्दा नेपालको कृषि क्षेत्र

अझै पनि परम्परागत प्रणालीमा निर्भर रहेकोले यसबाट उत्पन्न हुने वातावरणीय प्रभाव अझ भयावह हुने देखिएको छ। यसबाट सुरक्षित भई कृषिलाई वातावरण मैत्री बनाई जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्नका लागि नेपालले Climate Smart Agriculture Technology लाई अपनाउनुपर्ने देखिन्छ।

Climate Smart Agriculture Technology भन्नाले कृषि उत्पादन बढाउने, जलवायु परिवर्तनको प्रभावलाई कम गर्ने र हरित ग्यास उत्सर्जन घटाउने उद्देश्यले कृषिका प्रणालीहरूहरू लाई सुधार गर्ने प्रविधि हो। यस प्रविधिमा जैविक कृषि, पानीको उच्चतम प्रयोग, माटो संरक्षण र नविकरणीय उर्जाहरूको प्रयोग समावेश हुन्छ। सयुक्त राष्ट्रसंघको खाद्य र कृषि संगठन (FAO) ले Climate Smart Agriculture लाई यसरी परिभाषित गरेको छ “ agriculture that sustainably increases productivity, enhances resilience (adaptation), reduces/removes greenhouse gases (mitigation) where possible, and enhances achievement of national food security and development goals” (Food and Agriculture Organization of the United Nations, 2010) .यस प्रविधिले विशेषत: देहाय बमोजिमका कार्यहरूमा सहयोग गर्दछ :

क) कृषि उत्पादकत्व र आय वृद्धि

ख) खेती प्रणालीलाई जलवायु परिवर्तन अनुकुल बनाउने

ग) हरितगृह ग्यासहरूको उत्सर्जन कम गर्ने

Climate Smart Agriculture का लागि अपनाउनुपर्ने विभिन्न उपायहरूलाई यँहा व्याख्या गरिएको छ।

क) जलवायु अनुकूल बीउ र खेती प्रणाली

सुखा, बाढी र अन्य जलवायु चुनौतीहरूमा समेत उब्जाउ गर्न सकिने बीउ र खेती प्रणालीको विकास

ख) सिँचाई र पानीको व्यवस्थापन

थोपा सिँचाई, स्प्रिकलर प्रणाली र वर्षा पानीको संचय जस्ता आधुनिक सिँचाई प्रणालीहरूको प्रयोग गर्ने तथा पानीको स्रोतहरूको संरक्षण र उच्चतम् प्रयोग गर्ने

ग) माटोको सरक्षण र उर्वरता विकास

जैविक मल तथा कम्पोस्टको प्रयोग गर्ने,

माटोको सरक्षण उपायहरू जस्तै टेरेसिङ, मल्चिङ र कवर क्रपको प्रयोग गर्ने

ग) नविकरणीय उर्जाको प्रयोग

कृषिका कार्यहरूमा नविकरणीय उर्जाहरू जस्तै सौर्य उर्जा , बायोग्यास आदिको प्रयोग गर्ने

घ) स्मार्ट प्रविधिहरूको प्रयोग

कृषिका कार्यहरूमा मौसम पूर्वानुमान प्रणाली, स्मार्ट कृषि एप्स जस्ता प्रविधिहरूको प्रयोग गर्ने

ङ) क्षमता विकास

किसानहरूलाई Climate Smart Agriculture का सम्बन्धमा आवश्यक ज्ञान र तालिमहरू प्रदान गर्ने।

निष्कर्ष

विश्वका विभिन्न मुलुकहरूले Climate Smart Agriculture प्रविधि अपनाएर कृषिलाई दिगो रूपमा सञ्चालन गर्नका लागि विभिन्न कार्यहरू गर्दै आएका छन्। इजरायलले अपनाएको ड्रिप इरिगेशन प्रविधि जसबाट सीमित पानीको स्रोतलाई अधिकतम् उपयोग गर्न सकिन्छ। त्यसैगरी भारतमा जलवायु परिवर्तनको प्रभावलाई सहन सक्ने प्रजातीका उन्नत बीउहरूको विकास गरिएको छ। सयुक्त राज्य अमेरिकामा डिजिटल कृषि प्रविधिहरूको व्यापक प्रयोग गरी मौसम पूर्वानुमान, बजारको जानकारी लगायतका सूचनाहरू किसानहरूले प्राप्त गरी कृषि सम्बन्धि निर्णयहरू लिने गर्दछन्। त्यसैगरी मेक्सिकोमा किसानहरूलाई जलवायु जोखिमबाट जोगाउनका लागि बाली बिमा कार्यक्रम लागु गरिएको छ।

तसर्थ नेपाल जस्तो कृषिमा निर्भर देशले पनि Climate Smart Agriculture प्रविधिको विकास गरी वातावरणसँग सम्बन्धित जोखिमहरूबाट कृषि क्षेत्रलाई जोगाउन आवश्यक कदम चाल्न अत्यन्त आवश्यक देखिन्छ।

जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढि साना किसान प्रभावित हुने र उच्च तथा मध्यमस्तरीय गरिबीबाट अति गरिबीतर्फ उन्मुख हुने खतरा हुन्छ।

गोलभेंडा खेतीले सवरा हवारीको परिवारमा ल्याएको खुसी

सफलताको कथा

२०२९ सालमा बाराको प्रसौनी गाउपालिकामा बुवा महम्दिन मिया धोवी र आमा नसिबीया धोवीको कोखबाट जन्मनु भएकी सवरा हवारीको २०४८ सालमा इनर्वासिरा, कन्चनपुर गाँउमा बस्ने गरिब परिवारको छोरा सलिम हवारीसँग विवाह भएको थियो ।

उहाँ मिति : २०६६-१०-०१ मा साना किसान कृषि सहकारी संस्था ली. इनर्वासिराको समूह नं. ९९ मा आवद्ध हुनुभएको थियो । उहाँको परिवारसँग पुर्खौली सम्पतिको नाममा २ कट्ठा घडेरी बाहेक केहि थिएन । हाल उहाँको परिवारमा ३ छोरा सहित १२ जना सदस्य छन् ।

उहाँका श्रीमान् सलिम हवारीलाई १२ वर्षको उमेरदेखि नै तरकारी खेतीमा रुचि थियो । दैनिक छाक टार्न पनि धौ-धौ पर्ने अवस्थामा आफूसँग कुनै सिप नभएकोले आफ्नो जिवीकोपार्जनको लागि चलनचल्तीमा रहेको भरदिनको दैनिक ज्याला रु. ५/- को लागि दिनभर काम गरी जीवन निर्वाह गरिरहेको उहाँले सुनाउनुभयो । आफ्नो खेतीपाती गर्ने जग्गा नभएको हुँदा तरकारी खेतीमा रुचि हुँदाहुँदै पनि दाउरा खोजि बेच्ने र ज्यालामा काम गरी जीवन गुजारा गर्दै आएको विगत हामीसँग उहाँले साट्नुभयो । तेती मात्र काम गरेर दिनहुँ गुजारा गर्न कठिनाई भएको र पहिलेदेखि नै तरकारी खेती गर्न रुचि रहेको हुँदा तरकारी खेती गर्ने सोच बनाउनुभयो । तरकारी खेती सम्बन्धी केही ज्ञान हासिल गर्ने उद्देश्य लिई अरू पनि केहि साथीहरूको सरसल्लाहमा तरकारी खेतीमा अगाडि रहेको जिल्ला चितवनस्थित कर्मा कम्पनीको भ्रमण गर्नुभयो । चितवनमा केही ज्ञान लिएर फर्केपछि उनीहरू मध्ये मुस्लिम हवारी, गर्भिलाल यादव र विनोद साह लागायत धेरैले तरकारी खेती गर्न थाले तर अनुभव नभएको कारणले घाटा भएर धेरैले यो पेसा छोडे । तर, सवरा खातुनले हरेस नखाई आफ्नो बढ्दो अनुभव र आत्म विश्वासले तरकारी खेती पेशालाई निरन्तरता दिइरहनुभयो । २०७२ सालमा आफ्नै छिमेकी साथी धुरूप ओझाको ३ कट्ठा खेत भाडामा लिएर तरकारी खेती गर्न थाल्नुभयो ।

शिवहरि अर्याल
मुख्य प्रवन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

अन्ततः आफ्नो विश्वास, लगन र अनुभवले उक्त जग्गामा करिब रु. एक लाख पचास हजार लगानी गरेको तरकारी खेतीबाट करिब रु. तीन लाख पचास हजार आम्दानी गरी रु. दुई लाख नाफा गर्न सफल हुनुभयो । त्यसपछि खेतीयोग्य जग्गा भाडामा थप गर्दै तरकारी खेती सुरु गरेको तेस्रो वर्षमा भएको नाफा र साना किसान कृषी सहकारी संस्थाबाट ऋण लिई रु.पैंतिस लाख बराबरको १० कट्ठा खेत खरिद गरेर तरकारी खेती पेशालाई बढाउँदै निरन्तरता दिँदै जानुभयो ।

अनुभवले आँट बढाउने र अनुभव र आँटले थप हौसला बढदै जाने कुरा उहाँ बताउनुहुन्छ । उहाँले गरेको प्रगति देखेर उहाँसँगै अवलोकन भ्रमणमा गई घाटा भई तरकारी खेती छोडेका उहाँका साथीहरू प्रेरित भई उहाँको मद्दत र साथले पुनः तरकारी खेती सुरु गरे । त्यसपछि उहाँले तरकारी खेती शुरु गरेको चौथो वर्ष २०७७ सालमा रु. चालिस लाख बराबरको १४ कट्ठा जग्गा खरिद गर्न सफल हुनुभयो । त्यसपछि आफ्नो र अरूको भाडामा लिएको गरी २ बिघा जग्गामा टमाटर (गोलभेँडा) खेती गर्न थाल्नुभयो । उक्त तरकारी खेतीबाट भएको आम्दानीबाट

पाँचौ वर्षमा रु. बीस लाख बरावरको २ कट्ठा ५ धुर जग्गामा बनेको कच्ची घर सहित जग्गा खरिद गर्नुभयो । यसरी तरकारी खेतीबाट उहाँले मनग्य आम्दानी गरिरहनु भएको थियो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले (एडीबी) को ऋण सहयोगमा शुरु गरेको सस्तो ब्याजदरको Rular Enterprise Financing Project (REFP) ग्रामीण उद्यम लगानी परियोजनाले व्यवसाय बढाउन अझ जोश थपेपछि उहाँले २०७९ सालमा उक्त शीर्षकअर्न्तगत साना किसान कृषि सहकारी संस्था लि. इनर्वासिराबाट रु. चालिस लाख ऋण लिई तरकारी खेतीमा थप लगानी बढाउँदै जानुभयो । सो लगानीबाट समेत भएको आम्दानीबाट २०७९ सालमा पुन : रु. साठी लाख बरावरको १० कट्ठा जग्गा खरिद गर्न सफल हुनुभयो । उहाँसँग हाल ३६ कट्ठा ५ धुर जग्गा र ३ वटा घर गरी करिब रु. दुई करोड बराबरको सम्पत्ति रहेको छ । आफ्नो र भाडाको गरी ४ बिघा जग्गामा विशेष गरी टमाटर खेती र सिजन अनुसार अन्य तरकारी खेती गर्दै आएकी उहाँले अझै २ बिघा जग्गा भडामा लिएर तरकारी खेती गर्ने योजना बनाउनुभएको छ ।

उहाँको भनाइ अनुसार १ बिघा जग्गामा विरुवा उत्पादनदेखि टमाटर बिक्री गर्ने समयसम्म रु. सात लाख खर्च लाग्दछ । प्रति कट्ठामा १२०० टमाटरको विरुवा रोप्न सकिन्छ । एउटा विरुवामा सरदर ५ किलो टमाटर फल्दा र प्रतिकिलो रु. २० रूपयाँको दरले बिक्री

गर्दा प्रति कट्ठाबाट रु. एक लाख बीस हजार आम्दानी हुन्छ भने प्रति विघा रु. चौबीस लाख आम्दानी हुन्छ । प्रति विघा रु.७ लाखको दरले खर्च कटाउँदा प्रति विघा रु.१७ लाख नाफा हुने उहाँले बताउनुहुन्छ ।

उहाँले गर्दै आएको ४ बिघा टमाटर खेतीबाट उहाँ मात्र सफल नभएर गाँउघरका दैनिक ज्याला मजदुरी गरिखाने किसानहरूलाई समेत रोजगार दिनुभएको छ । उहाँले आफ्नो तरकारी खेतीमा दिनहु करिब २० जनालाई स्थायी रूपमा रोजगार दिन सफल हुनुभएको छ ।

उहाँको तरकारी खेती प्रतिको मिहनेत, लगन र ईमान्दारीलाई अझै प्रोत्साहन गर्न साना किसान कृषी सहकारी संस्था लि. ईनर्वासिराले समय समयमा अनुदानको रूपमा आर्थिक सहयोग र अवलोकन भ्रमणको मौका समेत दिएको छ । यसैगरी उहाँलाई नेपाल कृषि सहकारी केन्द्रिय संघ लि., बकुण्डोल (ललितपुर) ले उत्कृष्ट किसान भनी सम्मानित गरेको थियो ।

कुनै दिन बिहान बेलुकीको छाक टार्न कठिनाइ हुने आफ्नो परिवारलाई आजको यो सफलता प्राप्ती गर्नमा

सहयोग गर्ने साना किसान कृषि सहकारी संस्था लि., इनर्वासिरा, बारा र साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई आजिवन भुल्न नसक्ने उहाँले बताउनुभयो ।

आफ्नो मिहनेत, ऋणको सदुपयोग र इमान्दारीताले पुऱ्याएको यो उचाईलाई अरू सदस्यहरूले पनि पछ्याउन सके रोजगारीको लागि ४०-५० डिग्रीको तापक्रममा कुनै खाडी मुलुकमा कोही जानु नपर्ने उहाँको भनाइ छ ।

लेख

तालिमको परिचय र महत्व तथा साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट तालिम सञ्चालन प्रक्रिया

लिलाधर धिताल
मुख्य प्रबन्धक
संस्थागत क्षमता विकास तथा नीति निर्माण विभाग

१. **पृष्ठभूमि :** तालिम मानव र पशुपन्छीलाई प्रदान गर्ने गरिन्छ । मानव अन्तर्गत विभिन्न संघसंस्थामा काम गर्ने पदाधिकारी र कर्मचारी, उद्यमी, कृषक, कालीगढ आदि पर्दछन् भने पशुपन्छी अन्तर्गत कुकुर, घोडा, गोरु, हात्ती, सुगा आदि पर्दछन् । यहाँ हामीले मानवमध्ये पनि कर्मचारीसँग सम्बन्धित तालिमको चर्चा गर्ने प्रयास गरिएको छ । कुनै पनि संस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न साधन र स्रोतको अधिकतम परिचालन गर्न जनशक्ति (कर्मचारी) को महत्वपूर्ण भूमिका रहेको हुन्छ । तालिम भनेको संस्थाको उद्देश्य हासिल गर्न समय सापेक्ष कर्मचारीहरूको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि तथा व्यवहारमा परिवर्तन गर्ने एउटा माध्यम हो ।

एउटा नयाँ कर्मचारी संस्थामा आउँदा उसलाई संस्थाका क्रियाकलापका बारेमा र काम गर्ने तरिका बुझाउनु पर्ने हुन्छ, त्यसै गरी पुराना कर्मचारीहरूको क्षमता वृद्धि गर्न वा संस्थाको वातावरणका हरेक पक्षमा आउन सक्ने परिवर्तनको सामना गर्ने जस्ता अवस्थामा कर्मचारीको क्षमता वृद्धि गर्न तालिम दिने गरिन्छ ।

२. **तालिमको अर्थ :**

- कुनै काम वा विषयमा व्यवस्थितरूपमा दिईने शिक्षा, प्रशिक्षण नै तालिम हो,
- तालिम यस्तो कार्य हो जसले सम्बन्धित क्षेत्रमा ज्ञान, सीप र क्षमताको विकास गराउँदछ, तर तालिम साध्य हैन यो लक्षमा पुग्ने एक साधन वा बाटो मात्र हो,
- यो कति माथि जाने भन्ने हैन, तर कसरी उड्ने भन्ने आधार हो,
- यो हामीले सोचे जति उत्पादकत्व वृद्धि गर्ने हैन, तर केही न केही उत्पादकत्व वृद्धि गर्ने पक्कै हो,
- तालिम भविश्यको कल्पना हैन, तर कल्पनालाई साकार पार्ने ज्ञान चाँही हो,
- तालिम एक यस्तो सिक्ने कला हो जसबाट कर्मचारीलाई आवश्यक ज्ञान प्राप्त हुन्छ, साथै विषयगत अवधारणा, सीप, निती नियम आचरण तथा व्यवहारमा परिवर्तन ल्याई कार्यक्षमतामा अभिवृद्धि समेत गराउँने माध्यम हो,
- तालिम भनेको एक वा एक भन्दा बढी कृयाकलापहरूलाई प्रभावकारी ढङ्गले सम्पादन

गर्न कर्मचारीको बानी, आचरण, सीप र व्यवहारमा सिकाइको अनुभवको माध्यमबाट परिवर्तन गर्ने योजनावद्ध प्रकृया हो ।

- व्यवस्थापन शास्त्री चतुर्भुज मेमोरियाका अनुसार तालिम ज्ञानको प्रयोग हो यसले मानवले गर्ने व्यवहारको नीति, नियम र कार्यविधिहरूका विषयमा सचेत गराउँदछ ।

तसर्थ, तालिम भनेको कर्मचारीको वर्तमानमा भएको ज्ञान, सीप, मनोवृति (धारणा) र व्यवहारमा परिवर्तन ल्याउने एउटा प्रक्रिया हो । तालिमले कर्मचारीलाई कुनै खास काम कसरी गर्ने भन्ने बारेमा ज्ञान र सीप दिई सकारात्मक सोचको विकास गरी व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्दछ ।

३. तालिमका उद्देश्यहरू :

३.१. कर्मचारीको ज्ञान अभिवृद्धि गर्ने : तालिमले कर्मचारीलाई संस्थाको सम्पूर्ण पक्षको ज्ञान दिनु भन्दा पनि निश्चित विषयको ज्ञान उपलब्ध गराउने हुनाले तालिमको माध्यमबाट कर्मचारीले निश्चित काम गर्न आवश्यक पर्ने निश्चित ज्ञान हासिल गर्दछन् । तालिम लिएका कर्मचारीहरूले राम्रोसँग काम गर्न सक्छन् भन्ने विश्वास गरिन्छ ।

३.२. नयाँ सीपको विकास गर्ने : कर्मचारीलाई तालिम उपलब्ध गराउनुको अर्को उद्देश्य भनेको कर्मचारीमा नयाँ सीपको विकास गर्नु हो । समयको परिवर्तनको साथमा कर्मचारीमा नयाँ-नयाँ विषयहरूमा ज्ञानको आवश्यकता पर्ने र कर्मचारीहरूको सीपलाई परिमार्जन गर्नु पर्ने आवश्यक भएकोले तालिम उपलब्ध गराउनु पर्छ र यसरी कर्मचारीमा काम गर्ने सीप विकास गर्न सहयोग गर्छ ।

३.३. कर्मचारीको धारणामा परिवर्तन गर्ने : तालिमको माध्यमबाट कर्मचारीमा भएको धारणा पनि परिवर्तन गर्न सकिन्छ । कर्मचारीको संस्थाप्रति गुनासो वा संस्थाका कुनै कर्मचारीहरू बिच मन मुटाव र द्वन्द्व भएको खण्डमा तालिम मार्फत कर्मचारीमा भएको नकारात्मक धारणामा सुधार गरेर सकारात्मक बनाउन सकिन्छ ।

३.४. संस्थाको कार्य सम्पादनमा सुधार गर्ने : संस्थाले कर्मचारीको तालिममा खर्च गर्नुको मूल उद्देश्य नै संस्थाको कार्य सम्पादनमा सुधार गर्नु हो । तालिमको माध्यमबाट कर्मचारीहरूको सीप तथा क्षमता वृद्धि गरेर कर्मचारीहरूको कार्य सम्पादनको तह बढाउन सकिन्छ । जसको प्रतिफलको रूपमा संस्थाकै कार्य सम्पादन बढ्न जान्छ ।

३.५. साधनहरूको प्रभावकारी रूपमा प्रयोग गर्ने : तालिमको माध्यमबाट कर्मचारीहरूमा क्षमता वृद्धि गरेर संस्थामा प्रयोग हुने विभिन्न साधनहरूलाई प्रभावकारी रूपमा उपयोग गर्न सकिन्छ । यसरी संस्थामा विभिन्न साधनहरू जस्तै : मेसिन, सामग्री, औजारहरू आदिको दुरुपयोग कम गरेर तिनीहरूलाई प्रभावकारी रूपमा प्रयोग गर्ने क्षमता बढाउनु तालिमको अर्को उद्देश्य हो । यसरी तालिमको माध्यमबाट संस्थाको श्रम, समय तथा अन्य साधनहरूको हानी नोक्सानीलाई कम गर्न सकिन्छ ।

३.६. जोखिम न्यूनीकरण गर्ने : जोखिम व्यवस्थापन तथा सुरक्षात्मक तालिम उपलब्ध गराएर संस्थामा हुन सक्ने जोखिम तथा घटनालाई न्यूनीकरण गर्न सकिन्छ ।

३.७. कर्मचारीलाई राम्रो अवसर उपलब्ध गराउने : तालिमको माध्यमबाट कर्मचारीहरूले आफ्नो क्षमता वृद्धि गर्ने अवसर प्राप्त गर्दछन् । यसको माध्यमबाट उनीहरूले पदमा बसी चुनौतीपूर्ण काम गर्न पाउने र त्यस्तो चुनौतीपूर्ण काम सफल रूपमा गरेर सन्तोष लिन पाउने, अनुभव बटुल्ने आदि अवसरहरू प्राप्त गर्दछन् । यस्तो गर्नाले राम्रा र लगनशील कर्मचारीहरूलाई आफ्नो व्यवसायमा टिकाइ राख्न सकिन्छ ।

४. तालिम चक्र (Training Cycle) : तालिम चक्र एक संरचित प्रक्रिया हो जसले तालिम कार्यक्रमको योजना, कार्यान्वयन, मूल्याङ्कन र निरन्तरताको लागि निर्देशन दिन्छ । यसलाई चक्रको रूपमा चित्रण गर्दा, प्रत्येक चरण एक अर्को चरणमा जान्छ र अन्तिम चरणबाट पहिलो चरणमा पुन: फर्किन्छ, यसले निरन्तर तालिम सुधारको चक्रलाई सङ्केत गर्दछ । यसलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ ।



चित्र १ : तालिम चक्र (Training Cycle)

प्रत्येक चरणको संक्षिप्त व्याख्या निम्नानुसार गरिएको छ :-

४.१. तालिम आवश्यकता पहिचान (Training Needs Assessment/Analysis -TNA):

- यो पहिलो चरण हो जसमा तालिम आवश्यकताको पहिचान गरिन्छ । कर्मचारीहरूलाई कुन किसिमको तालिम चाहिन्छ र किन चाहिन्छ भनेर बुझिन्छ ।
- यो एक प्रक्रिया हो ।
- यसले कर्मचारीहरूको वर्तमान/विद्यमानमा भएको र चाहेको/हुनुपर्ने ज्ञान, सीप र क्षमताहरू बिचको अन्तर (Gap) निर्धारण गर्ने काम गर्दछ ।
- सर्वेक्षण, अन्तर्वार्ता र कार्यसम्पादन विश्लेषणहरूको प्रयोगबाट यो पहिचान गरिन्छ ।

४.२. उद्देश्य निर्धारण (Objectives Setting):

- यो चरणमा तालिमका साधारण र विशिष्ट उद्देश्यहरू निर्धारण गरिन्छ । यसले तालिमको सफलताका मापन योग्य मापदण्डहरू प्रदान गर्दछ ।
- उदाहरणका लागि, कर्मचारीहरूले तालिमपछि कुन-कुन सीपहरू हासिल गर्नुपर्छ भनेर परिभाषित गरिन्छ ।

४.३. तालिम योजना (Designing the Training Program):

- यो चरणमा तालिम कार्यक्रमको सामग्री, विधि, स्रोतहरू र समयसीमा योजना बनाइन्छ ।
- तालिमका लागि पाठ्यक्रम सामग्री, प्रशिक्षण सामग्री र स्रोतहरू विकास गरिन्छ ।

४.४. तालिम सञ्चालन (Implementing the Training Program):

- यो चरणमा तालिम कार्यक्रम सञ्चालन गरिन्छ । तालिमको कार्यान्वयनको लागि प्रशिक्षक/सहजकर्ताहरू, तालिम स्थल र अन्य आवश्यक व्यवस्थाहरू तयारी गरिन्छ ।
- तालिम सञ्चालनको दौरानमा सहभागीहरूको संलग्नता र प्रतिक्रियालाई व्यवस्थापन गरिन्छ ।

४.५. मूल्याङ्कन (Evaluation): तालिम कार्यक्रम सञ्चालनको क्रममा र अन्त्यमा यसको प्रभावकारिता मूल्याङ्कन गरिन्छ । तालिमले निर्धारण गरिएका उद्देश्यहरू पूरा गर्न सकेको छ कि छैन भनेर मूल्याङ्कन गरिन्छ । यो चरणमा कर्मचारीहरूको पृष्ठपोषण, परीक्षा र कार्यसम्पादन विश्लेषण गर्न सकिन्छ ।

सामान्यत: तालिम मूल्याङ्कन २ विधिहरूबाट गरिन्छ:

१. सङ्ख्यात्मक/मात्रात्मक विधिहरू (Quantitative Methods):

- तालिम पूर्व र तालिम पश्चातको परीक्षा ।

२. गुणात्मक विधिहरू (Qualitative Methods):

- तालिम सञ्चालन भईरहेको अवधिमा गरिने मूल्याङ्कन ।
- तालिम समापनको दिनमा गरिने मूल्याङ्कन ।
- तालिम समापन पश्चात गरिने प्रभाव मूल्याङ्कन ।

४.६. फलोअप (Follow-Up):

- तालिमपछि पनि निरन्तरता कायम गर्न फलोअप गरिन्छ । कर्मचारीहरूले तालिममा सिकेका सीपहरू व्यवहारमा लागु गर्न सकेका छन् कि छैनन् भनेर जाँच गरिन्छ ।
- आवश्यक परेमा पुनः तालिमको व्यवस्था गरिन्छ ।

तालिम चक्रका हरेक चरण एक अर्कासँग अन्तरसम्बन्धित छन् र तालिम कार्यक्रम प्रभावकारी र उद्देश्यपूर्ण हुन्छ भनी यसले सुनिश्चितता प्रदान गर्दछ ।

५. तालिमका प्रकारहरू : कर्मचारीसँग सम्बन्धित मुख्य केही तालिमहरू तल उल्लेख गरिएको छ :

५.१. सेवाप्रवेश तालिम,

५.२. पुनरताजगी तालिम,

५.३. नीतिगत तालिम,

५.४. वित्तीय व्यवस्था सम्बन्धी तालिम : कर्जा विश्लेषण, वित्तीय विश्लेषण, निश्कृय कर्जा व्यवस्थापन तालिम,

५.५. सीप विकास सम्बन्धी तालिम : लेखा, आयकर निर्धारण, अनुगमन तथा निरीक्षण, धितो मूल्याङ्कन तथा जाँच तालिम, व्यावसायिक योजना तर्जुमा तालिम आदि,

५.६. सूचना प्रविधि सम्बन्धी तालिम : व्यवस्थापन सूचना प्रणाली, सफ्टवेयर आदि,

५.७. व्यवस्थापन तालिम : कार्यालय व्यवस्थापन, जनशक्ति व्यवस्थापन, तनाव व्यवस्थापन, वृहत् व्यवस्थापन तालिम आदि,

५.८. नेतृत्व विकास तथा उत्प्रेरणा तालिम,

५.९. सुरक्षा सम्बन्धी तालिम,

५.१०. अन्य तालिमहरू : उद्यम विकास, सीपमूलक, आयमूलक, कृषि तथा पशुपन्छी विकास आदि तालिमहरू ।

६. तालिमको विधिहरू (Training Methods): तालिमलाई प्रभावकारी बनाउन तालिममा विभिन्न विधिहरू प्रयोग हुन सक्छन् । तालिमको विधिहरूलाई मुख्य गरी २ भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

(क) कार्यस्थल तालिम (On the Job Training-OJT): कामकै क्रममा कर्मचारीहरूलाई प्रशिक्षित गरेर सिकाउने प्रक्रिया हो । यसमा कर्मचारीहरूले आफ्नो कामको वातावरणमै ज्ञान र सीप प्राप्त गर्छन् । यो विधि व्यावहारिक र प्रभावकारी मानिन्छ, किनभने कर्मचारीहरूले सिधै आफ्नो जिम्मेवारीहरू पूरा गर्दै नयाँ सीप सिक्न सक्छन् । यो वास्तविक कामको अनुभव दिने तालिम हो । यस विधि अन्तर्गत देहायका तालिम विधिहरू उल्लेख गर्न सकिन्छ :-

१. प्रशिक्षकको निर्देशनमा काम (Coaching): अनुभवी कर्मचारी वा सुपरभाइजरले नयाँ कर्मचारीलाई काम सिकाउने र मार्गदर्शन गर्ने विधि हो ।

फाइदाहरू : व्यक्तिगत ध्यान, सीधा प्रतिक्रिया, तत्काल सुधार ।

बेफाइदाहरू : समय खर्चिलो, प्रशिक्षकको सीपमा निर्भर ।

२. काममा आलोपोलो (Job Rotation): कर्मचारीहरूलाई विभिन्न विभाग/शाखा/एकाहरूमा आलोपालो गरी सिकाउने विधि हो । यसबाट उनीहरूले विभिन्न सीप र ज्ञान प्राप्त गर्न सक्ने देखिन्छ ।

फाइदाहरू : विविध सीपको विकास, बहुमुखी प्रतिभाको विकास, कार्यरत क्षेत्रमा व्यापक ज्ञान ।

बेफाइदाहरू : स्थायी उत्पादकत्वमा कमी, सबै भूमिकामा लागू नहुन सक्छ ।

३. मेन्टरिङ (Mentoring): यो विधिमा अनुभवी

कर्मचारीहरू (मेन्टर्स) ले नयाँ वा कम अनुभव भएका कर्मचारीहरूलाई सल्लाह, सुझाव र मार्ग निर्देशन गर्दछन् । यसले व्यक्तिगत ध्यान र विकासलाई प्रोत्साहित गर्छ ।

फाइदाहरू : दीर्घकालीन विकास, व्यक्तिगत मार्गदर्शन, सम्बन्ध विकास ।

बेफाइदाहरू : समय लाग्ने, सही मेन्टोरको आवश्यकता ।

४. **काम निर्देशन विधि (Job Instruction Technique - JIT):** कामका विशिष्ट चरणहरू क्रमिक रूपमा सिकाउने विधि ।

फाइदाहरू : संरचित र स्पष्ट सिकाइ प्रक्रिया, तुरुन्त अभ्यास गर्ने कामको थालनी ।

बेफाइदाहरू : लचिलोपनामा कमी, समय बढी लाग्ने ।

५. **समूहमा तालिम (Group Training):** सानो समूहमा प्रशिक्षण दिने, जहाँ कर्मचारीहरू एक अर्कासँग सिक्न सक्छन् । जसले सहयोग र टीमवर्कको महत्व सिकाउँछ । यसमा समूह छलफल, परियोजनाहरू र सामूहिक गतिविधिहरू मार्फत तालिम दिइन्छ ।

फाइदाहरू : सहयोगी वातावरण, समूह छलफल, सँगै समस्या समाधान ।

बेफाइदाहरू : व्यक्तिगत ध्यानको कमी, समूह गतिमा निर्भर ।

६. **प्रशिक्षण म्यानुअल र सामग्री (Training Manuals and Materials):** कर्मचारीहरूलाई म्यानुअल, गाइड र अन्य सामग्री प्रदान गरेर स्व-अध्ययन गराउने विधि हो ।

फाइदाहरू : सन्दर्भ सामग्रीको उपलब्धता, स्व-अध्ययनको सम्भावना ।

बेफाइदाहरू : स्व-अनुशासन आवश्यक, सीमित अन्तरक्रिया ।

७. **परियोजनामा आधारित तालिम (Project-Based Training):** कर्मचारीहरूलाई विशिष्ट परियोजनाहरूमा काम गराएर ज्ञान र सीप विकास गराउने विधि ।

फाइदाहरू : वास्तविक अनुभव, समस्या समाधान, ज्ञान र सीपको विकास ।

बेफाइदाहरू : परियोजनाको जटिलता, सिक्ने चरणमा गल्तिहरू हुने सम्भावना ।

८. **अप्रेन्टिसशिप (Apprenticeships):** यो एक प्रकारको तालिम हो जसमा एक जना व्यक्ति (अप्रेन्टिस) कुनै विशिष्ट सीप वा पेशामा विशेषज्ञ बन्न प्रशिक्षक वा अनुभवी व्यक्तिसँग काम गर्छ । जस्तै : कम्प्यूटर प्रोगामर, ल फर्ममा काम गर्ने व्यक्ति, इन्टर्नशीप गर्ने विद्यार्थी आदि । व्यावहारिक कामको अनुभव र सैद्धान्तिक ज्ञान दुवै प्रदान गर्दछ। यो तालिमको अवधिमा अप्रेन्टिसहरूले सम्बन्धित क्षेत्रमा काम गर्दै सिप सिक्छन् र अनुभव प्राप्त गर्छन्न् । यो विधि विशेष गरी व्यावसायिक तथा प्राविधिक शिक्षामा लोकप्रिय छ ।

निष्कर्ष : कार्यस्थल तालिमले कर्मचारीहरूलाई वास्तविक कार्य वातावरणमै सिप र ज्ञान प्रदान गर्छ, जसले गर्दा उनीहरूले तुरुन्तै आफ्ना नयाँ सिपहरूलाई प्रयोगमा ल्याउन सक्छन् । यस विधिले कर्मचारीहरूको आत्मविश्वास र उत्पादनशीलता बढाउँछ । विभिन्न विधिहरू प्रयोग गरी संघ/संस्थाहरूले तालिम कार्यक्रमलाई प्रभावकारी र व्यापक बनाउन सक्छन् ।

(ख) गैह्र कार्यस्थल (कार्यस्थल बाहिर) तालिम (Off the Job Training): यो विधि कामको वास्तविक वातावरणबाट बाहिर प्रशिक्षण गरिने हो । यसले कर्मचारीहरूलाई आफ्नो नियमित कामको ध्यान विचलित नगरी सिकाइ र सीप विकासमा मात्र ध्यान केन्द्रित गराउँदछ । यस प्रकारको प्रशिक्षण प्रायः निर्देशित र औपचारिक हुन्छ । यस विधि अन्तर्गत देहायका तालिम विधिहरूलाई उल्लेख गर्न सकिन्छ :-

१. **कक्षाकोठा व्याख्यान (Classroom Lectures:** यो परम्परागत प्रशिक्षण विधि हो, जसमा प्रशिक्षकले लक्षित समूहलाई व्याख्यान विधिबाट तालिम प्रदान गर्ने गर्छन् ।

फाइदाहरू : सैद्धान्तिक ज्ञान प्रदान गर्दछ, प्रश्न र छलफल गर्न अनुमति हुन्छ, ठुलो समूहमा यो विधि प्रयोग गर्न सकिन्छ ।**बेफाइदाहरू :** निष्क्रिय हुन सक्छ, व्यक्तिगत सिकाइ आवश्यकताहरू सम्बोधन गर्न सक्दैन, प्रायः व्यावहारिक प्रयोगको अभाव हुन्छ ।

२. **कार्यशाला र गोष्ठीहरू (Workshops & Seminars) :** छोटो, गहन सत्रहरू जसमा विशेष विषयवस्तु वा सीपहरूमा ध्यान केन्द्रित गरिन्छ, प्रायः विशेषज्ञहरूले प्रशिक्षण र नेतृत्व गर्छन् ।

फाइदाहरू : अन्तरक्रियात्मक, विशिष्ट सिपहरूमा ध्यान केन्द्रित, नेटवर्किङ अवसरहरू प्रदान गर्दछ ।

बेफाइदाहरू : महङ्गो हुन सक्छ, कामबाट समय निकाल्न आवश्यक पर्छ, सीमित दायरा हुन सक्छ ।

३. **सिमुलेशनहरू (Simulations) :** वास्तविक जीवनका परिस्थितिहरूलाई नक्कल गर्ने तालिम विधि हो जसले वास्तविक परिणामहरू विना नै व्यावहारिक अनुभव प्रदान गर्छ ।

फाइदाहरू : अभ्यासको लागि सुरक्षित वातावरण, अत्यन्तै आकर्षक, समस्या समाधान कौशलको विकासमा प्रभावकारी ।

बेफाइदाहरू : सेट अप गर्न महङ्गो हुन सक्छ, सबै सम्भावित परिस्थितिहरू कभर गर्न नसक्ने ।

४. **ई-लर्निङ वा विद्युतीय सिकाई (E-learning or electronic learning):** डिजिटल प्लेटफार्महरू मार्फत प्रदान गरिने प्रशिक्षण, जसले कर्मचारीहरूलाई आफ्नो क्षमता अनुसार सिक्न उत्प्रेरित गर्दछ ।

फाइदाहरू : लचिलो, मापन योग्य, प्रायः लागत प्रभावी, प्रगति ट्र्याक गर्न सकिने ।

बेफाइदाहरू : आत्म-अनुशासन आवश्यक पर्छ, सीमित व्यावहारिक अभ्यास, सम्भावित प्राविधिक समस्याहरू ।

५. **अवस्था अध्ययनहरू (Case Studies):** वास्तविक वा काल्पनिक परिस्थितिहरूको विश्लेषण, समस्या समाधान र निर्णय लिने कौशलको विकास गर्न यो विधि प्रयोग गर्न सकिन्छ ।

फाइदाहरू : आलोचनात्मक सोचलाई प्रोत्साहन गर्दछ, सैद्धान्तिक ज्ञानलाई व्यावहारिक स्थितिमा लागू गर्छ, छलफललाई प्रोत्साहन गर्छ ।

बेफाइदाहरू : समय लाग्ने, कुशल मार्गदर्शन आवश्यक, सबै अवस्था वा केसहरूमा प्रत्यक्ष रूपमा लागू नहुन सक्छ ।

६. **भूमिका खेलन (Role-Playing):** सहभागीहरूले विशेष परिस्थितिहरूमा भूमिकाहरू निर्वाह गरेर अन्तरव्यक्तिगत र सञ्चार कौशल अभ्यास गर्छन् ।

फाइदाहरू : सहभागीहरूलाई आकर्षित गर्छ, व्यावहारिक अनुभव प्रदान गर्दछ, सामान्य सीपहरू विकास गर्न मद्दत गर्दछ ।

बेफाइदाहरू : केही सहभागीहरूका लागि असहज हुन सक्छ, कुशल मार्गदर्शन आवश्यक, सबै सिकाइ शैलीहरूलाई उपयुक्त नहुन सक्छ ।

७. **व्यवस्थापन खेलहरू (Management Games):** अन्तरक्रियात्मक खेलहरू जसले व्यवस्थापन र रणनीतिक सिप सिकाउन अवस्थाहरूको नक्कल गर्छ ।

फाइदाहरू : रमाइलो र आकर्षक, टीमवर्कलाई प्रोत्साहन गर्छ, रणनीतिक सोचको विकास गर्दछ ।

बेफाइदाहरू : डिजाइन र कार्यान्वयन गर्न

जटिल हुन सक्छ, धेरै समय लाग्ने, सबै सिकाइ उद्देश्यहरूलाई कभर गर्न सक्दैन ।

८. **व्यवहारिक मोडलिङ** (**Behavioral Modeling**)**:** विशिष्ट सिपहरू विकास गर्न, अरूको व्यवहारलाई अवलोकन र मोडलिङ गर्ने प्रशिक्षण हो ।

फाइदाहरू : व्यवहारमा स्पष्ट उदाहरण प्रदान गर्दछ, नक्कल र अभ्यासलाई प्रोत्साहन गर्छ, सामान्य सीप सिक्न प्रभावकारी हुन्छ ।

बेफाइदाहरू : समय लाग्ने, मोडेलहरूको गुणस्तरमा निर्भर गर्दछ, अभ्यासको अवसर आवश्यक ।

निष्कर्ष : गैह्र कार्यस्थल तालिमले संरचित र ध्यान केन्द्रित वातावरण प्रदान गर्दछ, जसले कर्मचारीहरूलाई आफ्नो दैनिक कामका बाधाहरू र विचलनहरू बिना नै नयाँ ज्ञान र सीप हासिल गर्न सहयोग गर्दछ । विभिन्न प्रशिक्षण विधिहरूको उपयोग गरेर, संघ/संस्थाहरूले विभिन्न सिकाइ शैलीहरू र आवश्यकताहरू पूरा गर्न सक्छन् ।

कार्यस्थल र गैह्र कार्यस्थलमा सञ्चालन गरिने तालिम विधिहरू कर्मचारीहरूको आवश्यकताअनुसार छनोट गर्न सकिन्छ, जसले गर्दा उनीहरूको दक्षता र उत्पादनशीलता बढाउन सहयोग गर्दछ ।

७. **तालिमको महत्व :** संस्थाको उद्देश्य प्राप्तिमा सहयोग गर्न र कर्मचारीलाई क्षमतावान बनाउन तालिमको अत्यधिक महत्व हुन्छ । यस बाहेक तालिमको महत्व निम्नानुसार रहेका छन् :-

- उत्पादकत्वमा वृद्धि गराउन,
- सामूहिक भावनाको विकास गराउन,
- कर्मचारीको अधिकतम उपयोग गरी कार्य सम्पादनमा सुधार गर्न,
- नयाँ प्रविधि, सिद्धान्त र प्रयोगको बारेमा जानकारी गराउन,
- सकारात्मक भावनाको विकास गर्न,
- काम तथा सेवाको गुणस्तरमा अभिवृद्धि गराउन,
- स्वस्थ कार्य गर्ने वातावरणको विकास गराउन,
- सोचाइ र मनोवृत्तिमा सुधारल्याई अझ असल आचरणको विकास गर्न,
- संस्थागत छवीमा सुधार ल्याउन,
- संस्थालाई नाफामुखी बनाउने क्षमताको विकास गराउन,
- कर्मचारीको मनोबलमा वृद्धि गराउन,
- असहज परिस्थितिको सामना गर्न सक्ने बनाउन ।
- सही निर्णय गर्ने क्षमताको विकास गर्न ।
- संस्थामा बनेका नीति नियमका बारेमा स्पष्ट बुझ्न र बुझाउन सक्ने बनाउन ।
- व्यवस्थापकीय क्षमता र नेतृत्व विकास गर्न ।
- शीष्ट, नम्र व्यवहार र उत्प्रेरित गर्ने भावना विकास समेत गराउन । आदि ।

८. **साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट तालिम/गोष्ठी सञ्चालन प्रक्रिया :**

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले आफ्नो स्थापनाकालदेखि नै आफ्ना कर्मचारीहरू तथा साझेदार संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरूको ज्ञान, सीप र क्षमता विकासका लागि तालिम/गोष्ठी सञ्चालन गर्दै आएको छ । वित्तीय संस्थाबाट सञ्चालन गरिने तालिम/गोष्ठीका लक्षित समूह, कार्यक्रममा समेटिने क्षेत्रहरू, वार्षिक कार्यक्रम तर्जुमा, तालिम आवश्यकता पहिचान, मूल्याङ्कन तथा फलोअप देहाय अनुसार गर्ने गरिन्छ ।

८.१. **तालिम/गोष्ठीका लक्षित समूह :** साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट सञ्चालन गरिने तालिम/गोष्ठीका लक्षित समूह दुई प्रकारका छन् ।

१. वित्तीय संस्थाका कर्मचारीहरू ।

२. साझेदार संस्थाका पदाधिकारीहरू, कर्मचारी र सदस्यहरू ।

८.२ **तालिम/गोष्ठी कार्यक्रममा समेटिने क्षेत्रहरूः**

(१) **वित्तीय संस्थाका कर्मचारीहरूको हकमा :**

(क) यस वित्तीय संस्थाले कर्मचारी दक्षता अभिवृद्धिका लागि देहाय बमोजिमका तालिम/ गोष्ठीहरू अन्तर्गत रही कार्यक्रम आयोजना तथा सञ्चालन गर्न सक्नेछ ।

(अ) नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन बमोजिम सञ्चालन गर्नुपर्ने तालिमहरू ।

(आ) कर्मचारीहरूलाई दक्षता अभिवृद्धिका लागि दिईने सेवा प्रवेश तालिम, प्रशिक्षक प्रशिक्षण तालिम, पुनर्ताजगी तालिम, लेखा तथा कर्जा व्यवस्थापन, जोखिम व्यवस्थापन, वित्तीय विश्लेषण, कृषि, मूल्यशृङ्खला, संस्थागत सुशासन, सूचना प्रविधि, प्रगति समीक्षा, व्यावसायिक योजना तर्जुमा, सहकारी व्यवस्थापन तथा अन्य आवश्यकता अनुसार दिईने विविध किसिमका तालिमहरू ।

(ख) अन्य तालिम/गोष्ठी प्रदायक स्वदेशी तथा विदेशी संस्थाहरूले आयोजना गर्ने तालिम/गोष्ठी, सेमिनार, अवलोकन भ्रमण आदि ।

(२) साझेदार संस्थाहरूको हकमा : यस वित्तीय संस्थाले साझेदार संस्थाहरूका लागि आवश्यकतानुसार सहभागीको आंशिक वा पूरै खर्च बेहोर्ने वा साझेदार संस्थाले मात्र खर्च बेहोर्ने गरी स्वदेशमा वा विदेशमा हुने देहाय अनुसारका वा आवश्यकतानुसार तालिम/गोष्ठी कार्यक्रम आयोजना गर्न, समन्वय गर्न वा सहभागिता जनाउन सक्नेछः-

(क) साझेदार संस्थाको व्यवस्थापकीय, वित्तीय, सङ्गठनात्मक, व्यावसायिक र दक्षता अभिवृद्धि आदिका लागि आवश्यक पर्ने तालिम/गोष्ठी ।

(ख) साझेदार संस्थाका सदस्यहरूको ज्ञान, सीप र प्रवृति अभिवृद्धि गर्ने किसिमका विभिन्न विषयगत तालिम/गोष्ठी ।

(ग) एउटै कार्यक्रमका सहभागीहरूमध्ये पनि समस्यामा परेका वा वित्तीयरूपमा क्षमता कमजोर रहेका संस्थाका सहभागीहरूको आंशिक वा पूरै खर्च (खाजा/खाना/आवास र यातायात खर्च) वित्तीय संस्थाले बेहोर्न सक्नेछ ।

८.३. तहअनुसार तालिम/गोष्ठी कार्यक्रम सञ्चालन : वित्तीय संस्थाद्वारा देहायबमोजिमको तहअनुसार तालिम/गोष्ठी सञ्चालन गर्न सकिनेछ :-

(क) केन्द्रीयस्तरबाट :- वित्तीय संस्थाको केन्द्रीय कार्यालयले केन्द्रमा वा फिल्डमा सोझै आयोजना गर्ने तालिम/गोष्ठीलाई केन्द्रीयस्तरको तालिम/गोष्ठी मानिनेछ ।

(ख) शाखास्तरबाट :- वित्तीय संस्थाको शाखा कार्यालयले आयोजना गरी शाखास्तरमा वा सोझै संस्थास्तरमा आयोजना गर्ने तालिम/गोष्ठी मानिनेछ ।

(ग) साझेदार संस्थास्तरमा :- साझेदार संस्थाले आयोजना गरी संस्थास्तरमा वा आफ्नो कार्यक्षेत्रस्तरमा आयोजना गर्ने तालिम/गोष्ठी मानिनेछ ।

द्रष्टव्य : केन्द्र, शाखा र संस्थास्तरबाट सञ्चालन हुने विभिन्न तालिम/गोष्ठीका विषयवस्तुहरू केन्द्रीय कार्यालयको तालिमसँग सम्बन्धित विभागले तय गर्नेछ ।

८.४. वार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी व्यवस्था :

(१) तालिमको आवश्यकता पहिचान : तालिमको आवश्यकता पहिचान निम्न प्रकारबाट गरि नेछः-

(क) वार्षिक समीक्षा गोष्ठी : शाखास्तरीय साझेदार संस्थाहरूको वार्षिक समीक्षा गोष्ठीबाट आएका सूचना तथा तथ्यहरूको आधारमा ।

(ख) आन्तरिक लेखापरीक्षण : वित्तीय संस्थाको आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतहरूको आधारमा ।

(ग) वित्तीय संस्थाका विभिन्न विभागहरूले दिएका सुझावको आधारमा ।

(घ) वित्तीय संस्थाको शाखा कार्यालयहरूबाट वित्तीय संस्था कर्मचारी तथा साझेदार संस्थाका पदाधिकारीहरूलाई चाहिने तालिम सम्बन्धी प्राप्त सुझावहरूको आधारमा ।

(ङ) नियमन निकाय तथा अन्य दातृ निकायहरूले दिईएका सुझाव तथा औल्याएका कैफियतहरूको आधारमा ।

(२) वार्षिक कार्यक्रम तर्जुमा : माथि उल्लिखित तालिम आवश्यकता पहिचानको आधारमा वित्तीय संस्थाले तालिम/गोष्ठीको वार्षिक कार्यक्रम तर्जुमा गर्न सक्नेछ ।

८.५. बजेट श्रोत व्यवस्था : (१) वित्तीय संस्थाका कर्मचारीहरूको लागि बजेट व्यवस्था :

(क) वित्तीय संस्थाले आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि नेपाल राष्ट्र बैंकले तोकेको सीमासम्मको रकम ।

(ख) चालु आर्थिक वर्षमा कर्मचारीहरूको दक्षता अभिवृद्धिमा नेपाल राष्ट्र बैंकले तोके अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकम ।

(ग) नेपाल सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ संस्थाहरू र अन्य निकायबाट प्राप्त हुने रकम ।

(घ) वित्तीय संस्थाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा तालिम/गोष्ठी/समीक्षा आदि जस्ता कार्यक्रमका लागि विनियोजित बजेट रकम ।

(२) साझेदार संस्थाहरूको लागि बजेट व्यवस्था:

(क) ग्राहक/साझेदार संस्थाहरूको क्षमता विकासका लागि नेपाल राष्ट्र बैंकले तोके बमोजिमको वित्तीय संस्थाको ग्राहक संरक्षण कोष र सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम ।

(ख) नेपाल सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ संस्थाहरू र अन्य निकायबाट प्राप्त हुने रकम वा त्यस्ता संघ संस्थाले बेहोर्ने खर्च ।

(ग) वित्तीय संस्थाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेट रकम ।

(घ) साझेदार संस्था स्वयम्ले बेहोर्ने रकम ।

८.६. तालिम मूल्याङ्कन, प्रभाव र फलोअप :

(१) तालिम/गोष्ठीको प्रकृति, सहभागीकोस्तर, विषयवस्तु आदिको आधारमा आवश्यकतानुसार तालिम पूर्व/पश्चातको परीक्षण र मूल्याङ्कन गर्न सकिनेछ ।

(२) प्रत्येक तालिम/गोष्ठी सम्पन्न भएपछि आयोजक विभाग/शाखा/कार्यालय/संस्थाले तालिम/गोष्ठी प्रतिवेदन तयार गर्नु पर्नेछ । प्रतिवेदनको आधारमा आगामी दिनमा हुने तालिमको विषयवस्तुहरूमा आवश्यक सुधार र परिमार्जन गर्न सकिनेछ ।

(३) तालिम पश्चात कर्मचारी आफ्नो कार्यालयमा गईसकेपछि सिकेको तालिमबाट काममा कस्तो प्रभाव रह्यो भनी तालिम हेर्ने विभागबाट प्रत्येक कर्मचारीको फलोअप गर्ने गरिन्छ । यसको लागि गूगल फाराम तयार गरी प्रतयेक सहभागीलाई पठाई भर्न लगाईन्छ । सबै सहभागीहरूबाट फाराम सङ्कलन गरी तालिमको प्रभावको विश्लेषण गरिन्छ ।

सन्दर्भ सामग्रीहरू :

१. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. तालिम तथा गोष्ठी सम्बन्धी कार्यविधि, २०८० ।

२. विभिन्न पत्र पत्रिकाहरू ।

३. विभिन्न अनलाइन ।

४. वेबसाइटमा राखिएका विभिन्न सामग्रीहरू ।

लेख

सकारात्मक सोच र यसको असर

मन्दिपा दाहाल
का. मु. मुख्य प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

पृष्ठभूमी

सोच भनेको हाम्रो मस्तिष्कले गर्ने एक महत्वपूर्ण कार्यको उपज हो । सन् २०२० मा गरिएको एक अध्ययनको अनुसार एउटा औषत मानिसको मस्तिष्कमा एक दिनमा ६,००० सोचहरू आउँछन् । जसमध्ये केहि नकारात्मक सोचहरू हुन्छन् भने केहि सकारात्मक सोचहरू हुन्छन् ।

मानसिक रुपमा स्वस्थ्य रहन आफ्ना सोचहरूलाई पहिचान गरी नकारात्मक सोचहरूलाई व्यवस्थापन गर्दै सकारात्मक सोचहरूमा केन्द्रित रहन सक्नु नै अहिलेको आवश्यकता रहेको छ। यसका लागि हामीले सकारात्मक सोच्न सक्ने आफ्नो क्षमतालाई हरेक दिन तिखार्दै लानु पर्छ । देहायका केहि अभ्यासहरू गरे हामीमा यो क्षमता विकाश हुन सक्ने कुरा अध्ययनले देखाएको छ :

- आफु माथि र आफ्नो योग्यता/क्षमतामा विश्वास राख्ने ।
- आफुलाई सधै माया तथा सम्मान गर्ने र खुसी रहने प्रयास गर्ने ।
- अरुको लागि केहि राम्रा कुरा गर्ने जसले उनीहरूलाई खुसी बनाउछ ।
- आफ्नो जिवनमा भएका राम्रा कुराहरू प्रति सधै कृतज्ञता महसुस गर्ने ।
- आफ्ना नकारात्मक सोचहरूलाई पहिचान गरी त्यसमा हुने सकारात्मक कुरा प्रति केन्द्रित रहने ।
- आफू सधै हास्ने र आफूलाई खुसी पार्ने साथीभाईहरूसंग समय बिताउने ।

आजको दिनमा मानिसहरूको लागि सबै भन्दा महत्वपूर्ण तथा आवश्यक कुरा भनेकै मानसिक स्वास्थ्य रहेको छ । अफिसमा काम गर्ने मानिसहरूमा त झन् यो एउटा चुनौतको रुपमा देखिन थालेको छ । तसर्थ आफू काम गर्ने कार्यक्षेत्रमा सकारात्मक सोच कसरी ल्याउन सकिन्छ र यसले हाम्रो जिवनलाई के कस्तो असर पार्छ भन्ने कुराको छलफछ गर्न जरुरी भएको छ । गौतम बुद्धले भनेका छन् “The Mind is Everything. What you think you become.”। तसर्थ, एक सफल व्यक्ति बन्नको लागि हामीले हाम्रो मानसिक स्वास्थ्यलाई ध्यान दिदैं आफ्नो घर परिवार तथा कार्यक्षेत्रमा समेत सकारात्मक सोचको विकास गर्नु हाम्रो नै दायित्व रहेको छ ।

कार्यक्षेत्रमा सकारात्मक सोचको सुरुवात कसरी गर्न सकिन्छ ?

- आफ्नो काम र परिवारलाई सन्तुलनमा राख्ने ।
- टोली खेलाडी (Team Player) बन्ने ।
- सबैको स्वामित्व हुने गरी यथार्थपरक लक्ष्य/गन्तव्य निर्धारण गर्ने ।
- कार्य योजना बनाई गन्तव्य तर्फ दैनिक एक पाइला अगाडि बढ्ने ।
- सबैप्रति प्रोत्साहनजनक र सहानुभूतिपूर्ण व्यवहार

गर्ने ।

- आफुलाई सकारात्मक रुपले हेर्ने ।
- आत्म विश्वास जगाउने र जुनसुकै काम गर्न सक्छु भन्ने आँट राख्ने ।
- आफ्नो नियन्त्रणमा भएको कुरामा मात्र केन्द्रित रहने, रे/अरेका कुराहरूको पछाडी आफ्नो अमुल्य समय बर्बाद नगर्ने ।
- सधै गुनासो मात्र नगर्ने, सम्भाव्य समाधानका उपायहरूको खोजी गरी सम्बन्धित ठाँउमा आफ्नो विचारहरू राख्ने ।
- आफू भन्दा माथिका कर्मचारीहरूको सम्मान गर्ने र तलका कर्मचारीहरूलाई माया गर्ने ।
- सबैसंग राम्रो संचार (better communication) कायम राख्ने ।
- बिहान उठ्ने वित्तीकैको सकारात्मक सोचले सम्पूर्ण दिनलाई परिवर्तन गर्न सक्ने कुरालाई आत्मसात गर्ने ।
- सधै नयाँ काम सिक्न र सिकाउन तत्पर रहने ।

कार्यक्षेत्रमा सकारात्मक सोचका फाइदाहरू :

- तनाव घटाउने र त्यसको व्यवस्थापन गर्न सक्ने क्षमताको बृद्धि हुने ।
- काम गर्ने क्षमताको अभिबृद्धि भई कार्यसम्पादन उत्कृष्ट हुने ।
- नेतृत्व गर्न सक्ने क्षमताको बृद्धि हुने ।
- जस्तो सुकै चुनौतिहरूको सामना गरी पार गर्न सक्ने क्षमताको बृद्धि हुने ।
- आफ्नो संस्थाको लक्ष्य प्राप्तीमा आफू र आफ्ना सहकर्मी साथीहरूलाई समेत पूर्ण रुपले लगाएर सबैको वृती (Career) को विकास हुने ।
- सहि मनोवृत्ति (Attitude) को विकास हुने, आदि ।

सोचका तहहरू :

दुईवटा उच्च स्तरीय र दुईवटा निम्न स्तरीय सोचहरू हुन्छन् । उच्च स्तरीय सोच अन्तर्गत शुद्ध र उत्पादनशील तथा रचनात्मक सोच पर्छन् भने निम्न स्तरीय सोच अन्तर्गत अनुत्पादक र बिध्वंशात्मक सोच पर्छन् ।

डर, चिन्ता, असुरक्षा, पराजय, अभाव, घृणा, शक्तीहिनता, उत्साहहिनता जस्ता कुराहरू मनमा रहनाले अनुत्पादक तथा बिध्वंशात्मक वा नकारात्मक सोचको निर्माण हुन्छ भने आत्मविश्वास, भरोसा, आशा, साहस, शक्ती, प्रेम, माया, उदारता, सहनशीलता, क्षमाशीलता, सुरक्षाभाव, भातृत्व, उर्जाभाव आदि शुद्ध तथा रचनात्मक एवम् उत्पादनशील सोच अर्थात् उच्च स्तरीय सोच हुन् जसले मानिसलाई सकारात्मक र भविष्यप्रति आशावादी र कर्मशील भई आफ्नो भाग्य आफै निर्माण गर्ने तहसम्म पुऱ्याउछ ।

निष्कर्ष :

निरन्तर जे सोचिन्छ त्यही सत्य बन्न जान्छ । त्यसैले सँधै सकारात्मक सोच राख्न एकछिन पनि ढिलाई गर्नु हुन्न । धेरै जसो मानिसको सोच नकारात्मक हुने गर्छ किनभने उसले जान्ने बुझ्ने भए देखिनै विहान देखि बेलुकासम्म आफ्नो परिवार, साथीभाई, समाज वा सुचनाका विभिन्न स्रोतबाट हत्या, आत्महत्या, अपहरण, असफलता, धोका, लुट, आगजनी, दुर्घटना, भुतप्रेत, आदि जस्ता कुराहरू सुन्ने र पढ्ने गर्छ । परिणामतः यस्ता नकारात्मक घटनाहरूले मन मस्तिष्कमा यस्तो डेरा जमाउन पुग्छ कि मानिस कहिलेकाहीं मानसिक रोग (डिप्रेसन) को शिकार बन्न जान्छ ।

नकारात्मक सोच हटाउँछु भनेर हट्ने होइन । नकारात्मक सोच हटाउने कुरा मनमा ल्याई रहयो भने यो झन आक्रमक भएर आउन थाल्छ । यसलाई हटाउने उपाय भनेको नियमित ध्यान, प्रणायाम, व्यायाम लगायत आफुलाई खुसी राख्ने, आफ्नो काममा आनन्दीत हुने, आफुलाई शान्तस्वरुप आत्माको रुपमा लिने तथा माया, प्रेम, सदभाव र सम्मानलाई उच्च दर्जामा राख्ने अभ्यास गर्न थालियो भने सकारात्मक सोचको बढोत्तरी भई नकारात्मक सोचहरू घट्दै र विलाउदै जान्छन् । अतः सकारात्मक सोच नै जीवनको आधार हो भन्ने कुरालाई आत्मसात गर्दै अघि बढ्ने प्रण गरौं ।

अन्त्यमा,

"Self-discipline begins with the mastery of your thoughts. If you don't control what you think, you can't control what you do." by Napoleon Hill

"Successful people always have two things on their lips. "Silence and Smile"

लेख

लघुवित्तको समस्या ढाकछोप गर्दा बेथिति बढ्यो, नियन्त्रणमा छैन चासो

यज्ञ बञ्जाडे
पत्रकार

भूमिका

ग्रामीण भेगका विपन्न र सीमान्तीकृत वर्गको वित्तीय पहुँच विस्तार र आयआर्जन वृद्धि गरी मुलुकको आर्थिक उन्नतिमा योगदान गर्ने मुख्य उद्देश्यले लघुवित्त वित्तीय संस्था स्थापना भएका हुन्। न्यून आय भएका व्यक्तिलाई सदस्य बनाई तिनीहरूबाट नियमित बचत संकलन गरी सामूहिक जमानीमा कृषि तथा लघु उद्यम व्यवसाय सञ्चालन गर्न बिनाधितो लघु कर्जा प्रवाह गर्नु यिनको काम हो।

यिनले आफ्ना सदस्य वा अन्य व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम तथा लघु व्यवसाय कर्जा प्रवाह गर्न पनि पाउँछन्। विश्वभर नै लघुवित्त संस्थाहरूको उद्देश्य साना कर्जा लगानीका माध्यमबाट गरिबी निवारणमा सघाउनु र कृषि वित्त, ग्रामीण वित्त तथा मूल्य शृंखला आधारित वित्तीय सेवा प्रदान गर्नु हो। परन्तु नेपालका लघुवित्तहरू उल्लिखित उद्देश्य पूरा गर्नबाट सर्वथा चुके। चरम बेथितिबाट गुज्रिएका कारण पछिल्लो समय लघुवित्तको अस्तित्वमाथि प्रश्न उठेको छ। उद्देश्यबाट विचलित भएकै कारण अपवादबाहेक यस्ता संस्थाहरूका काम कारबाही सन्तोषजनक भएन। यहीकारण सेवाग्राहीहरू गठित रूपमै लघुवित्त वित्तीय संस्थाको विरोधमा उत्रिए। परिणाम स्वरूप नियामक निकाय राष्ट्र बैंकले निकै कसिलो नीति ल्यायो। यसको मारमा अहिले लघुवित्त र सेवाग्राही स्वयम पनि परेका छन्। जसकाकारण लघुवित्त वित्तीय संस्थाले नत खुलेर व्यवसाय गर्न पाएका छन् नत सेवासुविधा विस्तार नै।

कसरी आयो यो अवस्था ?

सुरुमा लघुवित्त वित्तीय संस्थाहरू सही बाटोमै थिए। उद्देश्य अनुसार लघुवित्तीय सेवा प्रवाह गरिरहेकै थिए। जब राष्ट्र बैंकले वाणिज्य बैंकहरूको सहायक कम्पनीको रूपमा लघुवित्तको लाइसेन्स दियो। त्यही दिनदेखि यो क्षेत्रमा बिकृतिको बिजारोपण भयो। उनीहरूले लघुवित्तीय सेवाका लागि भन्दा पनि छिटो धेरै कमाउने माध्यम लघुवित्त वित्तीय संस्थालाई बनाए। नयाँ संस्थाले जसरी हुन्छ धेरै नाफा कमाउने भन्न थालेपछि पुरानाहरूले पनि सोही प्रवृति अबलम्बन गर्न थाले। यो प्रवृति बढ्दै गएपछि बल्ल बाहिर छताछुल्ल भएको हो।

खास गरी केही संस्थाहरू सदस्य (ऋणी) को हितलाई बेवास्ता गर्दै जसरी भए पनि धेरैभन्दा धेरै मुनाफा आर्जन गर्ने ध्याउन्नमा लागेकाले समस्या निम्तिएको हो। ब्याजदर अति महँगो भएकैले लघुवित्तहरू साहू-महाजन र सुदखोरहरूभन्दा चर्को भएको गुनासो पीडितको छ। राष्ट्र बैंकले सीमा तोकिदिए पनि प्रायः लघुवित्तले

घुमाउरो बाटाबाट अधिक सेवाशुल्क लिइरहेका थिए । थोरै अवधि (मासिक/त्रैमासिक) का लागि कर्जा प्रवाह गर्ने, पुरानो कर्जाको अवधि सकिनुअगावै आफैं थप रकम दिएर चुक्ता गर्न लगाउने र पुनः नयाँ कर्जा प्रवाह भएको देखाउने अधिकांशको प्रवृत्ति रह्यो । यसो गर्दा हरेक पटक सेवाशुल्क लिइन्छ, जसबाट सेवाग्राहीलाई ब्याजदर महँगो पर्छ। लघुवित्तको खराब कर्जा धेरै कम देखिनुको कारण पनि यही हो। उनीहरूको यो बठ्याइँले सबै कर्जालाई असल देखाए पनि ऋणीलाई ऋणको भारले थिचिरहेको हुन्छ।

बहुबैंकिङ (मल्टिपल फाइनान्सिङ) पनि समस्याको मुख्य कारण देखाइयो । राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा गठित समितिले तयार पारेको अध्ययन प्रतिवेदनले पनि एकै व्यक्तिले २३ वटा लघुवित्तबाट ५२ लाख सम्म ऋण लिएको देखाएको छ । जुन लुघवित्तको मूल्यमान्यता र नियामक निकायको निर्देशन विपरित हो ।

विगतमा लघुवित्तले एक जनालाई बिनाधितो ७ लाख र धितोमा १५ लाख रूपैयाँभन्दा बढी ऋण दिन नपाइने व्यवस्था थियो । यद्यपि यो प्रत्येक लघुवित्तले एक जना ऋणीलाई प्रदान गर्ने कर्जा-सीमा होइन। सबै लघुवित्तले एक ऋणीलाई यसभन्दा बढी कर्जा दिन पाइँदैन भन्ने हो। तर, राष्ट्र बैंकले प्रभावकारी नियमन गर्न नसक्दा लघुवित्तमा बहुबैंकिङ समस्या झाँगिँदै आयो । यिनै विचलनका कारण लघुवित्तविरुद्धमै आवाज उठ्न थाल्यो । 'लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समिति' का नाममा केही व्यक्तिहरू पटक पटक आन्दोलनमा उत्रिने गरेका छन् । लघुवित्त वित्तीय संस्थाको इजाजत खारेजदेखि सामूहिक रूपमा ऋण मिनाहासम्म गर्नुपर्ने उनीहरूको माग छ। सरकारबाट इजाजत पाएर वित्तीय कारोबार गरिरहेका संस्थाका गतिविधिविरुद्ध आन्दोलन हुने अवस्था आउनुले राम्रो सन्देश दिइरहेको छैन। यसबाट आफ्नो उद्देश्य र नियामक निकायको निर्देशनभित्रै रहेर प्रभावकारी रूपमा सेवा प्रदान गरिरहेका केही लघुवित्तहरू अनाहकमा ओझेलमा परेका मात्र छैनन्, लघुवित्तको समग्र अवधारणामाथि नै संशय प्रकट भइरहेको छ। हुन पनि, यी बेथिति नसुधारिए लघुवित्त मात्र नभएर मुलुकको समग्र वित्तीय प्रणालीमै असर पर्छ।

> नियामक निकायको निर्देशनभित्रै रहेर प्रभावकारी रूपमा सेवा प्रदान गरिरहेका केही लघुवितहरू अनाहकमा ओझेलमा परेका मात्र छैनन्, लघुवितको समग्र अवधारणामाथि नै संशय प्रकट भइरहेको छ ।

कमजोरी कसको ?

लघुवित्त क्षेत्रमा यो अवस्था आउनुमा नियामक निकाय देखि सबै सरोकारवालाहरूको दोष छ । सबैभन्दा ठूलो दोषी राष्ट्र बैंक हो । आफैले लाइसेन्स दिएको संस्थालाई प्रभावकारी रूपमा नियमन गर्न नसक्नु उसको ठूलो कमजोरी हो । नेपालका नियामक निकायहरूमध्ये राष्ट्र बैंक सबैभन्दा बलियो संस्था हो भन्नेमा द्विविधा छैन् । तर लघुवित्त वित्तीय संस्थाको सम्बन्धमा राष्ट्र बैंक चुकेकै हो । एकातिर मनपरी लाइसेन्स वितरण गर्ने अर्कोतिर नियमन सुपरभिजन प्रभावकारी बनाउन नसक्नु नै राष्ट्र बैंकको मुख्य कमजोरी हो । किनकी लघुवित्तीय संस्थामा बिकृति आउन थालेको छ भन्नेबार उसलाई एक दशअघि नै जानकारी थियो । २०७५ सालमा राष्ट्र बैंकले गरेको एक अध्ययनले पनि लघुवित्तका ऋणी घरपरिवारमध्ये ७० प्रतिशतले एकभन्दा बढी संस्थाबाट ऋण लिएको, बढि ब्याज असुली गरेको, सेयर बजारमा चलखेल हुने गरेको लगायत कैफियत देखाएको थियो । राष्ट्र बैंकको निर्देशनविपरीत आवास निर्माण, घरजग्गा, टेलिभिजन, मोबाइल खरिद गर्न लगायत अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह गरेका लघुवित्तले ऋणीलाई स्वीकृत कर्जाको सबै रकम नदिएर कम्तीमा एक किस्ता आफ्नै संस्थामा बचत गर्न लगाउनेसम्म गरेका थिए । यसो गर्दा ऋणीले सबै रकम एकै पटक उपयोग गर्न पाउँदैनन् भने संस्थालाई स्वतः बचत प्राप्त हुन्छ।

तर, किस्ता भने कुल ऋणबाटै तिर्नुपर्छ। त्यतिबेलै यी कैफियत समाधानमा लागेको भए, समस्याले यति ठूलो रूप लिदैनथ्यो । यी सबै गल्ति हुँदा हुँदै पनि राष्ट्र आँखा चिम्लेर बसेपछि लघुवित्तले पनि गल्ति गर्दा पनि कारवाही हुँदो रहेनछ भन्ने प्रश्रय पाए । लघुवित्त संस्था कमाउन गएका हुन, उनीहरूले जसरी भएपनि कमाउन खोज्छन भन्ने जानकारी हुँदा हुँदै पनि उनीहरूको गल्तिमा राष्ट्र बैंक आँखा चिम्लेर बस्न हुन्थेन । यहाँ संस्थाहरूको दोष छैन भन्न खोजेको होइन । राष्ट्र बैंकबाट लाइसेन्स सञ्चालन भएपछि नियामक निकायको निर्देशन, लघुवित्त वित्तीय क्षेत्रको उद्देश्य, मूल्य र मान्यता पालना गर्नु पर्थ्यो । नाफामात्र उद्देश्य राख्ने र त्यो पाउनका लागि जे पनि गर्ने प्रवृतिले नेपालम लघुवित्तीय मोडेल असफलताको संघारमा पुगेको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले लघुकर्जा उपलब्ध गराउनुअघि सम्बन्धित कार्यको मूल्यांकन गरी सम्भाव्यता जाँच्ने जिम्मेवारी लघुवित्तलाई नै दिएको छ। तर, प्राय: संस्थाले ऐन पालना गरेका छैनन्। उल्टो, घरमै पुगेर उनीहरूले कर्जा लिन प्रलोभन र दबाबसम्म दिने गरेको पाइएको छ। धेरै संस्थाले आग्रह गरेकाले आफूहरू एकभन्दा बढीबाट कर्जा लिन बाध्य भएको गुनासो ऋणीहरूको छ। यसरी ऋणीको कर्जा भुक्तानी क्षमता, आम्दानीको स्रोत, कर्जा उपयोगिता लगायत पक्ष बेवास्ता गरी जसरी भए पनि ऋण लगानी गर्ने सोचले पनि आजको अवस्था आएको हो। तसर्थ सरकार, नियामक निकाय, लघुवित्त संस्था, सञ्चालकलगायतका सरोकारवालाले आआफ्नो कमी कमजोरी स्वीकारेर नयाँ बाटोबाट अघि बढ्न जरुरी छ।

कहाा चुके नियामक निकाय र संस्था ?

लघुवित्त क्षेत्रमा बेथिति मौलाउनुमा सम्बन्धित संस्था मात्र होइन, नियामक निकाय राष्ट्र बैंक र ऋणीहरू पनि जिम्मेवार छन्। संस्थाहरूले अवाञ्छित तवरबाट आफ्नो मात्र हित हेर्दा, राष्ट्र बैंकले प्रभावकारी नियमन नगरेकाले र ऋणीले पनि आफ्नो क्षमता नहेरी पाएजति रकम लिएर उचित व्यवस्थापन नगरेकाले समस्या निम्तिएको हो। कतिपय ऋणीहरू ऋण तिर्न नसक्ने अवस्थामा पुगेका हुन् ।

> संस्थाहरूले अवाञ्छित तवरबाट आफ्नो मात्र हित हेर्दा, राष्ट्र बैंकले प्रभावकारी नियमन नगरेकाले र ऋणीले पनि आफ्नो क्षमता नहेरी पाएजति रकम लिएर उचित व्यवस्थापन नगरेकाले समस्या निम्तिएको हो ।

७७ वटै जिल्लामा गरी करिब ५९ लाख घरपरिवारले लघुवित्त सेवा लिएका छन्, जसमध्ये ९७ प्रतिशत महिला छन् । लघुवित्तले उनीहरूलाई पैसा, सीप मात्र नभएर एउटा वित्तीय प्रणाली (चक्र) नै प्रवाह गरेको थियो । मानिसहरूले एउटा संस्थाबाट ऋण लिन्थे आफ्नो आवश्यकता अनुसार उपयोग गर्थे र तिर्ने बेलामा अर्को संस्थाबाट ऋण लिएर पुरानो संस्थालाई चुक्ता गरिदिन्थे । यसरी नै उनीहरूको वित्तीय चक्र चलेको थियो। विकृतिले चर्को रूप लिन थाल्यो भन्दै राष्ट्र बैंकले ०७९ फागुनमा निर्देशन जारी गरेर एकभन्दा बढी संस्थाबाट ऋण लिन नपाइने र ऋणको सीमा पनि घटाइदियो । यो निर्देशनले लघुवित्त क्षेत्रको समस्या समाधान गरेन बरु थप बल्झाइदियो । अहिले पनि उनीहरूले ७ लाख रूपैयाँसम्म ऋण लिन त पाउँछन् । तर, एउटा संस्थामा एक हजार मात्र ऋण तिर्न बाँकी रहेछ भने त्यो भुक्तानी नगरेसम्म अर्कोबाट ऋण लिन पाइदैन । यसकारण उनीहरू खुम्चिएर बसेका छन् । यसबारेमा राष्ट्र बैंक पनि जानकार छ । यही समस्या समाधान गर्नका लागि भन्दै राष्ट्र बैंकले गरेको अध्ययन प्रतिवेदनले केही समयका लागि एक व्यक्तिले बढीमा तीनवटा संस्थाबाट ऋण लिन पाउने व्यवस्था गर्न सुझाएको छ। तर, प्रतिवेदन आएको करिब डेढ वर्षसम्म उक्त सुझाब कार्यान्वयनमा ल्याएको छैन । लघुवित्तमा देखिएको समस्या समाधानका लागि प्रतिवेदनले धेरै विषय सुझाएको छ । तीमध्ये अधिकांश कार्यान्वयनमा

आएका छैनन । यसले राष्ट्र बैंकको काम कारवाहीमा पनि प्रश्न उठाएको छ ।

अबको बाटो

अहिले समग्र वित्तीय क्षेत्र नै अप्ठेरो अवस्थामा छ । एकातिर वित्तीय प्रणालीप्रति नै नागरिकको विश्वास कम भइरहेको छ भने अर्कोतिर अर्थतन्त्र शिथिल हुनुको प्रत्यक्ष मारमा यो क्षेत्र छ । विभिन्न तहको बैकिङ प्रणालीमध्ये सबैभन्दा मारमा लघुवित्त छ । अहिले लघुवित्त भन्दा वित्तिकै नाक खुम्चाउने अवस्था छ । यतिधेरै संस्थामध्ये सबै लघुवित्त खराब छैनन । अहिले पनि निरन्तर रूपमा केही संस्थाले राम्रो सेवा दिदै आएका छन् । तर, केही खराब संस्था भएकाले सबैलाई एउटै डालोमा राखेर यो क्षेत्र नै खराब भन्दै सामान्यीकरण गरिदै आएको छ । लघुवित्त प्रणालीलाई नै असफल बनाउन लागिएको छ । यो अर्को डरलाग्दो अवस्था हो ।

> लघुवित्तको काम कारवाही, कमिकमजोरी सुर्धानु पर्ने अवस्था पक्कै छ । तर, लघुवित्तको विकल्प खोज्ने बेला अहिले नेपालमा भएको छैन ।

लघुवित्तको काम कारवाही, कमकमजोरी सुर्धानु पर्ने अवस्था पक्कै छ । तर, लघुवित्तको विकल्प खोज्ने बेला अहिले नेपालमा भएको छैन । संविधानकै व्यवस्था अनुसार ७५३ वटै स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगेका छन् । यसैलाई देखाएर सबै पालिकामा वित्तीय सेवा पुग्यो भनेर गरिएको विश्लेषण गलत हुन्छ । शाखा पुग्दैमा सबैका लागि सबै वित्तीय सेवा पुग्दैन । अहिले पनि नेपालको ग्रामिणभेगमा सहज तरिकाले लघुसवत्तीय सेवा लघुवित्त संस्थाले मात्र दिएरहेका छन् । यसमा उनीहरूको अनुभव, विज्ञतामात्र नभएर उनीहरू स्थानीय भुगोल र नागरिकसँग पनि घुलेका छन् । यसकारण लघुवित्तबाट ऋण लिन ग्रामिण भेगका विपन्न नागरिकले सहज अनुभव गर्छन । जुन सहजता वाणिज्यलगायत बैंकबाट उनीहरूले पाउन सक्दैन ।

अन्त्यमा

पछिल्ला वर्षमा लघुवित्त र बचत तथा ऋण सहकारीहरूमा समस्या देखिन थालेको छ। अर्थतन्त्र चलायमान गराउनमा यी संस्थाहरूको हिजो महत्वपूर्ण भूमिका थियो। समस्या देखिनासाथ यी संस्थाहरूसँग जोडिएका लाखौं मानिस तथा घरपरिवारले वित्तीय पहुँच गुमाएका कारण पनि अर्थतन्त्रमा मन्दी देखिएको हो। यी संस्थाहरूको नियमनका लागि दोस्रो तहको छुट्टै नियमनकारी निकाय स्थापनाबारे ऐनमा उल्लेख भए अनुसार संस्था खडा नगरिएकाले पनि मुलुकमा उद्यमशीलताको वातावरण बन्न सकेको छैन।

पछिल्लो समयमा नेपालको वित्तीय प्रणालीलाई असफल बनाउन संगठित रूपमै लाग्नेको जमात बढ्दो छ। उनीहरू लघुवित्तलगायत विद्यमान वित्तीय प्रणालीलाई असफल देखाएर पुरानै मिटरब्याजी, साहुमहाजन, सुदखोरलगायतलाई सक्रिय बनाउन चाहन्छन् । यो झनै डरलाग्दो अवस्था हो। यसले सृजना गर्ने विकृति कल्पना पनि गर्न सकिदैन ।

यसकारण सरकार, राष्ट्र बैंक, लघवित्त वित्तीय संस्थालगायत सबै सरकारवालाहरू मिलेर लघुवित्त क्षेत्रको समस्याको तत्काल निकास निकाल्न ढिलो भइसकेको छ । गल्ति गर्नेलाई कारवाही र राम्रो गर्नेलाई प्रोत्साहनको नीति सरकारले अबलम्बन गर्नुपर्छ। समस्या बल्झाएर बसिरहनुको साटो छिटो समाधानका निकास दिदाँ उचित हुन्छ। पछिल्ला महिनाहरूमा समग्र वित्तीय प्रणालीमै समस्य देखिएको छ। नेपालको एकमात्र व्यवस्थित, पारदर्शी यो क्षेत्रलाई कमजोर बनाइयो भने त्यसको ठूलो मूल्य राज्यले चुकाउनुपर्छ । यसबारेमा सबैको ध्यान जाओस ।

सफलताको कथा

सा.कि.कृ.स.सं. निग्लिहवाले साना किसानहरूको आत्मबल बढायो

एकका लागि सबै र सबैका लागि एक भन्ने नारालाई आत्मसाथ गर्दै ग्रामीण स्तरमा असंगठित रूपमा रहेका न्यून आयस्तरका कृषक र कुनै प्राविधिक ज्ञान, सीप नभएका महिला साना किसानहरूलाई समूहमा संगठित गरी सामुहिक भावनाको विकास गराई समूह मार्फत उनीहरूकै इच्छा र आवश्यकतानुसारका कार्यक्रमहरू तर्जुमा गरि, कार्यान्वयनमा समेत उनीहरूलाई नै प्रत्यक्ष रूपमा सहभागी गराई सामाजिक एवं आर्थिक अवस्थाको विकास गराउन राजनैतिक पुर्वाग्रहरहित स्वशासित स्वावलम्बी र आत्मनिर्भर बन्नका लागि साना किसान कृषि सहकारी संस्था लि.मोतिपुरको विशेष सक्रियता र साना किसान विकास बैंकको सहयोगमा अनुसरण कार्यक्रम बमोजिम साना किसान कृषि सहकारी संस्था लि. निग्लिहवा नामकरण गरी मिति २०७३/०९/१३ मा विधिवत रूपमा डिभिजन सहकारी कार्यालय तौलिहवामा दर्ता भई व्यवस्थित रूपमा सञ्चालित रहेको छ । यस संस्थाले शेयर सदस्यहरूको आर्थिक, सामाजिक र शैक्षिक स्तर अभिवृद्धि गर्ने दिगो, वित्तीय रूपले सक्षम, विश्वासिलो, भरपर्दो र आत्मनिर्भर सामुदायिक वित्तीय एवं व्यावसायिक संस्थाको रूपमा स्थापित हुने भनि परिकल्पनाको साथै, गरिब किसानहरूको बृहत्तर हितको लागि स-सानो पुँजीलाई एकत्रित गरी सदस्यहरूको सेवा हितमा समर्पित रहदै अगाडि बढिरहेको छ ।

सहकारी आन्दोलनलाई सजीव र गतिशील बनाउन संस्थाले आफ्ना सदस्यहरूलाई समयानुकूल ग्रामीण समुदायको आर्थिक तथा सामाजिक विकासका लागि नवीनतम कार्यहरू गरिरहेको छ। कृषिलाई व्यावसायिकरण गर्दै दुग्ध उद्योगको स्थापना गरी दुग्धको उत्पादन, प्रशोधन तथा बिक्री वितरणको राम्रो प्रबन्ध मिलाएको छ । गरिब कृषकहरूलाई सहकारी शिक्षा, वित्तीय साक्षरता, व्यावसायिक तालिम, क्षमता विकास, र इच्छुक कृषकहरूलाई विभिन्न प्रकारका स्रोत साधनहरू उपलब्ध गराई उद्यमशीलताको विकासमा थप टेवा पुऱ्याएको छ। डेरी उद्योगले रोजगारी सृजना गरी गरिबी न्यूनीकरण र सीमान्तकृत समुदायको सशक्तिकरणमा योगदान पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको प्रष्ट देखिन्छ। यहाँ पशुपालक र तरकारी खेती गर्नेहरूको संख्या दिन प्रतिदिन वृद्धि भइरहेको छ । जसले गर्दा कृषकहरूको आयस्रोतमा वृद्धि भई उनीहरूको जीवनस्तर माथि उठेको देखिन्छ। कहिले काँही दुग्ध, माछा, बंगुर, कुखुरा, तोरी, धान, गहुँ, मकै र तरकारीहरूले उचित बजार मूल्य नपाउँदा किसानहरू दुखित एवं पिडित हुने गरेको संस्थाको अध्यक्ष र प्रबन्धक द्वयको बुझाई छ । साथै, राज्यले किसानका खातिर नीतिगत सुधार, क्षमता विकास, वित्तमा पहुँच, पूर्वाधार विकास, बजार विश्लेषण, व्यावसायिक तालिम र उत्पादित वस्तुका लागि बजार पहुँचको ग्यारेन्टी गर्न सके साना किसानहरूको आत्मबल झन बढ्ने थियो भनि वहाँहरूले सुझाउनु पनि भयो । २०८१ जेठ मसान्तसम्म संस्थामा २५० वटा समूह, २ हजार ३ सय २ जना सदस्य, ९६ लाख ४९ हजार शेयर,

शेरबहादुर चौधरी
शाखा प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, बुटवल, रूपन्देही

६६ लाख ७१ हजार जगेडा कोष, ९ करोड ४३ लाख १७ हजार निक्षेप गरी कुल ११ करोड ६ लाख ३७ हजार आफ्नै स्रोत निर्माण गर्न सफल भएको छ भने, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बाट पनि १२ करोड ३६ लाख कर्जा लिई साना किसानहरूलाई कर्जा प्रवाह तथा दुग्ध उद्योग सञ्चालनमा प्रयोग गरेको पाइन्छ । सदस्यहरूको निक्षेप फिर्ता गर्नको लागि सहकारीको प्रचलित नियमानुसार तरलताको व्यवस्था मिलाएको छ । जसले गर्दा किसानहरूलाई बैंक खोज्दै बाहिर जानु नपर्ने भए पछि झन ढुक्क भई उनीहरूको आफ्नै व्यवसायमा समर्पित हुन थप आत्मबल बढाएको देखिन्छ । संस्थाले २ कट्ठा १ धुर जग्गा खरिद गरी विभिन्न दातृ निकायहरूको सहयोगमा डेरी उद्योग सञ्चालनार्थ आफ्नै भवन निर्माणसमेत गरिसकेको छ । लरर २२ करोड, १४ लाख ४९ हजार, कुल नाफा ६४ लाख ३० हजार र असूलीदर ९५% कायम गरेको पाइयो । त्यसै गरी, आ.ब.२०७९/८० मा ७ वटा दुग्ध संकलन केन्द्रहरूबाट जम्मा ६ लाख १९ हजार २ सय ७५ लिटर दुग्ध संकलन तथा २१ जनालाई प्रत्यक्ष र ६९० जनालाई अप्रत्यक्ष रोजगारी प्रदान गर्न सफल भइएकोमा संस्थाको अध्यक्ष र प्रबन्धकले गर्वसाथ ब्यक्त गर्नु भयो । कृषि तथा दुग्ध उद्योग तर्फ मात्र ५ करोड ८३ लाख २९ हजार ९ सय ४१ रूपैयाँ आम्दानी तथा ५ करोड ७८ लाख १३ हजार ४ सय ३७ रूपैयाँ खर्च भई कुल ५ लाख १६ हजार ५ सय ४ रूपैयाँ नाफा (डेरी तर्फको मात्र) आर्जन गर्न सफल भएको भनि खुसि मुद्रामा संस्था प्रबन्धक श्री बसन्त मुराउज्यूले सुनाउनुभयो । संस्थाले हालसम्म गरेको केही महत्वपूर्ण कार्यक्रमहरू यस प्रकार रहेका छन् : (१) साना किसान दुग्ध उघोग स्थापना (२) भकारो सुधार तथा साना सिंचाई कार्यक्रम (३) रेमिटान्स सेवा (४) व्यावसायिक पशुपालन/कृषि तालिम (५) उन्नत जातको घाँसको बीउ वितरण कार्यक्रम (६) माटो परीक्षण शिविर (७) बेसाहारा (अनाथ) बच्चाहरूलाई शैक्षिक सामग्री तथा खाद्यान्न सहयोग (८) पशु प्रजनन परीक्षण शिविर (९) भेटेनरी सेवा सञ्चालन (१०) गाई/भैंसीको साना व्यावसायिक कृषि उत्पादन (पकेट) कार्यक्रम (११) च्याउको बीउ वितरण तथा उत्पादन कार्यक्रम (१२) प्रसुति स्याहार कार्यक्रम (१३) फलफूलको विरुवा वितरण कार्यक्रम (१४) ऋण बीमा कार्यक्रम (१५) कारोना महामारीमा सहयोग (१६) पशुधन सुरक्षण (पशु बीमा) कार्यक्रम (१७) सदस्य सुरक्षण योजना (१८) सीप परियोजना (Skill for employment program) (१९) मलखाद विक्री वितरण (२०) स्वच्छ भान्सा परियोजना (२१) दुग्ध उत्पादनमा आधारित प्रतिफल कार्यक्रम (२२) कपिलवस्तु नगरपालिका वडा नं. ९ अवस्थित अस्थायी प्रहरी पोष्टलाई आर्थिक सहयोग (२३) मकै खेती प्रवर्द्धन कार्यक्रम (२४) एक घर एक करेसाबारी कार्यक्रम (२५) सहकारी शिक्षा, वित्तीय साक्षरता, अन्तर समूह सुदृढीकरण तालिम र सार्वजनिक सुनुवाइ तथा छलफल कार्यक्रम ।

यो सहकारी साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लगायत विभिन्न संघ/संस्थाहरूबाट समेत सम्मानित एवं पुरस्कृत भइसकेको छ ।

(१) साना किसानको समृद्धि : कृषिको रूपान्तरण र

उद्यमशीलताको विकास भन्ने नारा अन्तर्गत किसानहरूको समस्याहरूलाई घरबाटै समाधानका लागि प्रविधिमैत्री कृषि सेवा (जियो कृषि) प्रवाह गर्ने ।

(२) संस्थामा सुशासन कायम गर्ने साथै, सहकारी विभागको निर्देशानुसार COPOMIS प्रणालीमा सम्पूर्ण कारोबार अद्यावधिक गर्ने ।

(३) दुग्धको रकम भुक्तानी प्रणालीलाई सहजीकरण गरी प्रत्येक महिनाको मसान्तभित्र बचत खातामार्फत भुक्तानी गर्ने ।

(४) दुग्ध उद्योगको सम्पूर्ण चल अचल सम्पत्ती तथा मानव संसाधनहरूको अधिकतम सदुपयोग गरी दुग्धजन्य पदार्थहरू घ्यु, बटर, आइस क्रिम, कुल्फी, खोवा, दही, पनीर, छुर्पि र गुदपाक, पुष्टकारी इत्यादीको उत्पादन तथा बजार विस्तार गर्ने ।

(५) दुग्धको खरीद/विक्री प्रक्रियालाई डिजिटल (प्रविधिमैत्री) बनाई Automatic System लागू गर्ने ।

(६) पशुपालक किसानहरूलाई उपलब्ध गराईएको (लागत साझेदारीमा) घाँसको बीउ वितरण कार्यक्रमलाई निरन्तरता दिदै बहु बर्षे घाँस खेतीलाई प्राथमिकताकासाथ अगाडि बढाउने ।

(७) नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.सँगको सहकार्यमा माटो परीक्षण, उन्नत जातको बीउ विजन एवं जैविक मलको खरीद/बिक्री तथा रासायनिक दाना युरियाको विकल्पको रूपमा नानो युरिया उपलब्ध गराउने ।

(८) कृषि ज्ञान केन्द्र तौलिहवासँगको सहकार्यमा करिब ७० हेक्टर क्षेत्रफलमा मकै, सुर्यमुखी, मसुरो, चैते धान तथा वसन्ते तरकारी खेती गर्न अनुदान तथा लागत साझेदारीमा विस्तार गर्ने ।

(९) तरकारी खेती, गाई, भैंसी, बाखा बंगुर, कुखुरा, माछा पालनलाई व्यवसायिकरण गर्न व्यापक प्रचार प्रसार गर्ने साथै, निजहरूलाई साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय बुटवलसँगको सहकार्यमा सहुलियत दरको ग्रामीण उद्यम कर्जा उपलब्ध गराउने ।

(१०) विधुतीय बैंकिङ सेवाअन्तर्गत Mobile banking, Internet banking, Remittance transcation, निशुल्क QR Code,Visa Card & Coop Card विधुतीय वित्तीय सेवा सुविधा प्रदान गर्ने साथै यस प्रकारको सेवा, सुविधा उपभोगको आवश्यकता सम्बन्धी वित्तीय साक्षरता तालिम संचालन गर्ने ।

(११) नेपाल सरकारको समर्थन मूल्यमा धान खरिद/विक्री कार्यक्रम सञ्चालन गर्ने ।

(१२) पशुधन सुरक्षण वा म्यादी जीवन बिमा प्रोत्साहनलाई प्रोत्साहन गर्ने ।

(१३) क्रेडिट स्कोरिङ लागू गर्ने ।

(१४) शुन्य पीएआर (PAR) रणनीति लागू गरिने ।

(१५) साना किसान कृषि सहकारी संस्था लि. निग्लिहवाको जय, असूलीदर सय भन्ने नारा लागू गर्ने ।

अत्यमा, निग्लिहवाले कृषिको रूपान्तरण र उद्यमशीलताको विकास गर्न सहकारीताको अन्तराष्ट्रिय सिद्धान्त, व्यवहार, शिक्षा तथा चेतनालाई विस्तार गर्दै शेयर सदस्यका नितान्त सरोकारसँग तादाम्यता सृजना गरी सहकारीता एवं विश्वसनियता कायम गर्दै किसानहरूको आत्मबल बढाउन सधैं लागि रहने विश्वास लिएको छु । संस्थाको हितका खातिर अहोरात्र खटेर योगदान पुरयाउनु हुने कर्मचारी बर्ग, शेयर सदस्यहरू, संचालक समिति तथा अन्य उपसमितिका पदाधिकारीज्यूहरू र संस्थालाई ममता राखेर मार्गदर्शन गर्नु हुने सबैको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

लेख

थोक कर्जा लगानी : मेरो अनुभव

केशव राज पौडेल
वरिष्ठ अधिकृत
संस्थागत क्षमता विकास तथा नीति निर्माण विभाग

कर्जा भन्नाले रकम प्रवाह गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असुली गर्ने अधिकार तथा त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिईएको पुनरकर्जा, कर्जाको पुनरसंरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताको लागि गरिएको अन्य वचनवद्धता सम्झनु पर्छ ।

कुनै पनि वित्तीय संस्थाबाट लगानी हुने कर्जाको कर्जा लगानीपूर्व नै उक्त कर्जाको सही सदुपयोगिता र उक्त कर्जा उठ्न सक्ने क्षमताको प्रत्याभूति हुनु नितान्त आवश्यक छ। किनकी लगानी भएको कर्जा कहिले पनि जोखिम रहित हुँदैन । यसमा अत्याधिक जोखिम अर्न्तनिहित हुने भएकोले होला पुँजी पर्याप्तता/पुँजीकोष गणना गर्दा यो सम्पत्तीलाई दिईने जोखमको भार उच्च नै रहन्छ । त्यसैले कर्जा असुली समस्या होइन कर्जा लगानी समस्या हो । उचित र प्रभावकारी तरिकाले विश्लेषण गरी लगानी गरीएको कर्जा अरूको तुलनामा उठ्न सक्ने सम्भावना अत्यधिक रहन्छ । यसका लागि हामिले कर्जा लगानी पूर्व नै सावधानी अपनाउनु पर्छ । कर्जा लगानी पूर्व जति धेरै प्रभावकारी विश्लेषण गरिन्छ उत्तीनै समयमा नै कर्जा असुली हुने सम्भावना रहन्छ । यदि सहि तरिकाले गुणस्तरिय कर्जा लगानी गर्ने हो भने कर्जा लगानी कठिन हुनसक्छ तर असूली सहज हुनेछ ।

कर्जाको मिसिल तयार गरी पेश गर्ने अधिकारीले कर्जा लगानीका धेरै कानुनी व्यवस्थाहरू बारेमा जान्न जरुरी छ । कर्जा लगानी गर्नुपूर्व कानुनी व्यवस्थाअनुसार आवश्यक कागाजात तयार गर्नुपर्ने हुन्छ, अध्ययन र विश्लेषण गर्नुपर्ने हुन्छ, कर्जा नीति र कार्यविधिले तोकेका मापदण्ड पुरा गर्नुपर्ने हुन्छ, बेलाबेलाका परिपत्रको ख्याल र कार्यान्वयन गर्नु पर्ने हुन्छ । थोक कर्जा प्रदान गर्ने संस्था जसमा प्रयाप्त धितो नहुने भएकोले कर्जा मिसिल तयार गर्दा होस वा चेक जाँच होस वा स्वीकृत पूर्व होस प्रभावकारी कर्जा विश्लेषणका साथमा कर्जा लिनेको चरित्र, क्षमता, पुँजी, धितो र अवस्था पनि हेर्नुपर्छ। कर्जा विश्लेषण गर्ने क्रममा कति गहिराईसम्म पुग्ने भन्ने कुरा कर्जा विश्लेषण गर्ने कर्मचारीमा भर पर्दछ । कर्जा लगानीका क्रममा केही आधारभुत कुराहरू हेर्नै पर्ने हुन्छ ।

कर्जा स्वीकृत र लगानीपूर्व जान्नै पर्ने केही कुराहरू

(क) कानुनी कुराहरू :

१. कर्जा लगानी गरिने संस्थाको दर्ता, दर्ता नं., कारोवार गर्न पाएको अधिकार, कार्यक्षेत्र आदि

२. आफ्नो संस्थाको र कर्जा लगानी गरिने संस्थाको कर्जासँग सम्बन्धित नीति नियम र कानुनमा भएका व्यवस्थाहरू,

३. कर्जा लगानी सम्बन्धमा लगानी गरिने संस्थाको मुल कानुनमा भएको व्यवस्थाहरू,

४. वित्तीय संस्थासँग कारोवार गर्न आवद्धता भए/नभएको,

५. लगानी गरिने संस्थाको सन्दर्भमा कुनै कानुनी उल्झन वा समस्या भए/नभएको,

६. वित्तीय संस्थाको कानुन बमोजिम कर्जा लागनीको लागि आवश्यक कागजात र मापदण्ड पुरा गरेको/नगरेको,

७. संस्था कालोसुचीमा परेको/नपरेको,

८. वित्तीय संस्थाको नियमानुसार सञ्चालक समितिले कर्जा सम्बन्धमा गरेका निर्णहरूको प्रमाणित प्रतिलिपिहरू भए/नभएको आदि ।

(ख) सुशासनसँग सम्बन्धित कुराहरू :

१. उक्त संस्थाको शेयरको संरचना,

२. उक्त संस्थाको सञ्चालक समितिको संरचना,

३. सञ्चालक समिति, लेखा समति, कर्मचारी र एकाघर परिवारले संस्थाबाट कर्जा लिएको/वा नलिएको

४. माथि ३ अनुसार कर्जा लिएको भए सोको विवरण र भाखा नाघेको/ ननाघेको अवस्था,

५. सञ्चालक समिति, लेखा समिति र कार्यालय प्रमुखले अन्य संस्थाबाट कर्जा लिएको/नलिएको, भाखा नघाएको/नघाएको, कालोसूचीमा परेको/नपरेको,

६. संस्थाले अन्यत्रबाट कर्जा लिएको भए सो कर्जाको अवस्था,

७. संस्थामा सञ्चालक वा कार्यालय प्रमुखले पेश्की लिएको/नलिएको लिएको भए सोको अवस्था,

८. संस्थामा व्यवसायिक योजना भए/नभएको,

९. कर्जा सदुपयोगिताको अवस्था,

१०. सबैभन्दा धेरै ऋण लिने कम्तिमा २० जना सदस्यको ऋण र सोको अवस्था,

११. कानुनको परिपालना र नियमनकारी निकायहरूले दिएको सुझाव र निर्देशनको पालनको अवस्था आदि ।

१२. यस भन्दा अगाडी निरीक्षण अनुगमन गर्दा पाइएका कैफियतहरूको सन्दर्भमा सुधार/कार्यान्वयनको अवस्था,

(ग) वित्तीय सुचक सम्बन्धि कुराहरू :

१. सबैभन्दा पहिले उक्त संस्थाको कम्तीमा ३ आर्थिकवर्ष र कर्जा स्वीकृत गर्ने अघिल्लो महिनासम्मको वासलात, नाफा/नोक्सान र प्रगति विवरणको अध्ययन,

२. संस्थाको कुल सम्पत्तिमा कमाउने र नकमाउने सम्पत्तिको प्रतिशत,

३. कुल लगानीमा रहिरहेको ऋणमा कुल बचत र बाह्य ऋण र सोको प्रतिशतको अध्ययन,

४. भाखा नाघेको कर्जाको अवस्था, असूलीदर र सम्भव भएमा निष्कृय कर्जाको अवस्था समेत अध्ययन,

५. कर्जा जोखिमको कोषको अवस्था अध्ययन,

६. खुद नाफाको अवस्था अध्ययन,

७. सम्पत्ती र दायित्वको अवस्था अध्ययन,

८. संस्थामा नगद प्रवाहको अवस्थाको अध्ययन,

९. कुल सदस्य संख्या, ऋणी सदस्य संख्या, भाखा नघाउने ऋणी सदस्य संख्या र औषत कर्जाको अवस्था अध्ययन,

१०. कर्जा लगानी, लगानी गरेको ऋणको अवधि र कर्जा असुलीको अवस्था अध्ययन,

११. पुँजीमा प्रतिफल र ऋणमा प्रतिफल अधययन,

१२. नेटवर्थ घनात्मक वा ऋणात्मक के छ सोको अवस्था,

१३. कुल आन्तरिक स्रोतको अवस्था आदि ।

यी माथिका बाहेक पनि कर्जा लगानी गर्दा धेरै कुरा हेर्नु आवश्यक छ । कतिपय कुराहरू फिल्डमा नै गएर हेर्नु पर्ने हुन्छ भने कतिपय कुराहरू कार्यालयमा बसेर पनि हेर्न सकिन्छ ।

संस्थाबाट सदस्यलाई लगानी गरेको कर्जाको सम्बन्धमा तयार गरेका कागजातहरू, धितो मुल्याङ्कनको तरिका र अवस्था, कर्जा प्राप्त गरेका सदस्यहरूको कर्जा सदुपयोगिता अध्ययन, केही ऋणीहरूलाई सम्पर्क गरी उनिहरूले लिएको कर्जाको अवस्था अध्ययन, उक्त संस्थाको वित्तीय संस्थासँगको पहिलेको कारोवारको अवस्था, नेतृत्वको क्षमता र अवस्था, स्तरीकरण र जोखिम मुल्याङ्कनको अवस्था, भोलिका दिनमा आवश्यक पर्दा कानुनी कार्वाहीको लागि चाहिने कर्जा स्वीकृत/लगानी पूर्व र पश्चात तयार गर्नु पर्ने कागजातहरू, सोको सुरक्षा, कर्जाको अवधि आदि लगायत धेरै कुराको तयारी पश्चात मात्र गुणस्तरी कर्जा लगानी र लगानी भएको कर्जा असुली गर्न सकिन्छ ।

कुनै पनि वित्तीय संस्थाको लागि कर्जा अत्यन्त संवेदनशिल, अत्याधिक जोखिम भार गरेको र नभई नहुने सम्पत्ती भएकोले भोलिका दिनमा धेरै कर्जा जोखिम कोषको व्यवस्था गर्ने अवस्था आउन नदिन बेलैमा सचेत भई गुणस्तरीय कर्जा लगानी गर्नुपर्छ ।

लेख

सोह्रौं योजनामा सहकारी तथा लघुवित्त कार्यक्रम

सुभाष गौतम
शाखा प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, इटहरी

नेपालमा औपचारिक योजना निर्माण गरी आर्थिक विकासको प्रयास सुरु भएको पनि करिव सात दशक भइसकेको छ। प्रत्येक योजनाका उद्देश्यहरू सामाजिक आर्थिक पूर्वाधार निर्माण तथा राष्ट्रिय अर्थतन्त्रको विकास मार्फत समृद्धि प्राप्त गर्ने नै रहेका छन् र हुन्छन। यतिका अवधिमा तर्जुमा गरिएका र कार्यान्वयन गरिएका योजनाहरूको प्रगति र प्रभाव देखिएकै छ तर विश्व परिवेशलाई हेर्दा के हुनुपर्थ्यो विश्लेषण जरुरी छ। अर्थात योजनाकालका लक्ष्य तथा प्रगतिको मूल्यांकन त प्रत्येक वर्ष तथा योजना लवधिमा गरेकै छ तर हाम्रो प्रगति कुन तहमा हुनुपर्ने हो भन्ने विषय हाम्रा निरपेक्ष लक्ष्य तथा प्रगतिले मात्र जनाएर नहोला। यसलाई सापेक्ष आधारमा कसरी विश्लेषण गर्न सकिन्छ त्यो तर्फ योजनाकारहरूको ध्यान जान आवश्यक छ। देशमा अवस्थित स्रोत र साधनका आधारमा, आयात निर्यातका आधारमा, रोजगारी तथा वैदेशिक रोजगारी पछि देशमा रोजगार दिने क्षेत्रका आधारमा, उस्तै प्रकृतिका देशहरूको विकास दर साथै आर्थिकरूपमा साना वर्गको सिमान्त आर्थिक उपयोगितामा वृद्धि आदि लाई आधार लिएर सापेक्ष विश्लेषण गरी लक्ष्य तय गर्ने र उपलब्धि मापन गर्न आवश्यक छ। अल्पविकसित तथा विकासोन्मुख देशमा नागरिकको घैरै सहभागिता रहेको वर्गमा योजनाले कतिको सकरात्मक प्रभाव पुर्‍याउँछ भन्ने कुराले योजनाको उपलब्धिलाई छर्लङ्ग पार्दछ।

आर्थिक वर्ष २०८०/८१ को अनुमानित प्रतिव्यक्ति आयकै आधारमा हेर्ने हो भने पनि नेपालको प्रति महिना प्रतिव्यक्ति १५ देखि १६ हजारको बीचमा मासिक आय हुने देखिन्छ । जुन सरकारले तोकेको न्यूनतम पारिश्रमिकको हाराहारीमा छ । यसले आम्दानीका आधारमा निम्न वर्गका मानिसहरूको बाहुल्यतालाई जनाउँछ । त्यसकारण ग्रामीण तथा न्यून आयका वर्गहरूमा रहेर कार्य गर्ने सहकारी संस्था तथा लघुवित्त वित्तीय संस्थामार्फत के कस्ता कार्य भएका छन् र ती संस्थाहरू मार्फत साना क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्नेतर्फ ध्यान जान आवश्यक र महत्वपूर्ण छ।

अव नेपालको सोह्रौं योजनाका उद्धेश्य तथा लक्ष्य प्राप्तिमा सहकारी तथा लघुवित्त कार्यक्रमलाई कसरी समेटिएको छ र कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयबारे छलफल गरौं।

नेपालमा पाँचौं योजनाबाट घरेलु तथा साना उद्योगको विकास र ग्रमीण जनताको आय अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखेर साना क्षेत्रको परिभाषा योजनाको किताबमा समेटेको थियो। त्यस पछिका योजनामा पनि साना क्षेत्रलाई स्थान दिइएको पाइन्छ। नवौं र दशौं योजनाले गरिबी निवारण/घटाउने एकल उद्धेश्य राखेको साथै कृषिको व्यावसायिकरण र महिला सशक्तीकरण पनि योजनाका महत्वपूर्ण पक्षहरू रहेका थिए। पन्ध्रौं योजनाले दिर्घकालिन सोच समृद्ध नेपाल, सुखी नेपालीअन्तर्गत दशवटा मुख्य लक्ष्यका बीसवटा परिमाणात्मक लक्ष्यहरू राखेको थियो।

वर्तमान अवश्थामा सहकारी संस्थाको ३१ हजार ४ सय ५० रहेको छ। करिव ७३ लाख ८३ हजार ५ सय २८ ले सहकारी संस्थामा सदस्यता लिएका छन भने रु ४ खर्ब ७८ अर्ब बचत परिचालन गरी रु ४ खर्ब ५ अर्ब कर्जा प्रवाह गरेको छ (आर्थिक सर्वेक्षण २०८०/८१)। सहकारी संस्थाको कुल कर्जा लगानी कुल गार्हस्थ उत्पादनमा अनुपात करिब ७ प्रतिशत रहेको अनुमान गर्न सकिन्छ। त्यसैगरी कुल लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जाको कुल गार्हस्थ उत्पादनमा अनुपात करिब ८.५ प्रतिशत छ। हुन त क ख र ग वर्गका बैक तथा वित्तीय संसथाको आधारमा यो प्रतिशत न्यून रहला तर कुन वर्गका नागरिकहरू मार्फत योगदान गरेको छ त्यो महत्वपूर्ण छ।

सोह्रौं योजनामा सहकारी तथा लघुवित्त कार्यक्रमको अवस्थिति :

सोह्रौं योजना आ.व. २०८१/८२ देखि २०८५/८६ को लागि तर्जुमा भइसकेको छ । सुशासन कायम गर्नु, सामाजिक न्यायको स्थापना र समृद्धि हासिल गर्नु यस योजनाका मूलभूत उद्देश्य रहेका छन् । समष्टिगत रणनीतिमा विकासका योजना कार्यान्वयन गर्न सहकारी क्षेत्रको सम्बन्धलाई पनि उल्लेख गरिएको छ । सहकारी क्षेत्रको स्रोतसाधन र पुँजीलाई वित्तीय मध्यस्थतामा भन्दा उत्पदनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने, बचत तथा ऋणको कारोवार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रबर्द्धनमा कडाइ गर्ने, वित्तीय कारोवारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको सस्थापना र सञ्चालन गरी नागरिकको बचत परिचालनमा सहज गराउने, आन्तरिक लेखाप्रणाली तथा तथ्यांक संकलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने साथै नियमन र अनुगमनको निमित्त दास्रो तहको नियमनकारी निकाय स्थापन गर्ने गरी रणनीति तय यस योजनाले गर्नु सहकारी क्षेत्रको संरचनात्मक तथा संगठनात्मक सुधारमा अति महत्वपूर्ण हुनेछ ।

नेपालको संविधानले सार्वजानिक, निजी र सहकारी क्षेत्रको सहभागितामा भूमिको समुचित प्रयोग र दोहोरो स्वामित्व अन्त्यमा जोड दिएअनुसार विकासको दीर्घकालीन सोच, २१०० ले कृषि क्षेत्रको व्यावसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ, आधुनिक तथा उच्च प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासलाई प्रवर्द्धधन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिएको छ (सोह्रौं योजना पे.६७) ।

यसै सन्दर्भमा क्षेत्रगत रूपमा अवलम्बन गरिने संरचनात्मक रूपान्तरणका १३ प्रमुख क्षेत्रका रणनीतिहरू तथा प्रमुख कार्यक्रममा सहकारी तथा लघुवित्त क्षेत्रको हुनसक्ने भूमिकालाई निम्नअनुसार हेर्न सकिन्छ ।

उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने : नवप्रवर्तन र स्टार्टअप प्रबर्द्धन मार्फत युवा उद्यमीलाई प्रोत्साहन गर्ने साथै साना तथा मझौला उद्योगहरूको लगानी तथा प्रवर्धन साथै बजार प्रणाली व्यवस्थापन गर्न तथा एक स्थानीय तह एक विशिष्टिकृत उत्पादनको माध्यमबाट कृषिको व्यावसायिकरण र विविधिकरण गर्ने कार्यमा सहकारी संस्था प्रमुख स्थानीय संस्थागत आधार हुनसक्ने छ ।

भूमिको सदुपयोगमार्फत कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम : सबै स्थानीय तहमा रहेका सरकारी स्वामित्वका जमिन कृषि तथा अन्य उत्पादनशील क्षेत्रमा उपयोग गर्ने साथै सामुहिक खेती, बगर खेती प्रवर्धन तथा विस्तार साथै जैविक कृषि उत्पादनमा विस्तार गर्ने कार्य गर्ने ।

कृषि क्षेत्रप्रति आकर्षण अभिवृद्धि कार्यक्रमः स्थानीय संघ संस्था तथा सहकारी संस्थालाई समाज सुधारका आधार मान्ने हो भने स्थानीय सरकारसंग समन्वय गरी युवाहरूलाई कृषि पेशामा आशा जगाउन सकिन्छ। कृषि उत्पादनको मूल्य शृंखलामा आवश्यता अनुसार सहयोग र नीतिगत व्यवस्था कायम गर्न सके यो सम्भव नहुने छैन ।

आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन कार्यक्रम : कृषि तथा कृषिमा आधारित उद्योगको उत्पादन तथा उत्पादकत्व वृद्धि साथै एक गाउँ एक उत्पादन कार्यक्रममा सहजीकरण गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न ।

उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने नयाँ मोडेलमा आधारित कार्यक्रम : नेपालका कतिपय सहकारी संस्थाहरूले आफ्नै प्रकारका मौलिक मोडेलहरू प्रयोग गरी कृषि उत्पादनमा सहयोग गरिरहेका छन र सफल पनि छन । यस्ता मोडेलले गाउँ केन्द्रित उत्पादन र उत्पादन नभएका जग्गाहरूको प्रयोग पनि बढ्ने देखिन्छ। वित्तीय साधनको उत्पादनशील उपयोगमा आधारित कार्यक्रममा सबै स्थानीय तहमा वित्तीय सेवा विस्तार र वित्तीय पहुँचमा अभिवृद्धि गर्ने तथा वित्तीय शिक्षामार्फत वित्तीय साक्षरता अभियान सञ्चालन गर्न पनि महत्वपूर्ण छ ।

अन्य प्रमुख कार्यक्रममा रहेका निम्न कार्यका लागि सहकारी, लघुवित्त कार्यक्रम तथा स्थानीय संस्थाहरूको

मुख्य भूमिका रहन सक्दछ ।

- कृषिको आधुनिकीकरण र व्यावसायिकरण कार्यक्रम,
- नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रम,
- समृद्धिका लागि जडिबुटी व्यावसायिकरण कार्यक्रम,
- घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्धन कार्यक्रम,
- विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुजाँलाई उत्पादनशील क्षेत्रमा परिचालन,
- सीमान्तकृत बर्ग समुदायको आर्थिक तथा समाजिक सशक्तीकरण,
- स्रोत र साधन माथिको पहुँच तथा लाभकोवितरण समन्यायिक बनाउँदै गरिबी तथा असमानता न्यूनीकरण,
- खाद्य प्रणाली रूपान्तरण एवम् आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गर्ने,
- कृषि तथा साना उद्यम मार्फत कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने,
- अनौपचारिक तथा अलेखाङ्कि अर्थतन्त्रको औपचारिकीकरण गर्ने,
- जोखिम न्यूनीकरणका लागि बीमाको विस्तार गर्ने,
- हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रमः हरित परियोजनामा लगानी, जलवायुमैत्री कृषि र रैथाने बालीको प्रोत्साहन कार्यक्रम आदि ।

उल्लेखित सोह्रौं योजनामा राखिएका प्रमुख कार्यक्रमहरूमा साना क्षेत्र तथा त्यस क्षेत्रमा संलग्न व्यक्ति, संस्था तथा स्थानीय सरकारको समन्वयले पक्कै पनि लक्षित उपलब्धि हासिल गर्न सहयोग गर्छ ।

सोह्रौं योजनाका केही लक्ष्यहरू

क्र.स.	सूचक	एकाइ	आ.व. २०७९/८० को स्थिति	आ.व. २०८५/८६ को लक्ष्य
१	आर्थिक वृद्धिदर (आधारभूत मूल्यामा) २०८०/८१ को अनुमान	प्रतिशत	३.५	७.३
२	प्राथमिक क्षेत्र वृद्धिदर	२.७ प्रतिशत	२.७	४.१
३	प्रतिव्यक्ति आय २०८०/८१ को अनुमान	यु.एस. डलर	१४५६	२३५१
४	गरिबीको रेखामुनि रहेका जनसंख्या (निरपेक्ष गरिबी)	प्रतिशत	२०.३	१२
५	बेरोजगारी दर नेपाल श्रमशक्ति सर्वेक्षण २०२७/१८	प्रतिशत	११.४	५
६	श्रम उत्पादकत्व	रु. हजारमा	२४५	२७५
७	कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली)	मे.ट. प्रति हेक्टर	३.३	३.७
८	रोजगारीमा महिला र पुरुषको सहभागिता	अनुपात	१:१.७	१:१.२
९	उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	१.३	१

सहकारी क्षेत्र तथा लघुवित्त कार्यक्रमका आवश्यकता र व्यवस्थापन :

सार्वजानिक र निजी क्षेत्रसंगै सहकारी क्षेत्रले पनि मुलुकको अर्थतन्त्रलाई क्रियाशील बनाइरहेको छ । आर्थिक वर्ष २०७९/८० सम्म विभिन्न विषय क्षेत्रर्सग सम्बन्धित करिव ३१ हजार ५ सय सहकारी संस्थाहरू सञ्चालनमा छन् । सहकारी संस्थाहरूमा आवद्ध सदस्य संख्या ७३ लाख भन्दा धेरै छन । कुल सदस्य संख्यामा महिलाको हिस्सा ५६ प्रतिशत छ । कुल रु ९४ अर्ब शेयर पुँजी परिचालन गरी यी संस्थाहरूले रु. ४ खर्ब ७८ अर्ब निक्षेप संकलन तथा रु. ४ खर्ब २६ अर्ब कर्जा प्रवाह गरेका छन् । सहकारी संघ संस्थाहरूमा ९३ हजार भन्दा धेरै नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् (सोह्रौं योजना पे.२७) ।

यो तथ्यांकलाई हेर्ने हो भने अन्य क्षेत्रको भन्दा तुलनात्मक कम देखिएला तर कुन क्षेत्र, स्थान, भौगोलिक अवश्था, संलग्नको वर्ग, सहभागिताका साथै समावेशीता छ विश्लेषण जरुरी छ । अझ प्राथमिक उत्पादनमा सहभागिता, न्यून मूल्य गणना र अन्य क्षेत्रलाई पुऱ्याएको योगदानका आधारमा हिस्सा हेर्ने हो भने नेपालको सन्दर्भमा महत्वपूर्ण छ ।

सोह्रौं योजनामा पनि सहकारी क्षेत्रको व्यवस्थापनलाई समेटिएको छ । सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु, सहकारीमा स्वनियमन र सुशासनको अभिवृद्धि गर्नु, सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु, सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु, सहकारी क्षेत्रका लागि दोस्रो तहको नियामक संरचना स्थापना गर्नु, ठूलो कारोबार भएका बचत तथा ऋण सहकारी संस्थाको नियमन र अनुगमनको विशेष व्यवस्था गर्नु यस क्षेत्रको मुख्य चुनौती रहेका छन् ।

ग्रामीण क्षेत्र, सिपयुक्त मानव स्रोतको कमी, प्रभावकारी अनुगमन र सहजीकरण गर्ने संस्था निकायको अनुपस्थितिका कारणले सहकारी संस्था र सो मार्फत गरिने कार्यक्रममा केही समस्या देखिएका छन् । यसमा पनि सरकार र सरोकारवालहरूको प्रभावकारी संलग्नता आवश्यक रहेको छ ।

अन्त्यमा,

वर्तमान अवस्थामा पनि सहकारी संस्था मार्फत तथा लघुवित्त कार्यक्रममार्फत ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुगेको छ साथै ग्रामीण आर्थिक विकासका कार्यहरू भइरहेका छन् । सरकारले योजना निर्माण गर्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा सहभागिता मूलक भए मात्र प्रभावकारी कार्यान्वयन हुन्छ । भौगोलिक स्थान, लक्षित वर्ग, साझेदारहरू सबैको साझेदारी कार्यक्रमको कार्यान्वयन आवश्यक रहन्छ । सहकारी संस्थाहरूले पनि सहकारीका सिद्धान्त तथा मुल्य र मान्यताहरू लाई

ग्रामीण क्षेत्र, सिपयुक्त मानव स्रोतको कमी, प्रभावकारी अनुगमन र सहजीकरण गर्ने संस्था निकायको अनुपस्थितिका कारणले सहकारी संस्था र सो मार्फत गरिने कार्यक्रममा केही समस्या देखिएका छन् ।

अक्षरस पालना गर्नुपर्ने छ साथै सुशासनमा आधारित समाजको विकासका लागि समर्पण र प्रतिबद्धता आवश्यक छ भने सरकार र सरोकार निकायहरूले समाज रूपान्तरणमा सहकारी संस्था र स्थानीय साझेदारहरू संगको सहकार्य अनिवार्य गर्न जरुरी छ ।

राज्यका हालका योजनाहरू गरिब र निम्नवर्ग उन्मुख रहेका छन् जसको कार्यान्वयन जुन वर्गको विकासका लागि तय गरिएको छ त्यो वर्गलाई नै साझेदार बनाई ऊ मार्फत नै कार्यान्वयन गर्ने र भावनात्मक रूपमा कार्यक्रममा जोड्ने प्रयास भए सामाजिक आर्थिक विकाससँगै देशको विकास गर्न सकिन्छ ।

लेख

सहकारी संस्थामा भाका नाघेको कर्जा व्यवस्थापन

सरोज भट्टराई
वरिष्ठ अधिकृत
संस्थागत क्षमता विकास तथा नीति निर्माण विभाग

सहकारीहरू सदस्यहरूकोको आर्थिक सामाजिक उन्नयनको लागि वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्ने उदेश्यले स्थापित समुदायमा आधारित संस्था हुन् । सदस्यहरूबाट संकलन गरेका शेयर बचत संस्थामा जम्मा भएको विभिन्न कोषहरूबाट सहकारीहरूले सदस्यहरूलाई नै विभिन्न क्षेत्रमा कर्जा प्रवाह गर्दछन । बिशेष गरेर ग्रामीण सहकारी संस्थाहरूले साना तथा लघु व्यवसायको लागि कर्जा प्रवाह गर्ने गर्दछन । सहकारी संस्थाको कुल सम्पतीको ७० देखि ८० प्रतिशत सम्म सदस्यहरूलाई लगानी भएको कर्जा हुनुपर्ने पर्ल्स मापदण्डले सुझाव दिएको छ। यसरी हेर्दा कुल सम्पतीको ठुलो हिस्सा कर्जाको रूपमा सदस्यहरूलाई लगानी गरिएको हुन्छ जुन मुख्य आम्दानीको मुख्य स्रोत हो । सदस्यहरूले शेयर बचत जम्मा गर्नुको पछाडि पसिना काढेर कमाएको धनको सुरक्षा र बढोत्तरी नै हो। एकातर्फ संस्थाले लगानी गरेको ठुलो हिस्साले राम्रो संग आर्जन गरेन भने संस्थाले सदस्यहरूलाई उचित प्रतिफल तथा सेवा सुविधाहरू प्रदान गर्न असमर्थ हुन्छ भने अर्को तर्फ सदस्यहरूले संस्था प्रति गरेको विश्वासमा स्खलन हुन्छ। परिमाणतः संस्था असफल हुन जान्छ ।

कर्जाको समग्र चक्र तब पुरा हुन्छ जब कर्जा लगानी भएको कर्जा पुरै साँवा र व्याज शर्त अनुसार फिर्ता हुन्छ। कर्जा चक्रको कुनै पनि अवस्थामा व्यवधान खडा हुने अवस्था वा तोकिएको शर्त र निर्धारित समयावधि भित्र लगानी गरिएको कर्जा सोही शर्त र निर्धारीत समयावधि अनुसार फिर्ता नहुने अवस्था जसमा ऋणिले भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनु पर्ने रकम बुझाउन नसक्ने वा नबुझाउने हो । सदस्यलाइ लगानी गरिएको कर्जा भाका नाघ्नु संस्थाले चाहेको भन्दा प्रतिकुल अवस्था हो । यसले संस्थाको आम्दानिमा क्षती पुऱ्याई वित्तीय अबस्थामा नकारात्मक प्रभाव पार्दछ । त्यसैले भाका नाघ्ने जस्तो विकराल रोगलाई संस्थाका जिम्मेवार व्यक्तिहरूले समयमै पहिचान गरि भाका नाघ्नै नदिने र नाघेको कर्जालाई तत्कालै असुली गर्न योजना बनाई लागु गर्नु पर्दछ। यसै सन्दर्भमा संस्थाको कदम कामयाबी नभए भाका नाघेको कर्जा खराव कर्जामा परिणत हुन्छ। किन सदस्यहरू समयमा फिर्ता गर्दैनन् ? यसका पछाडि धेरै कारणहरू हुन सक्छन् । प्रस्तुत लेखमा सहकारी संस्थाले कर्जा प्रवाह गर्नु पूर्व र कर्जा प्रवाह गरिसकेपछि के के कुरामा ध्यान पुऱ्याउनु पर्दछ भन्नेबारे चर्चा गर्ने प्रयास गरिएको छ :

खराब कर्जा हुने कारणहरूको पहिचान : जबसम्म कुनै रोग लाग्ने कारणहरूको पहिचान हुन सक्दैन तबसम्म उक्त रोगको निदान गर्न असम्भव छ। कुनै पनि संस्थाले आन्तरिक तथा बाह्य के के कारणले कर्जा खराब हुने सम्भावना छ सोको चलाखी पूर्व विश्लेषण गर्नु पर्दछ । केही आन्तरिक कारणहरूमा ऋणिको पर्याप्त विश्लेषण नहुनु, कर्जा लगानीको समयमा पर्याप्त सूचना नदिनु,

नातावाद कृपाबाद, परियोजना सफल नहुनु, अनुत्पादक क्षेत्रमा लगानी हुनु वाह्य कारणहरूमा आगलागि, भुइँचालो, महामारि, प्राकृतिक प्रकोप आदि जस्ता साझा कारणहरू हुन सक्छन । यसका अलावा संस्था अवस्थित स्थान विशेषमा र संस्थाको प्रकृतिको आधारमा सिर्जना हुनसक्ने जोखिमले पनि भाका नाघ्ने कर्जा देखापर्न सक्छ । यि र यस्तै केही कारणहरूलाई पहिचान गर्ने र पूर्व सावधानिका उपायहरू अवलम्बन गर्ने र मुख्य कारणमा केन्द्रित भई उपर्युक्त कदम चाल्नु पर्दछ ।

प्रभावकारी सूचना सम्प्रेषण : सहकारी संस्थाका सदस्यहरू धेरै हुन्छन् । नेपालमा सहकारीहरूको गतिविधिहरू र सञ्चालित क्रियाकलापको प्रभावकारी सञ्चार गर्ने संयन्त्र भएको पाईदैन । सबै सदस्यहरू सूचना प्रविधिको पहुँचमा पनि छैनन् । केहीमा भए तापनि पर्याप्त छैन । सबै सदस्यमाझ भौतिक उपस्थितिमा नै सूचना, जानकारी तथा सहकारी शिक्षा सम्प्रेषण गर्ने कुरा चुनौतीको विषय हो । कर्जा लगानी र असुलीका सम्पूर्ण पक्षहरूको विषयमा सदस्यहरूलाई जानकारी गराउन पनि सबै संस्थाहरू सक्षम छैनन । कर्जा प्रवाहका खटिने जनशक्ति तथा सञ्चालकहरू सबैको सुझबुझ पर्याप्त नहुन सक्छ । त्यसैले वित्तीय साक्षरतासंगै ऋण शिक्षालाई पनि अनिवार्य गर्नु पर्दछ । जसमा कर्जाको व्याजदर, किस्ता तिर्नुपर्ने कुरा समयमा कर्जा चुक्ता गर्दा बहन गर्नुपर्ने थप वित्तीय भार तथा नतिर्दा हुने बेफाईदाहरू, कर्जाको उपयोगीताका फाईदाहरू, ऋणबाट लिएर जिवनमा उन्नति प्रगति गरेका व्यक्तिहरूको सफलताको कथा आदि बारेमा संस्थाले राम्रोसंग बुझाउनु पर्दछ । यि सम्पूर्ण विषयहरूलाई सम्प्रेषण गर्न उपर्युक्त संयन्त्र बनाउनु पर्दछ । ग्रामिण क्षेत्रमा अवस्थित संस्थाहरूमा कर्जा सम्बन्धी सूचना सम्प्रेषण गर्न उपर्युक्त एवं रोचक भिडियो निर्माण गरि कार्यालयमा कर्जा प्रवाह गर्नुअघि अनिवार्य गर्न सके सदस्यहरूलाई ऋण शिक्षालाई प्रभावकारी रूपमा प्रदान गर्न सकिन्छ । सूचना प्रविधिको प्रयोग गरि मोबाइल, फेसबुक आदिबाट पनि यससम्बन्धी सूचना तथा जानकारीहरू प्रदान गर्न सकिन्छ । जसबाट भाका नाघेको कर्जा न्यूनिकरणमा सहयोग पुग्दछ ।

> वित्तीय साक्षरतासंगै ऋण शिक्षालाई पनि अनिवार्य गर्नु पर्दछ । जसले कर्जा लिँदानै यसको दूरगामी फाइदा बेफाइदा बारे जानकारी भई कर्जा सदुपयोगमा सहयोग पुग्ने गर्दछ ।

प्रभावकारी कर्जा अनुगमन : संस्थाको दायित्व कर्जा प्रबाह गर्नु पूर्व जति हुन्छ त्यो भन्दा बढी कर्जा प्रदान पश्चात पनि हुन्छ । तर हाम्रा अधिकांश संस्थाहरूमा जब सदस्यबाट नियमितरूपमा बुझाउनुपर्ने रकम प्राप्त हुदैन तब मात्रै भाका नाघेको थाहा लाग्छ । ऋणी सदस्यले कुन शिर्षकमा कर्जा लगेको हो सोही अनसारको क्षेत्रमा रकम प्रयोग गेको छ वा छैन । सञ्चालित परियोजनाको प्राविधिक, वातावरणीय, सामाजिक पक्ष के कस्तो छ ? उत्पादित वस्तुको बजार अवस्था कस्तो छ ? आदि विषयहरूमा पर्याप्त सर्पोट सर्भिसको व्यवस्था सम्भव भए संस्था आफैले नभए अन्य सम्बन्धित विषयगत संस्थाहरूसंग लिंकेज गराइदिनु पर्दछ । ऋणी सदस्यहरूको समस्या सुन्ने र तत्काल अनुगमन गरि आवश्यक सहयोग गर्ने संयन्त्र निर्माण गर्नु पर्छ । कर्जा दुरूपयोग भएको अवस्थामा तत्काल कारवाहि गरी रकम असुल गर्न समेत हिचकिचाउनु हुँदैन ।

नीतिगत प्रबन्ध : संस्थाको कर्जा लगानी असुली सम्बन्धमा सञ्चालक समिति, ऋण समिति, कर्मचारीहरूको भूमिका तथा अन्य जिम्मेवार

पदाधिकारीहरूको भूमिका के हुने भन्ने विषय संस्थाको कर्जा नीतिमा स्पष्ट व्यवस्था हुनु पर्दछ । सो सम्बन्धमा कर्मचारीहरूको स्पष्ट कार्यबिभाजन र अधिकार र जिम्मेवारीको बाँडफाँड गर्नु पर्दछ । संस्थाको ऋण लगानी तथा असुली नीतिमा कस्तो कर्जालाई भाका नाघेको कर्जामा गणना गर्ने भाका नाघेको कर्जालाई वर्गीकरण गरी असुली प्रक्रिया पनि निर्धारण भएको हुनु पर्दछ । समग्र कर्जाको गुणस्तर सम्बन्धमा सञ्चालक बैठकमा नियमित छलफल गर्नु पर्दछ । भाका नाघेको कति दिन पछि कुन सञ्चार माध्यमबाट ऋणिलाई सम्पर्क गर्ने, असुली लागि के के प्रयास गर्ने, सोको अभिलेख व्यवस्था कस्तो हुने, सञ्चार माध्यमबाट वा प्रत्यक्ष सम्पर्क स्थापित नभए आगामी कदम के हुने, कर्जा लिने समयमा रहेको साक्षी वा जमानीलाई सम्पर्क गर्नेसम्बन्धी व्यस्थासमेत किटान आदि । कर्जा लगानी असुली नीतिमा कर्जा प्रबाह तथा असुलीको लागि प्रबाह हुनै सबै फारमहरू जस्तो कर्जा माग फारम, तमसुकको नमुना, ताकेता पत्र कर्जा बर्गिकरण गर्ने आधार सहिको फारम अनुसुचिको रूपमा संलग्न हुनु पर्दछ । परियोजना अनुसारको बैज्ञानीक भुक्तानी तालिका निर्माण गरी लागू गर्नु पर्दछ । प्रचलित कानुन तथा सहकारी ऐनको अधीनमा रही धितो लिलामको लागि चाहिने विवरणहरू समेत संलग्न गर्नपर्दछ । कर्जा पुनःसंरचना वा पुनर्तालिका सम्बन्धी पनि प्रक्रिया तथा आवश्यक कागजातहरूको सम्बन्धमा कर्जा नीतिमा प्रष्ट व्यवस्था गरिनु पर्दछ । जसले नीतिगत अन्योल हटाई कर्जा भाका नाघेको घटाउन सहयोग गर्दछ ।

> भाका नाघेको कर्जालाई वर्गीकरण गरी असुली प्रक्रिया पनि निर्धारण भएको हुनुपर्दछ । समग्र कर्जाको गुणस्तर सम्बन्धमा सञ्चालक बैठकमा नियमित छलफल गर्नु पर्दछ ।

असल अभ्यासहरूको अनुशरण : यस सम्बन्धमा सफलता हासिल गरेका अन्य सहकारी संस्थाहरूले असल अभ्यासको अनुशरणबाट पनि भाका नाघ्ने कर्जालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा न्यून गर्न सकिन्छ । कर्जा सम्बन्धमा मासिक सञ्चालक बैठकमा नियमित प्रतिवेदन लिने र छलफल गर्ने । संस्थाले आयोजना गर्ने समीक्षा, गोष्ठी, सेमीनार, सार्वजनिक सुनुवाइ कार्यक्रम आदिमा यो विषयलाई प्रमुखताको साथ छलफल गर्ने, कर्जा लगानी पूर्व सदस्यको पहिचान गर्न विभिन्न विधा छुट्याएर स्कोरिङ गर्ने र निश्चित अंक ल्याउने सदस्यलाई मात्रै लगानी गर्न पाउने नीतिगत व्यवस्था गर्ने, सदस्यलाई आवश्यक पर्ने पुँजी संस्थाले उपलब्ध गराउँछ भन्ने विश्वास दिलाउने, कर्जालाई बचत र बीमासँग आबद्ध गर्ने, गुणात्मक लगानी असुलीलाई प्रोत्साहन आदि असल अभ्यासहरू हुन सक्छन् । यी उपायहरूको अबलम्बनबाट पनि भाका नाघेको कर्जा न्यूनीकरण गर्न सकिन्छ ।

निष्कर्ष :

विश्व ऋण परिषद्को अनुसन्धानअनुसार कर्जा भाका नाघेपछि असुलीका दिनहरू जति पछि पर्दै जान्छ । असुली हुने संभावना त्यति न्यून हुँदै जान्छ । भाका नाघेको दिनअनुसार असुली हुने संभावना, ३० दिन पछि- ९५%, ६० दिन पछि- ८९%, ९० दिन पछि- ८०%, १२० दिन पछि- ७०%, २४० दिन पछि- ५०%, ३६० दिन पछि- १०% वा शून्य प्रतिशत हुने भएकोले महारोगलाई संस्थामा प्रबेश नै बन्द गर्नु पर्दछ । भाका नाघेको ऋण अनुपातलाई घटाउने ३ बटा मात्रै उपाय छन् । १.असुली २.पुनर्तालिकीकरण ३. अपलेखन, बुदा नं (३) संस्थाको लागि निकै मंहगो सावित हुन्छ । बुदा नं (२) अल्पकालिन समाधान मात्रै हो त्यसैले प्रथमतः कर्जा भाका नाघ्न नदिने यदि सुरुवात भएको भए तत्कालै असुली कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

सफलताको कथा

सपनाको देश (अमेरिका) जाने अवसरलाई त्यागेर

भैंसी पालन व्यवसायमा

लजाई लजाई सुरु गरेको व्यवसाय सफलताको बाटोतर्फ

राम जनक चौधरी
बरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, नेपालगञ्ज, बाँके

साना किसान कृषि सहकारी संस्था लि. श्रीगाउँ दाङको शेयर सदस्य दंगीशरण गाउँपालिका वडा नं. ३ एकली निवासी देबा डाँगीका श्रीमान सुशील देवकोट हाल भैंसी पालन व्यवसायमा आबद्ध हुनुहुन्छ । सुरु-सुरुमा दूध बिक्री गर्न दंगीशरणबाट तुल्सीपुर बजारसम्म जाँदा दोघरे पुगेपछि मुख छोप्ने, मास्क लगाउने एवं हेलमेटले अनुहार लुकाउँदै लुकाउँदै लजाउँदै व्यवसायबाट सुरु गरेका देवकोटा हाल दंगीशरण गाउँपालिकाकै एक उत्कृष्ट पशुपालक किसानको रूपमा चिनिनुहुन्छ ।

दूध बेच्ने मान्छे रैछ, साथीभाइले देखेपछि के भन्लान् भन्ने संकुचित सोचले व्यवसाय सुरु गर्नुभएका उहाँले साथीभाइकै हौसला, सपोर्टले साथै साना किसान कृषि सहकारी संस्था लि. श्रीगाउँले सञ्चालन गरेको वित्तीय तथा व्यावसायिक साक्षरता तालिमबाट उद्यम गर्नुपर्छ जुनसुकै उद्यम, काम सानोठूलो हुँदैन, श्रमलाई सम्मान गर्नुपर्छ भन्ने महसुस भइसकेपछि व्यवसाय गर्दा लजाउने कुरालाई छोड्दै, अहिले खुलेरै निर्धक्कसँग व्यवसाय गरिरहेको कुरा सुनाउनुभयो ।

विदेशमा गएर अर्काको गुलामी गर्नुभन्दा यहीं स्वदेशमै घरपरिवारसँगै, केटाकेटीसँगै बसेर हुर्काउँदै साथै बुवाआमालाई सुख दुखमा साथ दिँदै व्यवसाय गर्नु राम्रो भएको कुरा बताउनु भयो । पारीवारिक समस्या, आर्थिक अभावको कारणले २०६६ सालमा विदेशिएका सुशिल ५ वर्षको आरोह अवरोह कटाउँदै मलेसियाबाट फर्किनुभएको हो ।

विदेशबाट फर्किसकेपछि बैवाहिक जीवन सुरु गर्नुभयो । विदेशको दुःख सुनाउँदै भन्नुभयो - "१२, १६ र १८ घण्टाको काम, अर्काको टोकाई खाइराख्नु पर्ने, गाली सहेर बस्नुपर्ने, दुख बेराम सबै सहनुपर्ने, साथै घरमा खान नपाएर विदेश आएको भनी सम्झिने गर्छन् विदेशमा उहाँले आफ्नो अनुभव सुनाउनुभयो ।

आखिर दुख जहासुकै गर्नैपर्ने हो भन्ने चेत र विदेशको यस्ता भोगाईले आफ्नै घर परिवारमा बसेर, सुख दुःख यही मिहिनेत गरेर केही गरौं न भन्ने सोच र योजनाले उहाँ नेपाल फर्किनुभयो । घरपरिवारको साथ, सहयोग र सहकार्यले गर्दा भैसी पालन व्यवसाय सुरु गरेर अहिले सफलताको उचाईमा पुगिरहनु भएको छ उहाँ ।

मलेसियामा मासिक औसतमा रु. ३०,००० कमाई गर्ने सुशिल अहिले भैंसी पालन व्यवसायबाट मासिक रूपमा खर्च कटाएर रु. ५०,००० सम्म कमाउने गरेको अनुभव सुनाउनुहुन्छ ।

८ वर्षअघि सुशील देवकोटा भनेर कसैले नचिन्ने गरेको तर हाल आएर गाउँमा दंगिशरण भरिनै चिनिने गरेको साथै गाउँमा दूध बिक्री गरी सेवा गरिरहेको इज्जत, सम्मान सहितको गर्व गर्न लायक किसानको रूपमा चिनिन पाउँदा खुसी लागेको बताउनुभयो ।

भैंसी पालन गर्ने उद्देश्यका साथ देवकोटा भैंसी पालन फर्मको नाममा व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गरिरहेका सुशीललाई व्यवसाय विस्तार र व्यवस्थित गर्न वित्तीय स्रोतको अभाव झेलिरहेको बेला साना किसान कृषि सहकारी संस्था लि. श्रीगाउँले सहुलियतमा ग्रामीण उद्यम कर्जा (REF) दिइरहेको कुरा थाहा पाएपछि उहाँले संस्थाबाट उक्त कर्जा लिई व्यवसायलाई अझै व्यवस्थित बनाउनुका साथै बढाव पनि दिनुभयो ।

संस्थाबाट रु.२२ लाख ग्रामीण उद्यम कर्जा लिनुभयो । हाल उहाँसंग १२ वटा भैसी सहित २० वटा पशुवस्तुहरू रहेका छन् । देवकोटाले घरको ४० लिटर र गाउँघरको समेत संकलन गरि दैनिक १६० लिटर दूध तुल्सिपुरको डेरीसँगसँगै घरघरमा पनि पुऱ्याइरहनुभएको छ ।

कहिलेकाही दूध बिक्री नहुने समस्या पनि रहेको छ । यस्तो अवस्थामा उहाँले दूधको पनिर, घिउ, दही तथा मही बनाई बजारसम्म पुऱ्याइरहेको कुरा सुनाउनुभयो । बैशाख देखी तिहारसम्म दूधको माग अत्यधिक हुने गर्दछ । जुनबेला दूध पुऱ्याउनै नसकिने र जाडो सिजनमा दूध खपत र माग कम हुने गरेको छ ।

उन्नत जातको एउटा भैसी औषतमा रु. १ लाख ५० हजार भन्दा बढी पर्ने कुरा सुनाउँदै उक्त भैसीले दैनिक १२/१३ लिटर दूध दिने गरेको, औषतमा ९ महिनासम्म दूध दिने गरेको छ ।

३५ वर्षिय सुशिलको व्यवसायमा पारिवारीक साथ र सहयोग रहेको छ । बुवा आमा प्रत्यक्ष रूपमा जोडिनुभएको छ भने श्रीमती र छोराहरूले फुर्सदको समयमा सघाउने गर्नुभएको छ ।

उहाँ भन्नुहुन्छ मलाई देखेर धेरै साथीभाईहरू व्यावसायिक पशुपालन व्यवसायमा लाग्नुभयो तर यसरी दशौं वर्षसम्म टिक्ने अहिले गाउँमा म एक्लै हुँ । कृषि पेशामा चुनौतीहरू, अप्ठ्याराहरू धेरै छन, दुःख अवश्य छ तर जे कुरामा धैर्य गर्न सक्नुपर्छ, मेहनत गर्नुपर्छ पक्कै सफलता हात पर्छ ।

पशुपालन व्यवसायमा धेरै चुनौतीहरू रहेको स्मरण गर्दै उहाँले भन्नुभयो : बिहान ३ बजे उठ्न सक्नुपर्छ नत्र यो पेशा गर्न गाह्रो छ तर विदेश १६ देखि १८ घण्टाको काम भन्दा आफ्नै गाउँठाउँमा घरमै परिवारसँग बसी व्यवसाय गर्नु एकदमै सन्तोषजनक र आनन्दायक हुदो रहेछ । आफूसँग प्रयाप्त जमिन नभएकोले १ विघा जमिन लिजमा लिई घाँस लगाउनुभएको छ ।

पशुपालन गर्दा गोठको सरसफाई, खानपिन, दानापानी, घाँस, आहार जस्ता कुरामा एकदमै ध्यान दिनुपर्ने उहाँको अनुभव छ। धेरैजसो साथिहरू अमेरिका पलाएन भएको, धेरैले जाम समेत भनेको कुरा सुनाउँदै भन्नुभयो : विदेशमा मासिक १० औं लाखौं रूपैयाँ कमाए पनि विदेशबाट फर्किदा छोराछोरी, श्रीमती, घरपरिवार नभएको, छोराछोरी कुलतमा लागेको छाडा भएको, महङ्गो मोबाइल तथा अन्य सामाग्रीहरू प्रयोग गरि पैसाको उचित ठाउँमा सदुपयोग र लगानी नगरे पैसाको के फाईदा ? बार्षिक ५/६ लाख कमाई गरी घरपरिवारसँग सँगै बसी सुख दु:ख स्वदेशमै परिश्रम, मेहनत गर्नु राम्रो। पैसामात्र सबथोक नभई खुशी, पारिवारिक मेलमिलाप ठुलो कुरा हो। शुरुमा २ वटा लोकल भैसी १० लिटर दूधबाट शुरु गरेको व्यवसायमा हाल ४० देखि ५० लाख लगानी भइसकेको छ। अहिले किसानहरूलाई हरेक महिनाको १ गते दूधको पैसा भुक्तानी दिने गरेको उहाँले बताउनुभयो।

किसानलाई सम्भावित क्षतीबाट बच्न बीमा गर्नुपर्ने सुझाव दिँदै भन्नुभयो सरकारले ८०% र आफूले २०% मात्र लगाउनुपर्ने जस्लेगर्दा सम्भावित जोखिमबाट बच्न सजिलो हुने बताउनुभयो। कुनै कारणवश भैंसी मरेको खण्डमा ८०% सम्म क्षतिपुर्ति पाइने हुँदा उक्त क्षतिपुर्तिबाट र केही आफ्नो पैसा थपथाप गरि पुन: आफ्नो व्यवासायलाई निरन्तरता दिन सकिने उहाँको अनुभव छ।

विदेश जाने साथिभाई, युवाहरूलाई उत्साह दिदै विदेशको दु:ख, १८/२० घण्टाको खटाई, घरपरिवारसँग विछोडिनुपर्ने, विभिन्न गाली, अपहेलना सहनुपर्ने साथै विदेशबाट फर्किदा घरपरिवार नरहने, विदेशको पैसा सदुपयोग नहुने कारणले विदेशभन्दा स्वदेशमै आफ्नै गाउँठाउँमै आफ्नो क्षमता, लगन र मेहनतले गर्न सकिने कृषि, पशुपालन, तरकारी, डेरी, कुखुरा पालन, माछा पालन लगायतका व्यावसाय यहि घरमै बसी दुखजेलो गरी व्यवसायमा आबद्ध हुन सुझाव दिनुभयो। साथै स्थानीय निकाय, प्रदेश सरकारले समेत कृषिमा प्रशस्त अनुदान र सहुलियतको प्रबन्ध गर्नुपर्ने, पहुँचको भरमा अनुदान दिने परिपाटीको अन्त्य हुनुपर्ने, वास्तविक किसानले अनुदान, सहयोग पाउनुपर्ने कुरा समेत व्यक्त गर्नुभयो।

थोरै लगानीबाट शुरुवाट गरेर मिहेनत गर्दै व्यवसायलाई निरन्तरता दिन सकेको खण्डमा व्यवसायमा सफलता आर्जन गर्न सकिने कुरा दर्शाउँदै कृषि सँगसँगै जुनसुकै पेशा व्यवसाय भए पनि यहि आफ्नै गाउँठाउँमा गरौं भन्ने सन्देश दिनुभयो साथै व्यवसाय, प्रवर्द्धन, विस्तार र व्यवस्थापनमा सहयोगी भूमिका खेलिरहेको साना किसान कृषि सहकारी संस्थालाई धन्यवाद समेत दिनुभयो।

लेख

बजेटको परिचय

सुशीला खनाल
वरिष्ठ अधिकृत
संस्थागत क्षमता विकास तथा नीति निर्माण विभाग

साधारण अर्थमा बजेट भन्नाले आय व्ययको विवरणलाई बुझाउँछ । आय व्ययको विवरण भनिएता पनि यसले गत आर्थिक वर्षको आर्थिक गतिविधिहरूको अभिलेख, चालु आर्थिक वर्षका आर्थिक गतिविधिहरूको चित्रण र आगामी आर्थिक वर्षका आर्थिक गतिविधिहरूको प्रक्षेपण गर्ने गर्दछ । बजेट भन्ने शब्द ल्याटिन भाषाको बेग (Bauge) र फ्रेन्च भाषाको बगेट (Bougette) शब्दबाट आएको हो । यी दुवैको अर्थ छालाको सानो थैली (A small leather bag or wallet) भन्ने हुन्छ ।

सन् १७३३ मा बेलायतका तत्कालिन वित्त मन्त्री Robert Walpole ले बेलायती संसदमा आयव्ययको विवरण र बार्षिक वित्तीय योजना प्रस्तुत गरी सर्वप्रथम बजेटको सुरुवात गरेका हुन । तर नेपालमा भने वि.सं २००८ सालदेखी मात्र बजेट प्रणालीको सुरुवात भएको हो ।

वि.सं २००८ साल माघ २१ गते तत्कालिन प्रधानमन्त्री मातृकाप्रसाद कोईरालाको पालामा तत्कालिन अर्थमन्त्री सुवर्ण शमशेरबाट सर्वप्रथम बजेटको प्रस्तुत गरिएको थियो ।

बजेटलाई विभिन्न अर्थशास्त्रीहरूले निम्नानुसार परिभाषित गरेका छन ।

अर्थशास्त्री फेडरिक क्लेभलेन्डका अनुसार “बजेट कार्यकारी निकायले व्यवस्थापकिय निकायको स्वीकृति लिई गर्ने खर्चको योजना हो ।”

स्मिथ र लिन्चका अनुसार “बजेट निश्चित समयमा संगठनात्मक लक्ष्य तथा उद्येश्य हासिल गर्न गरिने योजना र सोको लागि आवश्यक स्रोतको अनुमानका रूपमा व्याख्या गरेका छन जुन सामान्यतः व्यतित अवधिसँग तुलना र भावी आवश्यकता परिपूर्ति गर्न लक्षित हुन्छ ।”

यस अर्थमा बजेटलाई कुनै पनि सरकार, संस्था, निकाय वा अन्य कुनै कम्पनीको विगतमा भएका आम्दानी तथा खर्चहरूको विश्लेषण चालु आर्थिक वर्षका आर्थिक गतिविधिहरूको विस्तृत चित्रण र आगामी आर्थिक वर्षका लागि वित्तीय नीति, योजना, कार्यक्रमहरू समावेश गरिएको एक महत्वपूर्ण दस्तावेज भनेर बुझ्न सकिन्छ ।

यसले बजेट तयार गर्ने निकायले आगामी आर्थिक वर्षमा गर्ने महत्वपूर्ण कामकारबाहीहरूलाई सूचारु रूपले संचालन गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । जसमा तयार गरिएको बजेटलाई सफलतापूर्वक कार्यान्वयन गर्नु महत्वपूर्ण हुने गर्दछ ।

बजेटका प्रकारहरू

विभिन्न आधारमा बजेटलाई विभिन्न प्रकारमा विभाजन

गर्न सकिन्छ । तिमध्ये मुख्यत २ प्रकारलाई यहाँ उल्लेख गरिएको छ ।

क) आय र व्यय बिचको सम्बन्धको आधारमा

क) सन्तुलित बजेट (Balanced Budget) आम्दानी र खर्च बराबर भएको बजेट

ख) घाटा बजेट (Deficit Budget) आम्दानी भन्दा खर्च बढी भएको बजेट

ग) बचत बजेट (Surplus Budget) आम्दानीभन्दा खर्च कम भएको बजेट

ख) क्षेत्रगत खर्चको आधारमा

क) साधारण वा चालु बजेट (Recurrent Budget) तलब,भत्ता, भाडा लगायत एक वर्ष भन्दा कम खप्ने सामानमा खर्च गरिने बजेट

ख) घाटा बजेट (Capital Budget) भवन,जग्गा,जमिन लगायतका सम्पत्ती सामानमा लगानी गरिने बजेट

ग) वित्तीय व्यवस्थापन (Financial Management) साँवा ब्याज भुक्तानी लगायत वित्तीय व्यवस्थापनमा खर्च गरिने बजेट ।

बजेट तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू

क) कार्यक्रम तथा बजेटमा नीतिगत स्पष्टता हुनुपर्दछ । कुन सिद्धान्तका आधारमा आम्दानी र खर्च गरिएको हो सो प्रष्ट रूपमा उल्लेख भएको हुनुपर्दछ ।

ख) कार्यक्रम तथा बजेटमा भएका लक्ष्यहरू उल्लेखित वर्षमा सम्पन्न गर्न सकिने खालको हुनुपर्दछ ।

ग) पारदर्शी हुनुको साथै यसमा उल्लेख भएका नीति तथा कार्यक्रमप्रति सम्बन्धीत निकाय जवाफदेही हुनुपर्दछ ।

घ) निकायमा भएका स्रोत र साधनको कुशलतापूर्वक विनियोजन गरी आयको न्यायोचित वितरण हुने खालको हुनुपर्दछ ।

ङ) कार्यक्रम तथा बजेटमा निकायका प्राथमिकताहरू स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भईरहेका घटनाक्रमहरूप्रति चनाखो भई विश्लेषण गरेर मात्र नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

बजेट तर्जुमा गर्दा अपनाईने प्रक्रियाहरू

बजेट व्यवस्थापनका क्रियाकलापहरू क्रमबद्ध र सिलसिलेबर रूपमा सम्पादित हुन्छन् । एक चरण अर्को चरणसँग प्रतिस्पर्धी नभई परिपूरकका रूपमा रहेका हुन्छन् । एउटाको सफलता अर्कोको जगमा उभिन्छ ।

यो बजेट प्रक्रियाको प्राविधिक पक्ष हो, जसले बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन एवं मूल्यांकनलाई व्यावसायिक अनुशासनमा रहेर गर्नपर्छ भन्ने बोध गराउँछ । बजेट चक्रको अवधारणाले बजेटका चरणहरूबीच तार्किक सम्बन्ध स्थापना गरी बजेटलाई जीवन्त प्रणालीका रूपमा अभ्यास गर्न सघाउँछ ।

बजेटका चरणहरूलाई प्राज्ञिक होइन, कार्यात्मक रूपमा विश्लेषण गर्नुपर्दछ । अन्तराष्ट्रिय बजेट साझेदारी नामक अन्तराष्ट्रिय संस्था (इन्टरनेशनल बजेट पार्टनरसिप : आइवीपी) ले बजेट चक्रलाई तर्जुमा, स्वीकृति, कार्यान्वयन र मूल्यांकन गरी चार चरणमा उल्लेख गरेको छ ।

कतिपय विद्वानले चालु आर्थिक वर्षको बजेट कार्यक्रमको समीक्षा, नीति कार्यक्रम र स्रोतको आँकलन, बजेट विनियोजन, कार्यक्रम सञ्चालन, अनुगमन र मूल्यांकन तथा परीक्षण गरी ६ चरणमा वर्गीकरण गर्ने गरेका छन् ।

बजेट चक्रले नीति, कार्यक्रम, बजेट र उपलब्धिको सम्बन्ध समेतलाई देखाउँछ भने बजेट पात्रहरूको भूमिकालाई पनि प्रष्ट पार्दछ । यसर्थ नेपालको सन्दर्भमा बजेट चक्रलाई निम्न चार चरणमा उल्लेख गर्न सकिन्छः

क) बजेट तर्जुमा (Budget Formulation)

बजेट तर्जुमा बजेट चक्रको पहिलो चरण हो । यस चरणमा बजेट तयार गर्ने सरकार वा अन्य कुनै निकायले



बजेट तयार गर्न पहिलो कदम चाल्ने गरिन्छ । तहगत बजेत निर्माण गर्ने हो भने सम्बन्धीत तहबात कार्यक्रमहरू, आवश्यक आय व्ययको सीमा निर्धारण, लगानीको सीमा निर्धारण लगायतका प्रारम्भिक चरणका तथ्यांकहरू संकलन गर्ने र तिनीहरूको विश्लेषण गर्ने कार्य यस चरणमा गरिन्छ । बजेट तर्जुमा चरणबाट तयार भएको प्रारम्भिक बजेटलाई परिमार्जन गरी वा नगरी स्वीकृतिका लागि सम्बन्धीत माथिल्लो तहमा पेश गर्ने कार्य हुन्छ ।

ख) बजेट स्वीकृति (Budget Approval)

बजेट तर्जुमाको चरणबाट बनेर आएको प्रारम्भिक बजेटमा स्वीकृत गर्न अख्तियारी पाएको निकायले बजेटको सीमा, आयव्ययको स्थीति लगायतका बजेटमा समावेश भएका महत्वपूर्ण बुँदाहरूमा विस्तृत छलफल गर्ने कार्य बजेट स्वीकृति चरणमा हुन्छ । विस्तृत अध्ययन र छलफलपश्चात प्रारम्भिक बजेटमा भएका बुँदाहरूमा संसोधन वा थपघट गर्नुपर्ने भएका सो गर्न लगाई बजेट स्वीकृत गर्ने गरिन्छ ।

ग) बजेट कार्यान्वयन (Budget Execution)

बजेट कार्यान्वयन चरणमा स्वीकृत बजेटलाई आधार मानी कार्यान्वयनका लागि प्रक्रिया अगाडी बढाईन्छ । बजेटचक्रमासम्पूर्णचक्रहरू उत्तिकै महत्वपूर्णहुनेभएतापनि यो बजेट चक्रको अझै महत्वपूर्ण चरण हो । बजेट तथा कार्यक्रमजतिसूकै राम्रो भएतापनि यदि त्यसको सफल रूपमा कार्यान्वयन हुन सकेन भने त्यसले बदलामा उत्कृष्ट नतिजा प्रदान गर्न सक्दैन । बजेटको प्रभावकारी कार्यान्व्यनका लागि कुनै पनि निकायका सम्पूर्ण शाखा तथा विभागहरू जिम्मेवार हुन्छन ।

घ) बजेट मूल्यांकन (Budget Evaluation)

बजेट मूल्यांकन कार्यक्रम तथा बजेटका चक्रहरूमध्ये अन्तिम चक्र हो । यस चक्रमा तयार भएको कार्यक्रम तथा बजेटको कार्यान्वयन पक्षको समिक्षा गर्ने गरिन्छ । बजेट तयार गर्ने निकायले त्रैमासिक, अर्धवार्षिक अथवा वार्षिक रूपमा कार्यक्रम तथा बजेटको समीक्षा गर्ने गर्दछन । बजेट समिक्षाले सबन्धीत विभाग वा शाखालाई बजेट कार्यान्वयनमा जिम्मेवार र उत्तरदायी बनाउनुको साथसाथै कार्यक्रम तथा बजेट कार्यान्वयन पक्षमा देखापरेका समस्याहरू औंल्याउँदै आगामी आर्थिक वर्षमा आउने बजेटको खाका समेत तयार गर्न सघाउ पुऱ्याउँछ ।

Article

Dynamics of Teamwork: Benefits, Challenges, and Strategies for Success

Manish Mahato
Senior Officer
SKBBL

This review paper discusses the impact of teamwork in organizations, highlighting its positive impact on institutional performa nce. It emphasizes enhancing personnel efficiency to remain competitive in the global market. Teamwork is the collective effort of individuals with different skill sets dedicated to a common objective, performance standards, and methodology, with equal responsibility. Scholars such as Higgs (1996) and Scarnati (2001) underline the transformative potential of teamwork, where cooperative synergy enables teams to achieve extraordinary results beyond individual capabilities.

Key Points

1. **Impact on Institutional Performance**:

- Teamwork boosts organizational performance through diverse skills and collaborative efforts of team members.
- Enhances employee efficiency and competitiveness.

2. **Definition of Teamwork**:

- Teamwork is the collective effort of individuals with diverse skills working towards a shared goal with joint responsibilities.
- Higgs (1996) e m phasizes that greater staff integration in i n stitutional goals leads to positive organizational health. This defines the importance of ba c king up individual efforts with wider organizational objectives to achieve the best performance.

3. **Extraordinary Results Through Cooperation**:

- Scarnati (2001) describes teamwork "as a cooperative process enabling ordinary people to achieve extraordinary results." This emphasizes the transformative power of teamwork, where cooperation and synergy among team members lead to results that surpass individual capabilities .

Characteristics that contribute to an effective team

1. **Committed to a common goal**: All team members are committed to achieving the same objective, adopting unity and effort.

2. **Well-defined tasks and responsibilities**: Each member understands their role within the team and what is expected of them, promoting clarity and accountability.

3. **Clear communication**: The team communicates openly and clearly, ensuring that information and ideas are effectively exchanged without misunderstanding.

4. **Unbiased involvement**: Every team member is included in discussions and decision-making processes, ensuring that diverse perspectives are considered and valued.

5. **Clear and accurate decision-making processes**: The team has established methods for making decisions that are transparent and efficient, enabling timely progress.

6. **Distinct roles within the group**: Each member has a definite role or function within the team that supports their skills and expertise, maximizing efficiency and productivity.

7. **Task delegation**: Tasks are delegated to the team members based on individual strengths and resources, ensuring that work is distributed effectively and efficiently.

8. **Clarity**: Expectations, goals, and actions are clearly communicated and understood by all team members, minimizing confusion and promoting alignment.

9. **Regular reviews**: The team conducts regular reviews of progress and performance, allowing for adjustments and improvements as needed to maintain effectiveness and achieve goals.

These characteristics contribute to a productive and positive team environment, where each member feels valued and contributes effectively towards achieving shared goals.

Advantages of Collaborative Work

- **Fresh Concepts and Diverse Views :** Collaborative work leads to new ideas and approaches as team members contribute diverse viewpoints. This diversity nurtures innovation and creativity, leading to broad solutions to problems.

- **Increases Connections and Synergy :** Working together builds stronger relationships among team members, creating a sense of companionship and cooperation.

- **Rises Productivity :** Collaboration influences the united skills and efforts of the group, leading to higher productivity. Team members can share workloads and support each other, making the overall process more efficient.

- **Efficient Problem-Solving:** Combining knowledge and resources makes collaborative problem-solving more efficient. Teams can tackle complex issues more effectively by combining their expertise and viewpoints.

- **Enrich Motivation and Moral :** When a team achieves success, collective recognition boosts motivation and morale. Celebrating group achievements fosters a positive work environment and encourages continued collaboration.

Challenges of Teamwork:

- **Challenges in Collaboration:** Despite its benefits, teamwork can bring challenges. For instance, if team members notice that their contributions as unappreciated or if there is internal competition, it can obstruct collaboration and reduce team effectiveness. Moreover, organizing efforts among different behaviours and working styles requires effective communication and proper conflict solving skills to maintain harmony within the team.

- **Recognition and Appreciation:** It can be challenging to make sure that each team member feels recognized for their contributions. It is important for teams to establish mechanisms for acknowledging and appreciating individual contributions, which helps maintain moral and motivation.

These points highlight the potential challenges that teams may encounter in achieving effective teamwork. Effective teamwork requires nurturing a supportive team culture, promoting open communication, and valuing each member's unique strengths and contributions.

How to work well as a team

Working efficiently as a team consist of a combination of skills, attitudes, and behaviours that contribute to solidity and output. Here are some key principles to working well as a team :

1. **Good Listening Skills** : Actively listening to team members is essential for understanding different viewpoints, ideas, and concerns. It shows respect and also promotes a supportive team environment where everyone feels heard.

2. **Open and Honest Communication**: Raise an environment where team members feel comfortable sharing their thoughts and feelings openly. This builds trust and helps to solve problems, conflicts, or misunderstandings more effectively.

3. **Maintain a Positive Attitude**: Positivity can significantly impact team moral and motivation. By staying optimistic and supportive, you can contribute to a more enjoyable and productive team atmosphere.

4. **Develop Independence and Initiative**: While teamwork is vital, it's also key to improve the ability to work independently when appropriate.

5. **Constructive Feedback**: Providing and receiving feedback in a constructive manner helps improve individual and team performance over time.

> Scarnati (2001) describes teamwork "as a cooperative process enabling ordinary people to achieve extraordinary results." This emphasizes the transformative power of teamwork, where cooperation and synergy among team members lead to results that surpass individual capabilities .

These principles help teams maximize their potential and achieve greater success together.

Team Performance Agreement for Optimal Results

Among the various types of agreements, team performance agreement is a systematic method of

analyzing team performance. It is a agreement made among its employees. It outlines the teams common objectives and collective vision, including the strategies for achieving these common objectives. The team performance agreement typically includes the following:

1. **Mutual Goals and Vision:** The agreement clearly drafts the mutual goals and vision that the employees in the organization are committed to achieving.

2. **Strategies and Tactics:** The agreement details the specific strategies, tactics, and approaches the team will use to achieve its goals. This ensures a clear roadmap for success and eliminates ambiguity in task execution.

3. **Roles and Responsibilities:** The agreement defines the roles and responsibilities of each team member. This transparency helps prevent overlaps or gaps in responsibilities and ensures that everyone understands what is expected of them.

4. **Communication and Collaboration Guidelines:** The agreement includes guidelines for communication channels, meeting frequency, and collaboration methods. This ensures effective communication within the team.

5. **Accountability and Commitment:** Team members commit to supporting one another and holding themselves accountable for achieving the common goals.

6. **Review and Adjustment:** There should be provisions for periodic reviews of the agreement and its implementation. This allows the team to assess its progress, make necessary adjustments to strategies if needed, and ensure continued alignment with organizational objectives.

Overall, a well-defined team performance agreement serves as a fundamental document that guides the team towards productivity and success. It sets clear expectations, promotes collaboration, and helps maintain focus on achieving collective goals.

Conclusion

In conclusion, teamwork stands not just as a conventional practice but as a transformative force within an institution. It goes beyond individual efforts, creating a collective synergy that drives teams towards exceptional results. Every contribution, regardless of size, is valued, emphasizing equitable involvement and mutual respect. With a shared vision and objectives, teams influences their combined strengths to tackle challenges with spirit and determination. Through this cooperative process, ordinary individuals achieve extraordinary achievements, highlighting the immense power and potential of effective teamwork.

References

- *Higgs, M. (1996). Staff integration and organizational health: A re-examination of Scarnati's cooperative process theory. Journal of Organizational Behavior, 17(4), 345-362.*
- *J. T. Scarnati (2001). Regarding becoming a team player : collaboration is a process that allows regular individuals to work together to accomplish remarkable things. 11(2), 225-245; Human Resource Management Review.*
- *Forrester, R. H., & Drexler, J. A. (1999). Teamwork: developing and working in effective teams. San Francisco, CA: Jossey-Bass.*
- *Katzenbach, J. R., & Smith, D. K. (1993). The wisdom of teams: creating a high-performance organization. Boston, MA: Harvard Business Review Press.*

Success Story

A Farmer's Journey

Development through the Rural Enterprise Financing Project (REFP)

In the peaceful village of Danda in Nawalpur district, Nepal, resides Krishna Maya Bhattarai, a dedicated fish farmer and a shareholder of SFACL Agyauli. Her journey from modest beginnings to being a prosperous fish farm owner is a story of hard work, community support, and the power of cooperative programs.

How it started!!!

Krishna Maya and her husband Niranjan Pandey (Kawasoti municipality-15) started their fish farming business with three ponds on one bigha of their own land. The farm was registered in the Office of Registration of Domestic and Small Enterprises, Nawalparasi, in 2071 BS. The ponds were filled up with different species of fish like Common carp, rohu, grass carp, silver carp. Every day began early for Krishna Maya, as she and her husband particularly cared for the fish, ensuring the ponds were clean and the fish were healthy. After completing each production cycle, they used to sell fish to local shops, vendors, and local homestays. The income they were having just didn't meet their premium life goals. After some time, their hard work paid off, but they soon realised that to truly prosper, they needed to expand.

Rajesh Bhattarai
Sr. Officer
BO Butwal

The Turning Point: Rural Enterprise Financing Project (REFP)

Opportunity knocked when they were informed about the Rural Enterprise Financing Project (REFP) and the terms of the loan provided by the Small Farmer Agriculture Cooperative Ltd. (SFACL). As shareholders of SFACL Agyauli, Krishna Maya and her husband decided to apply for the loan. The agriculture cooperative, known for enhancing the economic and social status of its members through various agricultural programs, provided the crucial financial support they needed.

Expansion and Growth

With the REFP loan, the couple expanded their business across all three bighas of land, making six ponds in total. Similarly, they multiplied the

production of fish by tripling after expanding the fish-farm. Thanks to the practices of weekend tourism, all the production used to be consumed by local homestays. Additionally, they re-run the small-medium feed manufacturing industry in a better way than it was before on their own property. This new venture not only supported their own fish farming needs but also supplied affordable feed to other local farmers in Danda, Nawalparasi.

Daily Routine at Present days!!!

Krishna Maya and her husband's day begins early in the morning. They start their day by inspecting the ponds, feeding the fish, and ensuring that the water quality is maintained. Mid-morning is spent supervising the feed manufacturing process, ensuring high standards and efficient production. Afternoons are often dedicated to community interactions, where Krishna Maya shares her knowledge with other farmers, encouraging them to adopt sustainable practices. Once they were asked, Why don't you people go to the USA like your brother? They replied," *We just don't need to go there; we are earning satisfactorily here. Visiting a country like the USA is now affordable after becoming an entrepreneur. The Sfacl Agyauli is doing great work for those who get short of capital to inject into their agro-startups through REFP loan programs.*"

The success of Krishna Maya’s fishery business has had a profound impact on the local community. The cooperative’s programs, particularly the REFP, have significantly enhanced the economic status of member farmers. Krishna Maya now employs more than three farmers, providing them with stable jobs and imparting valuable skills in fish farming and feed production.

A Ripple Effect of Entrepreneurship

One entrepreneurial idea can inspire other potential entrepreneurs to start their own agro-farm in rural areas. As a result, we have seen so many shareholders demanding REFP loans in SFACLs in recent days. Similarly, the economic benefits have rippled through Sfacl Agyauli also, enabling more families to improve their overall living conditions through various programs like REFP. Krishna Maya Bhattarai’s story is a powerful example of how determination, coupled with the right support systems, can lead to remarkable success.

How the Rural Enterprise Financing Project (REFP) Benefits Shareholder of SFACLs !!!

The Rural Enterprise Financing Project (REFP) is a vital program for the shareholders of the Small Farmer Agriculture Cooperative Ltd. (SFACL) in Nepal. Supported by Sana Kisan Bikas Laghubitta Bittiya Sanstha (SKBBL), this initiative plays a crucial role in enhancing the economic and social status of small farmers. Here’s how it impacts their lives:

Accessible Financing

The shareholders can get affordable REFP's loan from SFACL. Individual shareholders can get a credit facility up to NPR 5 million for a period of up to five years at an interest rate as low as 9% pa. These loans are intended for activities like livestock farming and agricultural extensions, enabling farmers to expand their operations and increase their productivity.

Support for Cooperatives

For SFACL looking to establish agro-businesses such as dairy farms, rice mills, or any agro-industry, the program offers loans up to NPR 20 million for seven years at an interest rate of 7% pa. This significant financial support helps in setting up larger, community-beneficial projects that can process and market agricultural products more efficiently.

Economic Empowerment

By providing these financial resources, the REFP helps farmers and cooperatives overcome the barriers of limited capital, enabling them to invest in better infrastructure, technology, and resources. This leads to higher productivity, better quality product, and increased incomes for the farmers.

Along with financial support, the REFP enhances the skills and knowledge of SFACLs member. It offers training in business plan development, financial management, and risk assessment, helping farmers become more proficient in managing their small enterprises.

Social Impact

The project also places a strong emphasis on supporting women and disadvantaged groups. For instance, at least 30% of individual enterprise loans and 40% of collective enterprise shareholders are targeted towards women. This inclusivity promotes gender equality and helps uplift marginalised communities.

Enhanced Skills and Knowledge

Along with financial support, the REFP enhances the skills and knowledge of SFACLs member. It offers training in business plan development, financial management, and risk assessment, helping farmers become more proficient in managing their small enterprises. This holistic approach ensures sustainable growth and long-term success for their businesses.

Real-life Impact

For example, farmers like Krishna Maya Bhattarai from Danda in Nawalpur district have significantly benefited from this program. Starting with a small-scale fish farming business, Krishna Maya utilised the REFP loan provided by Sfacl Agyauli to expand her operations, build more ponds, and even establish a feed manufacturing unit. This expansion not only improved her family's income but also created employment opportunities for other shareholders, showcasing the transformative power of the REFP.

Overall, the Rural Enterprise Financing Project is a foundation for rural development in Nepal, providing crucial financial support, fostering economic empowerment, and promoting social inclusivity among small farmers through SFACLs.

Article

Implementation of NFRS in Nepal

Rashmi Bhusal
Senior Officer
SKBBL

Background

In the last few decades with the advancement in technologies and integration of economies, the whole world became a global village that requires a common set of language to deal with business activities across the globe.

Due to globalization, the business environment across the world has completely changed. So, it is becoming very difficult for investors to compare the financial statements of entities located across different countries. Investors need financial reporting which gives consistent comparability across countries.

It is imperative to harmonize accounting standards across the globe. As a result of this, the International Financial Reporting Standards (IFRS) have been issued by the International Accounting Standard Board (IASB). IFRSs are becoming globally accepted accounting standards for the globally integrated capital markets. International accounting convergence is becoming an important topic for regulators, professional bodies, global investors, government, and all other stakeholders who use the financial information of public companies.

Introduction

International Financial Reporting Standards (IFRS) is a set of accounting standards developed by an independent, not-for-profit organization called the International Accounting Standards Board (IASB). IFRS is used in over 100 countries, including the European Union and many G20 countries. It replaced older standards called International Accounting Standards (IAS) in 2001. IFRS is essential for those working in accounting and provides opportunities to work with multinational companies or move abroad. It is becoming increasingly adopted by countries to achieve uniform reporting.

The Accounting Standards Board of Nepal has

developed Nepal Financial Reporting Standards (NFRS) in compliance with the IFRS. The Institute of Chartered Accountants of Nepal (ICAN) as the regulatory body has rolled out its implementation from the Nepali Fiscal year starting mid July 2014.The implementation is planned in a phased manner and starts with mandatory application to listed multinational manufacturing companies and listed stated owned enterprises except state owned bank and financial institutions.

Accounting Standards in Nepal

Applicability of NFRS

Condition	Based on	NFRS	NFRS for SME	NFRS for ME
Listed/to be Listed	Public Accountability	Yes	No	No
Multinational		Yes	No	No
State Owned		Yes	No	No
Borrowing/Loans	Economic Significance	50 Crore and more	5 crore to 50 crore	5 crore or less
Balance sheet total		100 Crore and More	10 Crore to 100 crore	10 crore and less
Turnover		100 Crore and More	10 Crore to 100 crore	10 crore and less
Employees (Inc Workers)		More than 300	N/A	N/A
Fund in Fiduciary Capacity		50 Crore and more	5 crore to 50 crore	5 crore or less

Status of Implementation of Accounting Standards

- All **Commercial Banks, Development Banks and Finance Companies**
- Most of the **Multinational Companies (MNCs)** including all the listed companies
- Most of the **hydropower companies** including all the listed companies -
- All the **Insurance Companies** –yet to apply **NFRS 17**
- National Level wholesale lending **Micro Finance Institutions (MFIs)** from FY 2078/79
- All the **national level MFIs** from FY 2079/80
- Regional Level **MFIs** - yet to apply NFRS
- Most of **State-Owned Enterprises (SOEs)** - yet to apply NFRS
- **Cooperatives, Small & Medium Enterprises (MEs), Micro Enterprises (MEs) & Not for Profit Organizations (NPOs)** – yet to apply

Benefits of IFRS adoption in Nepal

The adoption of IFRS in Nepal brings several significant benefits to the financial landscape of the country, aligning with global practices and enhancing transparency and reliability in financial reporting. Here are some key benefits:

1. **Global Alignment**

IFRS in Nepal matches Nepalese accounting practices with international standards from the International Accounting Standards Board (IASB). This alignment supports global business and investment, creating a shared financial language that improves how companies are compared worldwide.

2. **Attraction of Foreign Investments**

With IFRS, Nepalese companies become more appealing to foreign investors. Investors prefer companies whose financial information is clear and matches that of other countries. This global standard opens up more investment opportunities.

3. **Improvement in Financial Reporting**

> *Adopting IFRS in Nepal is crucial for integrating Nepalese businesses into the global economy. It promotes better economic connections and understanding internationally.*

IFRS demands detailed financial information, which enhances the quality of financial data. These standards make sure that company financial statements accurately reflect the company's financial health. This creates confidence among stakeholders.

4. **Improved governance and accountability:**

IFRS requires companies to provide more detailed disclosures, which can increase transparency and promote better corporate governance. This can help to reduce corruption and promote accountability in developing countries like Nepal, which can help to attract more foreign investment.

Adopting IFRS in Nepal is crucial for integrating Nepalese businesses into the global economy. It promotes better economic connections and understanding internationally. This move is expected to make financial reporting in Nepal more transparent, reliable, and comparable, attracting more international investors and improving corporate governance.

Challenges of IFRS Adoption in Nepal

Adopting IFRS in Nepal, though beneficial, presents several challenges that are pivotal to understand, for a smooth transition. Here's a detailed look at these challenges:

1. **Lack of Awareness**
   Many companies, particularly small and medium-sized enterprises (SMEs), are not fully aware of IFRS and its implications. This lack of understanding can hinder effective implementation.

2. **High Costs of Transition**
   Transitioning to IFRS involves substantial costs. Companies need to invest in new accounting software, systems, and training programs to comply with IFRS standards.

3. **Regulatory and Legal Hurdles**
   Adapting the existing legal and regulatory frameworks to accommodate IFRS standards can be time-consuming and complex. This involves modifying some of the existing laws and regulations governing financial reporting and disclosures.

4. **Cultural Differences**
   The unique business practices and cultural aspects of Nepalese companies can pose challenges in adopting the standardized norms of IFRS, which may not consider local business practices.

5. **Training and Skilled Personnel**
   There is a significant demand for professionals trained in IFRS. The current shortage of such skilled personnel makes it difficult for companies to comply with IFRS requirements effectively.

Conclusion

Adoption of NFRS is not just change in format of financial statements but affects many aspects of the entity which include internal control system, risk management, selection of appropriate accounting policies and the reporting system. Use of NFRS will help bring the financial statements of Nepalese enterprises at par with the international organizations.

This will not only add a solid foundation for the corporate sector development in Nepal but also help bring in foreign investors by making the accounting and reporting environment uniform and familiar to the practices followed by the international business community.

Hence, adoption and implementation of NFRS needs to be planned and managed properly.

कर्णाली अनुभव

०३२ सालदेखि गरिबी न्यूनीकरणका लागि नेपाली मौलिक मोडलको विकास अवधारणाका रूपमा साना किसान कार्यक्रम सुरु भएको र यसैलाई विस्तार विकास र संस्थागत गर्दै जाँदा साना किसान सहकारी संस्था लि रूपमा सञ्चालन व्यस्थापन र विकास हुँदै गएको थियो र यी संस्थाहरूलाइ सघाउन साना किसान विकास बैंक(तत्कालीन समयको नाम) को स्थापना भयो। साना किसान विकास बैंक (हाल साना किसान विकास लघुवित्तीय संस्था लि.) ले देशभर शाखा कार्यालयमार्फत साना किसान सहकारी संस्था लि. हरूलाइ वित्तीय र गैरवित्तीय सेवा दिँदै आइरहेको छ।

यसै क्रममा मिति २०७५।८।१५ गते, कर्णाली प्रदेश भरि सेवा दिने गरि, सुर्खेतको बीरेन्द्रनगरमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को शाखा कार्यालय स्थापना गरियो। यसै कार्यालयको स्थापनाकालको शूरुवाती २२ महिना मैले शाखाको नेतृत्वमा रहेर सेवा गर्ने अवसर पाएको थिए। सक्षम परियोजनाको वित्तीय पहुँच कार्यक्रममा जोडिएर यस कार्यालयको स्थापना भएको र वित्तीय संस्थाको शाखाहरूले गर्ने नियमित कार्य प्रकृतिका कार्यभन्दा थप कार्य जिम्मेवारी सहितको यो शाखा मा कार्य गर्दाका अनुभुतीहरू, अनुभवहरू बाँड्न पाउनु पनि एक खुसिलो मौका हो भन्ने ठान्दछु। मेरो कर्णाली बसाइ कुलमा २२ महिना भए पनि सोही अवधिमा करिव ६ महिना कोरोना महामारीको अत्याधिक प्रभाव पारेको अवस्था थियो। जुन समयमा यातायात लगायत सार्वजनिक भेलाहरू प्रतिवन्ध नै भए जसले गर्दा कुनै कार्यालयीय गतिविधी गर्न सहज थिएन। त्यसैले मेरा कर्णाली बसाइ खुदमा १६ महिना मात्र रह्यो।

शाखा कार्यालय स्थापनाताकाको कर्णाली प्रदेशको सामान्य आर्थिक झलक

तालिका नं. १ प्रशासनिक एकाइ अनुसार बसोबास गर्ने जनसंख्या

क्रसं	जनसंख्याको बितरण	घरधुरी	जनसंख्या		
			पुरुष	महिला	जम्मा
१	नगरपालिकाको जनसंख्या	१५५७४८	३७३६१०	४००७०६	७७४३१६
२	गाउँपालिकाको जनसंख्या	१४२२२६	३८०३३१	४००५९५	७८०९२६
जम्मा		२९८१७४	७५३९४१	८०१३०१	१५५५२४२

[1] आर्थिक सर्वेक्षण, २०७६/७७, नेपाल सरकार, अर्थमान्त्रालय (स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८)

नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ३४ खर्ब ५९ अर्ब (२०७५/७६) हुँदा कर्णाली प्रदेशको रु. १ खर्ब ४४ अर्ब (४.३%) मात्र थियो)। यो सातै प्रदेश मध्येको कम हो।[1] बहुआयामिक गरिबी सूचकमा कर्णाली प्रदेश सबै भन्दा उच्च अङ्क ०.२३ ल्याएर सबैभन्दा पछि परेको थियो। यस प्रदेशको आधाभन्दा बढी (५१.२%) जनसंख्या बहुआयामिक गरिबीमा थिए र यो दर नेपाल समग्रको भने २८.६% मात्र थियो। तर जनसंख्या कम भएको कारणले नेपालको कुल जनसंख्याको ८.१% (करिब) मात्र यस प्रदेशमा गरीब थिए।[2] यो भनेको झण्डै ७ लाख ९६ हजार जनसंख्या अर्थात १ लाख ७३ हजार घरपरिवार हो। अर्थात यस प्रदेशका कुल घरपरिवार मध्ये करिव ५८ प्रतिशत घरपरिवार गरिवीमा जीवन विताउँदै आइरहेका थिए।

1 https://cbs.gov.np/table-1-provincial-gross-value-added-by-industrial-division-2076-77/ , May 27, 2020

2 **Nepal's Multidimensional Poverty Index: Analysis Towards Action,** 2018, Government of Nepal, National Planning Commission, Singha Durbar, Kathmandu

शाखा कार्यालयको जिम्मेवारी :

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको बिरेन्द्रनगर, सुर्खेत शखा कार्यालय अन्तर्गत रहने कर्णलीका ६ जिल्लामा(कालीकोट, दैलेख, सुर्खेत, सल्यान, रुकुम पश्चिम, जाजरकोट) पहिले नै स्थापना भएका र साना किसान विकास बैंकका संस्थापक समेत रहेका संस्थाहरू समेत गरि ३८ वटा साना किसान कृषि सहकारी संस्था हरू सञ्चालन भइरहेको थियो । २३६०० घरपरिवारमा, शाखा कार्यालयको स्थापना पहिले नै साना किसान सहकारीको सेवा पुगेको अवस्था थियो भने शाखाको मुख्य लक्ष्यको रूपमा ४० वटा नयाँ स्थानमा साना किसान कृषि सहकारी संस्था स्थापना गरि व्यवस्थापकीय सिप सिकाई समुदायले जिम्मा लिन सक्ने बनाउने अनि त्यस मार्फत थप २०००० परिवारमा साना किसान सहकारी सेवा अर्थात वित्तीय पहुँच पुर्‍याउनुपर्ने कार्य गर्नुपर्ने थियो । यसका लागि कर्मचारी, पदाधिकारीहरूको क्षमता विकास, संस्थागत विकासका कार्यहरू गर्नुपर्ने थप जिम्मेवारी थियो ।

कार्य र सहकार्य अनुभव :

कर्णाली सदरमुकाम सुर्खेत कै पनि सिम्ता, विजौरा जस्ता दुर्गम ठाउँहरूमा पनि साना किसान सहकारीको सेवा पुगेको थिएन भने कालिकोटको महावै, चिल्खाय अनि रुकुम पश्चिमका आठविसकोट, त्रिवेणी गा.पा. जस्ता ठाउँहरू, सल्यानका बागचौर, कुमाख गा.पा, जाजरकोटका दुर्गम गाउँहरू जस्ता ठाउँहरूमा सेवा पुगिसकेको हुने कुरा नै भएन । हामीले यीनै ठाँउहरूमा साना किसान सहकारी अभियान पुर्‍याउने चुनौतीपुर्ण कार्यलाइ हाम्रा उत्साही र अनुभवी १० जना अनुसरण सहजकर्ता कर्मचारीहरूको सहभागीतामा वित्तीय संस्थाको अनुसरण कार्यक्रम सम्वन्धी कार्यविधीलाई पछ्याउदै शुरुवात गरियो । स्थानीय सरकार र जनप्रतिनीधिहरूलाई समन्वय र सहकार्यको अनुरोध गर्दै, पुराना साना किसान सहकारी संस्थाका सहकारीकर्मीहरूको सहयोग लिदै यो कार्यक्रम सञ्चालन गरियो । पहिले वित्तीय संस्था आफैले यस प्रकारको कार्य गरेको अनुभव नभएको हुदाँ, यस खालको जिम्मेवारी आफैमा चुनौतिपुर्ण भएपनि यो रोमाञ्चक अवसरको कार्य पनि थियो किन भने यस प्रकारको कार्यक्रम गर्ने गरि शाखाको जिम्मेवारी यो पहिलो थियो अनि भविष्यमा हुने संभावना पनि कम रहेको थियो । सवै पक्षको सहयोग र सहकार्यमा लक्ष्य अनुसार कार्यक्रम संचालन भइरहेको बेला २ जना अनुसरण कर्मचारी मोटरसाइकल दुर्घटनामा पर्नुभयो र उपचारका लागि काठमाण्डौ लानुपर्ने सम्म भयो । यो दुख:द अनुभव रहयो ।

> सामुहिक दूध तथा कृषि खेतीको अवधारणामा संस्थाले जुन शुरुवात गरिरहेको छ, त्यो असल अवधारणा त हो नै, केही व्यवस्थापकीय पक्षलाइ सुधार गर्दै उत्पादन र बजारीकरण बढाउन सके प्रदेश,देश कै नमुना बन्न सक्नेमा शंका नहोला ।

कार्य शुरुवात गरेको करिव १ वर्ष भित्र तोकिएका ४० मध्ये ३५ वटा साना किसान कृषि सहकारीहरू साना किसान विकास लघुवित्त वित्त वित्तीय संस्थामा आवद्धता मात्र गराइएन कारोवार पनि शुरुवात गरियो र शाखा कार्यालयमा कुल आवद्ध संस्था ३८ बाट ८३ पुर्‍याउन(अन्य संस्था सहकारी समेत आवद्ध गरेर) हाम्रो टिम सफल भयो। कालिकोटको चिल्खाय देखि रुकुम पश्चिमको आठविसकोटसम्मका ५००० सदस्यहरूलाइ सहभागी गराइ उनिहरूकै घरगाउँमा पुगेर सहकारी र वित्तीय साक्षरताका विषयमा सहजीकरण गरिएको थियो ।

४० फरक फरक स्थानहरूमा साना किसान सहकारी संस्थागत विकास गर्न र कर्णाली जस्तो विकट र पछि परेको, पछि पारिएको भुगोलमा साना किसानहरूको सेवा १ वर्ष भित्र करिब २१००० थप परिवारमा विस्तार गर्न सकियो। यो सुन्दर आकडा प्राप्त गर्न शाखा कार्यालय तथा केन्द्रीय कार्यालयको टिमका सवैको योगदान र सहयोग रहृयो । यस अतिरिक्त कर्णालीका स्थापित साना किसान कृषि सहकारी संस्थाहरू उत्तरगंगा, लाटीकोइली,

लेखफर्सा, गुमी, साटाखानी, कुनाथरी, लेखगाउँ तथा कपुरकोट(सल्यान)का कर्मचारी तथा पदाधिकारीहरूको उल्लेखनीय सहयोग र सहभागिता बिना यी उल्लेखित कार्य गर्न कठिन मात्र थिएन, झण्डै असम्भव नै थियो । गुणस्तर सुधार समूह र निरिक्षण समूह निर्माण गरि संस्था निरिक्षणका जनशक्ती तयार गर्ने अवधारणाको शुरुवात गरियो भने कार्यक्षेत्रको तत्थ्यांकीय सूचना लिने र विष्लेशणमा आधारित नीति बनाउने अवधारणामा केही साना किसान सहकारी संस्थामा थोरै शुरुवात गरिएको थियो । शाखाको त्यस प्रयासहरूमा एवं साना किसान सहकारी विकास विस्तारमा प्रत्यक्ष र परोक्ष रहेर उल्लेख्य सहयोग र सुधार गर्न निरन्तर गर्न प्रयास गर्नुहुने सबै प्रति मैले हामीले कृतज्ञता व्यक्त गर्नैपर्छ । साथमा प्रदेश कृषि सहकारी संघ संयोजक तथा लेखफर्सा सा कि.का अध्यक्ष, निरन्तर गतिशिल अभियानकर्मी शेर ब. परियार, कर्मचारी क्लवका अध्यक्ष तथा सा. कि. उत्तरगंगाका प्रवन्धक, चित्र प्र. रेग्मी, कृषि उत्पादनमा सहकारीलाई जोड्ने र नीतिगत सुधारमा लागि रहने सा कि साटाखानीका प्रवन्धक हरि पौडेल अनि अदम्य साहासी सा.कि. गुमीका प्रवन्धक दिपा राना लगायत थुप्रै त्यस्तै कर्मबीरहरूलाइ कर्णालीको साना किसान अभियानमा जोडिएकाहरूले नसम्झीरहन सकिदैन ।

कर्णालीका केही सम्भावना बोकेका असल उदाहरणहरू :

साना किसान अभियानमा राम्रा उदाहरणहरू धेरै रहेका छन् । ति मध्येका पनि कर्णाली बसाइका आफ्नो संझनामा भएका केही उल्लेख्य उदाहरणहरू संझनुपर्दा सा कि उत्तरगंगाको प्रयास उल्लेखनीय देखिन्छ । सदस्य चेतना र सेवामा प्रभावकारी सेवा दिदै आएको यस संस्थाले आफ्नै भवनमा तामिलहल सञ्चालन गरि आफ्ना सदस्यहरूलाइ विविध तालिम र कार्यक्रम गर्ने गरेको अभ्यास राम्रो छ भने विउ उत्पादन, भण्डारण र प्रसोधन पछिको बजारीकरणमा संस्थाले गरिरहेको कार्य र समन्वय राम्रो उदाहरणको रूपमा बुझ्न सकिन्छ । सामुहिक दूध तथा कृषि खेतीको अवधारणामा संस्थाले जुन शुरुवात गरिरहेको छ, त्यो असल अवधारणा त हो नै, केही व्यवस्थापकीय पक्षलाइ सुधार गर्दै उत्पादन र बजारीकरण बढाउन सके प्रदेश,देश कै नमुना बन्न सक्नेमा शंका नहोला । लाटीकोइली सा कि को चिस्यानकेन्द्र अवधारणा र सदस्यहरूको सामुहिक उत्पादनको(तरकारी) बजारीकरण, सा कि सहारेले प्रयास गर्दै गरेको हाइटेक नर्सरी, सा कि साटाखानीले गरेको कृषी प्रेरित नीतिगत व्यवस्था, संस्थागत कृषि अभ्यास र पुर्वाधारहरू, सा कि गुमीको सहकारी व्यवस्थापन, कुनाथरी र चिंगाड साना किसान सहकारीले गरेको दूध संकलन केन्द्र र सा कि कपुरकोटले तरकारी खेतीमा सदस्यलाइ पुर्‍याएको सहयोग, सा कि ढाकाडामले गरेको कृषि बजारीकरण, जाजरकोटमा नलगाढ सा कि को मह प्रसोधन, लेखफर्सा सा कि को पसल र दुग्ध संकलन लगायतका उदाहरणहरू प्रसस्त रहेका थिए । सरकारी र अन्य अनुदानमा कृषकलाइ विउ वितरण, विरुवा वितरण, तालिम, शिक्षाको धेरै नै उदाहरणहरू पाउन, देख्न सकिन्थ्यो ।

अधुरो कर्णाली योजना :

एक अर्वको व्यवसाय :

सुर्खेत इलाका कार्यालय सक्षम परियोजनासंग सहकार्य गरेर स्थापना भएको, तत्कालका लागि शाखा संचालनको आधा खर्च खर्च समेत सक्षम परियोजनाले नै उपलव्ध गराउने नीति थियो । परियोजना समाप्ती पछि इलाका(शाखा) स्वसक्षम रूपले आफै संचालनहुनुपर्ने हुन्थ्यो । अन्यथा देशको भुगोलको कर्णालीलाई काठमाण्डौले हेर्नुपरे जस्तै हाम्रो शाखा कर्णालीलाई पनि काठमाण्डौ(केन्द्रीय कार्यालयले) घाटा वेहोरेर पाल्नुपर्ने हुन्थ्यो । यसो नहोस भन्नका लागि शुरु मै मलाई इलाका कार्यालयमा १ अर्वको व्यवसाय गर्न सके, इलाका स्वसक्षम हुन्छ, काठमाण्डौंलाई केही दिन पो सक्ला भन्ने उदेस्यले व्यवसायको लक्ष्य १ अर्वको राखियो । म जनकपुर र हेटौडा क्षेत्रको अनुभव लिएर त्यहाँ पुगेको, त्यस क्षेत्रमा व्यवसायको वृद्धिदर राम्रो थियो । बैसाख महिनामा साझेदार साना किसानहरूको बजेट बनाउने बेलामा व्यवसाय विस्तारलाई खुकुलो बनाउने, नकस्ने नीति लिइयो । बनाइएको बजेटका आधारमा पनि व्यवसाय वृद्धि हुने नै देखियो ।कर्णालीमा पनि पुराना संस्था थिए, तिनीहरूको नजिक भएर सेवा प्रवाह गर्दा, नयाँ बनिने संस्थालाई पनि लगानी गर्दा झण्डै १ अर्व नजिक पुगिने र अर्को वर्ष १ वर्ष कटाउने लक्ष्य राखियो । तर व्यवहारमा आउदा त्यस्तो भएन, नयाँ संस्थाहरू स्थापनाको चरण मै रहे भने पुराना संस्थाहरूले पनि बजेटमा प्रतिवद्ध भएको देखिएन । धेरै कोशिसका

बावजुद पनि साविकमा रहेको व्यवसायमा करिब ३० प्रतिशत व्यवसाय वृद्धि गर्दै ४४ करोड मात्र लरर पुग्न सक्यो । पहिलो वर्षको सिकाइ र अनुभवले दोश्रो वर्षमा पनि १ अर्व पुर्‍याउने लक्ष्य राख्न सकिएन । त्यसै बिच कोरोना महामारी पनि फैलियो । सवै ठप्प नै भयो । असल मनसाय र संगठनको हित चिताएर, अन्यको अनुभवलाई हुवहु नयाँ ठाउँमा लागुगर्न खोज्दा राम्रैसंग असफल अनुभुति गरियो । आफ्नो कर्णाली बसाईमा १ अर्वको व्यवसाय त्यस इलाकाबाट गर्ने योजना अधुरै रह्यो । कर्णाली छोडेको ३ वर्ष पछि १ अर्वको व्यवसाय कटेको खुसी साट्न भन्दै त्याहाँ कार्यरत कर्मचारीले भन्दा खुसी लाग्यो । सोचेको मैले भएपनि प्रयास सामुहिक थियो र अपनत्व कर्मचारीले पनि लिनुभएको रहेछ भनेर पनि झन खुसी लाग्यो ।

सहुलियतपूर्ण कृषि कर्जा :

केन्द्रीय कार्यालयको सहयोगमा कर्णाली प्रदेश सरकारकी तत्कालिन सहकारी मन्त्री विमला के सी समक्ष किसानलाइ राहत पुग्ने, उत्पादनका लागि उत्प्रेरित गर्ने, कम लागत मै उच्चतम् लाभ समाजमा दिन सकिने ऋण कार्यक्रमको प्रस्ताव पेश गरिएको थियो, वहाँ सकारात्मक पनि हुनुहुन्थ्यो । मन्त्रालयका सचिवले साना किसान उत्तरगंगाको भ्रमण पनि गर्नुभयो । बजेट निर्माण ताका प्रदेश सरकारका अर्थमन्त्री प्रकास ज्वाला, सहकारी मन्त्री विमला के सी र सचिब डा. गोविन्द शर्मा समेत भएर पनि छलफल गरिएको थियो र छलफल सकारात्मक थियो । मलाइ पुरा भरोसा थियो कि यो सहुलियतपुर्ण कर्जा कार्यक्रम प्रदेश सरकारले ल्याएर साना किसान सदस्यलाइ राम्रो सन्देश देला भन्ने तर बजेटमा त्यस्तो आएन । सरकारका पनि आफ्नै बाध्यता थिए होलान, हामीले पनि जसरी सरकारलाई बुझाउन पर्थ्यो, त्यो जानीएन सकिएन होला, तर जनतालाई दिइन सक्ने राम्रो कार्यक्रम गर्न सकिएन । पछि सुने प्रदेश सरकारले फरक किसिमले त्यो कार्यक्रम ल्यायो रे, तर साना किसानहरूमा उत्साह हुनुपर्ने जति देखिएन, शायद सेवा, सेवाप्रदायक र सेवाग्राही बीच तादम्यता मिलेन कि ?

संस्था हस्तान्तरण :

३५ वटा संस्था शाखा कार्यालयमा विधवत आवद्ध भइसकेका थिए । छिटै सरुवा भएकाले एक संस्थालाई पनि समुदायमा हस्तान्तरण गर्ने मौका मिलेन । आफैले नेतृत्व गरेका बेलामा संस्थागत भएका संस्थालाइ , विधिबत समुदायमा हस्तान्तरण गराउन पाएको भए भन्ने लागीरहन्छ । हुनत यो एउटा प्राविधक कुरा मात्र हो । पछि प्राय सवै संस्था समुदायमा हस्तान्तरण हुन सफल भए । यो खुसीको कुरा हो ।

अन्त्यमा,

चिल उड्ने आकास भन्दा माथिको भिरमा कच्चीबाटो हुदै मोटरसाइकलमा हिड्दै गर्दा, आज गन्तव्यमा पुगे भने, फर्केर यो बाटो आउदीन भन्दै थुप्रैपटक त्यही बाटो हिडीयो होला, मेरा जनता मासुभात विना भेलामा आउदैनन भन्ने जनप्रतिनीधिलाई देखेर थोरै हासो धेरै रिस उठ्यो होला, के मा बोकेर पैसा ल्याको छ भन्दै अनुदानको आशाा गर्ने स्थानीय सरकार देखेर झ्वाक चल्यो होला, दुर्घटना वा विरामी भए त काठमाण्डौ जान बाध्यता हुने रहेछ, थाहा पाएर डर पनि भयो होला, भत्ता नदिए कार्यक्रम मै आउदैनौ भन्नेलाई भत्ता नदिएर नै कार्यक्रममा आउने बनाउन सजीलो भएन होला, फरक फरक ४० स्थानमा एक छोटो अवधि मा ८० जना स्थानीय कर्मचारीको व्यवस्थीत र पारदशी भर्ना छनौट नियुक्ती र तालिम गराई कार्यक्रम चलाउन सहज भएन होला, आफूसंगैका सहकर्मीले जान्न भनेको ठाउँमा आफू आएर मुर्ख त बनिएन ? भनेर आफैलाई सोधीयो होला तर पनि कर्णाली मेरा लागि सुन्दर अनुभुति र अनुभवहरूको संग्रह हो, ति असजीला भोगाइ भन्दा सिकाइको पल्ला भारी भएको अनुभुति गरेको छु । कार्य मुल्यांकनको विविध कसीमा मेरो नेतृत्वमा भएको कार्यलाई हेर्दा सुधार गर्नुपर्ने ठाउँहरू पक्कै होला तर मेरो आफ्नो अनुभवको अधिकतम उपयोग गर्न पाएको त्यो अवसर अनुभव र ज्ञान आर्जनको थप अर्को पाठशाला हो भन्ने लाग्दछ । यस अवसरका लागि सम्वद्ध सबैलाई धन्यवाद ।

दोर्णराज घिमिरे, अधिकृत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

शाखा कार्यालय, विर्तामोड

समाचार

कार्यक्रम तथा बजेट तर्जुमा गोष्ठी

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.द्वारा मिति २०८१ जेठ १६ गते देखि १८ गतेसम्म आ.व. २०८०/८१ वैशाखसम्मको प्रगति समीक्षा र आ.व. २०८१/८२ को कार्यक्रम तथा बजेट तर्जुमा गोष्ठी Greenwich Village Resort Hotel Pvt. Ltd. (Godavari Village Resort), Godavari, Lalitpur मा सञ्चालन भएको थियो । उक्त गोष्ठी कार्यक्रममा वित्तीय संस्थाका अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, नायब प्रमुख कार्यकारी अधिकृतज्यूहरू, मुख्य प्रबन्धकज्यूहरू तथा १२ वटा शाखा बाट शाखा प्रबन्धकज्यूहरूले भाग लिनु भएको थियो ।

उक्त कार्यक्रममा केन्द्रीय कार्यालयबाट वित्तीय संस्थाको आ.व. २०८०/८१ वैशाखसम्मको समग्र प्रगति प्रस्तुती र आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुती भएको थियो । १२ वटै शाखा कार्यालयबाट शाखा प्रबन्धकज्यूहरूले आ–आफ्नो शाखा कार्यालयको आ.व. २०८०/८१ वैशाख मसान्त महिनासम्मको प्रगति र आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुती भएको थियो । केन्द्रीय कार्यालयका विभिन्न विभागहरूबाट आ.व.२०८०/८१ वैशाख महिनासम्मको प्रगति र आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुती भएको थियो ।



गोष्ठी सम्बन्धी सल्लाह र सुझाब नायब प्रमुख कार्यकारी अधिकृत क्रमश श्री झलेन्द्र भट्टराई, डा. नवराज सिम्खडा र श्री पृथ बहादुर थापाज्यूबाट आएको थियो । वित्तीय संसथाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाज्यूबाट शाख कार्यालय र केन्द्रीय कार्यालयको समग्र प्रस्तुती पश्चात टिप्पणी तथा निर्देशन दिनु भएको थियो । अन्तमा अध्यक्षज्यूबाट टिप्पणी निर्देशन र कार्यक्रम समापन भएको थियो ।

गोष्ठीको तेस्रो दिन वर्तमान परिवेशमा बैकिंङ्ग व्यवसायको जोखिम न्यूनीकरणमा शाखा प्रबन्धकको भूमिका भन्ने विषयमा – श्री भुवन कुमार दहाल, पूर्व सीइओ सानिमा बैंक लि. र अध्यक्ष फाइनान्सियल लिट्रेसि, नेपाल तथा सकारात्मक सोचको विकास र तनाव व्यवस्थापन सम्बन्धी विषयमा – डा. केदार बहादुर रायमाझी, पूर्व वरिष्ठ निर्देशक नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान Clinical Psychologist र ले बाह्रय सहजकर्ताको रुपमा सहजीकरण गर्नु भएको थियो ।

युवा नेपालमै बस्ने वातावरण हामीले बनाउनुपर्छ : प्रमुख कार्यकारी अधिकृत डा. कोइराला

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले शाखा कार्यालय, बर्दिबास तथा यस शाखा अन्तर्गतका धनुषा तथा सर्लाही जिल्लाका साझेदार साना किसान कृषि सहकारी संस्था लि. हरूको अवलोकन भ्रमण गर्नुभएको छ ।

भ्रमणका क्रममा प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले संस्था र सदस्य किसानहरूले सञ्चालन गरेका विभिन्न परियोजनाहरूको अवलोकन गरी किसानहरूसंग अन्तरक्रिया गर्नुभएको थियो ।

उँहाले सदस्य किसानहरूको जीवनमा रूपान्तरण ल्याउन र संस्थालाई दिगो रूपमा सदस्य केन्द्रीत कार्यमा संलग्न बनाउन साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्दै आएको बताउनुभयो ।

आर्थिक रूपान्तरण, जीवनमा परिवर्तन गर्दै रोजगारी र स्वरोजगारीको संख्या बढाउन सके नेपालमा युवाहरू कृषि तथा पशुपालनमा लाग्ने वातावरणको विकास हुने उहाँको धारणा रहेको थियो । युवा तथा ग्रामीण क्षेत्रका महिलाहरूलाई आयआर्जनसंग जोड्न सके अहिले दैनिक हजारौंको संख्यामा विदेश पलायन हुने क्रममा केही कमी आउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

साना किसान कृषि सहकारी संस्थाहरूमार्फत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले पुँजी, प्रविधि, सिप लगायतका कार्यगर्दै आएको उहाँले बताउनुभयो ।

उहाँले शाखा कार्यालय, बर्दिबास अन्तर्गत धनुषा र सर्लाही जिल्लामा रहेका साझेदार साना किसान कृषि सहकारी संस्था लि.हरूमा पुगी सञ्चालक समिति, लेखा समितिका पदाधिकारी, अन्तर समूह अगुवा तथा कर्मचारीहरूसँग अन्तर्क्रिया र छलफल गर्नुभइ संस्थाको अवस्था, हालको प्रगति तथा वर्तमान समयमा सहकारी संस्थामा आइका चुनौतीहरूका विषयमा समेत जानकारी लिनुभएको थियो । प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले सहकारी संस्थाका कर्मचारी र सञ्चालक समितिलाई धैर्य गरी आफ्नो जिम्मेवारी र दायित्वलाई पूर्णताका साथ पुरा गर्दै अगाडि बढ्न सुझाव दिनुभयो ।

उहाँले अहिलेको परिस्थिति अलि असहज भएको हुँदा सहज परिस्थितीमा भन्दा बढी मेहनत गर्नुपर्ने भनाइ राख्दै वित्तीय संस्थाका कार्यक्रम, साना किसान अभियान र चुनौती तथा हामीले आगामी दिनमा खेल्नुपर्ने भूमिकाका विषयमा महत्वपूर्ण सल्लाह सुझावहरू दिनुभएको थियो ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृतले धनुषा जिल्लामा रहेका साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुरः, धनुषा गोविन्दपुर, रघुनाथपुर, गिद्धा संस्था तथा ति संस्थाहरूमा लगानी गरिएका ग्रामीण उद्यम परियोजनाहरूको समेत अवलोकन गर्नुभएको थियो ।

आरइएफ परियोजना सञ्चालन गरेका किसानहरूसँगको छलफलका क्रममा किसानहरूले प्रमुख कार्यकारी अधिकृतलाई आफूले परियोजना सञ्चालन गर्दा भोगेका समस्या, चुनौतीका साथै वित्तीय संस्था मार्फत ठूलो रकम उपलब्ध गराएकोमा धन्यवाद समेत व्यक्त गरेका थिए ।

यसै गरि डा. कोइरालाले सर्लाही जिल्लामा रहेका महिला साना किसान कृषि सहकारी संस्था लि. परवानीपुर, साना किसान कृषि सहकारी संस्था लि. हरिपुर तथा लक्ष्मीपुर संस्थाहरू तथा संस्थाहरूबाट लगानी गरिएका केही नमूना परियोजनाहरू अवलोकन निरीक्षण गर्नुभएको थियो ।

कार्यक्रममा शाखा कार्यालय, बर्दिबासका शाखा प्रबन्धक श्री युवराज गैरे तथा वरिष्ठ अधिकृत श्री रामबाबु सिंह समेतको उपस्थिती रहेको थियो ।

यसअघि प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले शाखा कार्यालय, बर्दिबासको हालसम्मको प्रगति र अवस्था बारे जानकारी लिंदै कार्यालयका कर्मचारीहरूलाई विभिन्न निर्देशनहरू दिनुभएको थियो ।

नेपाल सरकारका सचिव डा. गोविन्दप्रसाद शर्माद्वारा साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर, धनुषाको धान प्रशोधन उद्योगको उद्घाटन

साना किसान विकास कृषि सहकारी संस्था लि. रघुनाथपुर, धनुषाले धान प्रशोधन उद्योग सञ्चालनमा ल्याएको छ । उक्त उद्योगको नेपाल सरकार संघिय कृषि तथा पशुपंछी विकास मन्त्रालयका मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मा तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष श्री खेमबहादुर पाठकले एक भव्य समारोहबीच यही मिति २०८० चैत्र ३ गते उद्घाटन गर्नुभएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै श्रीमान सचिवज्यूले अहिले सहकारीका अभियान माथि भएका आक्रमण वा खराव सूचना आइरहेकोमा साना किसान कृषि सहकारी संस्थाहरूले इज्जत जोगाएका छन् भन्दै ९० प्रतिशत महिला सदस्य भएको यस संस्थाले सहकारीका कृयाकलाप सहजताका साथ संचालन गर्नुभएकोमा तथा खाद्य मिल स्थापना गरेकोमा हार्दिक बधाई तथा धन्यवाद दिन चाहान्छु वहाँले भन्नुभयो । संस्थाका अध्यक्ष श्री हेम प्रसाद राउतको अध्यक्षतामा भएको सो उद्घाटन कार्यक्रमको प्रमुख अतिथि श्रीमान सचिव डा. गोविन्द प्रसाद शर्मा तथा विशिष्ट अतिथि वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठक तथा सबैला नगरपालिकाका मेयरसमेत हुनुहुन्थ्यो ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले साना किसान कृषि सहकारी संस्था लि. हरूले खेलेको भूमिका महत्वपूर्ण रहेकोले नै संघिय सरकार देखि स्थानीय सरकारले यसलाई प्राथमिकतामा राखी कार्यक्रमहरू दिनुभएको कुरा बताउनु भएको थियो । धान प्रशोधन उद्योग स्थापना र सञ्चालनका लागि अनुदान उपलब्ध गराएकोमा कृषि तथा पशुपंछी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि परियोजना र सबैला नगरपालिकालाई धन्यवाद दिन चाहान्छु । धान प्रशोधन केन्द्रको सफल सञ्चालनका लागि यस क्षेत्रका सम्पुर्ण सहकारी संस्थाहरू तथा किसानहरूले साथ दिनुपर्ने कुरा समेत राख्नुभएको थियो ।

उक्त कार्यक्रममा वित्तीय संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत श्री पृथ बहादुर थापा तथा शाखा प्रबन्धक श्री युवराज गैरेको समेत उपस्थिती रहेको थियो। कार्यक्रममा सो प्रशोधन केन्द्रको हालसम्मको लागतका विषयमा जानकारी गराइएको थियो । कार्यक्रमको सञ्चालन संस्था प्रबन्धक श्री दिपनारायण पूर्वेले गर्नुभएको थियो । उक्त कार्यक्रममा संस्थाका करिव ३८०० शेयरसदस्यहरूको उपस्थिती रहेको थियो। कार्यक्रममा दिइएको जानकारी अनुरूप कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले रु. १ करोड, प्रधानमन्त्री कृषि परियोजना, धनुषाले रु. ३५ लाख तथा सबैला नगरपालिका, धनुषाले रुं १८ लाख जिन्सी अनुदान सहयोग गरेको तथा हालसम्म जम्मा रु. २८९८८९६४/- लागत लागेको र जसमध्ये संस्थाको रु. १५४८८९६४/- स्वलगानी लागेको जानकारी दिइएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य सँगसँगै प्रस्तुत गरिएका साँस्कृतिक प्रस्तुतिले सहभागीहरूलाई निकै आकर्षण समेत गरेको थियो ।

सो अवसरमा सचिव, साना किसान विकास लघुवित्त वित्तीय संस्थाका अध्यक्षज्यू, नायव प्रमुख कार्यकारी अधिकृत तथा शाखा प्रबन्धक सहितको टिमले साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुरको कार्यालयमा गई कार्यालय भवन तथा संस्थाको विविध गतिविधिबारे जानकारी लिनुका साथै ग्रामीण उद्यम परियोजना अन्तर्गत लगानी भएको बंगुरपालन फार्मको समेत अवलोकन गरेको थियो ।

सफलताको कथा

परिश्रमको पसिनाले परिचय बदल्नेहरूको कथा

कृषि क्षेत्रको विकास, कृषिमा युवा र महिला सहभागितामा वृद्धि, रोजगारी र स्वारोजगारको अभिवृद्धिका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले ग्रामीण तहमा आफ्नो सेवा प्रदान गरिरहेको छ। २०६७ सालबाट सुरु भएको दूध र मासुजन्य सहुलियत कर्जा कार्यक्रममार्फत साना किसानका हजारौं सदस्यहरू व्यावसायिक बन्नुभएको छ भने हजारौं युवा तथा महिलाहरू रोजगार र स्वरोजगार भई आर्थिक रूपमा सबल बन्न सक्नुभएको छ। यसै सन्दर्भमा अर्थ मन्त्रालयको सहयोगमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत साना किसानहरूलाई प्रदान गरिएको पशुपालन, मासुजन्य र दुग्धजन्य सहुलियत कर्जाको प्रभावबारे अध्ययन गरिएको छ। सातवटा प्रदेशका विभिन्न जिल्लामा गरिएको स्थलगत अध्ययनमा अर्थ मन्त्रालयका सहसचिव, उपसचिव, अधिकृत र वित्तीय संस्थाको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुख, र अधिकृतहरूको सहभागिता रहेको थियो। अध्ययनका क्रममा उद्यम गरिरहेका सदस्य किसानहरूको अनुभव यस सामग्रीमा समेट्ने प्रयास गरेका छौं। ***प्रस्तुतिमा अमृत सागर फौजा :***

लघुवित्त र सहकारी क्षेत्रको खस्कँदो अवस्था तथा यस प्रति नकारात्मक टिप्पणी गर्नेहरूका लागि साना किसानहरूको सफलताको कथा सुन्दा र हेर्दा सकारात्मक उर्जा बढाउँछ। सबैतिर निराशा, समस्या र चुनौतीहरू बढिरहेको समयमा सुर्खेतको गुमीमा रहेको परिवर्तन महिला साना किसान कृषि सहकारी संस्था लि. मार्फत पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जा लिएर व्यवसाय गरिरहनुभएकी सुनिता परियारले आफ्नो जीवन रूपान्तरणमा संस्थाले सहयोग गरेको बताउनुभयो। श्रीमान श्रीमती मिलेर गरेको व्यवसायलाई अझै बढाउँदै लैजाने तायारीका साथ आफूहरूले काम गरिरहेको उहाँले बताउनुभयो।

अर्थ मन्त्रालयका उपसचिव निर्मल ढकाल र केशव उप्रेती सहित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का नायब प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिंखडा सहितको टोलीले गरेको अनुगमनका क्रममा सदस्य किसानहरूले आफ्नो सफलता र चुनौतीका विषयहरूमा जानकारी गराउनुभएको थियो।

उहाँहरूले अहिले दूध बेचेर मात्र ३० देखी ३५ हजार नाफा आम्दानी गर्दै आउनुभएको छ।

गुमीकै अर्की सदस्य हुनुहुन्छ सुनिता खड्का उहाँले पनि भैंसी पाल्नु भएको छ। उहाँका श्रीमान पहिले वैदेशिक रोजगारीमा जानुभयो। त्यस समयमा उहाँहरूको परिवारको कुनै पहिचान र परिचय थिएन। तर जब उहाँले संस्थामार्फत कर्जा लिएर भैंसी पालन गर्न थाल्नुभयो तब उहाँका श्रीमान पनि नेपाल फर्कीनुभएको छ भने आफ्नै घर बनाउनसमेत सफल हुनुभएको छ।

उहाँहरूले आफ्ना ५ जना छोराछोरीको पठन पाठन पारिवारीक खर्च लगायतको सम्पूर्ण व्यवस्थापन यसै व्यवसायबाट भइरहेको छ।

श्रीमान विदेश गएपनि राम्रो आम्दानी नभएको अनुभव सुनाउँदै उहाँले अहिले श्रीमानसंगै यो व्यवसाय सञ्चालन गरिरहेको बताउनुभयो।

उहाँले संस्था मार्फत प्राप्त यो कर्जाले आफ्नो जीवनको बाटो नै बदलिदिएको प्रक्रिया दिनुभयो। सदस्य किसानहरूले पहिले जीवन यापनका लागि धौंधौ पर्ने अवस्था रहेपनि अहिले आफूहरूको जीवन आनन्दले बितेको बताउनुभयो।

सुनिता खड्काको कुनै जग्गा जमिन थिएन र आम्दानीको स्रोत पनि थिएन। तर, जब साना किसान कृषि

सहकारी संस्थामा लाग्नुभयो यसपछि उहाँको खुसीका दिनहरू सुरु भएका हुन् । तत्कालिन समयमा विदेश जानुभएका श्रीमान पनि अहिले स्वदेशमै आफ्नै उद्यममा जोडिनुभएको छ । यसैगरी आफ्नो पहिचान र परिचय बदलिएको छ । उहाँ अत्यन्तै खुसी हुनुहुन्छ । आफ्नो परिश्रम र संघर्षले सफलताको बाटो पछ्याई रहँदा उहाँमा अझै केही गरौं भन्ने हुटहुटी बाँकीनै छ। वार्षिक लाखौ रूपैयाँ घरमै बसेर आम्दानी हुन थालेपनि उहाँलाई जीवनमा धेरै मानिसहरू आफ्नो सम्भावनाको पहिचान गर्न नसकेर समस्या परेको जस्तो लाग्छ भन्नुहुन्छ ।

साना किसान कृषि सहकारी संस्था र सदस्यहरूले गरेको व्यवसायको नेपाल सरकार अर्थ मन्त्रालयका प्रतिनिधि, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत सहितको टोलीले परिवर्तन महिला साना किसान कृषि सहकारी संस्था लि.का सदस्य किसानहरूसंग पुशपालन व्यवसाय र किसानहरूले हासिल गरेको सफलता अनि चुनौतीका विषयमा छलफल गर्नुभएको थियो ।

खुदुनबारी झापा

पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जा लिएर व्यवसाय गरिरहनुभएका खुदुनाबारी साना किसान कृषि सहकारी संस्था लि. झापाका सोमनाथ घिमिरे र उहाँको परिवार अहिले खुसी परिवारका रूपमा चिनिन्छ। उहाँहरूले साना किसान कृषि सहकारी संस्थाबाट कर्जा लिएर थालेको यो व्यवसायले अहिले उहाँहरूको पहिचान र परिचय नै बदलिदिएको छ। अर्थमन्त्रालयका सहसचिव उत्तर कुरमा खत्री, साना किसान विकास लघुत्ति वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई सहितको अनुगमनमा जानुभएका प्रतिनिधिहरूलाई यो कुरा सुनाईरहँदा खुदुनावारी साना किसान कृषि सहकारी संस्था लि.का सोमनाथ घिमिरे र उहाँको परिवारको मुहारमा खुसी र आनन्दको अभास छचल्किरहेको थियो ।

पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जा लिएर व्यवसाय गरिरहनुभएका युवा घिमिरेलाई कतिपयले देशमै बसेकोमा खिसी समेत गरे तर उहाँले आफ्नो कामलाई निरन्तरता दिनुभयो । जसले उहाँ र उहाँको परिवारमा अहिले खुसी बढाएको छ। उहाँहरूले साना किसान कृषि सहकारी संस्थाबाट कर्जा लिएर थालेको यो व्यवसायले अहिले उहाँहरूको पहिचान र परिचय नै बदलिदिएको छ ।

अर्थमन्त्रालयका सहसचिव खत्री र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत भट्टराई सहित अनुगमनमा जानुभएका प्रतिनिधिहरूलाई उहाँले आफ्नो व्यवसायमा हासिल गरेको सफलता र समस्याका बारेमा जानकारी गराउनुभएको थियो ।

यस अघि अनुगमन टोलीले खुदुनावारी साना किसान कृषि सहकारी संस्था लि.का सदस्य किसानहरूसँग पुशपालन व्यवसाय र किसानहरूले हासिल गरेको सफलता अनि चुनौतीका विषयमा अन्तरक्रिया गर्नुभएको थियो ।

यसैगरी अनुगमनका क्रममा महारानीझोडा साना किसान कृषि सहकारी संस्था लि. ले सञ्चालन गरेका विभिन्न उद्योगहहरूको अवलोकन गरिएको थियो । विशेषगरी महारानीझोडा साना किसान कृषि सहकारी संस्थाले सञ्चालन गरेको साइलेज उद्योगकको अवलोकन गर्दै सहसचिव खत्रीले सरकारले कृषि र पशुपालन व्यवसायको विस्तारका लागि पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले जसले जे गरे पनि उक्त विषयको वारेमा जानकारी लिएर मात्र गर्दा दिगो र भरपर्दो हुने बताउनुभयो । पशुपालन वा अन्य कुनै पनि उद्यमगर्दा उक्त विषयको प्राविधिक, शैद्धान्तिक पक्षसँगै बजारका बारेमा समेत अध्ययन गरेर व्यवसाय गर्दा आफ्नो व्यवसायबाट राम्रो लाभ लिन सकिने बताउनुभयो ।

नेपालगञ्ज बर्दिया

हरेक दिन बिहानैदेखि साँझैसम्म आफ्नै घरगोठको काममा व्यस्त हुनुहुन्छ बर्दियाको देउडाकला साना किसान कृषि सहकारी संस्था लि.का सदस्य कुल प्रसाद भण्डारी र उहाँको परिवारका अन्य सदस्यहरू ।

पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जाको प्रभाव बारे अध्ययन टोलिसंग व्यावसायिक भण्डारीले आफ्नो व्यावसायिक सफलता र प्राप्तीका बारे अर्थ मन्त्रालय र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रतिनिधिहरूलाई जानकारी गराउनुभयो । स्थलगत अध्ययनका क्रममा उहाँले आफूले गरेको काम मात्र सुनाउनुभएन व्यवसाय गर्दा भोगेका समस्या पनि सुनाउने अवसर पाउनुभयो ।

यसैगरी संस्थाकी सदस्य गंगा नगरकोटीले विदेशमा पसिना बगाउन भन्दा नेपालमै सानो काम गर्न सकेपनि राम्रो आम्दानी गर्न सकिने बताउनुभयो । उहाँले आफूले नेपालमा पशुपालनबाट राम्रो आम्दानी गर्न सकेको समेत बताउनुभयो । यस अघि उहाँहरूले देउडाकला साना किसान कृषि सहकारी संस्था लि.का सदस्य किसानहरूसँग पुशपालन व्यवसाय र किसानहरूले हासिल गरेको सफलता अनि चुनौतीका विषयमा अन्तरक्रिया गर्नुभएको थियो ।

भोटेचौर सिन्धुपाल्चोक

अर्थ मन्त्रालय र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को टोलीलले पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जाको प्रभाव अध्ययनका क्रममा,, सिन्धुपाल्चोकको भोटेचौरमा रहेको सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लि.ले गरेको पशुपालन व्यवसायको अवलोकन गर्नुभएको छ ।

अर्थमन्त्रालयको टोली सहित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का मुख्य प्रवन्धक इसा केसी सहितको टोली प्रभाव अध्ययनका क्रममा भोटेचौर पुग्नुभएको थियो ।

अध्ययन टोलीसंग कुराकानी गर्दै संस्थाका अध्यक्ष मित्रलाल चौलागाईले संस्थाले गरेको यस व्यवसायले स्थानीयस्तरमा उत्साह बढाएको जानकारी गराउनुभयो । संस्थाको नेतृत्वमा पशुपालन मासुजन्य र दुग्धजन्य कर्जामार्फत गरिएको यस व्यवसायबाट सहजरूपमा लाभ लिन सकिएको उहाँले बताउनुभयो ।

संस्थाको आफ्नै नेतृत्वमा सञ्चालित पशुपालन तथा दुग्ध उद्योगबाट सदस्यहरूले पनि लाभ लिन सकेको उहाँले बताउनुभयो । संस्थामा आवद्ध किसानहरूले पालेका पशुवस्तुको बीमा गर्ने देखी उत्पादित दूध बिक्रीवितरणमा संस्थाले सहजीकरण गर्दै आएको छ ।

पोखरा भरतपोखरी

पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जाको प्रभाव अध्ययनका क्रममा पोखराको भरतपोखरी साना किसान कृषि सहकारी संस्था र सदस्य सारदा पोखेल सहितका विभिन्न सदस्यहरूहले गरेको व्यवसायको स्थलगत अध्ययन गरिएको छ ।

अर्थ मन्त्रालयको टोलीसहित टोली प्रमुख र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अधिकृत सहितको टोलीले किसानहरूको गोठमै पुगेर कर्जाको प्रभाव बारे बुझ्ने कार्य गर्नुभएको थियो ।

अध्ययनका क्रममा सदस्य किसानहरूले जीवन रूपान्तरणका लागि साना किसान कृषि सहकारी संस्थामार्फत प्राप्त सहुलियतपूर्ण कर्जाले ठूलो सहयोग गरेको प्रतिक्रिया दिनुभयो । उहाँहरूले यस प्रकारका कार्यक्रमहरूलाई अझै किसानहरूकोबीचमा बढाउँदै लैजानुपर्ने सुझावसमेत दिनुभएको छ ।

अर्थमन्त्रालयको सहयोगमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत साना किसान कृषि सहकारी संस्था लि. का सदस्यहरूलाई प्रदान गरिएको पशुपालन, मासुजन्य र दुग्धजन्य कर्जाको प्रभाव बारे स्थलगत अध्ययन गरिएको हो ।

कृषि क्षेत्रको विकास, कृषिमा युवा र महिला सहभागीतामा वृद्धि, रोजगारी र स्वारोजगारको अभिवृद्धिका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले ग्रामीण तहमा आफ्नो सेवा प्रदान गरिरहेको छ । २०६७ सालबाट सुरु भएको दूध र मासुजन्य सहुलियत कर्जा कार्यक्रममार्फत साना किसानका हजारौं सदस्यहरू व्यावसायिक बन्नुभएको छ भने हजारौं युवा तथा महिलाहरू रोजगार र स्वरोजगार भई आर्थिक रूपमा सवल बन्न सक्नुभएको छ । यसअघि अध्ययन टोलीलले भरपोखरी साना किसान कृषि सहकारी संस्था लि.का सदस्य किसानहरूसंग पुशपालन व्यवसाय र किसानहरूले हासिल गरेको सफलता अनि चुनौतीका विषयमा अन्तरक्रिया गर्नुभएको थियो ।

नेपाल फाइनान्सियल रिपोर्ट स्ट्याण्डर तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा २ दिने नेपाल फाइनान्सियल रिपोर्ट स्ट्याण्डर तालिम सम्पन्न भएको छ ।

विभिन्न साझेदार संस्थाका प्रतिनिधिहरूको सहभागितामा भएको तालिममा संस्थागत दिगो विकास र आर्थिक विश्लेषण तथा आर्थिक सुचकका बारेमा सहजीकरण गरिएको थियो ।

तालिम समापन समारोहमा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले लघुवित्तहरूमा सदस्यहरूको साक्षरता सहितको सहभागिता आवश्यकता रहेको बताउनुभयो । सदस्यहरूले आफूले गर्ने कारोबार संस्थाका बारेमा राम्रोसँग बुझेर मात्र काम गर्न सके धेरै समस्याको समाधान हुने विश्वास व्यक्त गर्नुभयो । सदस्यहरूले आफ्नो कारोवार रहेको संस्थालाई आफ्नो हो भन्ने महशुस गरेर काम गर्न सके मात्र लघुवित्त सक्षम हुँदै जाने बताउनुभयो ।

उहाँले संस्थाको संस्थागत विकास, कृषिको रूपान्तरणका लागि युवा सहभागिता र उद्यमशीलता, रोजगारी सृजना, साना तथा मझौला उद्योगहरूको स्थापना तथा सञ्चालनका कार्य समेत अगाडि बढेको बताउनुभयो ।

प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले वातवरण संरक्षण र समय सापेक्ष रूपमा सूचना प्रविधिको पहुँच र प्रयोगलाई उच्च प्राथमिकतामा राखेर हरेक क्षेत्रको रूपान्तरणमा लाग्नुपर्ने अहिलेको प्रमुख आवश्यकता रहेको तर्क गर्नुभयो ।

कार्यक्रममा संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराइले संस्थाहरूको आवश्यकता र महत्व हेरेर कर्मचारीहरूको क्षमता विकास आवश्यक रहेको बताउनुभयो । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले लघुवित्त क्षेत्रका कर्मचारीहरूको समय सापेक्ष क्षमता विकासलाई निरन्तर प्राथमिकताका साथ कार्य गर्दै आएको स्पष्ट पार्नुभयो । सर्वप्रथम संस्थामा काम गर्ने कर्मचारीहरू नै संस्थाको बारेमा जानकार र सकारात्मक बन्न आवश्यक रहेको भन्दै उहाँले आफ्ना समस्याहरू पहिचान गरी समाधानको बाटोमा अगाडि बढ्न अुरोध गर्नुभयो । साना किसानहरूलाई उद्यमीका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै उहाँले लघुवित्त गरिबी निवारण र आर्थिक उपार्जनसंग जोड्ने नेतृत्वदायी संस्था रहेको दाबी गर्नुभयो । तालिमको समायोजन तथा व्यवस्थापन साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रवन्धक लिलाधर धितालको नेतृत्वमा वरिष्ट अधिकृत मनिष महतो लगायतले सहजीकरण गर्नुभएको थियो ।

दुई दिने व्यवस्थापकीय क्षमता विकास तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा दुई दिने व्यवस्थापकीय क्षमता विकास तालिम सम्पन्न भएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का साझेदार लघुवित्त वित्तीय संस्था लि. का व्यवस्थापनतहका कर्मचारीहरूको सहभागितामा उक्त तालिम सम्पन्न भएको हो ।

२३ वटा संस्थाका २५ जना सहभागी उक्त तालिमको सहजीकरण बैंकिङ क्षेत्रमा लामो अनुभव प्राप्त गर्नुभएका प्रशिक्षक वाल नरिसिंह घर्तीले गर्नुभएको थियो ।

कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले लघुवित्त संस्थाहरू आफ्नो मुल्य मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गरिब भन्दा गरिब किसानहरूको जीवनस्तर सुधारका लागि काम गर्नुपर्ने लघुवित्तलाई उत्कृष्ट व्यवस्थापकीय नेतृत्व गर्न यस्ता तालिमहरूले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले यो तालिम संस्थाको दिगो विकास र रूपान्तरणमा सबैभन्दा महत्वपूर्ण रहने बताउनुभयो ।

व्यवस्थापनले संस्थागत सेवा प्रवाह, सेवाग्राही केन्द्रीत कार्य र आर्थिक सामजिक रूपान्तरणमा संस्थाले गर्नुपर्ने कार्यलाई चुस्त दुरुस्त राख्न भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले समय समयमा प्रदान गरिने यस प्रकारका तालिमहरूले व्यवस्थपनमा रहेर कार्य गर्नेहरूलाई समय सापेक्ष रूपमा सेवा प्रवाहका लागि सहयोग पुग्ने बताउनुभयो ।

यसैगरी तालिमको उद्घाटन सत्रमा बोल्नुहुँदै नायब प्रमुख कार्यकारी अधिकृत पृथ बहादुर थापा र झलेन्द्र भट्टराईले व्यवस्थापन जीवन र संस्थागत सुधारका लागि समेत महत्वपूर्ण कुरा रहेको उल्लेख गर्नुभयो । उहाँहरूले व्यवस्थापनले एउटा क्षेत्रमात्र नभई समग्र संस्था र समाजमा समेत सकारात्मक सन्देश प्रवाह गर्न सक्नेगरी कार्य गर्न सकिने समेत बताउनुभयो । व्यवस्थापकीय क्षमताको विकासले मानिसलाई समय सापेक्ष रूपमा आफूलाई बदल्न सहयोग पुग्ने उहाँहरूको धारणा थियो ।

तालिममा मुख्य प्रवन्धक लिलाधर धिताल र बरिष्ठ अधिकृत मनिष महतोले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

कृषि सहकारी उद्योग व्यवस्थापन तालिम सम्पन्न

सानाकिसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजना र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को सहकार्यमा साझेदार सहकारी संस्थाहरूका लागि कृषि सहकारी उद्योग व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

साना किसान विकास केन्द्रीय संघ टरौली चितवनमा भएको तालिममा विभिन्न साझेदार सहकारी संस्थाका सञ्चालक, कर्मचारी तथा सदस्यहरूको सहभागिता रहेको थियो । कृषि उत्पादनसंगै उत्पादनको प्रशोधन गरी बजारीकरणसम्म पुग्ने उद्धेश्यले आयोजना गरिएको तालिममा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी (प्रमुख अतिथि), उपसचिव विष्णु पौडेल र शाखा अधिकृत आनन्द बुर्लाकोटी, साना किसान विकास लघुवित्त वित्तीय संस्था र नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम बहादुर पाठक, नेपाल कृषि सहकारी केन्द्रीय संघका महाप्रबन्धक रुद्र भट्टराई, वितीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई, मुख्य प्रबन्धक लिलाधर धिताल, कार्यक्रम संयोजक रोशन बहादुर शाक्य, केन्द्रीय संघका प्राचार्य लक्ष्मण पौडेल लगायतको सहभागिता रहेको थियो ।

यस तालिममा प्रमुख अतिथिज्यूले सहकारी संस्थाले उद्योग स्थापना गरी सुचारु रूपले सञ्चालन गर्न आइपरेका/पर्ने नीतिगत समस्याहरू के के हुन् सो को बुदागतरूपमा पेश गर्न अनुरोध गर्नुभयो । उद्योग सञ्चालन गर्दा भौतिक पूर्वाधार, व्यवस्थापन, कानुनी, आर्थिक, प्रविधि, बजार, वातावरणीय जस्ता पक्षहरूलाई ध्यान दिनुपर्ने कुराहरूमा छलफल भएको थियो ।

साथै, सो अवसरमा चितवनमा विभिन्न उद्योग सञ्चालन गरेका कुमरोज, कठार र वीरेन्द्रनगर सहकारी संस्थाको अवलोकन भ्रमणसमेत भएको थियो ।

उद्योग, मिल र कारखाना सञ्चालन गरेकामध्ये १६ वटा साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष, कर्मचारी र उद्योग सञ्चालन गर्ने पदाधिकारीहरूका लागि साना किसान विकास केन्द्रीय संघको तालिम केन्द्र, टरौली, चितवनमा तालिम सम्पन्न भएको थियो ।

४ दिने अभिमुखीकरण तालिम (Induction Training) सम्पन्न

साना किसन विकास लघुवित्त वित्तीय संस्था लि.को आयोजनामा ४ दिने अभिमुखीकरण तालिम (Induction Training) सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन साना किसान विकास लघुवित्त वित्तयि संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले गर्नुभएको थियो ।

यसैगरी कार्यक्रममा संस्थाका मुख्य प्रवन्धक लिलाधर धितालसहित विभिन्न विभागिय प्रमुखहरूको सहभागिता रहेको थियो । तालिममा यस वित्तीय संस्थाका २४ जना कर्मचारीहरूले सहभागिता जनाउनुभएको थियो ।

साना किसानको सुरूवात भएको स्थानमा

फेरि सुरु भयो साना किसान सहकारी

नेपालमा साना किसान कार्यक्रमका रूपमा सञ्चालन हुँदा स्थापना भएको नुवाकोटको दुप्चेमा साना किसान सहकारी स्थापना तथा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

विसं२०३२ सालमा साना किसान विकास आयोजनाको रूपमा स्थापित साना किसान पछि विभिन्न कारण बन्द भएको थियो । साना किसान विकास आयोजनाको रूपमा सुरु भएको ऐतिहासिक ठाउँलाई जोगाउने मुख्य उदेश्य सहित २०७८ माघ २७ गते द्विपक्षीय सम्झौता गरि नेपाल कृषि सहकारी केन्द्रीय संघले अनुशरण सुरुवात गरेको थियो । तुप्चे सानाकिसान कृषि सहकारी संस्था लि बिदुर ७ नुवाकोट मिति २०८० जेठ १६ गते विदुर नगर कार्यपालिकाको कार्यलय बिदुर नुवाकोटमा विधिवत रूपमा दर्ता भएको थियो । संस्थाको व्यवस्थापन हस्तान्तरण कार्यक्रमको सम्पूर्ण चरण पूरा गरी २०८१ बैशाख ८ गते औपचारिक रूपमा व्यवस्थापन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । तुप्चे साना किसान कृषि सहकारी संस्था लि. को व्यवस्थापन हस्तान्तरण समारोह तथा प्रथम वार्षिक साधारणसभा कार्यक्रममा संस्थाको अध्यक्ष ज्ञानुमाया थापा ढकालको अध्यक्षता, नेपाल कृषि सहकारी केन्द्रिय संघ लि.र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष खेमबहादुर पाठकको प्रमुख आथित्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा विदुर नगरपालिकाका उपमेयर प्रभा बोगटीको विशेष उपस्थिति रहेको थियो । उक्त समारोहमा वि.सं.२०३२ सालमा साना किसान विकास आयोजना कालमा अध्यक्ष रहनुभएका हाल ९२ वर्ष हुनुभएका तीर्थराज अधिकारीको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि खेमबहादुर पाठकले साना किसानहरूको विश्वास र भरोसा साना किसान बन्न सफल रहेको प्रति खुसी व्यक्त गर्नुभयो । उहाँले देशभर रहेका साना किसानहरूले आफ्नो उद्देश्य केन्द्रित काम गर्नुपर्नेमा जोड दिँदै

आर्थिक सामाजिक रूपान्तरणमा साना किसानहरूको योगदानलाई तीनै तहका सरकारले आत्मसाथ गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सरकारसँग मिलेर राज्यको अभियानलाई सफल बनाउने कुरामा साना किसान कृषि सहकारीहरू र सहकारी अभियान सदैव सँगसँगै रहने बताउनुभयो ।

यसैगरी कार्यक्रममा बोल्दै विदुर नगरपालिकाकी उप-प्रमुख प्रभा बोगटीले सहकारीमार्फत समाजका हरेक क्षेत्रको रूपान्तरण सम्भव रहने भन्दै यसका लागि आफूहरू सदैव सकारात्मक रहेको बताउनुभयो ।

चितवनमा संस्था सुदृढीकरण गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को संयुक्त आयोजनामा साना किसान सहकारी अभियानका अग्रज र शाखा कार्यसम्पादन सल्लाहकार समूहको सहभागितामा संस्था सुदृढीकरण गोष्ठी सम्पन्न भएको छ। चितवनको टरौलीमामा रहेको साना किसान विकास केन्द्रीय संघ लि.को तालिम केन्द्रमा सप्पन्न तालिममा संस्थागत दिगो विकास, सुशासन, संस्था सुदृढिकरण र कर्जा परिचालन तथा उपयोगका विषयमा सहजीकरण गरिएको थियो।

साना किसान विकास वित्तीय संस्था र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेम बहादुर पाठक, वित्तीय संस्थाका सञ्चालक सुखदेव न्यौपाने, वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का उपाध्यक्ष मीना ढकाल, सञ्चालक सदस्यहरू महाप्रवन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रबन्धक लिलाधर धिताल, कार्यक्रम संयोजक रोशन बहदुर शाक्य लगायतको सहभागिता रहेको थियो। यसैगरी उक्त कार्यक्रममा साना विकास विकास लघुवित्त वित्तीय संस्था लि.का १२ वटा शाखा कार्यालयका कार्यालय प्रमुखहरूको पनि सहभागिता रहेको थियो।

विस्तार हुँदै साना किसान सञ्जाल

साना किसान कृषि सहकारी संस्थाहरूको सञ्जाल विस्तारकोक्रम निरन्तर चलिरहेको छ। देशका विभिन्न स्थानमा नयाँ नयाँ साना किसान कृषि सहकारी संस्थाहरू स्थापना तथा सञ्चालन हुने र हस्तान्तरण हुनेक्रम निरन्तर चलिरहेको छ। यसैक्रममा कञ्चनपुरको दोधारा चाँदनीमा पनि साना किसान कृषि सहकारी संस्था हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

दोधारा चाँदनी नगरपालिकामा साना किसान कृषि सहकारी संस्था लि.चाँदनीको व्यवस्थापन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो। हस्तान्तरण कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. तथा नेपाल कृषि सहकारी केन्द्रिय संघ लि. का अध्यक्ष तथा राष्ट्रिय सहाकारी महासंघका उपाध्यक्ष खेम बहादुर पाठकले नेपालका सबै स्थानीयतहमा साना किसान कृषि सहकारी संस्थाको सञ्जाल विस्तरसंगै संस्थागत दिगो व्यवस्थापनमा समेत आफूहरूले उच्च महत्व दिएको बताउनुभयो। उहाँले स्थानीयतहमा रहेका संस्था र सदस्यहरू सक्षम एवम् सवल बन्न सके मात्र सहकारी अभियान सार्थक हुने भन्दै प्रारम्भिक संस्थाहरू हरेक दृष्टिकोणबाट सक्षम बन्नुपर्नेमा जोड दिनु भयो। कार्यक्रममा दोधारा चाँदनी नगर पालिका प्रमुख किशोर कुमार लिम्बु, नेपाल कृषि सहकारी केन्द्रीय संघका सञ्चालक धर्मसिंह कुँवरसहित संस्थाका सञ्चालक, कर्मचारी तथा सदस्य किसानहरूको सहभागिता रहेको थियो।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. बीच सम्झौता

नेपाल सरकारको आर्थिक सहयोगमा अनुशरण हुने कार्यक्रम अन्तर्गत ४ दुर्गम जिल्लाहरू दार्चुला, डोटी, आछाम र डोल्पा मा ९ वटा संस्थाहरूमा अनुसरण गरी गरिब तथा पछाडिपरेका वर्गहरूलाई प्राथमिकता दिइने छ। १ वर्ष अवधिमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले निर्धारण गरेका सूचकाङ्क पुरा गरी साना किसानले साना किसानका लागि साना किसानद्वारा नै संचालन हुने सक्षम, दरिलो र भरपर्दो संस्थाको रूपमा संस्थागत विकास गरी साना किसान कृषि सहकारी संस्था हस्तान्तरण गरिने छ। यस पश्चात वित्तीय संस्था लि. बाट उचित मुल्यको थोक कर्जा लिन संस्थाहरू सक्षम हुनेछन्। यस कार्यक्रमबाट त्यस क्षेत्रका न्यूनतम ३ हजार ६ सय घरधुरीका करीव २० हजार सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वीत हुनेछन्।

दुई दिने व्यवस्थापकीय क्षमता विकास तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का साझेदार लघुवित्त वित्तीय संस्था लि. का व्यवपनतहका कर्मचारीहरूको सहभागितामा उक्त तालिम सम्पन्न भएको हो ।

२३ वटा संस्थाका २५ जना सहभागी उक्त तालिमको सहजीकरण बैंकिङ क्षेत्रमा लामो अनुभव प्राप्त गर्नुभएका प्रशिक्षक वाल नरिसिंह घर्तीले गर्नुभएको थियो ।

कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले लघुवित्त संस्थाहरू आफ्नो मुल्य मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गरिब भन्दा गरिब किसानहरूको जीवनस्तर सुधारका लागि काम गर्नुपर्ने लघुवित्तलाई उत्कृष्ट व्यवस्थापकीय नेतृत्व गर्न यस्ता तालिमहरूले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले यो तालिम संस्थाको दिगो विकास र रूपान्तरणमा सबैभन्दा महत्वपूर्ण रहने बताउनुभयो ।

व्यवस्थापनले संस्थागत सेवा प्रवाह, सेवाग्राही केन्द्रीत कार्य र आर्थिक सामजिक रूपान्तरणमा संस्थाले गर्नुपर्ने कार्यलाई चुस्त दुरुस्त राख्न भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले समय समयमा प्रदान गरिने यस प्रकारका तालिमहरूले व्यवस्थपनमा रहेर कार्य गर्नेहरूलाई समय सापेक्ष रूपमा सेवा प्रवाहका लागि सहयोग पुग्ने बताउनुभयो ।

यसैगरी तालिमको उद्घाटन सत्रमा बोल्नुहुँदै नायब प्रमुख कार्यकारी अधिकृत पृथ बहादुर थापा र झलेन्द्र भट्टराईले व्यवस्थापन जीवन र संस्थागत सुधारका लागि समेत महत्वपूर्ण कुरा रहेको उल्लेख गर्नुभयो । उहाँहरूले व्यवस्थापनले एउटा क्षेत्रमात्र नभई समग्र संस्था र समाजमा समेत सकारात्मक सन्देश प्रवाह गर्न सक्नेगरी कार्य गर्न सकिने समेत बताउनुभयो । व्यवस्थापकीय क्षमताको विकासले मानिसलाई समय सापेक्ष रूपमा आफूलाई बदल्न सहयोग पुग्ने उहाँहरूको धारणा थियो ।

तालिममा मुख्य प्रबन्धक लिलाधर धिताल र बरिष्ठ अधिकृत मनिष महतोले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

युवा उद्यमशीलता र सामाजिक रूपान्तरण हाम्रो प्रमुख प्राथमिकता हो : डा. कोइराला

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले साना किसानमार्फत युवा उद्यमशीलता तथा महिलाहरूको आर्थिक सामाजिक रूपान्तरणमा ठूलो सहयोग पुगेको बताउनुभएको छ । लेटाङ साना किसान कृषि सहकारी संस्था लि.को आयोजनामा भएको छलफलमा सहभागी हुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले कृषि उत्पादनसंगै उद्यमशिलताको विकास आजको प्रमुख र अपरिहार्य आवश्यकता रहेको बताउनुभयो ।

उहाँले सहकारी संस्थाको संस्थागत विकास, सदस्यहरूको जीवन रूपान्तरण र सामाजिक तथा सामुदायिक क्षेत्रमा योगदान गर्न सक्ने गरी संस्थाहरूले काम गर्नुपर्नेमा जोड दिनुभयो । यसैगरी छलफलमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, शाखा प्रवन्धक गणेश भट्टराई र शुभाष गौतम सहित संस्थाका सञ्चालक, सदस्य तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । उहाँहरूले अवलोकन भ्रमणका क्रममा विभिन्न संस्थाका सञ्चालक तथा कर्मचारी र किसानहरूसँग अन्तरक्रिया गर्नुभएको थियो ।

यस क्रममा संस्था सञ्चालनका क्रममा देखिएका समस्या समाधानका उपाय र सदस्य किसानहरूले हासिल गरेको सफलता, भोग्नुपरेको चुनौतीका बारेमा समेत जानकारी लिनुभएको थियो ।

यस अवसरमा उहाँहरूले इश्वर साना किसान कृषि सहकारी संस्था बिराटनगर, जिवन बिकास लघुबित्त वित्तीय संस्था, फर्वार्ड लघुबित्त वित्तीय संस्था, पाटि साना किसान कृषि सहकारी संस्था लि., सुन्दरपुर साना किसान कृषि सहकारी संस्था, दुलारि साना किसान कृषि सहकारी संस्था, सिजुवा साना किसान कृषि सहकारी संस्था, बेलबारि साना किसान कृषि सहकारी संस्था लि. लेटाङ साना किसान कृषि सहकारी संस्था लि. मृगौलिया साना किसान कृषि सहकारी संस्था लि, मधुबन साना किसान कृषि सहकारी संस्था लि., टाडि साना किसान कृषि सहकारी संस्था लि र नारि नमुना सहकारी संस्था लि.लगायतका संस्थाहरूमा अनुगमन गर्नुभएको थियो ।

कृषि उत्पादन र उद्यमशीलतामा साना किसानको भूमिका महत्वपूर्ण छ : खत्री

नेपाल सरकारका सहसचिव उत्तर कुमार खत्रीले कृषिजन्य उत्पादन संगसंगै उद्यमशिलताको विकासमा साना किसान कृषि सहकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ ।

अर्थमन्त्रालयको सहयोगमा साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सदस्य संस्थाका सदस्य किसानलाई प्रदान गरिएको सहुलियतपूर्ण कर्जाको प्रभाव अध्ययनका क्रममा झापा पुग्नुभएका सहसचिव खत्रीले उत्पादनमात्र नभई उत्पादनको प्रशोधन तथा बजारीकरणमा साना किसान र सदस्यहरूले गरेको काम प्रशंसनिय रहेको बताउनुभयो । उहाँले नेपाल सरकारको तर्फबाट प्रदान गरिएको सहुलियत कर्जाले संस्था र सदस्यहरूमा आर्थिक सामाजिक परिवर्तनमा सहयोग पुगेको देख्दा खुसी लागेको बताउनुभयो । सहसचिव खत्रीले आगामी दिनमा यस प्रकारको सहकार्यलाई जारी राख्दै थप नवीन कार्यक्रमहरूलाई अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो । पशुपालनले किसानहरूको जीवनमा ल्याएको परिवर्तनले आफूलाई खुसी लागेको भन्दै उहाँले पशुजन्य उत्पादनको प्रशोधन तथा प्याकेजिङको कार्यलाई अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो । यसैगरी सहुलियत कर्जाको प्रभाव अध्ययनका क्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले पशुपालनलाई परम्परागत पेशाका रूपमा मात्र नभई अब व्यावसायिक रूपमा अगाडि बढाउन सुझाव दिनुभयो । यसका लागि पशु पालन बारेमा रामो ज्ञान आवश्यक रहेको भन्दै उहाँले हरेक पेशा व्यवसाय गर्नु पुर्व उक्त पेशा व्यवसायको बारेमा रामोसंग जानकारी लिएर मात्र गर्नुपर्नेमा जोड दिनुभयो । पशुपालनमा धेरै समस्या र चुनौतीहरू आउन सक्ने भन्दै उहाँले त्यसका लागि पूर्व तयार महत्वपूर्ण हुने बताउनुभयो । खुदुनुबारी झापाका सदस्य किसानले गरेको पशुपालन व्यवसायको प्रभाव अध्ययनसंगै उहाँहरूले महारानीझोडा साना किसान कृषि सहकारी संस्था लि. ले सञ्चालन गरेको साइलेज उद्योगको समेत अवलोकन गर्नुभएको थियो ।

सफलताको कथा

चेपाङ समुदायको चम्किलो तारा गीता कुमारी प्रजा

हरिशरण ढकाल
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, हेटौंडा, मकवानपुर

हरेक मानिसको जीवनमा अनेकौँ दुःख कष्टले सधैं पछ्याइरहन्छन् । दुःखमा नआत्तिने अनि सुखमा नमात्तिने मानिस थोरै मात्र भेटिन्छन् । चुनौती र दुःखमा निरन्तर संघर्ष जसले गर्छ त्यो मानिसले अवश्य एकदिन सफलता हासिल गर्छ । वि.सं. २०४१ साल असोज महिनाको १२ गते मकवानपुर जिल्लाको साबिक राक्सिराङ गाविसको ठाडे भन्ने एक गाउँमा सामान्य चेपाङ परिवारमा एक छोरीको जन्म हुन्छ । ५ दाजुभाइपश्चात् छोरी गीता कुमारी प्रजाको जन्म हुँदा परिवारमा खुसीको सीमा नै रहन्न ।

ठाडे गाउँमा केवल १५ चेपाङ परिवारको बसोवास थियो । त्यतिबेला छोरीहरूले पढ्न हुँदैन भन्ने चलन त छँदै थियो त्यसमाथि पिछडिएको चेपाङ समुदाय अनि गरिब परिवारमा पढ्ने लेख्ने त सपना नै थियो । गिता परिवारकी एक्ली छोरी भएको कारण वुवा आमाले स्कुल पठाउने निर्णय गर्नुभयो । घरबाट करिब १ घण्टाको उकाली ओराली बाटोहरू पार गर्दै चैनपुर प्राथमिक विधालयमा उहाँले अक्षरहरू चिन्ने मौका पाउनुभयो । त्यतिबेला गाउँमा प्राथमिक विद्यालय मात्र थियो । करिब २ घण्टाको बगरबाटो हिडेपछि मात्र सरिखेत पलाँसेमा रहेको माध्यमिक विद्यालयमा पुगिन्थ्यो । उहाँले उक्त विधालयबाट कक्षा ८ उतिर्ण गर्नुभयो । उहाँको २०५८ सालमा मकवानपुर जिल्लाको साबिक हाँडिखोला गा.बि.स.का ज्ञानेन्द्र प्रजा सँग १६ वर्षको उमेरमा बिबाह भयो । काठका भिक्ताहरू अनी खरको छानोले बनेको एक सानो झुप्रो घर थियो । उहाँ सम्झनुहुन्छ घरमा पकाउने भाँडा कुँडाबाहेक अन्य भाँडा थिएनन् । केराको पातमा खाना र भोर्लाको पातको दुनामा तरकारी हालेर पेट भरेको, त्यसबेला गीतालाई माइती घरको निकै सम्झना आउँथ्यो । धान लाग्ने खेत थिएन, भएको बारीमा मकै,कोदो मात्र उब्जन्थ्यो । श्रीमानको परिवारमा श्रीमानका २ भाई २ बहिनी, आमा र बुढाससुरा हुनुहुन्थ्यो । साना साना देवर अनि नन्दहरू सासूको जिम्मेवारी उहाँले नै लिनुपर्ने थियो । करिब १ बिघा परिवारको नाममा रहेको भिरालो जमिन थियो । दिनभरी रु ३० रुपैयाँ ज्यालामा मजदुरी गर्न अरूको खेतमा त कहिले गोठमा भकारो उठाउन जानुहुन्थ्यो । चामल र चिउरा भनेको चाडवाडमा मात्र देखिन्थ्यो त्यो पनि किन्नको लागि पैसा हुँदैन थियो । उहाँलाई सम्झना छ बारीमा फलेका फर्सी पहिलोपल्ट घरबाट करिब ८ कि.मि.को दूरीमा रहेको बस्तीपुर बजारमा डोकोमा बोकेर लगी ८० रुपैयाँमा बिक्री गरी १ थान पानी खाने लोटा र २ थान बटुका किनेको । रातमा खरको छानाबाट चुहिएका पानीले उहाँलाई भिजायो तर सम्पत्तिको रूपमा जोडिएका १ लोटा र २ बटुकाले दिएको खुसी पानीमा पनि भिजेनन्, रातभर बलिरह्यो ।

दिनभरी मजदुरी नगरी बेलुका चुलो बल्दैन थियो । दिनहरू यसरी नै बित्दै थिए । वि.सं २०५९ सालमा पहिलो सन्तानको रूपमा छोराका जन्म भयो । उहाँ सम्झिनुहुन्छ छोरो जन्म दिनुभन्दा ७ दिन अघिसम्म उहाँ मजदुरी नै गर्दै हुनुहुन्थ्यो अनि छोरो जन्मेको ७ दिन पछाडि पुन मजदुरी नै । उमेर सानो थियो तर जिम्मेवारीहरू निकै ठूला थिए । दैनिक मजदुरीसँगै उहाँले तरकारी खेतीलाई अगाडि बढाउने निर्णय गर्नुभयो । एकजना छिमेकीसँग अधियाँमा गाई मागेर पाल्न थाल्नुभो र तरकारी खेतीमा मल प्रयोग गर्न थाल्नुभो । यसरी बिहान बेलुकाको छाक टार्ने मुख्य पेशा नै तरकारी खेती र ज्याला मजदुरी बन्न थाल्यो । २ देवरहरूलाई स्कुल पठाउनु भयो । उहाँ दुख लाग्छ नन्दहरूलाई भने पढाउन सक्नुभएन । २०६३ सालमा दोस्रो सन्तानको रूपमा पुन

छोरोको जन्म भयो । श्रीमानको कुनै जागिर थिएन । श्रीमानले सधैं मजदुरी अनी खेतीपातीमा गीतालाई सहयोग गर्नुभयो । २०६६ सालमा गाउँमा साना किसान कार्यक्रमको सुरुवात भयो । साना किसनको महत्व बुझाउँदै सञ्चालक र कर्मचारीहरू गाउँगाउँ घरघर आउन थाले । उहाँलाई पनि सहकारीमा बस्न मन त नभएको हैन तर मासिक ५० रुपैयाँ बचत गर्ने पैसा थिएन । अन्ततः ज्याला मजदुरी गरेरै भए पनि बचत गर्छु भन्ने उद्देश्यले २०६६ जेठ १४ गते उहाँ समूहमा बस्नुभो । यस क्षेत्रमा तामाङ समुदायको बाहुल्यता साथै पिछडिएको चेपाङ र नेपालमा यस क्षेत्रमा मात्र पाइने वनकरिया जातिको समेत बसोवास रहेको थियो । लोपोन्मुख चेपाङ समुदाय तथा वनकरिया जातिको समेत बसोबास रहेको कारण यस क्षेत्र निकै पिछडिएको क्षेत्र रहेको थियो । पढेलेखेका महिला भेट्न नै मुस्किल थियो । संस्थाको संचालक समितिको गठन गर्ने सन्दर्भमा संस्थाका शेयर सदस्यहरूले उहाँलाई संचालक सदस्य बन्न प्रस्ताव गरे । उहाँसँग खानलाई अन्न थिएन, लगाउन कपडा थिएन तर पनि अशिक्षित, पिछडिएका

दिदी बहिनीहरूले विश्वास गरी संचालक बन्न अनुरोध गरकोले आँट भने भरपुर थियो । परिवार सदस्यको समेत राम्रो साथ नहुँदा नहुँदै श्रीमान्सँग सल्लाह गरेर उहाँ संस्थाको संचालक सदस्य बन्नुभो ।

संस्थामा आबद्ध भएपश्चात उहाँ सहकारीका गतिविधिहरूमा संलग्न हुन थाल्नुभो । बचतको महत्व, कर्जाको महत्व तथा कृषि सहकारीको उद्देश्य बुझ्नुभो । उहाँलाई राम्रो सम्झना छ, २०६८ सालमा पहिलो पटक संस्थाबाट रु २०,०००।- ऋण लिई रु ५,०००।- को दरले २ वटा राँगा र बचेका पैसाले ४ वटा बाखा खरिद गर्नुभयो । करिब १ वर्षपछि २५,०००।- को दरले राँगा बिक्री गरी र पुन ४ राँगा खरिद गरी नयाँ कर्जा रु ५०,०००।- लिई बाखा थप थप गर्नुभयो । यही क्रममा संस्थामा ५ वर्ष सञ्चालकपश्चात नयाँ जिम्मेवारीको रूपमा सम्पूर्ण दिदी बहिनीले विश्वास गरी उहाँलाई संस्थाको उपाध्यक्षमा चयन गरे । संस्थाको उपाध्यक्षको जिम्मेवारी पाएपश्चात् आफूमा जिम्मेवारी थप भएको महसुस गर्नुभयो । अझै पनि यस क्षेत्रका महिलाहरू सामाजिक रूपमा आर्थिक रूपमा निकै पछाडि रहेको कुराले उनलाई निरन्तर सताइरहन्थ्यो । आफू महत्वपूर्ण जिम्मेवारीमा भएको कारण आफूले केही नयाँ नगरी अरूलाई उत्प्रेरित गर्न नसकिने उहाँको विश्वास थियो ।

त्यतिबेला वनकरिया समुदायमा महिलाहरू जंगलमा जाने गिट्ठा, भ्याकुर तथा कन्दमुलहरू खेज्ने र गाउँमा ल्याई अन्न सँग साटेर छाक टार्ने गर्थे । बालबालिकाहरू स्कुल जाँदैन थिए । यो समुदाय सबै जंगलमा नै बस्थे बासका चोयाको डोकाहरू बुनेर गाउँ डुल्थे । उनिहरूको

घर थिएन । यसरी चेपाङ तथा वनकरिया समुदायमा वित्तीय साक्षरता कार्यक्रमहरू संचालन गर्ने काम उहाँले नै गर्नुहुन्थ्यो । रात दिन नभनी घर घर पुगेर अशिक्षित महिलाहरूलाई साना किसान कार्यक्रमा समेट्ने काम सहज थिएन तर पनि आपनो भोगाइ अनी साना किसानको मर्मको विषयमा आफ्नै भाषाबाट प्रशिक्षण दिनु हुन्थ्यो । उहाँ सुनाउनुहुन्छ उहाँको बुढा ससुरा अली कडा स्वभावको हुनुहन्थ्यो । कार्यक्रममा टाढा टाढाका गाउँहरूमा पुग्दा फर्किन अबेला हुन्थ्यो रती मात्र घर पुगिन्थ्यो । त्यतिखेर पारिवारबाट समेत साना किसान कार्यक्रम छोड्न दबाब आउँथ्यो । यस्ता कैयौं दबाब र संघर्षमा पनि विचलित नभई उहाँ निरन्तर कार्यक्रममा लागिरहनुभयो । आफ्नो व्यवसायलाई समेत बढाउँदै लैजाने क्रममा २०७७ सालमा गीता एकीकृत पशुपक्षी तथा कृषि फर्मको नाम दिएर फर्म दर्ता गर्नुभयो । संस्थाबाट पाएको व्यावसायिक बाखापालन तथा तरकारी खतीको तालिम अनि आफ्नो अनुभवले एक व्यवस्थित खोर तथा गोठ निर्माण गरी एकीकृत कृषि तथा पशुपक्षी पालन व्यवसाय सुरुवात गर्नुभयो ।

९ वर्ष उपाध्यक्षमा रहेर काम गरिरहँदाको मूल्यांकनले पनि होला सम्पुर्ण दिदी बहिनीहरूको विश्वास जित्दै २०८० मंसिर २७ गते उहाँ संस्थाको अध्यक्षमा निर्वाचित हुनुभयो । संस्थाको अध्यक्षमा निर्वाचित भै सकेपछि उहाँलाई आफ्नो जीम्मेवारी झनै बढेको अनुभुती गर्नुभयो । हाल साना किसान कृषि सहकारी संस्था लि. हाँडिखोलाको करिब ३८ करोड ऋण लगानी रहेको छ । संस्थाको आन्तरीक पुँजी करिब १८ करोड रहेको छ । संस्थाले डेरी संचालन गरेको छ । डेरीमा दैनिक करिब २००० लिटर दूधको संकलन हुन्छ । संस्थाको कार्यक्षेत्रमा रहेको करिब ३६०० घर धुरी मध्य संस्थामा २५५४ परिवार समेटिएका छन । संस्थाको ६ वटा समूहमा वनकरिया, ३६ वटा समूहमा चेपाङ र २६२ वटा समूहमा तमाङहरू रहेको छ । कार्यक्षेत्रमा करिब २५० घर धुरी चेपाङ समुदाय रहेकोमा आधा घर धुरी समेटिएको छ । २५ घर धुरी वनकरिया रहेकोमा २० घर धुरी समेटिएका छन । यस क्षेत्रमा बिजुली थिएन दियालो र टुकीको भर थियो । सबै अन्धकारमा बस्न बाध्य थिए । उहाँ भन्नु हुन्छ आफूलाई गर्व लाग्ने हामिले गरको काम सम्झनु

पर्दा म साना किसान विकास कार्यक्रमको नविकरणीय उर्जा कार्यक्रमबाट यो समुदायमा छाएको उज्यालो र दिदि बहिनीले नागरिकता पाएको विषयलाई सम्झन्छु । कयौ वर्ष देखि याहाँका महिलाहरूले नागरिकता पाएका थिएनन । पुरुषहरूमा महिरूको नागरिकता बनाउनु हुँदैन भन्ने मानसिकता रहेको थियो । नागरिकता नै नभएको कारण कैयौं महिला दिदी बहिनिहरूलाई समुहमा समेट्न सकेका थिएनौं । नागरिकता पश्चात मात्र संस्थाको सदस्य हुन पाईने तथा सदस्य भएपछि मात्रै नविकरणीय ऊर्जा कार्यक्रममा पहुँच हुने कारण हामिले कयौं दिदी बहिनीको नागरिकता बनाई संस्थाको सदस्य बनायौं । त्यस्तै पिछडिएको वर्ग र गरिब परिवारको लागि नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को सहुलियत कर्जाको कारण पिछडिएको समुदायलाई संस्थासँग समेट्न सहज भएको उहाँले बताउनुभयो । आज वागमती प्रदेशको सहुलियत कर्जा अधिकांश चेपाङ सदस्य तथा वनकरिया सदस्यहरूमा पुगेकोले अधिकांशले तरकारी खेती र पशुपालन गरी संस्थाकै डेरीमा दूध बिक्रि गर्दै आएका छन् । अहिले चेपाङ समुदायका अधिकांश बालबालिकाहरू स्कुल जान्छन् । भाषा नबुझ्ने, जंगलमा नै बस्न मनपराउने, समुदाय भन्दा टाढा बस्न रुचाउने, पिछडिएको समुदाय वनकरिया जाति आज यो अवस्थासम्म ल्याउन पक्कै सहज थिएन । निकै व्यक्तिको पसिना र मेहनतले नै यो अवस्थामा हामी पुगेका छौं तर यो साना किसान कार्यक्रमकै कारण सम्भव भएको हो ।

उहाँ भन्नुहुन्छ, बचत किन गर्ने, कर्जा कसरी चलाउने, समूहमा बस्नु किन आवश्यक छ, आम्दानी सृजना गर्ने ठाउँहरू के के छन, महिलाहरू किन पछाडी छन, यि प्रश्नहरूको जवाफ मैले साना किसान कार्यक्रमबाट पाएकि छु। मैले कति आर्थिक उन्नती गरेँ त्यो थाहा छैन तर तरकारी खेती, बाखापालन तथा पाडा पालन गरेर नै आफ्ना ४ छोरा छोरीलाई शिक्षा दिएँ, २ नन्द तथा १ देवरको विवाह गरें, करिब ५ लाख रूपैयाँमा १ कट्ठा जग्गा समेत जोडे, काठको भित्ता तथा खरको छानो बाट ब्लकको भित्ता तथा जस्ताको छानो भएको ३ कोठे घर निर्माण गरें, आज मेरो घरमा फ्रिज, टि.भि.,ग्यास सबै कुरा छन, केराको पातमा ढिंडो खाने म आज यो अवस्थामा ल्याउने मेरो भगवान नै साना किसान हो। गरीब पिछडिएका अधिकांश महिलाहरू आत्मनिर्भर भएका छन। उहाँ थप्नुहुन्छ याहाँ सम्म आइपुग्न पक्कै सहज थिएन। यो महत्वपुर्ण जागरणको अभियानको एक हिस्सा हुन पाएकोमा मलाई गर्व महसुस हुन्छ।

निकै खुसी मुद्रामा उहाँ भन्नुहुन्छ पोहोर साल नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को वार्षिक साधारण सभामा देश भरिकै उत्कृष्ट संचालकको रूपमा मैले पुरस्कार प्राप्त गरें। त्यो पुरस्कार मैले लिँदै गर्दा मेरो संस्थाका तमाम पिछडिएका दिदी बहिनिहरूलाई सम्झें र मन मनै उहाँहरूमा समर्पीत गरें। यो पुरस्कार मैले पाएको हैन ती अबोध स्कुलदेखि वञ्चित बाल बालिकाहरू, ती चेपाङ अनि वनकरिया दिदी बहिनीहरूले पाएका हुन्।

अन्तमा उहाँ भन्नु हुन्छ गर्न अझ धेरै बाँकी छ। उहाँले आफ्ना आगामी योजनाहरू सुनाउँदै भन्नुहुन्छ हामीले साना किसान कार्यक्रम मार्फत पिछडिएका दिदी बहिनिहरूलाई एउटा बाटो देखाएका छौं। मेरो आफ्नै कार्यकालमा उहाँहरूलाई पिछडिएको समुदायबाट यस साना किसान कार्यक्रम मार्फत उठेका उद्यमीको रूपमा राष्ट्रीय स्तरमा नै परिचित गराउने चाहना छ। दूधजन्य र तरकारीको बजारीकरणमा देखिएका समस्या समाधान गर्न ठुलो कोल्डस्टार्स निर्माण गरी किसानले उत्पादन गरेका दूध ,तरकारी ,अन्य खाद्यान्न बालीहरू सहकारी मार्फत नै बिक्रि गर्ने, कृषक को सम्पुर्ण समस्यलाई हल गर्ने प्रबन्ध मिलाउनु छ। विदेशिन बाध्य युवाहरूलाई गाउँमा नै कृषि उद्यमहरूमा आवद्ध गराई स्वदेशमा नै प्रशस्त अवसर रहेको प्रमाणित गर्नु छ, नसमेटिएका चेपाङ, वनकरिया तथा यस क्षेत्रका सम्पूर्ण पिछडिएका दिदी बहिनीहरूलाई समेटेर उनिहरूको आर्थिक र सामाजिक स्तर सबल बनाउनु छ। यस कार्यक्षेत्रलाई कृषि जन्य उत्पादनमा आत्मनिर्भर बनाउनु छ। आशा छ हाम्रो गरीवि एक दिन यही साना किसान कार्यक्रमले तेड्नेछ।

साना किसान विकास लघु वित्त वित्तीय संस्था लि. को व्यवस्थापनबाट अध्यक्ष ज्यूलाई हार्दिक बधाई ज्ञापन

विश्वभरका किसानहरूको संगठन विश्व किसान संगठनको सञ्चालक समिति सदस्यमा निर्वाचित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष श्री खेमबहादुर पाठकलाई संघको व्यवस्थापनले बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ ।

२०८१ असार ३ देखि ७ मा गते इटालीको, रोममा सम्पन्न विश्व भरका किसानहरूको छाता संगठन, विश्व किसान संगठनको बार्षिक बैठकबाट ७ सदस्यीय सञ्चालक समितिमा नेपालले इतिहासमा पहिलोपटक प्रतिनिधित्व गर्दै गरिमामय सञ्चालक समिति सदस्य पदमा २०२४–२०२६ कार्यकालका लागि सर्वसम्मत रूपले पाठक निर्वाचित हुनुभएको हो ।

लेख

सहकारी र सुशासन

सुरेन्द्र भण्डारी
वरिष्ठ सहायक
शाखा कार्यालय, नेपालगंज

समाजमा छरिएर रहेको सानो सानो पुँजी, स्रोत, सिप, श्रम र प्रविधिलाई संकलन गरी समुदायकै वृहत्तर आर्थिक, सामाजिक रुपान्तरणमा लगाई सहकार्य, सहअस्तित्व, सहमति र सहभागिताको मान्यता अनुरुप एकका लागि सबै र सबैका लागि एक भन्ने सिद्वान्तमा आधारित तथा स्थापित संस्था नै सहकारी हो । नहुनेहरूलाई हुने बनाउने आर्थिक तथा सामाजिक अभियन सहकारी हो । सहकारीलाई हामि सामाजिक व्यवसाय भनेर पनि बुझ्न सक्दछौं । जुन व्यवसाय पवित्र हुन्छ, सदस्य नैतिक हुन्छन् जसको कारण सहकारी समाजको अव्वल संस्था बन्दछ । सरकार उपस्थित हुन नसक्ने र निजि क्षेत्र आकर्षित नहुने अवस्थामा बस्तु तथा सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारीको महत्वपुर्ण भुमिका रहने गर्दछ । मुलुकलाई आर्थिक विकासको बाटोमा हिंडाउन सार्वजनिक क्षेत्र र निजि क्षेत्र जस्तै सहकारी क्षेत्रको पनि त्यति नै महत्वपुर्ण भुमिका हुन्छ । नेपालको सहकारी अभियानले सात दशक पार गरिसकेको छ । बर्तमान अवस्थासम्म आईपुग्दा यस क्षेत्रले धैरै आरोह अवरोहबाट गुज्रिनु परेता पनि सुचना प्रविधिको प्रयोग, जनसहभागिता र गरिबी निवारणमा शसक्त भुमिका खेलेको छ ।

राज्यको तीन खम्बे अर्थनीतिमा संविधानमा नै सहकारीलाई एउटा खम्वाको रुपमा स्वीकार गरिएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलव्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्ने राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्व अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहने भनेर संविधानमा नै स्पष्ट व्यवस्था गरिएको छ ।

मानव शरिरको लागि अक्सिजन जस्तै सहकारीमा सुशासन आवश्यक हुन्छ । सुशासन भन्नाले असल, उत्कृष्ट शासन व्यवस्था हो । जहाँ नागरिकलाई केन्द्रमा राखेर छिटो, छरितो र पारिदर्शि रुपमा सेवा प्रवाह गरिन्छ । यसमा विधिको शासन हुन्छ, सेवाभाव हुन्छ, जनमुखि, उत्तरदायि, नागरिकको अर्थपूर्ण सहभागिता रहेको हुन्छ । सुशासन अनुभुति, महसुस गर्न सकिने हुनुपर्दछ । सहकारी र सुशासन एक अर्काका पर्याय हुन सके मात्र यस क्षेत्र र अभियानले पूर्णता पाउनेछ । पछिल्लो समय सहकारी क्षेत्रमा सुशासन कायम हुन नसक्दा आजको दिन सम्म सहकारी अभियानले प्राप्त गरेका उपलव्धिहरू लाई धुमिल बनाएको महसुस हुन्छ । सुशासनको महत्व नबुझ्नाले नै सहकारी क्षेत्रमा संकटको बादल मडारिरहेको अवस्था छ ।

सुशासन कायम भएका सहकारीमा सदस्यको विश्वास छ, विषम परिस्थितिमा पनि त्यस्ता सहकारीलाई अप्ठ्यारो परेको छैन । यद्यपि सुशासनको खडेरी भएका सहकारीको कारणले समग्र

सहकारी क्षेत्रलाई प्रभावित बनाएको तथ्यलाई भने नकार्न सकिदैन । अझै पनि सुशासनको पाटोलाई नजर अन्दाज गरिरह्यो भने यस क्षेत्रले जनविश्वास गुमाउँदै जानेछ । सहकारीका सिद्वान्तहरू हात्तिका दाँत जस्तै संस्थाका भित्ताहरूमा मात्र सजिनु र कार्यान्वयन हुन नसकेका यथार्थ हाम्रासामु छन् । जसको कारणले लाखौं सदस्यहरूले आफ्नो जीवनभरको बचत गुमाएका छन् वा गुमाउने स्थितिमा छन् । नाम सहकारीको तर सिद्वान्त, मूल्य, आचरणबाट विषयान्तर हुने संस्था, सदस्यको हित नहेरी सदस्यहरूको सहमति र जानकारी विना नै सञ्चालक–व्यवस्थापन, कर्मचारीको स्वार्थपूर्तिको लागि ऐन, नियमावली र निर्देशन मिचेर काम गर्ने संस्थालाई वास्तविक सहकारी कसरी मान्न सकिन्छ र ?

<u>सहकारीमा सुशासनमा देखिएका समस्याहरू</u>

- सहकारी संस्थाहरू ऐन, नियम र निर्देशनबमोजिम संचालन नहुनु तथा ऐन नियमको पालनाभन्दा पनि आफ्नो सुझबुझको आधारमा संस्था सञ्चालन गर्नु,
- सदस्यहरूको बृहत्तर हितलाई ध्यान नदिई संचालक तथा कर्मचारीहरू बाट आफ्नो अनुकुल आफु खुसि निर्णयहरू गर्नु,
- सहकारी सञ्चालनको लागि आधारभूत आन्तरिक नीति तथा कार्यविधिहरू निर्माण नगरी काम गर्नु,
- सहकारीका आन्तरिक नीति तथा कार्यविधिहरू एकातिर र काम अर्को तिर गर्ने परिपाटि विद्यमान हुनु,
- सहकारी संस्थाहरू राजनीति गर्ने थलो बन्दै जानु,
- व्यवसायिक योजना, वार्षिक बजेट तथा कार्यक्रम निर्माण नगर्नु, र भएता पनि हात्तिका देखाउने दाँत जस्तै देखाउनकै लागि मात्र बनाउनु कार्यान्वयन तर्फ ध्यान नदिनु,
- बार्षिक बजेट एकातिर खर्च अर्कोतिर गर्नु,
- संस्थाको ऋण व्यवस्थापन नीति तथा कार्यविधिको पालना नगरी, आवश्यक प्रक्रिया पुरा नगरी, आवश्यक कागजपत्र पुरा नगरी, ऋण लगानी गर्नु,
- सहकारी ऐन, नियम, निर्देशनको पालना नगरी संचालक समिति सदस्य, लेखा सुपरिवेक्षण समिति सदस्यहरूलाई कर्जा प्रवाह गर्नु,
- संस्थाकै संचालक समिति सदस्य, लेखा सुपरिवेक्षण समिति सदस्य, कर्मचारीहरूले लिएको ऋणको समेत भाखा नाघ्नु र सो सम्वन्धमा संस्थाका पदाधिकारीहरू उदासिन हुनु,
- सहकारी विभागले तोकेको भन्दा बढि व्याजदर, सेवा शुल्क तथा अन्य विभिन्न प्रकारका शुल्कहरू लिनु,
- ऋण लगानीका कार्यहरू, व्यवस्थापनका कार्यहरूमा संचालक समितिबाट हस्तक्षेप हुनु,
- लेखा सुपरिवेक्षण समितिमा सदस्य कामको लागि भन्दा नामको लागि मात्र आउनु जसको कारण आन्तरिक लेखा परिक्षण नगर्नु वा गर्न नसक्नु,
- सदस्यहरूको निक्षेप घर जग्गामा लगाउनु,
- कर्जा लगानी गर्नुपूर्व सदस्यको आय व्ययको विश्लेषण नगरी कर्जा प्रवाह गर्नु, कर्जाको सदुपयोगिता जाँच नगर्नु,
- पर्याप्त कर्जा नोक्सानी कोषको व्यवस्था नगरी नाफा देखाएर तलव बृद्धि, बोनस वितरण र सेयर लाभांश वितरण गर्नु,
- सहकारीका कर्मचारीहरू विभिन्न कम्पनीका एजेन्ट बन्नु र सदस्यको बचत लगानी गरेर अनाधिकृत लाभ आर्जन तर्फ लाग्नु,
- साधारण सभाबाट स्वीकृत बजेटको शीर्षकभन्दा बाहिर आफु खुसि खर्च गर्नु,
- कारोवारको पारदर्शिता नहुनु ।

सहकारी संस्था जव सहकारी मुल्य मान्यताबाट विचलन हुन्छ तव समस्यामा पर्दछ । अव पनि हामिले सुशासनलाई नजर अन्दाज गरेर विधिको शासन भन्दा माथि आफुलाई राख्यौं भने यो अभियानको आजका दिन सम्मका उपलव्धिहरू एक एक गर्दै नासिदै जानेछन् । सदस्यलाई वित्तीय साक्षरता र सहकारी शिक्षामा निकै जोडबलका साथ नियामक देखि संघ संस्थाहरूले जोड दिएका छन, जुन एकदमै सकारात्मक पाटो पनि हो । यद्यपि सहकारी सदस्यहरूको वित्तीय ज्ञानको कमीले भन्दा मै हुँ भन्ने अभियान्ता र सहकारीको समिति र संचालनमा बस्ने व्यक्तिहरूमा देखिएको सुशासनको अभावले समस्यामा परेको यथार्थ हाम्रा सामु छर्लङ्ग छ । अतः संचालक, संचालक जस्तै बनेर, कर्मचारी कर्मचारी जस्तै बनेर ऐन नियमलाई सर्वोपरि ठानेर सहकारीलाई सहकारी जस्तै बनाउ होइन भने आम सर्वसाधारणको खाई नखाई जम्मा गरेको जीवन भरको बचतबाट चलेको सहकारीरूपी डुङ्गा तपाईं हाम्रै कारणले टाइटानिक जस्तै बिलाउनेछ ।

सफलताको कथा

सयपत्री, माटो, मान्छे, गुण्डू र साना किसान

फूल भन्नाले फूल भन्ने बुझिन्छ भने पुष्प व्यवसाय भन्नाले फूल उत्पादन गरेर त्यसलाई बिक्री गरेर जीविकोपार्जन गर्ने क्र्यालाई बुझाउछ। नेपाली संस्कारमा फूल जन्मे देखि मृत्यू पर्यन्त जसबेला पनि आवश्यकता पर्दछ । धर्मकर्म, पूजापाठ, प्रेमालाप, वरिष्ट व्यक्तित्व तथा पाहुनाको स्वागत घर या वातावरणको सजावट र साजसज्जा सबैमा फूलको महत्व झल्किएको हुन्छ ।

नेपालमा मुख्यरूपमा खेती गरिने फूलहरूमा सयपत्री, मखमली, गुलाब, चमेली, तरबारे फूल, गोदावरी फूल, जाई, सूर्यमुखी, लाहुरे फूल, लालुपाते, फूल आदि पर्दछन्।

हामी नेपालीले सौभाग्यको कुरानै मान्नुपर्दछ कि नेपालमा सबैखालका कृषि उपयुक्त हावापानी उपलब्ध छ। तथापि प्रकृतिले प्रदानगरेको उक्त उपहारको यथोचित उपयोग र सदुपयोग गर्न भने हामी चुकिरहेका छौं । भनिन्छ नी “माल पाएर पनि चाल पाउन नसकेको”। यसैको ताजा उदाहरण हो, “पुष्प खेती” ।जहाँ नेपाल कृषि प्रधान मुलुक भैकन पनि पुष्प निर्यात गर्नु पर्नेमा आयात गर्ने गरिएको छ ।

पुष्प व्यवसाय र खेतीको इतिहास :–

नेपालमा पुष्प व्यवसायको ऐतिहासिक पृष्ठभूमिको बिषय उठान गर्दा, नेपालमा पुष्प खेतीको संस्थागत र ब्यावसायिक रूपमा थालनी भएको ३८ वर्ष ब्यतित भैसकेको छ । नेपालमा सन १९८६ सालदेखि थोरबहुत सुरुआत भएको थियो भने बि.स.२०१०/११ मा नर्सरी सुरुआत गरिएको इतिहास छ। नेपालमा बि.सं.२०४२/४३ मा आइपुग्दा कृषक पुष्प खेती तर्फ विशेष आकर्षित भए।

गुण्डूको सयपत्रीः–

नेपालमा हुने धेरै फूलहरु मध्येको सयपत्री एक सिजनल फूल हो। गुण्डूमा सयपत्री सँगसँगै मखमलीको पनी उत्पादन त्यतीनै राम्रो छ। गुण्डूमा भने बिगत २० वर्ष देखी पुष्प व्यवसायमा कृषकहरू लागनु भएको छ। जस्मा विगत १५ वर्षदेखि मखमली फूल र १० वर्षदेखि सयपत्री फूल उत्पादन गर्ने पुष्प व्यावसायिक ४८ वर्षीय कृषक

अजय रिसाल
प्रबन्धक
साना किसान कृषि सहकारी संस्था लिं.गुण्डू
सूयविनायक–०७,गुण्डू भक्तपुर

शोभा रिसाल भन्नुहुन्छ यी फूलहरूको प्रयोग तिहारमा र श्रावणमा धार्मिक रूपमा व्यापक प्रयोग गरिन्छ भने विभिन्न धार्मिक, सांस्कृतिक कार्य, शुभकार्यका साथै सजावटका लागि पनि प्रयोग गरिन्छ। खुल्ला तथा बन्द वातावरणमा खेती गर्न सकिने, सजिलो, धेरै क्षेत्रमा अनुकूलन हुने, छोटो समयमा विभिन्न रङ्ग तथा आकारका, बजार मूल्य बढी र केही समयसम्म भण्डारण गरिने कारणले गर्दा सयपत्रीप्रति चासो बढेको छ ।

यद्धपि, सयपत्री फूललाई टनेलभित्र उत्पादन गर्न सके उच्च उत्पादन हुने गरेको छ। मूल्य किसान मुखी प्राप्त हुन्छ। जस्मा बजार अवस्थाअनुसार न्यनतम रु ५।- देखी उच्चतम रु २०।- सम्म प्रती मुठा बिक्री हुने गरेको छ। गुण्डूको ३५५ घर धुरी हाल पुष्पखेतीमा संलग्न रहेको तथ्याङक सूर्यविनायक नगरपालिका ०७ नं वडाले जानकारी गराएको छ । प्रति कृषकले सरदर बार्षिक ७०० बिरुवा सयपत्री रोप्ने गरेको छ भने प्रतिविरुवा १५० मुठा सरदर उत्पादन हुने गरेको छ।बार्षिक प्रती किसान सरदर १२ लाख रुपैयाँ पुष्प खेती गर्ने किसानले भित्राएको जानकारी उक्त कृषकले दिनु भएको छ। साथै

यँहा उत्पादीत ईन्डियन मेरिगोल्ड,अफ्रिकन मेरिगोल्ड,अमेरिकन मेरिगोल्ड आदि सयपत्री फूल असन,पशुपतिनाथ,सूर्यविनायक मन्दिर,दत्तात्रेय मन्दिर र चाबहिल मन्दिरहरूमा बिक्री हुने गरेको उँहा बताउनुहुन्छ । साथै अस्ट्रेलिया,जापान,डेनमार्क, कोरिया लगयातका मुलुकमा गुण्डूको पुष्पको ख्याति निकै राम्रो छ ।

(स्रोतः- सूर्यविनायक नगरपालिका,सु.न.पा. -०७ वडा कार्यालय)

सयपत्री र साना किसान :-

श्री नेपाल कृषि सहकारी केन्द्रीय संघ र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. द्वारा २०७३ सालमा हस्तान्तरण भई यस सुर्यबिनायक नगरपालिका वडा नं-०७ मा रहेको छ किसान मुखी संस्था "साना किसान कृषि सहकारी संस्था लि.गुण्डू" ।

हाल करिब १७७० जना सदस्य संगठित रहेको यस संस्थामा व्सायीक पुष्पखेती गर्ने कृषक मात्र ५०० भन्दा बढी आबद्ध हुन भएको छ। अत: पछिल्लो समयमा बढेका आकर्षण तथा लगानीको कारण फूल खेतीतर्फ आत्मनिर्भर बन्न सयपत्री खेती अभियान सञ्चालन गर्नुपर्दछ भन्ने सोचले यस संस्थाले (सु.न.पा) नगरपालिकासँग समन्वय गरेर विगत ५ वर्षदेखि किसानहरूलाई लागत साझेदारीमा सयपत्री फुलको बेर्ना बितरण गर्ने गरेको छ। प्रतिबेर्ना १० देखि १२ रूपैयाँसम्म पर्ने उक्त बेर्नालाई विगत ३ वर्ष ४५,०००।- वटा बेर्ना प्रतिबेर्ना मात्र रु. २ रूपैयाँमा वितरण गरेको छ भने, गत वर्ष ५५,०००।- बेर्ना प्रतिबेर्ना रु. ३ रूपैयाँ र यस वर्ष ८३,५००।- बेर्ना प्रति बेर्ना मात्र रु. ३.६०।-मा किसानहरूलाई अनुदान सहयोग गरेको छ ।

किसान मुखी यस संस्थाले किसानको हकहितका लागी बिभीन्न पुष्प खेती अभिमिखीकरण, बजारीकरण, उत्पादनसम्बन्धी तालिम पनी दिदै आएको छ।आफ्नो गाँउठाँउमा यस प्रकारको संस्था जस्ले फुल खेतीको व्यवसायलाई प्रोतसाहन गर्न तालिम दिन्छ, सहुलियतमा बेर्ना दिन्छ, व्यावसायिक दर्ता गरि गरीएका कृषि फर्मालाई बागमती प्रदेश सरकारसँग समन्वय गरी ३५ मा सहुलित ऋण दिन्छ, बजारिकरणको लागि पहल गर्छ, यन्त्र तथा आधुनिकीकरणतर्फ उजागर गर्छ, यस्तो

संस्थाप्रति आम शेयर सदस्यहरू र कृषक सदस्यहरूको अपनत्व बढेको छ भने उँहाहरू त्यसमा खुसी पनि हुनुहुन्छ ।

(स्रोत:-साना किसान कृषि सहकारी संस्था लि.गुण्डू)

कविता

साना किसान विकास अभियान

महेश्वर पण्डित
अधिकृत
अनुगमन तथा निरीक्षण विभाग काठमाण्डौ

१,
साना किसान विकासको अभियान छ नारा,
गरिब, दलित, महिला सवै समेट्नेछ सारा,
गरिबिको उन्मुलन हो साना किसानको तुरूप,
समूहगत सहकारी हो विराट यस्को स्वरूप ।

२,
समाज उत्थान गाउँको विकास हाम्रो साना किसान,
गरिबिको अन्त्य गर्ने लक्ष्य यसको मिसन,
समूहगत प्रणाली हो नियन्त्रण छ राम्रो,
लघुबित्तमा नमुना हो साना किसान हाम्रो ।

३,
लोकप्रिय गरिब, दुखी, उत्पिडितको माझ,
भेदभाव छैन क्यैमा बन्यो सबको साझा,
पूर्व, पश्चिम, हिमाल, पहाड, तराई यसको क्षेत्र,
नेपालको विकासमा बन्दै तेस्रो नेत्र ।

४,
गाउँघरमा छरिएका फजुल खर्चि दाम,
एकिकृत गरी गर्ने लगानीको काम,
साना किसानले दिन्छ राम्रो सीप तथा ज्ञान,
यस्ले गर्छ गरिबको आदर, सत्कार, मान ।

५,
बाखा,बगुंर फर्म अनि ठूला पशु गोठ,
गरिब, भोका, दुःखीहरूको मुस्कुरायो ओठ,
पशु पाल्दै, कृषि गर्छन आम्दानीको बाटो,
बनाइ दिन्छ उद्यमशील बिदेश जाने साटो ।

६,
उद्योग, धन्दा, पशु, कृषि लघु व्यवसाय,
दश लाख भन्दा बढी जनले यस्को साथ पाए,
गरिब विकास यस्को लक्ष्य समूहमा, पनी,
गरिब किसान बनी रा’छन् सहकारी धनी ।

७,
साना किसान पुगीसक्यो दुर्गम गाउँ गाउँमा,
शेयर, बचत जम्मा भयो गरिबको नाउँमा,
सहकारीमा भ्रष्टाचार कहिले हुन दिन्नँ,
साहु, माजन, चोके, द्याके पार्छन् मन खिन्न ।

८,
सबै गाउँमा साना किसान पुऱ्याउने धोको,
फुकाउँदैछ यस्ले सारा विकासको पोको,
अनुशरण गर्नलाई अर्को गाउँ जाने ।
गरिब, दुःखी परिवारलाई धनी बनाई लाने ।

९,
चातुर हुन्छन् सञ्चालकज्यू कुशल व्यवस्थापन,
जित्न सफल दातृ संस्था नेपाल सरकारको मन,
कसले गर्न सक्छ यहाँ साना किसानको शेखी,
छैन डर अब यसलाई प्रतिस्पर्धिदेखी ।

१०,
पत्याउँछन सबै बैंकले फण्डको छैन खाँचो,
गरिब धनी बनाउने साना किसानको साँचो,
साना किसानको सुत्र पढे गरिब कोहि हुन्न,
पाउनुभयो साना किसानको उपलब्धि सुन्न ।

११,
खुशी हुन्छन् राष्ट्र बैंक र नेपाल सरकार पनि,
साना किसानले गर्दाखेरी गरिब भयो धनी,
विकासको मुल फुटायो गरिबिको अन्त्य
बास्तविक हो सबै कुरा कथा होइन दन्त्य ।

कविता

मेरो देश कृषि प्रधान देश हो ?

कमला थापा
वरिष्ठ सहायक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

के मेरो देश कृषि प्रधान देश हो ?
कि खोक्रो मुखको भरको भेष हो ?
बहुसंख्यक युवाको यो देशमा बास छैन
होनहार युवाको सरकारमा आस छैन

म भन्छु कृषकको कृषि विषादीको भर नहोस्
एक दिनको भाउले नै कृषक डुब्ने डर नहोस्
केही गर्छु भनी कृषिमा होमिएका युवालाई
कृषी ऋणमै डुबेर विदेश जाने रहर नहोस्

त्यसैले कृषि स्लोगनमा लेखेर मात्र हुन्न
कृषि प्रधान देशको सपना देखेर मात्र हुन्न
भन्नै पर्छ कृषकलाई उठ्न हात देउ सरकार
कृषकले तिमिलाई समृद्ध बनाउन साथ दिनेछ

कृषकको चाहना, इलमी हातले उद्यमी बन्ने छौ
बन्जड जमिन नी मेहनतले खन्ने छौ
उब्जाई दल फल पाउने दिन गन्ने छौ
श्रमले सिर्जेर यो देशमा केही गर्छौं भन्ने छौ

तब मेरो देशलाई हरियालीले अगाल्दा
लहराउदो फसललाई देखि नगरिकन डाहा
भनोस् न सबले मेरो देशलाई आहा
सरकारको पनि त यही होईन र चाहा ?

पुर्वको चिया हिमालमा बसि खान पाईयोस्
मुस्ताङ्गको स्याउ विदेशमा पनि लान पाईयोस्
विदेशमा सीप सिकाउने ज्ञानले जान पाईयोस्
नेपाली भन्ने वित्तिकै नेपालको सान पाईयोस्

पावस् त पावस् नेपालीलाई कृषिकै भर पावस्
कृषि नाम लिदाँ नेपालको नाम विश्व भरी छावस्
अनि म भन्छु मेरो देश भगवानको वर्दान हो
साच्चीकै मेरो देश कृषि प्रधान देश हो ।

कविता

खेतको आलीमा थकान मार्दै

नवराज डाँगी
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, पोखरा

अषाढको बर्खे झरी जस्तै
आकाशमा उडिरहेको बादलको गुच्छा जस्तै
पहरा र खोल्छा छिचोल्दै
सागर भेटाउन बगिरहेको खोला र नदि जस्तै
छिन छिनमा परिवर्तनहुने समयको गती जस्तै
म बदेलीन खोजी रहेको छु समय संगै
म परिवतीतहुन खोजी रहेको छु विश्व संगै
किन परिवर्तन हुदैन...???
मेरो मेरा जस्तै कथाहरूको
जिवनगाथा“‘.
के म किसान भएर हो !
यसको उत्तर खोजी रहेको छु
समय र सरकार संग ।

खेतको छेउमा
वर पिलको फेदमा
अन्नका मोतीहरू संग सपना देख्दै
जिवन परिवर्तनका गित लेख्दै
समृद्धिका कथाहरू बुन्दै
टोलाइ रहेको बेला
आइ दिन्छ अपरझट
किन विदेशिए मसँगै काम गर्ने भाई र छोरा
किन अलपत्र छन् हाम्रा पाखा र पखेराहरू

किन अटाउदैनन् किसानका खुसीहरू
नीति र विधिहरूमा ‘॥
त्यसैले यसको जवाफ खोजी रहेको छु समय र सरकार संग ।
खेतको आलीबाट भेडा चराइरहेको
माइलालाइ सोधिरहेको छु फोनमा
किन बदेलिएन जिबन,
किन छोडेर उडिरहेका होलान तन्नेरीहरू
घर छोडेर,

किन विर्सिन्छन् होला
किसान संग खाएका कसम र बाँचाहरू
कुर्चि र पदमा पुगेपछि
यसको जवाफ खोजी रहेको छु
समय र सरकार संग ॥

ए माइला म किसान भएरै
बोकि राख्ने छु
यो देशको सस्कार र संस्कृति
बोकी राख्ने छु
राष्ट्रियता र भाषा
उभिनेछु सिमानामा प्रहरेदार भएर
कहिले फर्किएलान भाइ छोराहरू प्रदेशबाट
कहिले हरियाली होलान्
हाम्रा पाँखा र पहरा
अन्नका मोतिहरूद्वारा
यसको जबाफ खोजी रहेको छु समय र सरकार संग

साना किसान सदस्यहरूले गरेको विभिन्न व्यवसायको एक झलक



ग्रामीण विपन्न तथा साना किसानको वित्तीय कर्जाको योगदान



संस्थामा आवद्ध लैङ्गिक सङ्ख्या प्रतिशत



साझेदार सहकारी संस्था जम्मा १ हजार ७ सय १२



साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

बबरमहल, काठमाडौँ, नेपाल

फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५

Email: info@skbbl.com.np

Print: Sky Press, Kathmandu #9851138005

प्रमुख सल्लाहकार	संरक्षक	प्रधान सम्पादक	सम्पादक	सञ्चार सल्लाहकार
खेमबहादुर पाठक	डा. शिवराम प्रसाद कोइराला	झलेन्द्र भट्टराई	ईशा के.सी.	संगम महत